# पहिलो परिच्छेद
# शोध परिचय

## १.१. विषय परिचय

प्रगतिशील लेखक सङ्घ, नेपाल वि.सं.२००९ को राजनैतिक, सामाजिक, सा“स्कृतिक परिवेशमा जन्मिएर हुर्किएको एक साहित्यिक स॰ठन हो । प्रलेसको गठन राष्ट्रिय चेतना, लोकतन्त्र र समाजवादप्रतिको लगाव एवम् रुस, चीन र भारतमा भएका ठूलाठूला क्रान्ति र परिवर्तनले नेपाली जनमानसमा पारेको प्रभाव, मार्क्सवादी दर्शन, क्रान्तिकारी साहित्य र सचेतनाले नेपाली स्रष्टामा पारेको प्रभाव तथा नेपाल कम्युनिष्ट पार्टीको स्थापना र त्यसद्वारा अभिप्रेरित नया“ सा“स्कृतिक मूल्यबोधद्वारा भएको थियो । नया“ नेपालको निर्माण गर्ने सुन्दर चाहनामा जुटेको नेकपा स्वयम् लोकतान्त्रिक आन्दोलनमा संलग्न भएर नेपाली स्रष्टालाई यथासक्दो अगुवाइ गरिरहेको थियो । त्यही अनुकूल परिवेशमा प्रलेसको जन्म भयो (प्रभात, २०६८: ३०) । प्रगतिशील लेखन प्रयत्न जेलभित्र र बाहिर दुवै ठाउ“बाटसुरु भयो । श्यामप्रसाद शर्मा जेलबाट छुटेपछि वि.सं.२००९ आश्विन छ गते (सेप्टेम्बर १९५२) प्रलेसको गठन गरियो । आफ्नो स्थापनाको समयमा उक्त संस्थाले प्रलेसको उद्देश्य र कार्यक्रमका बारेमा एउटा पर्चा प्रकाशित गरेको थियो ।

प्रकाशक प्रलेस केन्द्रीय कार्यालय, सेवा सदन वीरगञ्जका तर्फबाट श्री शर्माको नाम उल्लेख गरेर पर्चा निकालिएको थियो । उक्त पर्चामा देशलाई विकासको मार्गमा अग्रसर गराउन साहित्यिक र सा“स्कृतिक उन्नति गराउनु आवश्यक भएको उल्लेख गर्दै सम्पूर्ण लेखकहरूले देशको उन्नतिको दृष्टिकोण लिएर यस लेखक सङ्घको सदस्य हुनका लागि आग्रह गरेको छ । प्रमाणित सामग्रीका आधारमा यही पर्चा नै प्रलेसको पहिलो दस्तावेज हो । यसबारे शर्माले “प्रलेसको आरम्भिक अवस्थाý” नामक लेखमा विवरणात्मक जानकारी दिएका छन् (प्रलेस, पूर्णा, १३ ,२०६३: ६ र ७) ।

प्रलेसले आफ्नो स्थापना पछि नेपाली साहित्यमा थुप्रै योगदान पुऱ्याएको देखिन्छ । प्रलेसमा संलग्न व्यक्तिहरूले नेपाली झर्रो भाषा, व्याकरण र साहित्यका विधागत क्षेत्रमा

अनेकौं" बहस चलाएको र कृतिगत रूपमा अनेक प्रयोग गरेको देखिन्छ । सुरुमा श्यामप्रसाद शर्मा, हृदयचन्द्रसिंह प्रधान, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, केवलपुरे किसान, भवानी घिमिरे, गोकुल जोशी, बालकृष्ण रूपावासी, बासु पासा, भूपि शेरचन आदि लेखकहरूका लेखरचनाले प्रगतिशील लेखनलाई अघि बढाएको देखिन्छ ।

प्रलेस स्थापना भएको झन्डै चार दशकपछि अर्थात् २०५० देखि प्रलेस पत्रिकाको प्रकाशन सुरु भयो । उक्त पत्रिकामा साहित्यका विभिन्न विधाका लेखरचनाहरू प्रकाशित हुन थाले । यसअन्तर्गत कथा मुख्य विधाको रूपमा रहेको छ । प्रलेस पत्रिकामा विभिन्न कथाकारहरूले विविध विषयमा कथाहरू प्रकाशित गरेका छन् । ती कथाहरू साहित्यिक दृष्टिले पनि महत्वपूर्ण रहेका छन् । प्रस्तुत शोधकार्य तिनै कथाहरूको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

लामो समयदेखि नेपाली भाषा साहित्यमा महत्त्वपूर्ण योगदान दिँदै आएको प्रगतिशील लेखक सङ्घ, नेपालले मार्क्सवादी चिन्तनसँगै प्रगतिशीलतालाई आत्मसाथ गरेर साहित्य सिर्जना गर्दै आएको छ । प्रस्तुत शोधकार्य प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको अध्ययनमा केन्द्रित भएकाले शोध शीर्षकसँग सम्बन्धित समस्याहरू निम्न लिखित रहेका छन् :

क) प्रगतिशील लेखक सङ्घ, नेपालको ऐतिहासिक पृष्ठभूमि के-कस्तो रहेको छ?

ख) कथातत्त्वका आधारमा प्रलेस पत्रिकामा प्रकाशित कथाहरू के-कस्ता रहेका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य समस्या कथनमा रहेका समस्याहरूको समाधान गर्नु भएकाले निम्न लिखित उद्देश्यहरू रहेका छन् :

क) प्रगतिशील लेखक सङ्घ, नेपालको ऐतिहासिक पृष्ठभूमिको सर्वेक्षण गर्नु ,

ख)  कथातत्वका आधारमा प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको इतिहासमा साहित्यिक सङ्घ संस्थाहरूको अध्ययन गर्ने परम्परा साह्रै कम पाइन्छ । त्यस्ता सङ्गठनका साहित्यिक पत्रिकामा प्रकाशित साहित्यिक लेख रचनाका बारेमा त अझ कम अध्ययन भएको छ । झर्रो नेपाली भाषालाई आत्मसाथ गरेर लामो समयदेखि प्रभावपूर्ण भूमिका निर्वाह गर्दै आएको प्रगतिशील लेखक सङ्घ, नेपालले झन्डै छ दसकको यात्रा पार गरिसकेको छ । प्रगतिशील लेखक सङ्घ र प्रलेस पत्रिकामा प्रकाशित कथाहरूका बारेमा विभिन्न पुस्तक एवम् पत्रपत्रिकाहरूमा विद्वान् तथा समालोचकहरूले सामान्य टीका-टिप्पणी गरेका छन् । ती कार्यहरूलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

विष्णुप्रसाद अर्यालले "नेपाली साहित्यमा प्रगतिशील लेखक संङ्घ, नेपालको योगदान"(२०५३) शीर्षकको अप्रकाशित स्नातकोत्त शोधपत्रमा प्रगतिवादी र प्रगतिशील परम्पराको विकास, नेपाली साहित्यमा सङ्गठित लेखन परम्परा, प्रगतिशील सिर्जनामा संस्थागत थालनी र प्रलेस नेपालको नेपाली साहित्यमा प्रगतिशील लेखनको लागि योगदान आदि विषयका बारेमा उल्लेख गरेका छन् ।

देवीप्रसाद गौतमले प्रलेस पत्रिका (२०५९,फाल्गुन) मा प्रकाशित 'समकालीन नेपाली कथाका प्रवृत्तिहरू' शीर्षकको लेखमा समकालीन प्रगतिवादी कथाको प्रारम्भ २०४६ सालको जनआन्दोलनपछि भएको कुरा उल्लेख गर्दै २०४६ साल अघिका कतिपय कथाकारहरूले विश्रान्ति वा सन्यास लिएको स्थिति रहे पनि पहिले नै प्रगतिवादी कथाकारका रूपमा स्थापित कथाकारहरूकै ठूलो पङ्क्ति क्रियाशील भएकाले नया" ऊर्जा र नया" दृष्टिकोणका साथै वैचारिक तथा रचनात्मक प्रवृत्तिमा नवीनताहरू थपिएका छन् भनेर चर्चा गरेका छन् ।

इस्मालीले प्रलेस (२०५९,फाल्गुन) पत्रिकामा प्रकाशित 'समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू' शीर्षकमा चर्चा भने गरेको पाइन्छ । यसमा उनले भनेका छन् 'प्रगतिवादी कथा साहित्यको स्तर अभिवृद्धि गर्ने कार्यमा समालोचक र पाठकहरूको पनि महŒवपूर्ण भूमिका निर्विवाद छ । स्रष्टा र तिनको सिर्जनामा देखिएका कमजोरीलाई कोट्याउने, तिनमा रहेका सबल पक्षमाथि जोड दिने र कृतिहरूमाथि छलफल चलाउने गर्दा त्यसले समग्रमा आन्दोलनलाई नै सबल बनाउ"छ । समालोचकहरूको अभाव हाम्रा सर्न्दभमा खट्किरहेकै छ र समालोचनामा कलम चलाइरहेका पनि बढि समूहगत स्वार्थबाट प्रेरित भएकाले आफ्नो समूहभन्दा बाहिर सबथोक नकारात्मक देख्ने प्रवृत्ति विद्यमान छ भन्नु अतिशयोक्ति नहोला । स्रष्टाहरूलाई प्रेरित गर्न व्यवसाहिक प्रकाशनहरूले पारिश्रमिक दिने चलन बसाल्नुपर्दछ ।'

रामहरि आचार्यले नेपाली सहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान' शीर्षकमा वि.सं.२०६८ मा त्रि.वि.बाट नै शोधकार्य गरेका थिए । उनले यस शोधपत्रमा नेपालमा प्रगतिशील परम्परा, प्रलेसको ऐतिहासिक सर्वेक्षण र प्रलेस नेपालको योगदानका बारेमा चर्चा गरेका छन् ।

प्रा.डा.कपिलदेव लामिछानेले प्रलेस २०७१, असोज,पूर्णाङ्क २१, वर्ष १९ मा 'आख्यान र यसको लेखन' नामक कार्यपत्र प्रस्तुत गरे । उक्त कार्यपत्रमा उनले आख्यानको परिचय, आख्यानका विधाहरू, लघुकथा, कथा, उपन्यासको सामान्य प्रस्तुति, आख्यान विधाहरू बीचको अन्तर्सम्बन्ध, आख्यानका उपकरण,आख्यान र्सिजनाका कारकहरू, उद्देश्यमूलक आख्यान लेखन, आख्यानको रचना प्रकृया आदि विषयमा चर्चा गरेका छन् ।

दिल साहनीले प्रलेस (२०७१, असोज) पत्रिकामा प्रकाशित 'सिर्जनात्मक अनुभूतिहरू' शीर्षकमा-"आख्यान लेखनमा मेरो अनुभव र अभिमत" शीर्षकमा आख्यानका बारेमा "कुनै पनि आख्यान बर्गीय दृष्टिकोणबाट मुक्त हुँदैनन् । वर्ग विभक्त समाजमा हरेक लेखक यो वा त्यो वर्गको प्रतिनिधि हुन पुग्दछ । वर्गीय विचारमा दृढ र द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले दीक्षित लेखकमा सचेतता र बर्ग सेवा पाइन्छ । खास गरी श्रमजीवी वर्गको हितलाई ध्यानमा राखेर प्रगतिवादी आख्यान सृजना गर्दछ । यस्तो आख्यानले मान्छेमा जीवन र भविष्यप्रति आशा जगाउँछ ,आस्था जगाउँछ । यस्ता आख्यानले समाज यस्तो छ

भन्नु भन्दा यस्तो हुनुपर्छ भन्छ । व्यक्ति, समाज र राष्ट्रलाई रूपान्तरण गर्ने शक्ति यस्ता रचनामा हुन्छ । यस अर्थमा समाजवादी यथार्थवादी आख्यानमा क्रान्तिकारी रोमान्सवादको स्प्रिट प्रस्फुटित भएको हुन्छ । प्रतिबिम्बित भएको हुन्छ ।" भनेर साजका यथार्थ घटनामा आधारित कथा लेखेर समाजलाई परिर्वतन गर्नु पर्ने विषयमा चर्चा भएको पाइन्छ ।

प्रलेसले नेपाल केन्द्रीय समितिको आयोजनामा वि.सं.२०७२ साउन ३० गते नेपाल भाषा र साहित्यमा प्रगतिशीलता विषयक विचार गोष्ठीको आयोजना गरियो । केन्द्रीय समितिको अध्यक्ष अमर गिरीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा 'नेपाल भाषा र साहित्यमा प्रगतिशीलता' विषयको कार्यपत्र प्रा.डा.चन्द्रमान बज्राचार्यले प्रस्तुत गर्नुभयो । यो समितिको हालसम्मको अन्तिम कार्यक्रम पनि हो ।

माथि प्रस्तुत गरिएका विभिन्न पत्रपत्रिका तथा शोधपत्रमा प्रगतिशील लेखक सङ्घ र प्रलेस पत्रिकामा प्रकाशित कथाहरूका बारेमा आंशिक रूपमा चर्चा गरिएको पाइए पनि प्रलेस पत्रिकामा प्रकाशित कथाहरूमा नै केन्द्रित भएर अध्ययन गरिएको पाइँदैन । यस सन्दर्भमा प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन हुनु जरुरी देखिन्छ । प्रस्तुत शोधकार्य प्रगतिशील लेखक सङ्घ र प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको अध्ययनमा केन्द्रित रहेको प्रस्तुत शोधपत्रमा प्रगतिशील लेखक सङ्घ नेपालको ऐतिहासिक सर्वेक्षण प्रस्तुत गर्दै प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ । यसबाट प्रगतिशील लेखक सङ्घ र प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको विविध पक्षमा अध्ययन गर्न चाहने तथा जिज्ञासा राख्ने पाठक, समालोचक, साहित्यकार, विद्वान् एवम् सङ्घ संस्थाका लागि प्रस्तुत शोधपत्र उपयोगी हुने देखिन्छ । यसका साथै प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको अन्य पत्रिकामा प्रकाशित कथाहरूसँग तुलनात्मक अध्ययन गर्न पनि यसले सहयोग पुऱ्याउने देखिन्छ । यी विविध कारणहरूले गर्दा प्रस्तुत शोधकार्यको औचित्य तथा उपयोगिता पुष्टि हुन्छ ।

## १.६ अध्ययनको सीमा,न

प्रस्तुत शोधपत्रमा प्रलेस पत्रिकामा प्रकाशित कथाहरूलाई कथातत्वका आधारमा अध्ययन गरिएको छ । प्रलेस पत्रिकामा कथाका साथै कविता, निबन्ध जस्ता साहित्यका अन्य विधा समावेश गरिएको भए तापनि त्यसको अध्ययन गरिएको छैन । त्यस्तै कथाहरूको पनि अन्य विविध पक्षमा सूक्ष्म अध्ययन गरिएको छैन । यही नै यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रका लागि आवश्यक प्राथमिक सामग्रीका रूपमा प्रलेस पत्रिकामा प्रकाशित कथाहरू रहेका छन् । कथाहरू विश्लेषणका क्रममा कथाको सैद्धान्तिक पक्षको चर्चा गरिएका पुस्तकहरू, शोधपत्र, पत्रपत्रिका आदि सहायक सामग्रीका रूपमा रहेका छन् । यी सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय विधिबाट सङ्कलन गरिएको छ ।

### १.७.२ सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्य निगमनात्मक शोधपद्धतिमा आधारित रहेको छ । सङ्कलित सामग्रीलाई आधार बनाई विश्लेषणात्मक एवम् सर्वेक्षणात्मक विधिद्वारा प्रस्तुत अध्ययनको विवेचना गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुस·ठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि चार परिच्छेदमा विभाजन गरी आवश्यकतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | प्रगतिशील लेखक सङ्घको ऐतिहासिक सर्वेक्षण |
| तेस्रो परिच्छेद | : | प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको विश्लेषण |
| चौथो परिच्छेद | : | उपसंहार |

सन्दर्भ सामग्रीसूची

## दोस्रो परिच्छेद

## प्रगतिशील लेखक सङ्घको ऐतिहासिक सर्वेक्षण

### २.१. विषय प्रवेश

'प्रगतिशील' शब्द 'प्रगति' र 'शील' मिलेर बनेको छ । प्रगति शब्दले भौतिक पदार्थ अथवा तिनका आधारमा अस्तित्ववान भएका हरेक वस्तुमा अउने परिवर्तनको अग्रगामितालाई जनाउ"छ । यसले कुनै पनि वस्तु विचार वा विषयका क्रमबद्ध विकासका मात्रात्मक अवस्थालाई बुझाउ"छ । प्रगतिको दिशामा अघि बढ्ने गुण वा प्रगतिशील गुणका रूपमा जुन विकासशील गुण प्राप्ति हुन्छ र जो नाशवान नभै विकासवान हुन्छ, त्यस गुणलाई नै प्रगतिशील गुण भनिन्छ । प्रगतिप्रति उन्मुख प्रत्येक वस्तुको स्वभाव हो प्रगतिशीलता । प्रगतिशील हुनुको तात्पर्य नै यथार्थस"गको सम्पर्क सन्तुलन परिवेशको अग्रगामितामा आबद्ध खण्डकाव्यको अखण्डतालाई अ·ीकार गर्नु, मात्रात्मक हेरफेर ठम्याउ"दै अघि बढ्नु, साधरण अवस्थाबाट विशिष्टतातर्फ लम्कनु, सकारात्मक र नकारात्मक पक्ष दुवै पक्ष देख्न पुग्दछ । यही गुणले नै वस्तु र विचारलाई प्रगतिशील बनाउ"छ (प्रभात, २०६३: ८/९) ।

प्रगतिको दिशामा अघि बढ्ने गुणको रूपमा जुन विकासशील गुण क्रमशः वृद्धि भएर अघि बढ्ने अवस्था प्राप्त हुन्छ र जो विकासवान हुन्छ । त्यसलाई नै प्रगतिशील गुण भनिन्छ । श्रमप्रति आस्था बुझाउने, सर्वसाधारण जनताको पृष्ठपोषण गर्ने, तुलनात्मक रूपमा सुधार गर्ने वा परिवर्तनको विचारस"ग सहमत रहने, त्यसलाई अँगाल्ने वा प्रयत्न गर्ने, प्रोत्साहन गर्ने खालका कार्य प्रगतिशीलता हो । यस्तै विचारस"ग सहमत रहेर लेखिने साहित्यलाई प्रगतिशील साहित्य भनिन्छ (प्रभात,२०६३:९) । प्रगतिशीलताको तात्पर्य प्रगतिमुखी हुनु हो । यो विकासको सामान्य प्रक्रिया हो । यसले विकासको भावी सम्भावनाहरूलाई हेर्दा गुणात्मक परिवर्तनभन्दा विरोध, सुधार र सम्झौताको प्रगति क्रमलाई अँगाल्छ । प्रगतिशील लेख रचना पद्धतिमा जनचाहनालाई पक्रने र जनभाषालाई अँगाल्ने, मानवीय समता भावलाई स्वीकार्ने एवम् शोषण र अन्यायका विरुद्धमा विद्रोही स्वर धन्काउने काम पाइन्छ ।

यथार्थको विकासशील पक्ष पक्रनु, शोषण, अत्याचारको विरोध गर्नु, मानव कल्याणको भावना अँगाल्नु, समाजलाई चेतनशील बनाउन नैतिकतामा आधारित भएर, अग्रगामी, यथार्थवादी रचना सिर्जना गर्नु नै यसका प्रमुख पक्ष हुन्छ । यसले वर्गद्वन्द्व पु"जीवादीको विरोध गर्दैन । यो देश समाज, परिस्थितिअनुसार भिन्न-भिन्न रूपमा प्रस्तुत ह"ुदै गएको छ (प्रभात, २०६३: २०) । साहित्यले समाजलाई चेतनशील, यथार्थ उन्मुख, परिवर्तनशील, श्रमप्रति आस्थावान नाई राख्नसक्दैन । साहित्यको सन्दर्भमा प्रगतिशीलता मानव जीवनलाई स्वस्थता प्रदान गर्ने, जनशक्तिलाई प्रगतिपथमा अगाडि बढाउन प्रेरणा दिने र जगतको हित गर्ने अर्थमा लिइएको छ । नेपाली साहित्यको सन्दर्भमा प्रगतिशील साहित्य भन्नाले नेपाली समाजको अग्रगामी प्रगतिका प्रतिगमनका विरोधी समाजलाई यथास्थितिमा राख्ने कुसंस्कार र शोषण पद्धतिको विरोधी सामाजिक सुधारका पक्षधर राष्ट्रको स्वाभिमानमा आ"च पुऱ्याउने गतिविधि र हस्तक्षेप विरोधी चिन्तन र त्यस्तो चिन्तन ग्रहण गर्ने स्रष्टा सम्झनुपर्छ । प्रगतिवादी भन्नाले सोचाइले दार्शनिक सीमा गरेको अवस्था हो । समाजलाई बुझ्ने र यस व्यवस्थित किसिमले परिवर्तन गर्ने क्षमता राख्ने मार्क्सवादी वैज्ञानिक चिन्तन पद्धति अ"गालेको र त्यसैको अनुशासनमा आबद्ध अवस्था नै प्रगतिवाद हो (प्रलेस, २०५७: २०) । त्यसैले प्रगतिवादी बन्न कम्युनिष्ट पार्टीको सदस्य बन्नैपर्छ र मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद विश्व दृष्टिकोण अनुरूपकै साहित्य रचना गरेको हुनुपर्छ । प्रगतिवादीहरूका अनुसार साहित्य सर्वहारा वर्गको पक्षमा हुनुपर्छ । शोषण, दमन, सामन्ती राज्यव्यवस्था तथा सामन्ती संरचनाका विरोधमा हतियारको रूपमा आएको हुनुपर्छ । प्रगतिवादी साहित्यहरू समाजवाद हुँदै साम्यवाद समक्ष पुग्ने मार्क्सवादी दृष्टिकोणलाई अँगाल्दै राजनैतिक सोद्देश्यका साथ लेखिनुपर्छ भन्छन् (पन्थी, २०६३/०६४: १९८) ।

नेपाली साहित्यको सन्दर्भमा पनि प्रगतिशील एवम् प्रगतिवादी साहित्यकारहरूको सहयात्राले नेपाली साहित्य र संस्कृतिको प्रगतिशील रूपान्तरण गर्न निर्णायक भूमिका खेल्ने भएकाले प्रगतिशील लेखक सङ्घको संरचनामा यी दुवै तत्वको सहकार्य एवम् सहभागिता रहदै आएको छ । प्रलेसले प्रगतिशील नामले संस्थालाई चिनाए पनि यस संस्थाभित्र आबद्ध साहित्यकार र उनीहरूका रचनाहरू प्रगतिवादी विचारधाराले ओतप्रोत छन् ।

## २.२ प्रलेसको जन्मः पृष्ठभूमि

निरङ्कुश तन्त्रका विरुद्धमा ब्यूँझेको नेपाली समाज राणा शाहीलाई ढाल्ने अभियान अघि बढाउन २००३/०४ सालतिर एकातर्फ राजनैतिक स॰ठनहरू स्थापित भए भने, अर्कोतर्फ मार्क्सवादी दर्शनको प्रभाव युक्त साहित्यिक, सांस्कृतिक संस्थाहरू स्थापना हुन थाले । पुस्तकालय र पत्रपत्रिका प्रकाशन जस्ता कामहरू तीव्र रूपमा हुन थाले । लेखकहरू निश्चित उद्देश्यमा ब"धिएर लेख रचनाहरू तयार गर्न थाले । यसका साथै अन्तर्राष्ट्रिय जगत्मा घटेको रुसी अक्टुबर क्रान्ति, चिनिया" जनक्रान्तिदेखि हुर्कँदै आएको नया" जनतान्त्रिक सोच र त्यसका निम्ति लडेका वीर वीरा॰नाहरूको गाथाले पनि 'प्रगतिशील लेखक सङ्घ' गठन गर्नमा प्रेरित गरेको पाइन्छ । (प्रभात, २०६३ः २९-३१)

### २.२.१ अन्तर्राष्ट्रिय गतिविधिको प्रेरणा

नेपाली बौद्धिक जनता र नेपाली समाजमा मार्क्सवादी दर्शनको प्रभाव बढ्दो थियो । राणा विरोधी सङ्घर्षका क्रममा अनुभूत जनतन्त्रका वैकल्पिक रूपहरूका कारण पनि सष्ट्राहरू प्रगतिवादलाई अङ्गीकार गरेर अगाडि बढ्न थालेका थिए । यसका साथै अन्तर्राष्ट्रिय परिवेशमा घटेका रूसी अक्टुबर क्रान्ति, चिनियाँ क्रान्ति र भारतीय स्वाधीनता सङ्ग्रामले पनि विशेष प्रभाव पारेको देखिन्छ । प्रथम विश्व युद्धको आतङ्कबाट चिन्तित बुद्धिजीवीहरू साम्राज्यवादका विरुद्धमा जुर्मुराउँदै गरेको बेला सर्वहारा संकृतिको नाराले युरोप सग्बगाउँदै थियो भने स्टालीनले आफ्नो नीतिहरूलाई कार्यान्वयन गर्नको लागि इ.सं. १९२९ मा "सर्वहारा लेखकहरूको रसियाली सङ्घ" गठन गरिएको थियो । लेखकहरूको सैद्धान्तिक मतभेदका कारण यो सङ्घ तीन वर्ष मै विघटन भयो । इ.सं.१९३४ मा रूसी कम्युनिष्ट पर्टी कै पहलमा मैक्सिम गोर्कीलाई अध्यक्षमा नियुक्ति गरी "रसियाली लेखकहरूको साहित्यिक सङ्घ" नामक संस्था बन्यो । त्यस संस्थाले समाजवादी यथार्थवादको नवीन साहित्यिक मान्यता अघि सार्‍यो र सङ्गठित लेखन परम्परालाई श्रमपरक बनाउन पुग्यो । (अर्याल, २०५३ः १८) ।

फ्रान्समा हेनरी बारबुसको प्रयत्नमा विभिन्न देशका प्रगतिशील लेखकहरूको सन् १९३४ मा पेरिस भेलाको आयोजना भयो । मैक्सिम गोर्की, रोमा रोला,

आन्द्रेइ भ्यालेरा, थोमसमुन आदि सहभागी उक्त भेलाले ट्र समफोस्टरको अध्यक्षतामा "प्रगतिशील लेखक सङ्घ" नामक अन्तर्राष्ट्रिय संस्था गठन गऱ्यो (गौतम, २०५९: ७५) । त्यसले विश्वव्यापी रूपमा स·ठित लेखनलाई अझै हौस्यायो । फलस्वरूप सन् १९३५ मा लण्डनमा अध्यनरत भारतीयहरूद्वारा "प्रगतिशील लेखक सङ्घ भारत" को गठन गरियो । उक्त सङ्घको घोषणापत्रमा सङ्घको उद्देश्य प्रस्ट पारिएको छः-'यस संस्थाको उद्देश्य भारतका विभिन्न भाषा-भाषी लेखकहरूलाई सङ्गठित गरी यस्तो प्रगतिशील साहित्य रचना गर्नु हो, जो कलात्मक दृष्टिबाट दोषमुक्त होस् र त्यसका माध्यमबाट देशको साँस्कृतिक दुःख (अवसाद) लाई पन्छाएर हामी भारतीय स्वतन्त्रता एवम् सामाजिक उत्थानको दिशामा प्रवृत्त हुन सकौँ ।" संस्था स्थापनाको एक वर्षपछि प्रेमचन्द्रको अध्यक्षतामा इ.सं. १९३६ मा लखनाऊमा प्रथम सम्मेलन सम्पन्न भयो । दोस्रो सम्मेलन रविन्द्रनाथ ठाकुरको अध्यक्षतामा कलकत्तामा इ.सं. १९३५ मा सम्पन्न भयो (विष्णुप्रसाद अर्यालको शोधपत्र २०५३ र प्रभातको प्रलेसको संक्षिप्त इतिहास २०६३ दुवैमा यो समयावधी गलत रहेको छ) । तेस्रो इ.सं. १९४२ मा दिल्लीमा, चैथो श्रीपद अमृत डाँगेको अध्यक्षतामा बम्वईमा, पाँचौँ इ.सं. १९५० मा बम्वईमा छैठौँ इ.सं. १९५३ मा दिल्लीमा भएको थियो । यसै बीचमा भारतीय स्तरमा हिन्दी भाषी प्रगतिशील लेखकहरूको सङ्गठन पनि निमार्ण गरिएको थियो । उक्त संस्थाको नाम "अखिल भारतीय हिन्दी प्रगतिशील लेखक सङ्घ" राखिएको थियो । राहुल सांस्कृत्यायनको अध्यक्षतामा गठित उक्त संस्थाले भारतमा प्रगतिवादी साहित्यको विकासमा महŒवपूर्ण बल पुऱ्याएको पाइन्छ । यस प्रकार भारतका विभिन्न प्रान्त र शहरहरूमा प्रलेस पुग्न सफल भएको देखिन्छ । तर चीनमा भने येनानको गोष्ठी पछि तीव्र क्रन्तिकारी लहर आएको भए पनि समग्र मुक्तिपछि इ.सं. १९४९ मा मात्र प्रगतिशील लेखकहरूको प्रथम अधिवेशन सम्पन्न भएको देखिन्छ । यी सब गतिविधिबाट क्रमशः परिचित हु"दै नेपाली लेखकहरू प्रगतिवादी चिन्तनप्रति आकृष्ट भए । (प्रभात, २०६३: २९ र ३०) ।

### २.२.२ प्रलेसको जन्मका सम्बन्धमा वीरगञ्जको अपिल

देशमा प्रजातन्त्रको लहरसँगै प्रगतिशील लेखनको प्रयत्नहरू पनि आरम्भ भयो । जेलभित्र र बाहिर रहेका लेखक साहित्यकारहरूले प्रारम्भमा हस्तलिखित पत्रिका प्रकाशनबाट पाइला चाल्दै यो अघि बढ्यो । श्यामप्रसाद शर्मा जेलबाट छुटेपछि वीरगञ्जमा

इ.सं. १९५२ सेप्टेम्वरमा प्रलेसको गठन गरियो । आफ्नो जन्मकालमा उक्त संस्थाले प्रलेसको उद्देश्य र कार्यक्रमका बारेमा एउटा निवेदन प्रकाशित गरेको थियो । प्रकाशक प्रलेस केन्द्रीय कार्यालय, सेवा सदन वीरगञ्जका तर्फबाट श्री शर्माको नाम उल्लेख गरेर पर्चा निकालिएको थियो । उक्त पर्चामा "देशलाई विकासको मार्गमा अग्रसर गराउन साहित्यिक र सा+स्कृतिक उन्नति गराउनु आवश्यक छ । देशको साँस्कृतिक र साहित्यिक उन्नति गराउने भनिकन दिन-प्रतिदिन एउटा न एउटा संस्थाहरूले आफ्नो रूप देखाइरहेका छन् तर लेखकहरूको शक्तिको केन्द्रीयण गरेर त्यो शक्तिको राम्रो उपयोग गर्ने एउटा संस्था पनि खुलेको छैन अथवा खुलेको भए पनि त्यसले कुनै किसिमको ठोस रूप लिएर लेखकहरूलाई सङ्गठित गर्न सकेन । अतःजनवादी साहित्यको प्रचार एवम् नेपालको समस्त तरुण लेखकहरूलाई सङ्गठित गर्न हालै वीरगञ्जमा एउटा लेखक सङ्घ खुलेको छ । प्रत्येक लेखकहरूले देशको उन्नतिको दृष्टिकोण लिएर यस लेखक सङ्घको सदस्य भइदिनु होला भन्ने पूर्ण विश्वास छ ।" प्रमाणित सामग्रीका आधारमा यही पर्चा नै प्रलेसको पहिलो दस्तावेज हो । (प्रभात, २०६३: ३१) । यसबारे शर्माले "प्रलेसको आरम्भिक अवस्थाý" नामक लेखमा विवरणात्मक जानकारी दिएका छन् ।

### २.२.३ प्रलेसको जन्मका सम्बन्धमाः काठमाडौंको चर्चा

एउटा सामाजिक संस्था स्थापना र त्यसको उन्नतिका लागि एउटा मात्र नभई अनेक व्यक्ति, समयको अन्तराल, अनेकौं पृष्ठभूमि तयार भएर मात्र सम्भव प्राय छ । अथवा त्यसलाई ऐतिहासिक सर्न्दभमा यथोचित मूल्या,न र सम्मान गर्नुपर्दछ । प्रलेस नेपालको जन्मका सर्न्दभमा काठमाडौंको प्रसङ्गले पनि महत्वपूर्ण स्थान ओगटेको छ । यसै समयतिर काठमाडौंमा पनि एउटा लेखक सङ्घ बनाउने प्रयत्न सुरु भएको पाइन्छ । सातसालको परिवर्तनले ब्यूँझाएको नवीन सोचबाट प्रेरित भएर यहाँका उत्साहित केही लेखकहरूले आलोपालो हरेक शनिबार जम्मा भएर साहित्य चर्चा गर्ने गरेको कुरा प्रा. चूडामणि बन्धुले उल्लेख गरेका छन् (बन्धु, २०१६: ३१७) । तत्कालीन साहित्यिक पत्रिका शारदाले भने प्रलेस गठनको तयारी हुँदै गरेको र त्यसले आफ्नो मुखपत्र प्रगति प्रकाशन गर्ने सुरसार गरेको कुरालाई सम्पादकीयमा उल्लेख गरेको छ । "क्रान्तिलाई अमर राख्न र सामाजिक क्रान्ति गर्न प्रगतिशील लेखक सङ्घ खुली रहेछ । यसले आफ्नो मुखपत्र

प्रगति नामक मासिक पत्रिका पनि निकाल्ने भएको छ ।" उक्त लेखक सङ्घको कार्यभारका सम्बन्धमा शारदाले अगाडि लेखेको छ- "प्रगतिशील लेखक सङ्घले संसारमा भएका भुखमरीको विरोधमा कलमद्वारा सङ्घर्ष गर्ने र संसरमा भएका साम्राज्यवादी शक्तिसित, पूँजीवादी तथा सामन्तवादी शक्तिसित सङ्घर्ष गर्नेछ " (प्रभात, २०६३: ३२) । तर श्यामप्रसादका अनुसार नारायण बास्कोटाले प्रगतिलाई साहित्य हैन, राजनीति प्रधान पत्रिकाको रूपमा निकाल्न चाहेका थिए ।"(श्यामप्रसाद, २०४२: ४) । त्यसअघि प्रगतिशील अध्ययन मण्डल नामक संस्थाले पनि यसमा टेवा पुऱ्याएको देखिन्छ । उक्त संस्था जातीय जनतान्त्रिक मोर्चामा समेत सहभागी भएको थियो (प्रभात,२०६३:३२) । यसबारे प्रगति पत्रिकाको भनाइ अलि बेग्लै रहेको छः "नेपाली प्रगतिशील साहित्य स,लन-एक" भनेर प्रकाशित उक्त पत्रिकाको पहिलो सम्पादकीयमा भनिएको छ-"प्रगति एउटा पुरानो स्वप्नको मूर्त रूप हो । हामीले यसको प्रथम अ,लाई डेढ वर्षपछि मात्र प्रकाशित गर्न सक्यौं । प्रारम्भमा हामीले प्रगतिशील लेखक सङ्घको निर्माण गरेर सङ्घका केही सदस्यहरूको सम्पादनमा एउटा मासिक स,लन प्रगति र अरू मौलिक तथा अनुवादित साहित्य रचनाहरू प्रकाशन गर्ने आयोजना गरेका थियौं तर मूल योजनाअनुसार हामी अगाडि बढ्न असमर्थ जस्तै भएर प्रगतिको प्रथम अ, पाठकहरूको समक्ष उपस्थित गरिरहेका छौं (प्रभात, २०६३: ३२) । समालोचक कृष्णचन्द्रसिंह प्रधानका अनुसार प्रगतिको प्रकाशन साल २०१० वैशाखतिर भएको हुँदा लेखक सङ्घको चर्चा ९ साल पुष-माघतिर भएको हुनुपर्छ । तर काठमाडौँमा प्रलेस बनाउने काम भने हुन सकेन यसै बेला-"कृष्णचन्द्र प्रधान र अरू लेखकहरू मिली प्रगतिशील लेखक सङ्घको स्थापना गरे" (पुष्पलाल, २०५४: १२९) भनेर पुष्पलालको अगुवाइमा तयार परिएको नयाँ जनवादी संस्कृति नामक दस्तावेजमा उल्लेख गरिएको छ । तर मिति र लेखक बारे प्रष्टता छैन । सुरुमा सिद्धिचरण श्रेष्ठ, नारायण बास्कोटा, लक्ष्मीप्रसाद देवकोटा, विजय मल्ल, श,र लामिछाने, हेमराज श्रेष्ठहरूले खोलेको पुरानो लेखक सङ्घलाई पुनर्गठन गरिएको थियो र त्यही लेखक सङ्घलाई कसैकसैले प्रलेस भनि चर्चा गरे, जसको अध्यक्ष सिद्धिचरण श्रेष्ठ र सचिवमा कृष्णचन्द्रसिंह प्रधान रहेका थिए । (पुष्पलाल २०५३: ८०) । यस सम्बन्धी अन्य ठोस प्रमाणहरू अहिलेसम्म फेला परेका छैनन् र पुष्पलालले २००७ सालको क्रान्तिपछि

पार्टीले प्रलेस गठन गरेको कुरा नेकपाको इतिहासमा उल्लेख गरेको भए पनि कहिले, कहाँ, कसरी गठन भयो भन्ने विवरण दिएको देखिँदैन । (पुष्पलाल, २०५३: ८०) ।

सामन्तवाद तथा साम्राज्यवाद विरोधी लेखन कार्यलाई अघि बढाउने सोच नेकपाको स्थापनासँगै व्यापक बनेको पाइन्छ । मार्क्सवादी दर्शनको प्रभाव प्रस्ट झल्काउने काम 'श्यामप्रसादका डायरीहरू' र कृष्णचन्द्र सिंहको 'भञ्ज्याङनिरै' को भूमिकाले गरेको छ । परन्तु प्रलेस गठनको सम्बन्धमा ठोस अभिव्यक्ति दिन पुराना सम्बन्धित लेखकहरूले पनि प्रायः चुकेको देखिन्छ । विचारगत रूपमा भने मार्क्सवादी दर्शन र प्रलेसका गतिविधि एवम् त्यससँग सम्बन्धित स्रष्टाहरूको प्रभाव निकै व्यापक हुँदै गएको थियो भन्ने कुरालाई २००९ साल माघ ८ गते जय वागेश्वरीमा सम्पन्न 'विराट साहित्य सम्मेलन'ले पनि दर्शाउँछ । महाकवि देवकोटाको सभापतित्वमा सम्पन्न सो सम्मेलन- "प्रगतिशील दृष्टिकोण भएका नयाँ साहित्यकारहरूको महत्वपूर्ण जमघट थियो ।" (प्रभात, २०६३: ३३) ।

## २.३. प्रगतिशील लेखक सङ्घ नेपालको स्थापना

नेपाली साहित्यमा संस्थागत रूपमा साहित्य लेखन प्ररम्भ कर्ताको रूपमा चिनिएको प्रगतिशील लेखक सङ्घ नेपाल आफैंमा एउटा साहित्यिक संस्थाको रूपमा स्थापना कालदेखि नै यसले आफूलाई चिनाउ"दै आएको छ । प्रगतिशील लेखक सङ्घको इतिहास अन्य संस्थाको तुलनामा धेरै लामो देखिन्छ । समय-समयमा संस्थागत कठिनाइ भोग्न बाध्य भए पनि अन्य संस्थाहरूले जस्तो निमार्णस"गै बीचमा हराउने र आफ्नो अस्तित्व गुमाउने नगरी यस संस्थाले निरन्तर यात्रामा अगाडि बढीरहेको पाइन्छ । प्रगतिशील लेखक सङ्घ, नेपालको इतिहासलाई केलाउ"दा वि.सं.२००९ सम्म तन्कनुपर्ने हुन्छ । मार्क्सवादी विचारधाराको अध्ययन र प्रचारप्रसारका लागि त्यस समयमा विभिन्न ठाउ"मा प्रगतिशील अध्ययन मण्डलहरू खोलिएका पाइन्छन् । वीरगञ्जमा केन्द्रीय कार्यालय रहेर देशका विभिन्न जिल्लाहरूमा सक्रिय रहेको पाइन्छ । काठमाडौंमा रहेको प्रगतिशील अध्ययनमण्डल तत्कालीन 'जातीय जनतान्त्रिक मोर्चा' समेत सामेल भएको पइन्छ । वीरगञ्जमा रहेको प्रगतिशील अध्ययन मण्डलकै आयोजनामा वि.सं.२००९ वैशाखमा केही साहित्यकारहरूको सङ्गठन बनाउने निणर्य गरी सात सदस्यीय आयोजक कमिटी गठन गरियो । जसमा रामहरि शर्मा र कमलराज रेग्मी समेतले सामेलता जनाउनु

भएको सो सभा पं.तारानाथ शर्माको सभापतित्वमा भएको थियो । त्यसको केही महिनापछि वि.सं.२००९ आश्विन ५ गते शनिबार विभिन्न व्यक्तित्व (देशभक्त साहित्यकार, राजनैतिक व्यक्तित्व, समाजसेवी आदि) को उपस्थितिमा आयोजित कार्यक्रममा भवानीप्रसाद शर्माबाट प्रगतिशील लेखक सङ्घको विधिवत् उद्घाटन भयो । यस कार्यक्रममा कविराज बलभद्रशर्मा सभापति रहेका थिए । जसको पहिलो कार्यकारीणीमा अध्यक्ष श्यामप्रसाद शर्मा, महासचिव रत्नदास वैद्य, सहायक सचिव चित्तरत्न, कोषाध्यक्ष देवीप्रसाद किसान, स•ठनमन्त्री बालकृष्ण रूपावासी, प्रचार मन्त्री महावीरप्रसाद अग्रवाल र निरीक्षण मन्त्री बलभद्र शर्मा बडाल रहेका थिए । वि.सं.२०१० चैत्र ७ गते बालकृष्ण रूपावासीले प्रगतिशील लेखक सङ्घबाट आफ्नो पदबाट राजीनामा दिएका थिए । यस संस्थाको स्थापनास“गै लेखकहरूका निम्ति मार्क्सवादी सौन्दर्यशास्त्रको पहिलो नेपाली पुस्तक तयार पारियो । श्यामप्रसाद शर्माद्वरा लिखित-“लेखक कसरी बन्ने?” भन्ने उक्त पुस्तक प्रगतिशील लेखक सङ्घले छमहीनामै सार्वजनिक गरेको थियो (प्रभात,२०६४:३४) । प्रगतिशील लेखक सङ्घ, नेपालको स्थापना काल देखि अनेकौं आरोह-अवरोह पार गर्दै आजको अवस्थासम्म आइपुग्दा यसले आफूलाई नेपालको सबैभन्दा पुरानो साहित्यिक संस्थाका रूपमा स्थापित गर्दै कहिले सक्रिय र कहिले राजनैतिक चपेटाको वन्दी बन्दै आफ्नो यात्रालाई अगाडि बढाइरहेको छ । आज आएर नेपालको पुरानो र सबैजसो जिल्लामा आफ्नो सङ्गठन विस्तार गर्ने एक मात्र साहित्यिक संस्थाको रूपमा पनि देखापरेको छ ।

## २.४ प्रगतिशील लेखक सङ्घ, नेपालको विकासक्रम

प्रगतिशील लेखक सङ्घ, नेपालको स्थापनापछि यसको विकास निरन्तर अगाडि बढेको पाइन्छ । आरम्भकालीन अवस्थामा सङ्घठनात्मक निर्माणको आधारमा त्यति सबल देखा पर्दैन तर पछिल्लो अवस्थामा सङ्गठनको निर्माण र विकासमा ध्यान दिइएको देखिन्छ । सङ्गठित लेखन परम्परामा वैचारिक प्रतिबद्धताका साथ सर्वसाधारण श्रमजीवी जनताको लोकप्रिय संस्थाको रूपमा आफूलाई स्थापित गर्दै अगाडि बढेको छ । वि.सं. २००९ पछि लगातार प्रगतिशील विचारधारालाई आत्मसाथ गर्दै जनतामा चेतनाको ज्योति छर्दै छ । सुरुमा पत्रपत्रिका प्रकाशनमा जोड दि“दै हस्तलिखित पत्रिका, प्रचारात्मक पुस्तिकाहरू अन्य साहित्यिक रचनाहरू निकालेर र पछि व्यवस्थित हिसाबले पत्रिका

प्रकाशन रचनाहरूको विवेचना, साहित्यकारहरूलाई बौद्धिक सहयोग पुऱ्याउने काम गरेको छ । प्रगतिशील लेखक सङ्घ, नेपालको यात्रामा कति साहित्यकारहरू दरबारप्रस्त भएर साहित्यिक यात्रालाई बीचैमा छाडेको पनि देखिन्छ । प्रगतिशील लेखक सङ्घ, नेपालमा विवाद सिर्जना भएपनि विवाद गर्ने साहित्यकारहरू संस्थाबाट बाहिरीए पछि विवाद साम्य भएको देखिन्छ । (प्रभात,२०६३:३६) प्रगतिशील लेखक सङ्घ, नेपालको विकास यात्रामा वि.सं. २००७ देखि २०१७ साल सम्मको समयावधि धेरै उपलब्धिपूर्ण रहेको पाइन्छ । किनभने यस समयमा राजनीति अवस्था खुकुलो रहनु, दलहरूको क्रियाशीलता, साहित्यकारहरूमा समाज परिवर्तन गर्ने एक हतियार साहित्य पनि हो भन्ने कुरामा सहमत हुनु र जनतामा साहित्यप्रति अभिरुचि जाग्नु जस्ता कार्यले गर्दा प्रगतिशील लेखक सङ्घ, नेपाल यो समयमा झाँङ्गिन पुगेको छ । (प्रभात,२०६३:३७) ।

वि.सं.२०१७ मा राजा महेन्द्रबाट निर्दलीय व्यवस्था लागु गरेर साहित्यमा अङ्कुश लगाएपछि प्रगतिशील लेखक सङ्घ, नेपालको यात्रामा केही अवरोध सिर्जना हुन पुग्दछ । भूमिगत रूपमा पनि साहित्यकारहरूले आफ्नो साहित्य लेखनलाई रोकेको पाइँदैन । वि.सं. २०३६ मा जनमत सङ्ग्रहको घोषणापछि वातावरण अनुकूलको कारणले साहित्यकारहरू साहित्य सिर्जनामा सक्रिय रहन थाल्दछन् । वि.सं.२०४६ को जन-आन्दोलन सबै आन्दोलनको अग्रभागमा प्रगतिशील लेखक सङ्घ, नेपालले आफूलाई अग्रपङ्क्तिमा राखेको छ । आजसम्ममा पनि आफ्नो यात्रालाई अझ घनिभूत पार्दै अगाडि बढेको छ । (प्रभात,२०६३:३६ र ३७)

प्रगतिशील लेखक सङ्घको चरण विभाजनलाई पर्गेल्दा विभिन्न विद्वानहरूको मतलाई हेर्नुपर्ने हुन्छ । प्रलेस नेपालको खोज अनुसन्धान अत्यन्त न्यून मात्र भएको पाइएको छ । यसका लागि विष्णु प्रभातको अमूल्य योगदान रहेको छ । शोधकर्ता द्वय विष्णुप्रसाद अर्याल र रामहरि आचार्यको पनि प्रलेसको ऐतिहासिक अनुसन्धानमा महत्वपूर्ण भूमिका रहेको छ । प्रलेसको ऐतिहासिक सर्वेक्षण गर्दा यसको ऐतिहासिक सन्दर्भ र प्राप्त विवरणमा विवाद रहे तापनि सबै विद्वानहरूले एउटै चरण विभाजनलाई आत्मासाथ गरिएको पाइएको छ । त्यसैले प्रगतिशील लेखक सङ्घ, नेपालको विकास यात्रालाई यहाँ पनि निम्नलिखित चार चरणमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### २.४.१ प्रगतिशील लेखक सङ्घको प्रथम चरण (वि.सं.२००९ देखि २०१५ सम्म)

प्रगतिशील लेखक सङ्घ, नेपालको स्थापना वि.सं. २००९ देखि २०१६ सम्मको अवधिलाई प्रगतिशील लेखक सङ्घ नेपालको विकासक्रमको प्रथम चरण मानेको देखिन्छ । (प्रभात,२०६३:४०) यस चरणमा भएका संस्थागत गतिविधिले प्रगतिशील लेखनमा महत्वपूर्ण योगदान दिएको छ । विशेष गरी नया" साहित्यको रचनाका साथै त्यसका मूल्य-मान्यताको स्थापना एवम् यथार्थवादी साहित्यको बढोत्तरी भाषा साहित्य र साहित्यिक प्रगतिको विकासमा ध्यान दिइएको पाइन्छ । प्रथम चरणमा प्रगतिशील लेखक सङ्घ, नेपालको भूमिका यथार्थवादी साहित्य लेखन, विधागत लेखन, भाषाको क्षेत्रमा लेखन र साहित्यिक पत्रकारिताको विकासमा ध्यान केन्द्रित गरेको देखिन्छ । (प्रभात,२०६३:४०) वि.सं. २००९ मा स्थापित प्रगतिशील लेखक सङ्घ, नेपाल प्रारम्भदेखि नै सामन्तवाद, साम्राज्यवाद विरोधी स्रष्टाहरूको संस्थाको रूपमा रहेको देखिन्छ । नेपाली साहित्यमा स्रष्टाहरूको साङ्गठनिक प्रयासको प्रथम सफल खुड्किलो पनि रहेको छ । विश्व सर्वहारा वर्ग र समाजवादी आन्दोलनको बढ्दो प्रभाव र नेपाल कम्युनिष्ट पार्टीको स्थापना र विकासस"गै जनवादी साहित्यको विकास गर्ने उद्देश्यका साथ प्रगतिशील लेखक सङ्घको स्थापना भयो । प्रारम्भमा यसले आन्दोलन र सिर्जनाका क्षेत्रमा कार्य गरेको देखिन्छ । श्यामप्रसाद शर्मा, ह्रदयचन्द्रसिंह प्रधान, रमेश विकल, गोकुल जोशी, केवलपुरे किसानलगायत थुप्रै साहित्यकार र सर्जकहरूले सिर्जना र आन्दोलनका माध्यमबाट प्रगतिवादी चेतनालाई फैलाउन कार्य गरेका छन् । लक्ष्मीप्रसाद देवकोटाका पछिल्ला चरणका रचनाहरूमा प्रगतिशील चेतना प्रशस्त सल्बलाएका छन् । (भट्टराई,प्रलेस:२०६२) लेखक सङ्घ, नेपालको प्रथम चरणमा देखापरेका साहित्यकारहरू निम्न रहेका छन् :

गोविन्द लोहनी, भवानी घिमिरे, पूर्वप्रसाद ब्राम्हण, ह्रदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, केवलपुरे किसान, गोकुल जोशी, कृष्णचन्द्रसिंह प्रधान, जनक हुमगाई, गोपालप्रसाद रिमाल, भूपि शेरचन, रत्नदास वैद्य, भीमनिधि तिवारी आदि रहेका छन् ।

यसरी प्रगतिशील लेखक सङ्घ, नेपालको क्रियाशीलतालाई तीव्र पारेको देखिन्छ भने प्रगतिशील विचार राख्ने थुप्रै साहित्यकारले संस्थालाई साथ दिएको पाइन्छ । यस चरणका मुख्य उपलब्धिहरू लाई यहा" बुँदाहरूमा समेटिएको छ :

– नेपाली साहित्य सिर्जनामा प्रगतिशील चिन्तन प्रस्तुत गऱ्यो, साहित्यिक पत्रिकाको विकासमा अमूल्य योगदान पुऱ्यायो,
– तत्कालीन समयमा जुन बाटोमा नेपाली साहित्य हिँडेको थियो, त्योभन्दा बिलकुलै अलग मान्यताको स्थापना भयो ,
– यस समय क्रममा नै साहित्यकारको सामाजिक दायित्व र साहित्यको वर्गीय मूल्यको प्रश्न उठ्यो,
– जनपक्षीय, प्रगतिशील, प्रगतिवादी, मानवीय साहित्य जस्ता विशिष्ट भाव सङ्ग्रहित शब्दका आधारमा साहित्यको वर्गीकरण गरियो,
– यथार्थवादी धारामा प्रगतिशील लेखक सङ्घले थप योगदान पनि पुऱ्यायो ,
- विधागत सिर्जनामा पनि यस सङ्घले योगदान पुऱ्यायो । गद्य र पद्यदुबै विधाका सबै क्षेत्रहरूमा यसले आफ्नो स्थान ओगटेको छ ,
- नेपाली झर्रो भाषा शन्दर्भमा विशिष्ट योगदान दिएको छ ,
- नेपाली साहित्यिक पत्रकारितामा र सामुदायिक सेवा कार्यहरूमा समेत यस सङ्घको अतुलनीय योगदान रहेको छ ।

## २.४.२. **प्रगतिशील लेखक सङ्घको दोस्रो चरण (वि.सं २०१६ देखि २०३५ सम्म)** ।

प्रगतिशील लेखक सङ्घ, नेपाल साङ्गठनिक रूपमा दोस्रो चरणमा आइपुग्दा केही विवादास्पद अवस्थामा देखिन्छ । यस चरणमा आइपुग्दा प्रथम चरणका लेखक, रचनाकारहरू कोही कम्युनिष्ट पार्टीलाई आफ्नो आदर्श बनाउँछन्, कोही पुँजीवादी भावधारालाई स्वीकार्दछन्, कोही प्रगतिवादी भावधारालाई प्रगतिशीलतामा टाक्सिदै सामन्तवाद र साम्राज्यवादको सेवामा सर्मपित भइरहेका थिए (प्रभात,२०६३:५३) । यसो हुनुमा वि.सं. २०७१ को फौजीकाण्ड र निरङ्कुश पञ्चायती शासनको नाममा राजाको एकतन्त्रले स्रष्टाहरूलाई किन्ने कार्य गरेको यथार्थता एकातर्फ छ भने अर्कातर्फ वि.सं.२००७-२०१६ सम्म प्रगतिशील आन्दोलनमा लागेका केही साहित्यकारहरू राजाको निरङ्कुशताका पृष्ठपोषक बनी भाट साहित्यको रचना गर्न थालेको पाइन्छ । लेखकहरूको एकमतमा अभाव, राज्य सञ्चालनमा अन्योल र संक्रमणता, सामन्तवादी, पुँजीवादको आकर्षणता आदिआदि कारणले गर्दा पनि यस्तो अन्तर विरोध युक्त दोस्रो चरण विश्रृङ्खलित र शिथिल अवस्थामा रहेको देखिन्छ । त्यति भएर पनि मार्क्सवाद र प्रगतिशील चिन्तनप्रति

आस्था राख्दै सिर्जना र आन्दोलनमा सहभागी हुने लेखकहरूले राजाको निरङ्कुशताको विरुद्ध सशक्त रूपमा लागिरहेको देखिन्छ (अर्याल,२०५३: ३०) ।

वि.सं.२०१७ को राजाको निरङ्कुशताका विरुद्ध बिस्तारै जनता सल्बलाउन थाले । वि.सं.२०२८-२०२९ को झापा आन्दोलन गोरखपुरमा सम्पन्न चौथो महाधिवेशन र पुष्पलालद्वारा नेतृत्व गरिएको ने.क.पा. जस्ता पार्टीहरूले मार्क्सवादी आन्दोलनलाई पुर्नगठन गरी नया" किसिमले अघि बढाउने प्रयास गरे । वि.सं २०३२-२०३३ पछि प्रगतिवादी लेखन र सिर्जनाका क्षेत्रमा बढी गतिशीलता देखापर्न थालेको र जनताका पक्षमा कविता लेख्ने र गाउँदै हिड्ने अभियान (साहित्यिक सडक प्रर्दशनी) नै प्रारम्भ भएको पाइन्छ । (प्रभात, २०६३: ५३-५९) ।

वि.सं २०१६-२०३५ सम्म मानिएको प्रगतिशील लेखक सङ्घ, नेपालको दोस्रो चरणमा बीस र तीसको दशकको आधा-आधि समयसमेत सङ्गठनका सन्दर्भमा निस्तेज झै" रह्यो । यसै अवधिमा सांस्कृतिक क्षेत्रमा कार्यरत प्रतिभाहरूले गुप्त एवम् खुल्ला रूपमा अनेकौं गतिविधि सञ्चालन गरेको भएपनि प्रगतिवादी साहित्यलाई दूरगामी र दीर्घकालीन प्रभाव दिन सफल जनवादी सांस्कृतिक सङ्घको दिशाबोध भएपछि थुप्रै नया" प्रतिभाहरू पनि देखापरेका छन् । (अर्याल, २०५३: ३०) । सत्र सालपछि प्रगतिशील भावधारा लिएर अघि बढ्ने प्रतिभाहरूमा नेपाली साहित्यको कविता विधामा थुप्रैले कलम चलाएर कृति प्रकाशन गरेका छन् । प्रगतिशील लेखक सङ्घको यस दोस्रो चरणलाई अगाडि बढाउन निम्न लेखक रचनाकारहरूको योगदान रहेको छ:- जनकप्रसाद हुँमागाइ", मोदनाथ प्रश्रित, भैरव अर्याल, आन्नददेव भट्ट, भवानी घिमिरे, रविलाल अधिकारी, घनश्याम राई, गोविन्द भ□, रामचन्द्र क"डेल, खग्रेन्द्र सङ्ग्रौला, पारिजात, श्यामप्रसाद शर्मा, हरिभक्त कटुवाल, कृष्णप्रसाद पराजुली, विष्णुराज आत्रेय, वासुदेव शर्मा लुईटेल, पृथ्वी शेरचन, भूपि शेरचन आदिलगायतका प्रगतिशील साहित्यकारहरूले प्रगतिशील लेखक सङ्घ, नेपालको दोस्रो चरणअघि बढाउन अमूल्य योगदान दिएका छन् (प्रभात,२०६३:७९) ।

यस चरणका मुख्य उपलब्धिहरू यस प्रकार रहेका छन्:-

- समकालीन नेपाली राजनैतिक परिवेशलाई मध्यनजर गर्दै निरन्तर अगाडि बढिरह्यो,

- यसै चरणमा प्रगतिशील लेखक सङ्घ, नेपालको पहिलो पुर्नगठन र दोस्रो कार्यसमिति बन्यो,
- तेस्रो कार्यसमिति र सङ्घ दर्ताको प्रस· र प्रयास पनि यसै चरणमा भयो,साहित्यिक वैयक्तिताको विरोध,
- सामन्ती अर्धसामन्ती संस्कृतिको विरोध
- प्रगतिशील लेखन र सडक कविता आन्दोलनको सुरुवात आदि ।

### २.४.३ प्रगतिशील लेखक सङ्घको तेस्रो चरण (वि.सं. २०३६ देखि २०४५ सम्म)

प्रगतिशील लेखक सङ्घ, नेपालको सङ्गठनात्मक गति हेर्दा यसको स्थापना कालदेखि नै सुस्पष्ट सांस्कृतिक कार्यक्रमको अभाव देखापर्छ । तर पनि यस तेस्रो चरण (२०३६-२०४५) वि.सं. २०३६ को जनआन्दोलनले नेपाली समाजमा ल्याएको जागरण, पञ्चायती निर्दलियताको विरुद्धमा संसदीय विकल्प स्वीकृत गरेको पाइन्छ । (प्रभात, २०६३:८२) परिवेश र भूमिगत रूपमा क्रियाशील दलगत राजनैतिक शक्तिहरूद्वारा अभिप्रेरित मानसिकताबाट निर्मित सञ्चेतनाले ल्याएको मोड हो । यसै समयमा भूमिगत रूपमा क्रियाशील वामपन्थी क्रान्तिकारीहरूको बीचमा नेपाली समाजको अन्तरविरोध, सामाजिक विकासको तह र त्यसलाई परिवर्तन गर्ने रणनीति तथा कार्यनीतिका सम्बन्धमा मतभेद रहेको भए तापनि सामन्तवाद तथा साम्राज्यवाद विरोधी सांस्कृतिक आन्दोलन अघि बढाउने निर्दलीय निरङ्कुशताका विरुद्ध संयुक्त रूपमा लड्ने र लोकतान्त्रिक प्रतिनिधित्व प्रणाली स्थापना गर्ने क्रममा प्रायः सबैले आ-आफ्नो ठाउ"बाट बल पुऱ्याएका थिए । यस चरणमा पनि फुटकर लेख रचनामा कामको विवेचना गर्ने गरिएको भए पनि संस्थालाई व्यवस्थित कार्य योजनामा डोऱ्याउन र त्यसलाई हराभरा तुल्याउने स,कल्प सुदृढ देखिन्छ । नीतिसम्बन्धी सुस्पष्टतामा सामान्यतया सामन्तवाद तथा साम्राज्यवाद विरोधी लेखन मञ्चका रूपमा स्वीकार गरिएको भए पनि त्यस्तो मञ्चलाई सञ्चालन गर्ने र व्यवहार कुशलता प्रर्दशनको अभाव स्पष्ट देखापर्छ (प्रभात २०६३:८२-८६) ।

आफ्नो कार्यक्षमताअनुसार लेखकहरूले यस सङ्घलाई अघि बढाएको पाइन्छ । तेस्रो चरणमा सिर्जनात्मक लेखनमा मात्र तीव्रता आएको नभई मूल्याङ्कन र विश्लेषणमा पनि

नवीनता, वैज्ञानिकता र व्यवस्थितपन राम्रो रूपमा देखिन्छ (प्रभात,२०६३: ८६) । यही कालमा नै सिङ्गो नेपाली साहित्यमा अनेकौ" प्रयोगहरू, विश्रृङ्खल विचारहरू र अराजक लेखनलाई राज्यले संरक्षण दिंदै अघि बढायो । जनस्तरमा भने प्रगतिशील भावधाराका सुस॰त, सन्देशमूलक, प्रगतिशील तथा पुरातनवादी विचारधाराका रचनाहरू नै लोकप्रिय रहे । साङ्गठनिक विस्तार, ख्यातिप्राप्त साहित्यकारहरूको जन्मजयन्ती मनाउने, नया"-नया" प्रतिभालाई प्रगतिवादी साहित्य सिर्जनामा हौसला प्रदान पनि गरेको देखिन्छ । यही समयमा प्रगतिशील लेखक सङ्घ, नेपालको प्रथम राष्ट्रिय सम्मेलन पनि सम्पन्न भएको पाइन्छ ।

तेस्रो चरणमा आएर यस संस्थालाई आफ्नो कार्य गर्न निकै समस्या परेको देखिन्छ । देशमा पञ्चायती शासन व्यवस्थाले गर्दा थुप्रै निर्दोष नागरिक, बुद्धिजीवीहरूलाई समेत विभिन्न बहानामा फसाएर गुप्त हत्या गरी वेपत्ता पार्ने, जेल हाल्ने र सताउने काम भएको देखिन्छ । वि.सं.२०३६ को सङ्घर्षपछि केही खुकुलोपना देखापदर्छ । तर सरकार लगतै दमनकारी भूमिकामा देखापर्छ । त्यही समयमा संस्थाका संयोजक लगायतका अन्य स्रष्टालाई पक्राउ गरिन्छ (प्रभात, २०६३: १११) । यसै बीच राष्ट्रिय सम्मेलन तयारी समितिलाई सक्रिय पार्ने अभिप्रायले वि.सं. २०४० जेष्ठ ९ गते बालाजुस्थित साहित्यकार पारिजातको निवासमा एउटा भेला डाकिएको देखिन्छ । सो भेलामा शक्ति लम्सालको सभापतित्वमा अन्य थुप्रै प्रगतिवादी साहित्यकारको उपस्थिति पनि देखिन्छ । उनीहरू बीचको व्यापक छलफलबाट तीन प्रस्तावहरू पारित गरेको पाइन्छ (प्रभात, २०६३: ११५) ।

प्रगतिशील लेखक सङ्घ, नेपालको विकासक्रमको तेस्रो चरणमा पुरानासंगै नया"-नया" साहित्यकारहरूले प्रगतिशील लेखनमा आफ्नो यात्रा तय गरेका छन् । यस चरणमा देखापरेका साहित्यकारहरूमा:- वामदेव पहाडी, रमेश विकल, भक्तबहादुर नेपाली, मदनमणि दीक्षित, रायन, खगेन्द्र सङ्ग्रौला, नेत्रलाल अभागी, पारिजात, मोदनाथ प्रश्रित, रघु पन्त, जगदीश चन्द्र भण्डारी, मुरारी अर्याल, निनु चापागाइ", शक्ति लम्साल, जनकप्रसाद हुँमागाइ", दुर्गालाल श्रेष्ठ, पद्मरत्न तुलाधर, मल्ल के.सुन्दर, आनन्ददेव भट्ट, घनश्याम

ढकाल, विमल निभा, भवानी पाण्डे, नारायण ढकाल, खग्रेन्द्र सङ्ग्रौला, रविलाल अधिकारी आदि साहित्यकारहरूले सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ । (प्रभात,२०६३:१२१) ।

यस चरणका नया“ प्रतिभाहरूले विशिष्ट खालका रचनाहरू प्रस्तुत गरेका छन् । यसै समयमा पञ्चायती व्यवस्थाका विरुद्धमा भएको आन्दोलनमा सक्रिय सहभागी हु“दै पटक-पटक गिर□तारीमा परेका साहित्यकारहरूमा वैचारिक द्वन्द्व भएको देखिन्छ । यसै चरणमा क्रान्तिकारी र संसदवादी धार र प्रवृत्तिले सङ्गठनलाई प्रभाव पारेको देखिन्छ । साहित्यकार पारिजात र मोदनाथ प्रश्रित बीचको वैचारिक द्वन्द्व पनि यसै चरणमा चर्केको पाइन्छ । (प्रभात,२०६३: ११८)

यस चरणको मुख्य उपलब्धिहरू यस प्रकार रहेका छन्:

- प्रलेसको दोस्रो पुर्नगठन, उद्देश्य र अपिलको प्रयास,
- यस अपिलमा प्रगतिशील लेखक कलाकार सङ्घको आवश्यकता किन ? र लेखक कलाकारहरूलाई एकताको सूत्रमा बाँध्ने प्रयास गरिएको थियो,
- प्रगतिशील लेखक सङ्घको साङ्गठानिक विस्तार ग¥यो,
- यसै चरणमा प्रगतिशील लेखक सङ्घ, नेपालको विधान २०३९ र त्यसको कार्यक्रम र उद्देश्यको तयारी ग¥यो,
- यसै चरणमा कवि युद्धप्रसाद मिश्रको अभिनन्दन भव्य रूपमा सम्पन्न भयो,
- यस चरणमा विभिन्न जिल्लाहरूमा सम्मेलनहरू सम्पन्न भए र
- यसै चरणमा प्रगतिशील लेखक सङ्घ, नेपालको प्रथम राष्ट्रिय सम्मेलन २०४४ सम्पन्न भयो ।

### २.४.४ प्रगतिशील लेखक सङ्घको चौथो चरण (वि.सं.२०४६ देखि हालसम्म)

नेपाली समाज वि.सं.२०४६ को प्रजातन्त्रको पूर्नस्थापना सँगै केही सहजतातर्फ र स्वतन्त्रतातर्फ उन्मुख हुन थालेको थियो । नागरिकमा आएको चेतना र स्वतन्त्रताका कारण साहित्य सिर्जनामा समेत उपयुक्त वातावरण तयार भएको थियो । यसै परिवेशमा प्रगतिशील लेखक सङ्घ, नेपालको चौथो चरण सुरुवात भएको पाइन्छ (आचार्य, २०६८:२९-३१) । देशका सबै क्षेत्रमा विकास र सहजताको वातावरण रहे पनि साहित्यको

प्रगतिशील र प्रगतिवादी धारामा भने अपेक्षित उत्साह देखा परेन । एकातर्फ पञ्चायती विरोधी सङ्घर्षमा निर्दलीय निरङ्कुशता विरोधी जुन एकता निमार्ण भएको थियो त्यो बहुदलीय शासन प्रणाली पुनःस्थापना भएपछि कायम हुन सकेन । अर्कोतर्फ स्वयम् प्रगतिवादीहरूमा पनि आन्दोलनको प्राप्तिलाई ठीक ढङ्गले हेर्ने दृष्टिकोणमा समस्या रहनुका कारणबाट पनि आशा गरे जस्तो गतिशीलता प्राप्त हुन सकेन । साहित्यकारहरू स्वयम् नै साहित्यिक, सांस्कृतिक आन्दोलनमा भन्दा, राजनीतिक आन्दोलनमा संलग्न हुनु, उदारवादी स्रष्टाको रूपमा देखिन चाहने, पु"जीवादी लेखकहरूले आफ्नो उद्देश्य प्राप्त भएको महशुस गर्नु, सङ्घ-संस्थाहरू बीच एकताको कमीले साहित्यिक संस्थाहरूको कार्यमा शिथिलता पैदा भयो । यस्तै परिवेशमा प्रगतिशील लेखक सङ्घ, नेपालको सङ्गठनात्मक क्रियाशीलता पनि मन्द गतिले अघि बढ्यो र वि.सं. २०४८ आश्विन ६ गते बल्ल दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्‍यो । यसपछि भने लगातार केही सम्मेलनहरू भए र सङ्गठनात्मक विस्तार पनि हु"दै धेरै जिल्लाहरूमा यो फस्टाएको पाइन्छ । (आचार्य,२०६८:३०र३१)

यस चरणको मुख्य उपलब्धिहरू यस प्रकार रहेका छन्:

- २०४६ को राजनैतिक परिवर्तनसँगै देशमा सहजता र स्वतन्त्रतापूर्वक लेख्ने वतावरण बन्दै जानु,
- वतावरण उपयुक्त रहे पनि प्रगतिशील र प्रगतिवादी धारामा अपेक्षित उत्साह देखा नपर्नु,
- साहित्यिक उपलब्धि र आन्दोलनमा भन्दा राजनीतिक आन्दोलन र कार्यक्रममा बढी संलग्न रहनु,
- प्रगतिवादी लेखक, कलाकारहरूमा २०४६ पछिको स्वतन्त्रताको गलत फाइदा उठाउँदै स्वार्थ पुरा गर्नतर्फ लागे तसर्थ प्रलेसको सङ्गठनात्मक क्रियाशीलतामा कमि आउनु,

## २.५.  प्रगतिशील लेखक सङ्घ, नेपालका राष्ट्रिय सम्मेलनहरू

वि.सं. २०४८ सालमा भएको दास्रो राष्ट्रिय सम्मेलनले श्यामप्रसाद शर्माको अध्यक्षतामा सत्र सदस्यीय केन्द्रीय समिति र नौ जनाको केन्द्रीय सल्लाहकार समिति गठन गर्‍यो ।

त्यस्तै गरेर प्रगतिशील लेखक सङ्घ, नेपालको तेस्रो राष्ट्रिय सम्मेलन वि.सं. २०५० पुष १६ र १७ गते थापाथली इन्जिनियरिङ् क्याम्पसमा सम्पन्न भयो । प्रगतिवादी साहित्यकार गोविन्द भट्टले उद्घाटन गरेको उक्त सम्मेलनको सभापति संस्थापक अध्यक्ष श्यामप्रसाद शर्माले गरेका थिए । यस सम्मेलनले पनि श्यामप्रसाद शर्माकै अध्यक्षतामा पदाधिकारीको निर्विरोध चयन गर्‍यो (प्रभात,२०६३ः १२६) ।

संस्थाको चौथो राष्ट्रिय सम्मेलन वि.सं.२०५२ फाल्गुन ११ र १२ गते काठमाडौँमा सम्पन्न भयो । सो सम्मेलनमा देशका विभिन्न भागबाट एकसय त्रिहत्तर जना प्रगतिशील साहित्यकारहरूको सहभागिता रहेको थियो । अन्त्यमा सोही सम्मेलनले गोविन्द भट्टको अध्यक्षतामा नया“ केन्द्रीय समितिको साथै राष्ट्रिय परिषद्को निर्वाचन गरेको थियो (प्रभात, २०६३ः १३८)। प्रगतिशील लेखक सङ्घ, नेपालको चौथो राष्ट्रिय सम्मेलन हुनु केही समय अगाडि नेपाली राजनीतिमा नेपाली कम्युनिष्ट आन्दोलनको एउटा धार ने.क.पा. (माओवादी) ले जनयुद्धको घोषणा गर्‍यो । सशस्त्र युद्धको कार्यदिशामार्फत् सशस्त्र सङ्घर्षलाई आन्दोलन र क्रान्तिको लक्ष्य बनाउ“दै जबरजस्त राष्ट्रिय शक्तिका रूपमा विकसित माओवादी पार्टीभित्र प्रगतिवादी स्रष्टाहरूले जनयुद्धको चित्रण गर्दै साहित्य सिर्जना गर्न थाले । यसका सशक्त र चर्चित स्रष्टाहरू भूमिगत हुन बाध्य भए । देशमा प्रजातान्त्रिक सरकार हु“दाहु“दै पनि माओवादीका मागलाई सम्बोधन नगर्नु, माओवादी प्रभावित क्षेत्रलाई दमन गर्नु, एकतर्फी रूपमा माओवादीका नाममा प्रतिशोध लिनुजस्ता क्रियाकलाप हु“दाहु“दै पनि माओवादीहरूले आफ्नो शक्तिलाई सुदृढ गर्दै लैजानुले ६ को दशकमा यो शक्तिलाई सरकारले सम्बोधन गर्नुपर्ने देखियो । पञ्चायत कालमा नेत्रलाल अभागी जस्ता स्रष्टाहरू बलिदान हुनु परेको थियो । यस कालमा पनि कृष्णसेन इच्छुक, डि.कौडिन्य लगायतका स्रष्टा शाहीसेनाद्वारा मारिए । नेपालको इतिहासमा स्रष्टाहरूको सोझै हत्या भएको यो पहिलो घटना हो (प्रलेस,२०५७ः १३) ।

वि.सं. २०५० को दशकको यही पृष्ठभूमिमा निरङ्कुश राजा ज्ञानेन्द्रले वि.सं. २०५९ आश्विनमा प्रतिगमन गरी आफ्नो हातमा शासनसत्ता लिए भने वि.सं.२०६१ माघ १९ गते निरङ्कुश तन्त्ररूपी फौजी शासनको सुरुवात गरे । यसरी वि.सं.२०५२ देखि २०६२ साल सम्मका १० वर्षहरू नेपाली इतिहासमा विविधतामय, आ“धीमय र निरङ्कुशताका उतारचडाबका वर्षहरूका रूपमा रह्यो । निरङ्कुश कालमा नेपाली जनताले कहिल्यै नभोगेका दमन, पीडा, यातना भोग्न बाध्य भए । सेना र प्रहरीद्वारा हुने हत्या, बलात्कार, यातनाजस्ता कुरा सामान्य रहे । कवि पूर्णविराम, साहित्यकार नवीन विभास, कवि पोषनाथ पौडेल, चेतकान्त चापागा“ई र रविकिरण जस्ता स्रष्टाहरूलाई वेपत्ता पार्ने, यातना दिने काम भए । (प्रलेस,२०५७: १३)

देशको विद्यमान परिस्थितिका कारण यस चरणमा संस्थाको आन्दोलनकारी भूमिका बढि रहनु स्वभाविक थियो । ५० को दशकको पूर्वार्द्धमा सङ्घले सिर्जनात्मक क्षेत्रबाट आफ्नो यात्रालाई अगाडि बढायो । यस कालमा सङ्घका शाखाहरू विस्तार गरिए भने सांस्कृतिक वैचारिक क्षेत्रमा निरन्तर गरिने कार्य सम्पन्न भए । यसै क्रममा प्रगतिशील लेखक सङ्घ, नेपालको पा“चौ“ राष्ट्रिय सम्मेलन वि.सं.२०५६ मा सम्पन्न भयो । सो सम्मेलनले निनु चापागाईँलाई अध्यक्षमा निर्वाचित गरी उन्नाइस सदस्यीय केन्द्रीय समिति बनाएको थियो (प्रलेस २०५७: १५९) ।

सत्ताद्वारा गरिने हत्या, हिंसा र दमनका विरुद्ध सङ्घले निरन्तर आवाज उठाइरह्यो उत्तर्राध र ६० को दशकको दुईवर्षमा भने प्रगतिशील लेखक सङ्घ आन्दोलनमै सहभागी हुनुपर्‍यो । वि.सं.२०६२-२०६३ को जनआन्दोलनमा त सङ्घको मुख्य काम आन्दोलनलाई नै ठानेर सम्पूर्ण समय सङ्घर्षमा बिताउनु पर्‍यो ।

प्रगतिशील लेखक सङ्घ, नेपालको छैठौ“ राष्ट्रिय सम्मेलन वि.सं. २०५९ फाल्लगुन २४ र २५ गते कीर्तिपुरस्थित त्रिभुवन स्मृति भवनमा सम्पन्न भएको देखिन्छ । निनु चापागाँईको सभापतित्वमा सम्पन्न कार्यक्रमको उद्घाटन श्यामप्रसाद शर्माले गरेका थिए । उक्त सम्मेलनले आनन्ददेव भट्टराईलाई अध्यक्षतामा निर्वाचित गरेको देखिन्छ (प्रभात, २०६३: १५७) ।

सङ्घको सातौँ राष्ट्रिय सम्मेलन इन्जिनियरिङ अध्ययन संस्थान पुलचोकमा वि.सं. २०६३ जेष्ठ २८ र २९ गते श्यामप्रसाद शर्माले सम्मेलनको उद्घाटन गरेको देखिन्छ । उक्त सम्मेलनले निनु चापागाँईको अध्यक्षतामा सत्ताइस सदस्यीय केन्द्रीय समिति निमार्ण गरेको देखिन्छ (प्रलेस ,२०६३: ६९)।

प्रलेसको क्रियाशीलता र लगनको निरन्तर यात्रामा वि.सं.२०६६ जेष्ठ २३ र २४ गते इन्जिनियरिङ कलेज, पुलचोकको सभाहलमा सङ्गठनको आठौँ राष्ट्रिय सम्मेलन सम्पन्न भयो । प्रलेसका भूतपूर्व अध्यक्ष तथा विशिष्ट साहित्यकार आनन्ददेव भट्टले उद्घाटन गर्नु भएको उक्त सम्मेलनमा देशका विशिष्ट व्यक्तित्वको सहभागिता रहेको थियो । उक्त सम्मेलनमा घनश्याम ढकालको अध्यक्षतामा पन्ध्र सदस्यीय केन्द्रीय समिति निमार्ण गरेको देखिन्छ (प्रलेस,२०६६:४४/४५) ।

प्रगतिशील लेखक सङ्घ, नेपालको नवौं राष्ट्रिय सम्मेलन माइलस्टोन इन्टरनेशनल कलेज, बालकुमारी, ललितपुरको सभाकक्षमा वि.सं.२०६९ चैत्र ३० र ३१ गते सम्पन्न यस सम्मेलनको उद्घाटन प्रलेसका पूर्व अध्यक्ष तथा प्रलेस प्रतिभा पुरस्कारका संस्थाापक आनन्ददेव भट्टले गर्नुभएको थियो (प्रलेस, २०७०) । उक्त सम्मेलनले अमर गिरीको अध्यक्षतामा पन्ध्र सदस्यीय केन्द्रीय समिति निमाण गरेको देखिन्छ ।

बङ्लादेशको ढाकामा २०७२ फागुन ७ र ८ गते भएको साम्राज्यवाद तथा साम्प्रदायिकतावाद विरोधी दक्षिण एसियाली सांस्कृतिक सम्मेलनमा भेटिएका भारत, बङ्लादेश, श्रीलङ्का, पाकिस्तान आदि देशहरूले ‘दक्षिण एशियाली प्रगतिशील लेखक सङ्घ’ गठन गर्ने विषय महत्वका साथ उठाएका छन् । यस्तै ६१ वर्षे आफ्नो जीवन कालको आरोह अवरोहको पृष्ठभूमिमा प्रलेसको दसौं राष्ट्रिय सम्मेलन भर्खरै सम्पन्न भएको छ । वि.सं. २०७२ चैत २६ र २७ गते नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा सम्पन्न यस सम्मेलनको उद्घाटन तत्कालिन प्रधानमन्त्री के.पी. शर्मा ओलीले गर्नुभएको थियो । उक्त सम्मेलनले मातृका पोखरेलको अध्यक्षतामा तेइस सदस्यीय केन्द्रीय समिति गठन गरेको देखिन्छ ।

## २.६. लोकतान्त्रिक आन्दोलनमा प्रगतिशील लेखक सङ्घ, नेपालका स्रष्टाहरूको भूमिका

यस सङ्घले आफ्नो स्थापना कालदेखि नै धेरै समस्याका बाबजुद पनि आफ्नो यात्रालाई निरन्तरता दिने क्रममा समय-समयमा संस्थाले आन्दोलनको नेतृत्व गर्दै आएको छ । वि.सं.२०३६ को होस् या वि.सं.२०४६ को आन्दोलनमा सङ्घले आफ्नो संलग्नता देखाएको पाइन्छ । पछिल्लो वि.सं.२०६२/०६३ को आन्दोलनमा पनि प्रलेस र यस सस्थास“ग आबद्ध साहित्यकारहरूको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

पछिल्लो चरणमा नेपालमा भएका राजनीतिक उतारचढाब तथा तत्कालीन राजा वीरेन्द्रको हत्या (वि.सं.२०५८, जेष्ठ १९ गते) हुनु र राजपरिवारको सम्पूर्ण वंशकै नाश तर अरू सुरक्षित रहनु, माओवादी युद्धले एकपछि अर्को सफलता प्राप्त गर्दै जानु, ज्ञानेन्द्रले वि.सं. २०५९ आश्विनमा 'कु' गरेर सत्ता हातमा लिनु र नेपाली जनतामा राजपरिवारप्रति वितृष्णा जाग्नु जस्ता कतिपय कारणले लोकतान्त्रिक आन्दोलन २०६२/०६३ सुरुवात भयो । राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिंदै वि.सं.२०६१ माघ उन्नाइस गतेबाट फौजी शासनको सुरुवात गरे । आजका नेपाली जनता हिजो पनि सामन्तवादी निरङ्कुशताका विरुद्ध एवम् जनवादी लोकतन्त्रका पक्षमा सङ्घर्षरत थिए आज पनि छन् । गणतन्त्रको प्र्प्तिका लागि वर्ग-सङ्घर्षलाई तीव्रता, साम्यवादी शक्तिहरू एवम् लोकतन्त्रमा आस्था राख्ने लोकतान्त्रिक शक्तिलगायत नागरिक समाज सबैको एउटै साझा नारा बनेको थियो । लोकतान्त्रिक गणतन्त्रको स्थापना नेपाली इतिहासमा एउटा कुरा अब छर्ल· भइसकेको छ । नेपाली जनता सामन्ती निरङ्कुशता विरोधी र त्यसको संम्प्रभुता सहितको पूर्ण लोकतन्त्र अब बहुसङ्ख्यक नेपालीको चाहना मात्र होइन न्यूनतम माग र आवश्यकता पनि बन्न पुगेको छ (भट्टराई, पूर्ववत्: १२ । अर्कोतिर राजनीतिमा पार्टीहरूपनि एकजुट हु“दै आ सक्रियतालाई बढाउ“दै थिए । सबैभन्दा सक्रिय लेखक, कलाकारहरू नै रहे । जनतामा चेतनाको दियो बाल्दै ठाउ“ठाउ“मा सभा, गोष्ठी तथा कविता वाचन गरिए । यसरी वि.सं.२०५२ देखि २०६२/०६३ सम्मका १०/११ वर्ष नेपाली इतिहासमा विविधतामय, आ“धीमय र निरङ्कुशताका उतारचढाबका वर्षहरूका रूपमा रहे । निरङ्कुश कालमा नेपाली जनताले कहिल्यै नभोगेको दमन, यातना, पीडा, अत्याचार भोग्न बाध्य भए । ( रमेशप्रसाद, पूर्ववत्: १२)

६० को दशकको ३ वर्षमा भने प्रगतिशील लेखक सङ्घ, नेपालले आन्दोलनमै सहभागी हुनुपर्‍यो । वि.सं.२०५९ पछि २०६२/०६३ सम्मका अवधि त सङ्घर्षको केन्द्रीय कार्यकारूपमा नै आन्दोलनमा केन्द्रित हुनुपर्‍यो । यसभन्दा पूर्व सङ्घले महाकाली सम्झौता, राज्यआतङ्क लेखक कलाकारले धरपकड, जनअधिकार खोस्ने कालो विधेयक विरोधी आन्दोलनमा सहभागिता जनाएको थियो । कवि कृष्ण सेन, डी.कौडिन्यको हत्या, प्रलेसका केन्द्रीय तारी, देशमा जर्बजस्त थोपरिएको सदस्य ईश्वरचन्द्र ज्ञवालीको गिरफ्तार, सङ्कटकाल र दमन तथा जनसरोकारका अन्य विषयमा आवाज उठाउ"दै आएको देखिन्छ ।

प्रतिगमन विरोधी आन्दोलनमा प्रगतिशील लेखक सङ्घ, नेपाल र यसस"ग आबद्ध स्रष्टाहरूको भूमिका महŒवपूर्ण रहेको छ । त्यो आन्दोलन मूलतः काठमाडौँमा केन्द्रित रहे पनि यसले पोखरा, धरान, झापा, विराटनगर, रौतहट हु"दै रूपन्देही र नेपालका अन्य जिल्लाहरू नेपालगञ्जसम्म विस्तार गरेको देखिन्छ । वि.सं. २०६० भाद्र १३ मा-"प्रतिगमनका विरुद्ध अग्रगमनका सम्भावनाहरू" शीर्षकमा गोष्ठी कार्यक्रम सम्पन्न गरेको देखिन्छ । वि.सं. २०६० साउन ४ गते गठित प्रतिगमन विरोधी स्रष्टाहरूको सङ्घर्ष समितिको निमार्ण प्र.ले.स.को पहलमा भएको पाइन्छ । सङ्घका तत्कालीन अध्यक्ष आनन्ददेव भट्ट, सल्लाहकार निनु चापागाईं, सचिव रमेश भट्टराई, अमर गिरी, डा.ताराकान्त पाण्डे, जगदीशचन्द्र भण्डारी, रुद्र खरेल लगायतका स्रष्टाहरू सहभागी भएको देखिन्छ । वि.सं.२०६१ वैशाख ९ गते प्रज्ञाप्रतिष्ठानमा कविता गोष्ठी गरी सङ्घले सङ्गठित रूपमा सम्पूर्ण सदस्य र कविहरूलाई उपस्थितिका लागि अनुरोध गर्दै दुई दर्जन कविको कविता वाचन पछि गरिएको प्रदर्शनमा साठी गिरफ्तार भएकोमध्ये त्रिचालीस जना स्रष्टाहरू यसै सङ्घस"ग आबद्ध स्रष्टा थिए (रमेशप्रसाद, पूर्ववत्: १३) ।

वि.सं.२९६२/२०६३ को सम्पूर्ण समय नै सङ्घ आन्दोलनमा केन्द्रित रह्यो । यस आन्दोलनमा प्रगतिशील लेखक सङ्घस"ग आबद्ध स्रष्टा र यसै संस्थास"ग सम्बद्ध अन्य संस्थाहरूको भूमिका पनि सन्तोषजनक नै रह्यो । निरङ्कुशतन्त्रका विरुद्धको आन्दोलन नेपाली जनताको संयुक्त आन्दोलन थियो । यस आन्दोलनमा सात राजनैतिक दल, नेकपा-माओवादी र नागरिक समाज सक्रिय रहे । वि.सं.२०६१ श्रावण २३ गते गठित

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको नेतृत्वमा प्रगतिशील लेखक सङ्घका मोरङ, पोखरा, सुनसरी, झापा, रूपन्देही, सिरहा, उदयपुर, चितवन, मकवानपुरलगायतका शाखाहरूको महŒवपूर्ण र राम्रो भूमिका रह्यो (रमेशप्रसाद,पूर्ववत्:१७) ।

वि.सं. २०६२ चैत्र २४ गतेदेखि सात राजनैतिक पार्टीको आ≈वान र नेकपा माओवादीको समर्थन र सहभागिता सहित देशमा उथल पुथलकारी जनआन्दोलन सुरूभयो । आम हड्ताल प्रारम्भ भयो । प्रगतिशील लेखक सङ्घ, नेपालले यस आन्दोलनमा प्रारम्भदेखि नै सक्रिय सहभागिता (चैत्र २४ मा ) जनायो । यसै क्रममा मञ्चका अध्यक्ष आनन्ददेव भट्ट २४ चैत्रमा मैतीदेवीबाट गिरफ्तार भए भने सल्लाहकार निनु चापागाई, डा.जगदीशचन्द्र भण्डारी लगाएतका साहित्यकार वसन्तपुरबाट गिरफ्तार भए (ऐजन, १८ र १९) । स्नेह सायमी आदिले कपनको मोर्चा, मातृका पोखरेल, राजेन्द्र सुवेदी, विजय सुब्बाले कोटेश्वरको मोर्चाको नेतृत्व लिए (प्रभात, २०६३: १९) ।

## २.७ आन्दोलनमा प्रलेसका शाखाहरूको भूमिका

वि.सं.२०६२/०६३ को आन्दोलनमा शाखाहरूको भूमिका पनि महŒवपूर्ण रह्यो । सङ्घका शाखाहरूले कतै स्वतन्त्र रूपमा कतै लोकतान्त्रिक स्रष्टा मञ्चस“ग संयुक्त भई आन्दोलनलाई अगाडि बढाए । सुनसरी शाखाले सडक गोष्ठी र अन्य गोष्ठी सम्पन्न गर्‍यो । झापामा लोकतान्त्रिक स्रष्टाहरूको साझा कार्यक्रममा प्रगतिवादी स्रष्टाहरूको महŒवपूर्ण भूमिका र≈यो । रूपन्देहीमा रामचन्द्र भट्टराई, बुढाराना, जीवन शर्माको योगदान रह्यो । पोखराका स्रष्टाहरूपनि आन्दोलनको अग्रभाग मै रहे । धनगढी शाखाको पनि आन्दोलनमा उल्लेख्य सहभागिता रह्यो (प्रभात, २०६३: १९) ।

प्रगतिशील लेखक सङ्घ, नेपाल सामन्तवाद-साम्रज्यवाद विरोधी चरित्रका कारण जन्मकालदेखि नै नया“ संस्कृतिको निमार्णमा यो क्रियाशील छ । वि.सं.२०३२ को तिहारमा प्रगतिशील देउसी भैलो खेली निरङ्कुश तन्त्रविरोधी चेतना फैलिएकोलाई उदाहरणका रूपमा लिन सकिन्छ । यति ह“ुदाहुँदै पनि प्रगतिशील लेखक सङ्घभित्र कतिपय अवस्थामा गलत विचारले प्रवेश पाएको देख्न सकिन्छ । स्रष्टाहरू वैचारिक आन्दोलनबाट मुक्त हुनुपर्छ भन्ने सोचलाई बदल्न सक्षम भई अन्य खेमाका स्रष्टालाई पनि विचारधाराको मूल

प्रवाहमा समाहित गर्न सक्नुले नेपालको प्रगतिवादी साहित्य आन्दोलनले विशेष स्थान प्राप्त गरेको ठहर्छ । (प्रभात, २०६३: २०) ।

## २.८ निष्कर्ष

अतः प्रलेसको मुल काम नेपाली साहित्य सिर्जनालाई अघि बढाई प्रगतिशील साहित्यको श्रीवृद्धि गर्नु हो । यति भएर पनि स्रष्टाहरू राष्ट्रिय समस्यामा चुप लागेर बस्न सक्दैनन् र सिर्जनाका साथ राष्ट्रिय सेवाभावमा समर्पित भई सडकमा उत्रन्छन् । प्रगतिशील लेखक सङ्घले आफ्नो इतिहासको छ दशक भन्दा लामो यात्रामा यही काम कुराको पुष्टि गरेको छ ।

# तेस्रो परिच्छेद

# प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको विश्लेषण

## ३.१ विषय प्रवेश

कथा गद्यमा रचना गरिएको आख्यानात्मक विधा हो । सीमित पात्रहरूकै सेरोफेरोमा घटना र कथानकले फन्को मार्दछ । कथाकारले आफ्नो अनुभूति वा विचारलाई पात्रका माध्यमबाट अभिव्यक्त गर्दछ । कथा सिधा अपेक्षित दिशातिर मात्र लक्षित हुने हुनाले यसले जीवनको विस्तृत परिवेश चित्रण नगरी सानो परिवेश प्रस्तुत गर्दछ । सीमित आकृति, जीवनको सानो परिधि, छोटो समयावधि, द्वन्द्व, परिवेश आदिमा कथा बाँधिएको हुन्छ । कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथाविन्यास सबैले त्यही पुष्टि गर्दछन् । उपन्यासमा झैँ यसमा मानवजीवनका सम्पूर्ण तथा बृहत् रूप देखाउने प्रयास गरिँदैन, न त यसमा उपन्यासझैँ सबै रसहरूको समिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणीय बगैँचा होइन जसमा थरीथरीका फूलहरू, बेलबुट्टा सजिएको हुन्छ, तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखा पर्दछ ( श्रेष्ठ: २०६८ : ७)।

प्रलेस सङ्गठन स्थापना भएको लगभग ४ दशकपछि मात्र वि.सं. २०५० मा प्रलेस पत्रिका प्रकाशनमा आएको देख्न सकिन्छ । प्रलेसको प्रथम अङ्क अप्राप्य छ । प्रलेस पत्रिकाको दोस्रो र तेस्रो अङ्कमा कविता विधा मात्र समावेश गरिएको छ । प्रलेस पत्रिकाको चौथो अङ्कदेखि मात्र कथा विधा समावेश गरिएको छ । हालसम्म प्रकाशित भएका प्रलेसका २२ ओटा अङ्कहरूमा जम्मा २९ वटा कथाहरू प्रकाशित भएका छन् । यस परिच्छेदमा तिनै २९ वटा कथाहरूको अध्ययन गरिएको छ ।

## ३.२ प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको वर्गीकरण

प्रलेस पत्रिकामा हालसम्म प्रकाशित जम्मा २३ वटा कथाहरूको सङ्ख्या हेर्दा त्यति धेरै चाहिँ होइन । जति कथाहरू प्रकाशनमा आएका छन्, ती कथाहरूले नेपाली कथा विधालाई समृद्ध बनाउन भने महŒवपूर्ण भूमिका खेलेका छन् । प्रलेस पत्रिकाका विभिन्न अङ्कहरूमा प्रकाशित यी कथाहरू विषयगत रूपमा विविध प्रकारका छन् । यहाँ प्रलेस पत्रिकामा प्रकाशित कथाहरूलाई विषय वस्तुका आधारमा सामाजिक, राजनीतिक, प्रगतिवादी, अस्तित्ववादी आदिमा वर्गीकरण गरिएको छ ।

## क) सामाजिक (यथार्थवादी) कथा

सामाजिक जीवनलाई आधार बनाई लेखिएका कथा सामाजिक कथा हुन् । नेपाल र विश्वमै पनि सामाजिक कथाहरू नै बढी रचना गरिएका छन् । सामाजिक यथार्थवादी कथामा खासगरी समाजको यथार्थ पक्षलाई चित्रण गर्ने कुरामा बढी जोड दिइन्छ । समाजमा निहित प्रवृत्तिहरू विकासतिर गएको बेला समाजमा रहेका संस्कार संस्कृतिहरू पतनोन्मुख प्रवृत्तितर्फ गएको हुन्छ । यसरी समाजमा व्याप्त विभिन्न समस्याहरूलाई आधार बनाई कथा लेखिन्छ । खासगरी वेश्यावृत्ति, स्त्री समस्या, विधवा, विवाह, आर्थिक, सामाजिक आदि समस्याहरू जसमा समाजको समग्र प्रतिबिम्ब झल्केको हुन्छ, त्यसलाई आधार बनाई सामाजिक कथा लेखिन्छ । (श्रेष्ठः २०६८ः १४) नेपाली साहित्यको कथा विधामा सामाजिक यथार्थवादी कथाको बाहुल्यता रहेको देखिन्छ । 'प्रलेस' पत्रिकामा प्रकाशित 'बुढो बिरामी' (वर्ष ४, अंक ४,२०५३), 'पछुतो' (वर्ष ४, पूर्णा, ६, २०५३), 'मनोकामना' (वर्ष ४,पूर्णा, ६, २०५३), 'पण्डितको पछुतो' (वर्ष४, पूर्णाङ्क १०, २०५४) 'सुखी परिवार' (भाषान्तर-वर्ष ४, अंक ६, २०५३) आदि सामाजिक विषयवस्तुमा रचना गरिएका कथा हुन् ।

## ख) राजनीतिक कथा

पछिल्लो समयमा मात्र कथा विधामा राजनैतिक शैली अवलम्बन गर्न थालिएको हो । राजनैतिक विषयवस्तुसँग सम्बद्ध कथा नै राजनीतिक कथा हुन् । कुनै पनि राजनैतिक मत, वाद वा कुनै आन्दोलन अथवा कुनै राजनैतिक व्यक्ति वा घटनालाई विषयवस्तु बनाई लेखिएका कथा राजनीतिक कथा हुन् । बराल,२०६९:३२-३४) पछिल्लो समयमा यस्ता कथाको बाहुल्यता बढ्दै आएको छ । प्रलेस पत्रिकामा प्रकाशित 'आतङ्कवादी' (वर्ष ४, अंक ५,२०५३), 'आत्मदाह' (वर्ष४, अंक ५ ,२०५३), 'एक नम्बर' (वर्ष४, पूर्णा, ६, २०५३), 'निरन्तरता' (वर्ष ४,पूर्णाङ्क,२०५३) 'जनार्दनको पार्टी छोड्ने अठोट' (वर्ष ४, पूर्णा, ९, २०५४) आदि राजनीतिक विषयवस्तुमा रचना गरिएका कथा हुन् ।

## ग) प्रगतिवादी (यथार्थवादी) कथा

मार्क्सेली विचारधाराप्रति आग्रह राख्ने र सो (मार्क्सेली विचारधारामा) अनुरूप रचिएका कथालाई प्रगतिवादी कथा भनिन्छ । यस प्रकारका कथामा सामाजिक सङ्घर्षको मूल कारण आर्थिक पक्ष हो भन्ने कुराको विवेचना गरिएको हुन्छ । निम्न वर्ग अर्थात् श्रमिक वर्गलाई नायक बनाएर तिनको स्थिति, सङ्घर्ष र द्वन्द्व प्रस्तुत गरिएको हुन्छ । आर्थिक

शोषणको विरोधमा सामन्तवादी संस्कृतिलाई घोर चुनौती दिँदै द्वन्दात्मक भौतिकवादमा आस्था राख्ने विचारधारा भएको कथालाई प्रगतिवादी कथा भनिन्छ (श्रेष्ठ, २०६८: १५) । प्रलेस पत्रिकामा प्रकाशिन 'मनोकामना' (वर्ष४, पूर्णा, ६, २०५३), 'निकाला' (वर्ष ४, अङ्क४, २०५३), 'सङ्कल्प'(वर्ष ४, पूर्णा, ६, २०५३), 'ग्रहण' (वर्ष४, पूर्णा, १०, २०५४) आदि कथाहरूले पनि प्रगतिवादी र यथार्थवादी शैली अंगालेका छन् ।

**घ) अस्तित्ववादी कथा**

वर्तमान मानव जीवनका विसङ्गति वा निस्सारता बारे चिन्तन गरिएका कथाहरू अस्तित्ववादी कथा हुन् । यस्ता कथाहरूमा मानव जीवनको निराशावादी पक्षको पृष्ठभूमिमा मानिसका जिजीविषा, बाध्यता, सङ्घर्षशीलता र अन्तमा पराजयको तीतो स्थितिलाई कथाकारहरूले मुख्य विषयका रूपमा लिएका हुन्छन् । अस्तित्ववादी कथामा आफ्नो अस्तित्वको रक्षाका निमित्त सदा सचेत मानिसको आन्तरिक कुण्ठा वा निराशालाई विसङ्गतिवादको पृष्ठभूमिमा देखाइएको हुन्छ । यसरी जेजस्तो रूपमा भए पनि जीवनलाई स्वीकार्न बाध्य भएको पराजित मानिसको कथालाई नै अस्तित्ववादी कथा भनिन्छ (श्रेष्ठ, २०६८: १५)। प्रलेस पत्रिकामा विभिन्न अङ्कहरूमा प्रकाशित'आत्मदाह' (वर्ष ४, अंक ५, २०५३), 'टोपी' (वर्ष ४,पूर्णा, ६, २०५३), 'एक नम्बर' (वर्ष ४, पूर्णा, ६, २०५३), 'पहेँलो मान्छे' (वर्ष ४, पूर्णा, ६, २०५३) आदि कथाहरूले अस्तित्ववादी शैली अंगालेका छन् ।

**ङ) ऐतिहासिक कथा**

इतिहास मूलतः बितेको घटनासँग सम्बन्ध राख्ने विषय हो । एकातिर जे भएको थियो त्यही कुरा बताउँछ भने अर्कोतिर इतिहासमा घटेका सम्भावित घटनाको अनुमान गरेर यसलाई कलात्मक शैलीमा ढालेपछि ऐतिहासिक कथा तयार हुन्छ । यसको नायक वास्तविक या कल्पित जे भए पनि ऐतिहासिक द्वन्द्वबाट प्रभावित भएको हुन्छ । ऐतिहासिक समयकै संस्कृति तथा मनोभाव प्रकट हुने यस्ता आख्यानमा इतिहाससँग कल्पना मिश्रण भएका कथा नै ऐतिहासिक कथा हो (बराल,२०६९: ३३) । अमर कथा मा संग्रहित 'शुक्रराजको फाँसी' (वर्ष ४, पूर्णा, ७, २०५३, माघ-चैत्र), 'निरन्तरत' (वर्ष४,पूर्णा, ८,वैशाख-अषाढः २०५४) आदि कथाहरूले ऐतिहासिक विषयवस्तु अँगालेका छन् ।

## ३.३ प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको विवरण

कथा विधा समावेश गरिएका प्रलेस पत्रिकाको प्रकाशन मिति, वर्ष, अङ्क र महिना तथा ती पत्रिकाहरूमा प्रकाशित कथा र कथाकारको नाम यस प्रकार रहेको छ :

| | कथाको शीर्षक | कथाकार | प्रकाशन मिति | वर्ष, अङ्क र महिना | कैफियत |
|---|---|---|---|---|---|
| १ | बूढो बिरामी | विवश वस्ती | २०५३ | वर्ष ४, अङ्क ४ वैशाख - असार | |
| २. | निकाला | खगेन्द्र सङ्ग्रौला | २०५३ | वर्ष ४, अङ्क ४ वैशाख - असार | |
| ३. | डाक्टर साहेबकी सिल्ली गर्ल | सन्जय थापा | २०५३ | वर्ष ४, अङ्क ५ श्रावण-आश्विन | |
| ४. | आतङ्कवादी | कृष्ण बेलबासे | २०५३ | वर्ष ४, अङ्क ५ श्रावण-आश्विन | |
| ५. | माइकेलाल | भक्तबहादुर नेपाली | २०५३ | वर्ष ४, अङ्क ५ श्रावण-आश्विन | |
| ६. | आत्मदाह | पुण्यप्रसाद खरेल | २०५३ | वर्ष ४, अङ्क ५ श्रावण-आश्विन | |
| ७ | संकल्प | नवराज रिजाल | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| ८. | मनो मनोकामना | यु. कार्की | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| ९. | पहेँलो मान्छे | तिर्थ न्यैपाने | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| १०. | कानुनी राज | भरत गैरीपिप्ली | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| ११. | टोपी | गीताकेशरी | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| १२. | पछुतो | शिवकुमार श्रेष्ठ | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| १३. | एक नम्बर | घनश्याम ढकाल | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| १४. | सुखी परिवार | ल्यु-सुन | २०५३ | वर्ष ४, पूर्णाङ्क ६ कार्तिक-पैष | |
| १५. | अमर कथा | युद्धप्रसाद मिश्र | २०५३ | वर्ष ४, पूर्णाङ्क ७ माघ-चैत | यस अमर कथा सङ्ग्रहहमा क.प.को हत्या,अन्तरध्यान, शुक्रराजको फाँसी,चम्पाको परिश्रम,दानबाट खतरा,आँधी, र मर्ने ठाउँ गरी सातवटा कथा प्रकाशित छन् । |
| १६. | जसवन्तिया | रमेशमोहन अधिकारी | २०५३ | वर्ष ४, पूर्णाङ्क ७ माघ-चैत | |
| १७. | निरन्तरता | टीकाराम पोखरेल | २०५३ | वर्ष ४, पूर्णाङ्क ७ माघ-चैत | |
| १८. | योगी मोहनदास | शीतल गिरी | २०५४ | वर्ष ४, पूर्णाङ्क ८ वैशाख-अषाढ | |
| १९. | पञ्चमावतार | भास्कर | २०५४ | वर्ष ४, पूर्णाङ्क ९ साउन-पुष | |
| २०. | जनार्दनको पार्टी छोड्ने अठोट | चुडामणि वशिष्ठ | २०५४ | वर्ष ४, पूर्णाङ्क ९ साउन-पुष | |
| २१. | आमाको पुकार | पुण्यप्रसाद खरेल | २०५४ | वर्ष ४, पूर्णाङ्क ९ साउन-पुष | |
| २२. | पण्तिको पछुतो | मदन मुमुक्षु | २०५४ | वर्ष ४, पूर्णाङ्क १० माघ-चैत | |
| २३. | ग्रहण ग्रहण | भैरव गोलाल | २०५४ | वर्ष ४, पूर्णाङ्क १० माघ-चैत | |

यस बाहेक प्रलेसका अन्य कुनै अङ्कहरूमा पनि कथा प्रकाशन भएका छैनन् । प्रलेसमा प्रकाशित कथाहरूको यहाँ क्रमशः विश्लेषण गरिएको छ :

## ३.४ प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको विश्लेषण

### ३.४.१ 'बूढो बिरामी' कथाको विश्लेषण

#### ३.४.१.१ पृष्ठभूमि

वि.सं.२०५० सालदेखि पत्रिका प्रकाशन गर्न सुरु गरेको प्रलेसले २०५३ को वैशाख-आषाढ प्रकाशित अङ्कदेखि मात्र कथा विधा समावेश गरेको छ । 'बूढो बिरामी' कथा यस अङ्कमा समावेश गरिएको दुईवटा कथामध्ये पहिलो कथा हो । विवश वस्तीद्वारा लेखिएको प्रस्तुत कथा सामाजिक यथार्थवादी विषयवस्तुमा रचना गरिएको छ । यस कथामा कथाकारले हाम्रो समाजका गरिब पात्रहरूको प्रतिनिधि पात्रका रूपमा बूढो बिरामीलाई उभ्याएका छन् । नेपालका भौगोलिक विकटता, जनताहरूको आर्थिक अवस्थालाई यस कथाले आफ्नो विषयवस्तुका रूपमा समेटेको छ । पहाडी भेगका बासिन्दाहरूको जीवनमा गाँस, बास, कपाससँगै स्वास्थ्यजस्ता आधारभूत आवश्यकताको पनि अभाव छ । बिरामी भएका बेलामा समेत मन लागेको खानेकुरा खान, शरीर ढाक्ने एकसरो राम्रो (बाक्लो र तातो) लुगा लगाउन र उपचार गर्ने खर्चको चरम अभाव रहेको छ । समाजमा मन र मानवीयता हुनेसँग धन नभएको र धन हुनेसँग गरीबलाई हेर्ने र सहयोग गर्ने समय र मन नभएको कुरालाई यस कथामा यथार्थ रूपले चित्रण गर्न खोजिएको छ । लघु कथाका रूपमा रहेका 'बूढो बिरामी' कथामार्फत् नेपाली पहाडी बस्तीमा रहेको यथार्थ घटनालाई उद्घाटन गर्नु कथाकारको प्रमुख उद्देश्य रहेको छ ।

#### ३.४.१.२ कथातŒवका आधारमा 'बूढो बिरामी' कथा

**क) कथानक**

कथावस्तु खासक्रममा राखिएका घटनाहरूको कार्यकारण शृङ्खला सहितको व्यवस्थित ढाँचा हो। (बराल, २०६९:५६) । 'बुढो बिरामी' कथाले नेपालको पहाडी क्षेत्रको ग्रामीण निम्न वर्गीय समाज र पूँजीपति वर्गबीचको आर्थिक विभेदता र असमानतालाई विषयवस्तु बनाएको छ । यस कथाको बूढो बिरामी क्यान्सरले थलिएको

निम्न वर्गीय पात्र हो । 'म' पात्र यस कथामा यात्रुको रूपमा देखा परेको निम्न वर्गीय पात्र हो । यसै पात्रको वरपर प्रस्तुत कथा केन्द्रित रहेको छ । क्यान्सरले थलिएर उपचारका लागि काठमाडौँ आएको बूढो बिरामी नेपालमा उपचार नहुने र विदेश गएर उपचार गर्न नसक्ने अवस्था भएकाले बसमा आफ्नो घर फर्कंदै छ । त्यही बसमा 'म' पात्र पनि काम विशेषले यात्रा गरेका कारणले बूढो बिरामीसँग भेट भई सामान्य परिचय हुन्छ र कुराकानी हुन्छ ।

'म' पात्रलाई बूढाको छोराबाट सबै कुरा थाहा पाएपछि बूढो बिरामीलाई सहयोग गर्न धेरै मन लाग्छ तर ऊ आफू पनि गरीब छ । बस यात्रुलाई खाजा खुवाउन एउटा बजारमा अडिन्छ । यात्रुहरूले त्यहाँ पाइने खाजा खान्छन् । फलफूल किनेर खाने क्षमता भएका समाजका युवायुवतीलाई आफ्नो समाजको दुरावस्थामा ध्यानै छैन । गरीब र रोगी बूढो ती युवायुवतीले खाएको फलफूलमा आँखा गाड्दै थुक निलेर चित्त बुझाउन बाध्य हुन्छ । बसका ढोकाबाट आएको चिसो सिरेटोले बूढालाई गाह्रो परिरहेको छ । भोक र जाडोले बिरामीको पीडा झन बढेको छ । 'म' पात्र कल्पनामा हराउँछ । उसले फलफूल र खानेकुरा अनि ज्याकेट (न्यानो लुगाहरू) सहयोग गरेको देख्छ । यथार्थमा फर्कंदा बूढाको अवस्था उस्तै छ । 'म' पात्रले बूढाको छोरासँग कुराकानी गर्दा बूढाको घरमा भाइबहिनी मात्र रहेको, साहुसँग अनेक बिन्ती गर्दा पनि ऋण नपाएको, पहाडमा जति मिहिनेत गर्दा पनि दुईचार पैसा आम्दानी नहुनाले गरिबीको अवस्थामा सुधार नआएको जानकारी प्राप्त गर्छ । 'म' पात्र बूढो बिरामीको यस्तो अवस्था देखेर भित्रैदेखि आहत भएको छ, तर चाहेर पनि उसले मद्दत गर्न सक्दैन । छोटो समयका लागि भेट भएका 'म' पात्र, बूढो बिरामी र उसको छोरामा आत्मीयता रहेको छ । 'म' पात्र बूढो बिरामीप्रति सहानुभूति प्रकट गर्छ । आफू स्वयम् पनि गरीब भएको र छोटो समय मात्र भेट भएकाले केही गर्न नसकेकाले म पात्र निराश बन्न पुगेको छ ।

'बूढो बिरामी' कथामा कथानकको आदि भागमा 'म' पात्रले बसको यात्रा गरेदेखि बूढो बिरामी र उसको छोराले पनि सँगै बसको यात्रा गर्नु, बिरामीको रोगको जानकारी लिनु, बिरामीको आर्थिक अवस्थाको जानकारी म पात्रलाई हुनुसम्म रहेको छ । कथानकको मध्य भागमा म पात्रले बिरामीको हालत देखेर सहयोग गर्न खोज्नु तर आफू नै गरीब भएकाले केही गर्न नसक्नु, बूढालाई फलफूल, लत्ताकपडा दिएर सहयोग गरेको कल्पना गर्नु तर यथार्थमा सहानुभूति बाहेक केही दिन नसक्नु, गरिबीका कारण बूढो बिरामी भएका बखत

पनि खान लगाउनको चरम अभावमा रहनु, आर्थिक रूपमा सम्पन्न युवायुवतीलाई समाजका गरीबहरूप्रति फर्केर हेर्ने एक पलको समय पनि नहुनुसम्म रहेको छ । फाँटको बाटो भएर बस पहाड पुग्नु, 'म' पात्र, बूढो बिरामी र उसको छोरो बसबाट ओर्लिएर आ-आफ्नो गन्तव्यमा लाग्नुपूर्व 'म' पात्रले बिरामीप्रति सहानुभूतिका दुई शब्द व्यक्त गरेको घटना कथानकको अन्त्य भागमा आएको छ । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक रैखिक ढाँचाको रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

कथाको स्थापत्यकलामा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन्, जसबाट कथाको संरचना तयार हुन्छ । (श्रेष्ठ, २०६८: १०) 'बूढो बिरामी' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण चरित्र रहेका छन् । लिङ्गका आधारमा पुरुषको बाहुल्यता छ भने आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय चरित्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् । यस कथाको मुख्य पात्र 'म' हो । सहायक चरित्रमा बूढो बिरामी र उसको छोरा रहेका छन् । गौण चरित्रमा युवायुवती, साहु, आमा, कण्डक्टर, डाक्टर, भाइबहिनी आदि रहेका छन् ।

'बूढो बिरामी' कथामा 'म' प्रमुख पुरुष पात्र हो । ऊ बसको यात्रामा कतै जाँदै छ । बस यात्राका क्रममा एउटा बूढो बिरामी र उसको छोरासँग म पात्रको भेट हुन्छ । बूढाको रुग्ण शरीर, रोगी र कमजोर आर्थिक अवस्था देखेर ऊ भाव विह्वल बनेको छ । उसलाई त्यो बिरामीलाई पैसा, खानेकुरा, लुगा आदि दिएर सहयोग र सहानुभूति प्रकट गर्न खोज्दछ । ऊ आफू पनि रित्तो र गरीब छ । उनी मनमा धेरै सहयोग र प्रेम भए तापनि केही गर्न नसक्ने निरीह व्यक्तिका रूपमा देखा परेको छ । समय अभाव र आफ्नो स्थितिका कारण ऊ सहयोगका रूपमा सहानुभूतिका दुई शब्द बाहेक केही व्यक्त गर्न सक्दैन । छोटो समय बस यात्रामा भेट भएको बूढो बिरामीप्रति उसमा अगाध माया, प्रेम र स्नेह छ । ऊ समाजको आदर्श व्यक्तिका रूपमा देखा परेको छ । यसरी ऊ मुख्य मञ्चीय बद्ध पात्र हो ।

यस कथामा बूढो बिरामी र उसको छोरा सहायक पात्र हुन् । बूढो बिरामी हाम्रो समाजको रोगी, दुःखी, गरीब वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । समय र

परिस्थितिअनुसार बूढो बिरामीको खाने, लगाउने, औषधि उपचार गर्ने क्षमता वा दक्षता नभएकाले दिन गन्दै मृत्यु पर्खनु परेको छ । बूढा बिरामी पहाडी भेगको एक गरिब दुःखी, किसानी पेसा अँगालेको व्यक्ति हो । पहाडी भेगमा भएको उसको खेतबारी वर्षा र भेलबाढीले बगाएको छ । यसले गर्दा ऊ गरिबीसँगै सुकुम्बासी समेत हुन पुगेको छ । उसले ऋण गर्न जाने ठाउँसम्म पनि कतै छैन । यही बूढाको सेरोफेरोमा कथाले गति लिएकोले ऊ यस कथाको सहायक भएर पनि मञ्चीय बद्ध पात्रका रूपमा रहेको छ । बूढाको छोरो पनि सहायक पात्रका रूपमा देखा परेको छ । ऊ आफ्नो बाबुको उपचारमा आफू सक्दो सहयोग गर्ने आदर्श छोरा हो । ऊ चाहेर पनि केही गर्न नसक्ने निरीह छोराका रूपमा देखा परेको छ ।

यस कथामा अन्य पात्रका रूपमा यात्राका क्रममा रहेका युवायुवती, स्वार्थी र धन भएर मन नभएका साहूमहाजन खल पात्रका रूपमा आएका छन् । बूढाका अन्य छोराछोरी, डाक्टर र कण्डक्टर आदि गौण भूमिकामा उपस्थित छन् । यिनीहरूको नाम मात्र उल्लेख भएकाले नेपथ्यीय भूमिकामा रहेका गौण चरित्र हुन् ।

**ग) परिवेश (देश, काल र वातावरण)**

परिवेशले कृतिमा वर्णित स्थान, समय र वातावरणलाई जनाउँछ (बराल,२०६९:८५) । यस कथाको परिवेश हेर्दा नेपालको सहरी क्षेत्रको सानो झल्कोसँगै पहाडी भेगको निम्न वर्गीय परिवार आएको छ । समयका रूपमा बसको यात्रा गरुन्जेलसम्मको समय देखिए पनि बूढोलाई क्यान्सर लागेको दुई वर्ष भएको छ । स्थानका रूपमा बसपार्क, बस बिसौनी, फाँट हुँदै पहाड जाने बाटो आदि स्थानहरूको चित्रणको समय पृष्ठभूमिमा उल्लेख गरिएको छ । बसपार्क वरपरको व्यस्त जीवन, सहरिया र ग्रामीण मानवीय व्यवहार, चिसो हावाले पात्रको निराश पारेको अवस्था र रोगी मानसिकतालाई उचित वातावरण प्रदान गरेको छ । पहाडका निराशलाग्दो जीवन, अभावयुक्त बसको यात्रा, चिसो र कठ्याङ्ग्रिँदो जाडो, साहूमहाजनको व्यवहारले कथामा बाह्य र पात्रका आन्तरिक परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश सृजना भएको देखिन्छ ।

## घ) भाषाशैली

कथाको महत्वपूर्ण तत्वका रूपमा भाषालाई लिइन्छ । भाषाविना कथाको रचना र पाठ्य-बोध सम्भव हुँदैन । कथा कथनको माध्यम नै भाषा हो र त्यसको प्रस्तुतीकरणको कला शैली हो (सुवेदी,२०६८ :७७) । कथाको मूल विषय, कथावस्तु, घटना, चरित्र आदि सामग्रीहरू पूर्णतया तयार भइसकेपछि तिनीहरूलाई मूर्त रूप दिन कथाकारले जुन भाषिक कुशलता अपनाउँछ, त्यस्तो ढाँचालाई शैली भनिन्छ । 'बूढो बिरामी' कथाको भाषिक प्रयोग ग्रामीण मध्यम वर्गीय समाजमा बोल्ने सामान्य आदरार्थी खालको छ । सरल, सहज, बोधगम्य भाषाको प्रयोगले कथामा मिठास भरेको छ । भाषिक प्रयोगमा वर्गीय छनक खासै पाइँदैन ।

यस कथाको शैली यथार्थवादी छ । यथार्थमा पनि सामाजिक यथार्थवाद रहेको छ । बूढो बिरामी र 'म' पात्रले कल्पनात्मक आकाशमा उडान भरेकाले कल्पनात्मक शैली पनि रहेको छ ।

## ङ) उद्देश्य

कथामा समाविष्ट रहने मूल वा केन्द्रीय शिक्षालाई हामी उद्देश्य भन्दछौँ । कथा लेखनबाट विभिन्न खालका सामाजिक, आर्थिक, नैतिक, धार्मिक आदि विषयको यथार्थता र उन्नतिको शिक्षा दिने अभिप्राय कथाकारको रहेको हुन्छ (सुवेदी,२०६८: ७३)। यस कथामा रोगको सिकार बनेका गरीब जनताको दुःख, पीडा र दिन गन्दै मृत्यु पर्खनुको विकल्प नरहेको यथार्थता रहेको छ । यहाँका धनीमानी र साहू भनिएकाहरू निर्धन (गरिब) व्यक्तिलाई ऋण दिन समेत विश्वास गर्दैनन् । यहाँका गरीब जनताले अप्ठेरो, पर्दा समेत कसैको सहयोग पाउँदैनन् । नेपालका पहाडी भू-भागमा मानिसहरू खोला छेउमा बसोबास गर्ने भएकाले वर्षाको भेलबाढीले घरखेत बगाएर घरबार विहीन भएका छन् । ज्यादै थोरैमा जीवन गुजारा गर्न बाध्य भएका नेपाली गरीब दुःखी किसानलाई मान्छेले मात्र नभई प्रकृतिले समेत साथ दिँदैन भन्ने कुरा प्रस्तुत गर्नु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

## च) दृष्टिविन्दु

समाख्याता/कथावाचकले कथावाचन गर्दा उभिने स्थान दृष्टिविन्दु हो (बराल,२०६९: ७३.)। प्रस्तुत कथा सीमित पात्रको प्रयोग गरिएको आन्तरिक दृष्टिविन्दु भएको कथा हो । म पात्रले बूढो बिरामी र उसको छोराको अवस्थाको चित्रण गरेको छ । यसका साथै म पात्रको आन्तरिक केन्द्रीयता पनि प्रस्तुत कथामा रहेको छ । अन्य पात्रका बारेमा खासै ध्यान नदिइएकाले 'बूढो बिरामी' कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ३.४.१.३.शीर्षक सार्थकता

'बूढो बिरामी' कथामा नेपालको पहाडी प्रदेशका जनताको आर्थिक अवस्थाको चित्रण गरिएको छ । त्यहाँका जनताको आय आर्जन भनेको पुर्ख्यौली सम्पत्तिका रूपमा प्राप्त कृषि पेसा मात्र हो । त्यसबाट छ महिना पनि राम्ररी खान पुग्दैन । त्यसै कारणले गर्दा पहाडी भेगका जनता गरीब छन् । त्यसमाथि पनि बिरामी भएपछि उनीहरूको अवस्था दयनीय छ । भएको सम्पत्ति खर्च गरेर सहरमा आएर चेकजाँच गरेपनि रोग निको पार्न धेरै खर्च लाग्ने, नेपालमा उपचार हुन नसक्ने भनेपछि मृत्यु पर्खनुको विकल्प हुँदैन । आर्थिक अवस्था नाजुक रहेकाले एकसरो जाडो ढाक्ने कपडा नहुनु, बिरामी परेका बेला तागतिलो खानेकुरा खान नसक्नु, अरूले खाएकै हेरेर बस्न बाध्य हुनु जस्ता प्रसङ्ग कथामा आएका छन् ।

समाजमा हुनेखाने र दुईचार पैसा हुनेले गरीबहरूप्रति पटक्कै सहानुभूति नराख्ने, साहूसँग ऋण माग्दा पनि तिर्न सक्दैन भनी विश्वास गर्न नसकेर साहूले नदिने आदि कारणले गरिब मानिसहरूको अवस्था कारुणिक बन्न पुगेको छ । समाजमा दुःखी गरीब देखेर सहयोग गर्न खोज्ने मनकारीसँग सहयोग गर्ने क्षमता छैन । यस्तो विषम परिस्थितिमा बिरामी बूढो आफ्नो मृत्युको बाटो कुर्दै बस्नुसिवाय अरू विकल्प नरहेको कुरालाई कथामा यथार्थ रूपमा देखाइएको छ । मान्छे बूढो भएपछि बच्चाको जस्तै मन हुने, मीठो, मसिनो खाने,मनमा अभिलाषा जाग्ने र त्यसमा पनि बिरामी भएर मृत्युको बाटो कुर्ने विकल्प नरहेका बूढाको कारुणिक अवस्था र कथाको समग्र परिवेशलाई मध्यनजर गर्दा कथाको शीर्षक विषयवस्तु अनुसार उपयुक्त र सार्थक रहेको छ ।

### ३.४.२ 'निकाला' कथाको विश्लेषण

### ३.४.२.१ पृष्ठभूमि

वि.सं. २०५१ देखि पत्रिका प्रकाशन गर्न सुरु गरेको प्रलेसले २०५३ को वैशाख-असारमा प्रकाशित अङ्कदेखि मात्र कथा विधा समावेश गरेको छ ।'निकाला' कथा यस अङ्कमा समावेश गरिएको दुईवटा कथामध्ये दोस्रो कथा हो । खगेन्द्र सङ्ग्रौलाद्वारा लेखिएको प्रस्तुत कथा प्रगतिशील कथा हो । यस कथामा ठूलाबडाले निम्न वर्गका श्रमिकमाथि गर्ने अन्याय अत्याचारलाई सफल रूपमा चित्रण गरिएको छ । कथामा शोषक सामन्तले श्रमिक वर्गलाई कामका बखत कसरी श्रम शोषण गर्छन् र आफ्नो काम पूरा भएपछि पारिश्रमिक दिने बखत कस्तो दुर्व्यवहार गर्दछन् भन्ने कुराको यथार्थ चित्रण पाइन्छ ।

### ३.४.२.२ कथा तत्वका आधारमा 'निकाला' कथा

**क)　कथानक**

'निकाला' कथाले नेपालको तराई क्षेत्रको ग्रामीण निम्न वर्गीय समाज र पुँजीपति वर्ग बीचको सामन्ती समाजमा अन्तर्निहित आर्थिक समस्या र श्रम शोषणलाई विषयवस्तु बनाएको छ । यस कथामा आएको गोरे मगर (ठेकेदार) कम पारिश्रमिकमा काम गर्ने निम्न वर्गीय श्रमिक हो । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ । पहाडमा लेकबेसी गर्दाको दुःख, सधैँ खान लाउनको अभाव आदि कारणले गोरे परिवार सहित तराई बसाइँ सरेको छ । तराई झरेको १५ वर्ष भइसक्दा पनि गोरेको हालत अत्यन्त कमजोर रहेको छ । उसलाई एक छाक खानको लागि अभाव नै छ । गोरे मगरले यतिबेला गणपति साहूको चार कोठे बङ्गला बनाउने ठेक्का पाएको छ । गणपति साहूले लामो छलफल पछि गोरेको इमान्दारितालाई मध्यनजर गर्दै भनेको भन्दा आधा मूल्यमा ठेक्का दिने पक्कागर्छ । त्यो पनि काम पूरा भएपछि मात्र ज्याला दिने सम्झौता गर्छ । तराईमा देशी कामदार (भारतीय मिस्त्री) हरू प्रशस्त पाइने र उनीहरूले कम पारिश्रमिकतामा काम गर्ने तथा भनेका बखत काम नपाइने आदि कारणले गर्दा गोरे कम मूल्यमा नै भए पनि ठेक्का लिन बाध्य हुन्छ ।

घरको जग खन्ने समयदेखि गणपति साहूको कचकच, हप्काइ, हेपाइ सुरु हुन थाल्छ । गणपति साहू गोरेको कामको मूल्याङ्कन नगरी खाली उसलाई हेप्ने, काममा दबाब

दिने, देशी मिस्त्री लगाउने धम्की दिइरहन्छ । साहूको कचकच, अपहेलना, अपशब्द र बेइज्जतलाई समेत बेवास्ता गर्दै गोरेले आफ्नो कामलाई निरन्तर अगाडि बढाउँछ । उसलाई रिस मान्छेसँग हुन्छ काममा अल्छी र लटरपटर गरे श्रमले सराप्छ भन्ने लाग्छ । कम पारिश्रमिक, हेपाइ र अप्रिय व्यवहारमा भाइ र श्रीमतीले विद्रोह गर्न खोज्दा पनि उनीहरूलाई रोक्दछ । आफ्नो भाइ र श्रीमतीलाई चुपचाप लागेर श्रम मात्र गर्न आग्रह गर्छ । इमान्दार पूर्वक गरेको श्रमले नै मनमा सुख, शान्ति दिने तर्क गर्छ र सम्झाउँछ, जस्तै :

जानेको काम लटरपटर गर्दा मान्छेलाई सीपले सराप्छ बुझिस् ? सक्नेले लड्नुपर्छ, काम बिगार्नु हुन्न (पृ. ४७) आदि ।

यसरी ऊ श्रममा लीन हुन्छ । त्यतिले आफ्नो जीवनको अन्तर मनमा लुकाएर राखेको सपना पूरा गर्न सक्छ सक्दैन केही अन्दाज पनि लगाउँदैन । मिस्त्रीबाट ठेकेदार भइसक्दा पनि आफू सुख्खा मकै खाने औकातबाट माथि उक्लन नसक्दा मनमा पीडाबोध हुन्छ । श्रीमतीको सुत्केरी हुने समय नजिक आइसक्दा पनि सुत्केरी उतार्न दुइचार पैसाको जोहो पनि गर्न सक्दैन । इमान्दार पूर्वक काम गर्दा पनि परिवारको गुजारा गर्न मुस्किल परेको छ । काममा हरबखत लाग्दा पनि साहूले ज्याला दिन गाह्रो मान्छ । यसरी गोरेको लगातारको मिहेनतको नतिजा स्वरूप गणपति साहूको सुन्दर बङ्गला तयार हुन्छ । त्यो सुन्दर बङ्गलाको निर्माण गर्दा गोरेले प्रत्येक इँटा र सिमेन्टको कणमा आफ्नै घर सम्झेर प्रेमपूर्वक बनाउँछ । यसरी श्रमको सुमधुर सङ्गीतको अनन्त लयमा लीन भएर साहूको घरलाई आफ्नै सम्झेर पूरा गर्छ । जसको फलस्वरूप नया" घरमा गणपति साहूको परिवार भित्रिन्छ ।

गणपति गृहप्रवेश गरिसक्दा पनि पूर्व सम्झौता अनुरूपको गोरेको पारिश्रमिक दिन बा"की राखेको हुन्छ । आफूले रगत पसिना बगाएर बनाएको घरमा सम्झौता भएको बा"की पारिश्रमिक लिन गोरे बिना धुकचुक, विना शङ्का पस्दछ तर गणपति साहूले गोरेलाई पारिश्रमिक दिनुको साटो उल्टै चोर, साले, कसलाई सोधेर मेरो घरमा पसिस् भनेर घोक्र्याउँदै निकालिदिन्छ । आफ्नै सम्झेर बनाएको घरबाट अपहेलित भएर निस्कनु पर्दा गोरेको अन्तर मनमा भविष्यका लागि देखेको सपना सबै टुटेको छ । अब उसले

जीवनमा कुनै प्रगति गर्न नसक्ने र आफ्नो जीवनको चारैतिर अन्धकार नै अन्धकार मात्र देख्दछ । यसरी गोरे आफ्नो जीवनप्रति निराशावादी बन्न पुगेको छ ।

'निकाला' कथाको आदि भागमा गोरेले गणपतिको चारकोठे बङ्गला बनाउने ठेक्काको मोलमोलाइबाट सुरु भई साहूकै गद्दीमा दाल चामल र खत्र्याक खुत्रुक किनेर घरतिर जाँदासम्मको घटना रहेको छ । कथानकको मध्य भाग घर बनाउन नक्सा हेर्दै जग खन्न सुरु गरेबाट सुरु भइ गणपति साहूले घरिघरि काममा खोट लगाउँदै निहुँ खोज्नु, गर्भवती श्रीमतीलाई हेरेर गोरेलाई सुत्केरी उकास्ने चिन्ता हुनु, पहाडको घरबार र दुःख सम्झनु, गोरे आफ्नो सुरले इमान्दारीपूर्वक काम गरिरहनु, गोरेले आफ्नी श्रीमती र भाइलाई सम्झाउँदै काममा इबी नराख्न आग्रह गर्नु, बरु सके साहूसँगै जाइ लाग्नु भन्नु, मकै मात्र खाने औकात (हैसियत) बाट माथि उक्लन नसकेकोमा मनमा पीडाबोध हुनु, साहूको बङ्गलाले आकाश छुन खोज्नु तर गोरेको अवस्था जहाँको त्यहीँ रहनु, गणपति साहूको घर निर्माण कार्य सकिएर गणपतिको परिवारको नयाँ घरमा गृहस्थ सुचारु हुन थाल्नु तर पनि गोरेको पारिश्रमिक बाँकी रहेको घटनासम्म आएको छ । जुन कथाको चरम उत्कर्ष भाग हो । अन्त्य भागमा गोरे आफ्नै घरजस्तो सम्झेर साहूको घरमा ज्याला लिन जाँदा साहूले दुर्व्यवहार गरेर अपशब्द बोल्दै घरबाटै निकालीदिएको घटनाबाट गोरेको अन्तर मनमा लुकाई राखेको अजम्बरी सपना टुटेको देखाइएको छ । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढा"चा रैखिक प्रकारको रहेको छ ।

## ख) पात्र/चरित्रचित्रण

'निकाला' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

गोरे मगर यस कथाको मुख्य पुरुष पात्र हो । उसले श्रमजीवी शोषित पीडित वर्गको प्रतिनिधित्व गरेको छ । ठेकेदारी पेशामा लागेको १५ वर्ष भई सक्दा पनि उसको सम्पत्तिको नाउँमा केही छैन । सारा समय यसमै व्यतीत गर्ने गोरे हैकम र रकम बिनाको ठेकेदार भएको छ (पृः४२) । उसलाई घरमा श्रीमतीको सुत्केरी उतार्न र बिहान बेलुकाको छाक टार्न समेत गाह्रो छ । पहाडमा जीवन निर्वाह गर्न गाह्रो भएर तराई झरेको गोरे मगरको

आर्थिक अवस्था यहा" पनि निकै कमजोर छ । ऊ इमानदार, लगनशील र मिहिनेती छ । आफूले बनाएको प्रत्येक घर आफ्नै सम्झेर बनाउँछ तर पनि साहूको अन्याय अत्याचारमा पिल्सन बाध्य छ । कम पारिश्रमिकमा ठेक्का लिए पनि उसले सम्झौता भएको पूरै रकम पनि पाउँदैन तर पनि आफूले काममा ठगी गर्न नहुने कुरा भाइ र श्रीमतीलाई सम्झाइ रहन्छ । गणपति साहूले उसको कामको र इमान्दारीताको कहिल्यै सम्मान गर्दैन अझ उल्टै घरबाट निकाली दिन्छ । सुरुदेखि अन्त्य सम्म नै गोरेले कुनै पनि कुराको प्रतिकार गरेको छैन । साहुले घरबाटै निकालिदिँदा पनि खाली मैले बनाएको घर मात्र भन्छ । आफ्नो अन्तरमनमा लुकाइराखेको सपना टुटेको महसुस गरेर पनि साहूसँग प्रतिकार गर्न सक्दैन र त्यहाँबाट पलायन हुन्छ । दिन रात नभनी इमानदारीताका साथ काम गरे पनि उसले साहूको खराब प्रवृत्तिको विरोधमा आफूलाई अगाडि लैजान सकेको छैन । साहूको विरोध गर्न खोज्ने भाइ र श्रीमतीलाई समेत उसले रोकेको देखिन्छ । ऊ समाजको विरुद्ध सङ्घर्ष गर्नुभन्दा पलायन भएर आफ्नो अन्तरमनको सपनालाई र आफैलाई खाली खोक्रो प्रश्न गर्ने समाजको निरीह र पतनमुखी पात्रका रूपमा उपस्थित भएको छ । कथाको सुरुदेखि अन्त्यसम्म एउटै विचार र व्यवहार देखाउने गोरे स्थिर प्रकृतिको बद्ध मञ्चीय चरित्र हो ।

प्रस्तुत कथामा गणपति साहू खलपात्रका रूपमा उपस्थित छ । ऊ समाजको धनीमानी, जान्ने बुझ्ने भएर पनि आफूभन्दा निम्न स्तरका मान्छेलाई हेप्ने, बेइमानी गर्ने, अर्काको श्रम शोषण गर्ने, बिना कसुर कचकच र खोट लगाउने प्रतिकूल पात्रको रूपमा देखा परेको छ । उसले कथाको सुरुदेखि अन्त्यसम्म गोरेलाई हेप्ने, अपशब्द बोल्ने, बेइमानी गर्ने जस्ता काम मात्र गरेको छ । उदाहरणका लागि 'तेरो आँखा फुटे कि कसो ?', 'तेरो जिब्रोभन्दा लामो चोसो निक्लेको पनि ? नदेख्ने भइसकिस् अब ? कथामा गोरेको आफ्नो अन्तर मनमा रहेको अजम्बरी सपना फुटाइदिने र पलायनको बाटोतिर अग्रसर गराउने गणपति नै हो । ऊ यस कथाको शोषक सामन्त वर्गको प्रतिनिधित्व गर्ने स्थिर प्रकृतिको मञ्चीय खल पात्र हो ।

गोरेको भाइ किस्ने र गोरेकी श्रीमती गोरेलाई ज्याला मजदुरीमा सघाउने तर गोरेको भन्दा भिन्न सोच रहेका सहायक पात्र हुन् । यी दुईले समाजको अन्याय विरुद्ध

विद्रोही भाव उजागर गर्न खोजे पनि गोरेले रोकेको छ । यी दुई यस कथाका सहायक सत्यप्रेमी र मञ्चीय पात्र हुन् ।

गोरेकी छोरी, फाटफुट्ट काममा आउने मिस्त्री, गणपति साहूको गद्दीमा काम गर्ने मानिसहरू, देशी (भारतीय) मिस्त्री र ज्यामीहरू गौण भूमिकामा उपस्थित छन् । यिनीहरूको नाम मात्र उल्लेख भएको र नेपथ्यीय भूमिकामा रहेकाले गौण चरित्र हुन् ।

**ग) परिवेश (देश, काल र वातावरण)**

परिवेशले कृतिमा वर्णित स्थान, समय र वातावरणलाई जनाउँछ । यस कथामा परिवेशका रूपमा तराईको निम्नवर्गीय परिवार आएको छ । समयका रूपमा पन्ध्र वर्षको समयावधि सँगै दिनको प्रखर ताप र बिहान बेलुकाको समय पृष्ठभूमिमा उल्लेख गरिए तापनि गणपति साहूको घर निर्माणको केही दिनको घटनामा आधारित देखिएको छ । वातावरणको रूपमा गोरे श्रमशोषणमा पर्नु, सामाजिक सामन्तवादी सांस्कृतिक प्रभाव आएको छ । पहाडमा खान लाउनको अभावले तराई झरेको गोरेको अवस्था सुध्रनुको साटो झन् दयनीय बन्नु, मनमा अजम्बरी सपना बोकेको गोरेलाई 'चोर' सम्बोधन गरेर घरबाट निकालिदिनुले निराशापूर्ण परिवेशको चित्रण पाइन्छ । तराईको गर्मी, गोरेको पारिवारिक स्थिति र गणपतिको व्यवहारले कथामा बाह्य र पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

निकाला कथामा हाम्रो समाजमा बोलिने सरल, सहज, बोधगम्य भाषाको प्रयोग पाइन्छ । भाषिक प्रयोगमा वर्गीय छनक पाइन्छ । गणपति साहूले गोरेलाई प्रयोग गर्ने भाषामा सामन्तवादी सोच देखिन्छ, जस्तै :

"तँ चोर साला ।" "तेरिम्मा ठग !" आदि ((पृ: ४७)

यस कथामा ग्रामीण निम्नवर्गीय समाजमा बोल्ने शब्दहरूप्रयोग गरिएको छ, जुन यसप्रकार छ :

गोरे, यता हेर् त नाथे, सुनिस्, त" चोर, साले आदि (पृ:४२-४७)।

यस कथामा अगणम-बगणम, खत्रचाक खुत्रुक जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको पाइन्छ । त्यस्तै आलङ्कारिक शब्दहरू पनि कहीँ कतै प्रयोगमा रहेको भेटिन्छ, जस्तै :

"समय-साल झन्झन् साँघुरिएर गयो,"

"अन्तरमनमा लुकाइ राखेको अजम्बरी सपना" आदि ।

'निकाला' कथाको शैली यथार्थवादी रहेको छ । यथार्थमा पनि सामाजिक यथार्थवादी रहेको छ । सङ्ग्रौलाले पात्र अनुरूपको भाषा प्रयोग गरी 'निकाला' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । बीचबीचमा स्थानीय झर्रा भाषाको प्रयोगले गर्दा कथा झन् मौलिक र यथार्थ बन्न पुगेको छ । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा निकाला कथा सफल रहेको छ ।

**ङ) उद्देश्य**

कथामा समाविष्ट रहने मूल वा केन्द्रीय शिक्षालाई हामी उद्देश्य भन्दछौँ । कथा लेखनबाट विभिन्न खालका सामाजिक, आर्थिक, नैतिक, धार्मिक आदि विषयको यथार्थता र उन्नतिको शिक्षा दिने अभिप्राय कथाकारको रहेको हुन्छ । 'निकाला' कथामा कथाकार सङ्ग्रौलाले नेपाली पहाडी कष्टकर जीवनशैलीले तराईमा बसाइँ जान बाध्य हुनुपर्ने यथार्थतासँगै नेपाली समाजको वर्गीय समस्याको यथार्थलाई बडो मार्मिक रूपमा प्रस्तुत गरेका छन् । हुने खानेले गरिब र श्रमिक वर्गमाथि दिनदहाडै शोषण गर्दा पनि सहेर बस्नुपर्ने अवस्था देखाइएको छ । अशिक्षाको कारण श्रमिक वर्ग आफूमाथि भएको अन्याय सहन बाध्य छन् । त्यसको प्रतिकारमा उत्रेर आफ्नो अधिकार लिन डराउँछन् । आफ्नो इज्जत, अभिमान र आफ्ना मिहिनेतबाट साँचेका सपना समेत साहूकै व्यवहारमा निहित रहने सामाजिक वर्गीय यथार्थता प्रस्तुत गर्नु यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

समाख्याता/कथावाचकले कथावाचन गर्दा उभिने स्थान दृष्टिविन्दु हो । प्रस्तुत कथा ठेकेदार वा गोरे मगरको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर

गोरेको सोचाइ, भोगाइ र चिन्ता आदिलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान नदिइएकाले 'निकाला' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ३.४.२.३ शीर्षक सार्थकता

नेपाल भौगोलिक विविधता भएको मुलुक हो । यहाँका अधिकांश भूभाग पहाड र हिमालले ओगटेको छ । लेकबेँसी गर्न र दुःख गरेर पनि खान नपाएपछि पहाडको घरबार छाडेर तराई बसाइँ सर्ने परम्परा लामो छ । तराई झरेर इमानदारीपूर्वक काम गर्दा पनि एक छाक खान लगाउन कठिन छ । भारतीय ज्यामी ठेकेदारले नराम्रो काम गर्ने तर सस्तो रकममा गर्ने गर्दा पनि मान्छे उनकै पछि लाग्छन् । आफ्नै सम्झेर इमान्दारीपूर्वक काम गर्ने (खोज्ने) लाई भने कम मोलमा श्रमशोषण गर्ने, कागज गरेको रकम पनि सबै नदिने र हेय र तुच्छ भाषा प्रयोग गर्ने प्रवृत्ति समाजमा हुनेखाने व्यक्तिमा देखिन्छ । आर्थिक असमानताको ठूलो अन्तर नेपाली तराई प्रदेशको मुख्य समस्या नै हुने खानेले गर्ने श्रमशोषण हो । यस कथाको मुख्य पात्र गोरे सुरुदेखि अन्त्यसम्म साहूको हेपाइमा पर्नु, अन्त्यमा काम सकाएको लामो समयसम्म साहूले ज्याला चुक्ता नगर्नु र ज्याला लिन जाँदा चोरको बिल्ला लगाएर घरबाटै घोक्रेठ्याक लगाएर निकालिदिएकाले कथाको शीर्षक विषयवस्तु अनुरूप उपयुक्त र सार्थक रहेको छ ।

## ३.४.३ 'डाक्टर साहेबकी सिल्ली गर्ल' कथाको विश्लेषण

### ३.४.३.१ पृष्ठभूमि

प्रलेसको वर्ष ४, अङ्क ५ श्रावण-आश्विन, २०५३ अङक्कमा ४ ओटा कथाहरू प्रकाशन भएका छन् । त्रैमासिक रूपमा प्रकाशित यो अङ्क कथा प्रकाशन भएको दोस्रो अङ्क हो । यसै अङ्कको प्रथम कथाका रूपमा प्रकाशित 'डाक्टर साहेबकी सिल्ली गर्ल' कथाका कथाकार सञ्जय थापा हुन् ।

### ३.४.३.२ कथा तत्वका आधारमा 'डाक्टर साहेबकी सिल्ली गर्ल' कथा

**क)　　कथानक**

'डाक्टर साहेबकी सिल्ली गर्ल' कथाले काठमाडौँ सहरको शिक्षित वर्ग बीचको राजनैतिक बहसलाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । यस कथामा आएका डाक्टर साहेब र शान्ति बीच भएको बहसको सेरोफेरोमा कथाले फन्को मारेको छ । डाक्टर साहेब विकास र प्रजातन्त्रमा विद्यावारिधि गरेका एक विद्वान् व्यक्ति हुन् । उनी संसारको राजनैतिक शासन प्रणालीहरू मध्ये सबैभन्दा राम्रो शासन प्रणाली भनेको प्रजातन्त्र मात्र हो भन्छन् । त्यसैले प्रत्येक जनताले यसलाई बुझ्ने र व्यवहारमा उपयोग गर्नुपर्ने तर्क दिन्छन् । शान्ति राजनीतिशास्त्रमा डिप्लोमा गर्दै गरेकी विद्यार्थी हुन् । प्रजातन्त्रको व्यवहारसङ्गत परिभाषा के हो ? भन्ने जस्ता प्रश्नहरूको उचित र चित्तबुझ्दो उत्तरको खोजीमा लागि पर्दै गर्दा डाक्टर साहेबसँग उनको भेट भएको हो ।

'प्रजातन्त्र' विषयको छलफल र गोष्ठीमा डाक्टरले प्रवचन दिँदै गर्दाबाट कथाको आरम्भ भएको छ । डाक्टरको प्रवचनले प्रजातन्त्रप्रेमी, प्रजातन्त्र विषयप्रति जिज्ञासु शान्तिको ध्यानाकर्षणमा डाक्टर साहेब हुन पुग्दछ । डाक्टरको प्रवचनमा शान्तिका जिज्ञासा शान्त पार्न सक्ने विद्वत्ता थियो । यसै कारणले गर्दा कार्यक्रमको अन्य प्रवचनमा भन्दा डाक्टरसँग भेट गर्नको लागि मनमनै योजना बनाउन व्यस्त हुन्छे । शनिबार भेट्ने योजना बनाए पनि ऊ एक हप्ताभरि पारिवारिक काममा नै व्यस्त भई । अर्को हप्ताको शुक्रबार साँझ बार एसोसिएसनको हलमा मानव अधिकार सम्बन्धी गोष्ठी कार्यक्रममा डाक्टर साहेब पनि वक्ता हुनुहुँदो रहेछ । सोही कार्यक्रममा जलपानको समयमा शान्तिले डाक्टरसँग भेटघाट गर्दछे । प्रथम भेटमा नै शान्तिले आफ्नो परिचय दिई भेट गर्नुको उद्देश्य व्यक्त गर्दछे । डाक्टर पनि शान्तिको सामान्य परिचयमा नै प्रभावित हुन्छन् । शान्तिले प्रजातन्त्रसँग सम्बन्धित केही प्रश्न डाक्टरलाई राख्दछे । "प्रजातन्त्रको व्यवहार सङ्गत परिभाषा के हो ?, प्रजातन्त्रको सिद्धान्त बमोजिमको व्यवहार कतै छ कि छैन ?, त्यसको कुनै आधार वा संरचना छ जो जनताको उत्पीडन नगर्ने कुराको सुनिश्चित होस् ? आदि प्रश्न गर्दछे । शान्तिका यस्ता प्रश्नहरूको उत्तरमा डाक्टर भन्दछन् प्रजातन्त्र जनताको इच्छाअनुसार चल्छ । यो एक अर्थमा स्वर्ग हो र यसले नै सबैलाई राम्ररी बाँच्न दिन्छ । संसारमा भएका राजनैतिक शासन

व्यवस्था मध्ये प्रजातन्त्र नै उचित र राम्रो शासन प्रणाली भएको निष्कर्ष डाक्टरको छ । डाक्टरले प्रजातन्त्रका विषयमा विभिन्न सभा समारोहमा प्रवचन दिने, प्रजातन्त्रका प्रेमीहरूलाई प्रजातन्त्रको सिद्धान्त विषयक छलफल गर्ने सबै जनताले यसको बारेमा बुभ्नुपर्ने र उपभोग गर्न पाउनुपर्ने कुरा डाक्टरले शान्तिलाई सम्भ्फाउँछन् । शान्तिको प्रश्न, हाउभाउ सबै देखेर डाक्टर मनमनै शान्तिको प्रशंसा गर्दछन् । उता शान्ति प्रजातन्त्र आफूले देखे भोगेको र सुनेको, किताबमा पढेको सिद्धान्त बीच नितान्त भिन्नता रहेको । प्रजातन्त्रको व्यवहार उपयोगिता कतै नभेटेको बताउँछे । किताबी र भाषणमा मात्र सीमित रहेको प्रजातन्त्रको महसुस जनताले गर्न नपाएको भाव व्यक्त गर्दछे । यसकै उत्तर स्वरूप डाक्टर खोटरहित चिज संसारमा केही नरहेको बताउँदै देश र जनताको हितको लागि र राज्यको सुरक्षाका लागि कुनै कुरा बन्देज भित्र राख्नुपर्छ । हामी विशुद्धताको खोजीमा लाग्नु हुँदैन । भएको मध्येमा सबैभन्दा राम्रोमा लाग्नु पर्छ । उता शान्ति यही कुराको खण्डन गर्दै प्रजातन्त्र स्वतन्त्र, पीडा रहित हुनुपर्ने दृष्टिकोण राख्दछे । राजतन्त्र भित्र, समाजवाद भित्र आदि अरू शासन प्रणालीमा प्रजातन्त्र कसरी सामेल हुन सक्छ वा त्यो कसरी प्रजातन्त्र हुन सक्छ । शान्ति जिरिह गर्दछे, राज्यले जनताको स्वतन्त्रतामा अङ्कुश लगाएर, ऐन-कानुन रहुन्जेलसम्म, राज्यसत्ता रहुन्जेल, सत्तामा बस्नेले एकछत्र रजाइँ गर्न पाउने र जनताले सजाय भोग्नुपर्ने बाध्यात्मक अवस्था भएको ठाउँमा कसरी प्रजातान्त्रिक शासन प्रणाली हुन्छ ? भनी डाक्टरलाई प्रति प्रश्न गर्दछे । धनी र गरीबको ठूलो अन्तर रहेसम्म प्रजातन्त्रको अस्तित्व छ भन्न मिल्छ ? शान्तिका यस्ता प्रश्न जस्ता उत्तरले पनि शान्तिको प्रजातन्त्र भनेको के हो ? भन्ने प्रश्नको जिज्ञासा मेट्न सक्दैन ।

शान्तिजस्ती एउटी सानी केटीको जिद्दीले डाक्टरलाई भित्रबाटै चिढ्याउन थाल्दछ । निर्वाचन प्रणालीमा जनताको नैसर्गिक अधिकारमा प्रजातन्त्र छैन र जिज्ञासामा मुस्काएका डाक्टरका मन र मुहार बिस्तारै ओइलाउन थाले । डाक्टरले शान्तिलाई सम्भ्फाउन खोजे मान्छेमा पहिले आदर्शमाथि विश्वास हुनुपर्छ । प्रजातन्त्रको शताब्दीयौँ लामो इतिहासलाई मानिसले त्यसै स्वीकार गरेका होइनन् । शान्तिले फेरि प्रश्न गरी “स्वीकार त अन्धविश्वासले पनि गर्न लगाउँदैन र ? नेपालमा २०४६ अघिको सबै राम्रा नराम्रा परिवर्तन सबै अराजक र जनताका न्यायविपरीत हुने २०४६ पछिका सबै नराम्रो काम राष्ट्रिय हितको कसरी हुन सक्छ भन्ने प्रश्न शान्तिको छ । यस्तो तर्कले डाक्टर शान्तिलाई अराजकतावादी तर्क हो । यस्तो प्रश्नमा प्रजातन्त्रलाई कसरी बुभ्न सकिन्छ र

भन्दछन् । यसको उत्तरमा शान्ति भन्दछेः मैले जति सवाल छन् ती मेरो प्रजातन्त्रप्रतिको निष्कर्ष मात्र नभई, मात्र जिज्ञासा हो । मैले विकसित, अर्धविकसित र अविकसित कुनै पनि राष्ट्रमा प्रजातन्त्रिय व्यवस्था नदेखेको बताउँछे । आफू प्रजातन्त्रको पक्षधर भए पनि प्रजातन्त्रभित्र राम्रो कुराहरू भेट्टाउन सक्दिन । प्रजातन्त्र जनताको सार्वभौम नियन्त्रणभित्र रहनुपर्ने बताउँछे । प्रजातन्त्र किताब र सिद्धान्तमा मात्र सीमित रहेको महसुस गर्छे । यसरी प्रजातन्त्रमा राम्रो र सिद्धान्त मुताबिक व्यवहार भेट्टाउन नसकेकी शान्तिप्रति डाक्टर मनमा अपार श्रद्धा जाग्दछ । उनीमाथि दया लाग्दछ । डाक्टरले शान्तिका तर्कमा सहानुभूति दर्साउँदछन् । डाक्टरले आफूमाथि दर्साएको सहानुभूति र प्रजातन्त्रको परिभाषा र व्यवहारले डाक्टर र प्रजातन्त्र दुवै उस्तै समस्याबाट पन्छिने महसुस गर्दछे शान्तिले र कथाको अन्त्य भएको छ ।

कथाको आदि भागमा डाक्टरको प्रजातन्त्रका विषयमा मीठो र रहरलाग्दा प्रवचनबाट सुरु भई शान्तिको प्रजातन्त्रको विषयमा रहेको लगाव, प्रजातन्त्रका विषयमा आफूमा रहेको जिज्ञासा डाक्टर साहेबले निवारण गर्न सक्ने टुङ्गोमा पुग्छे । डाक्टरलाई अर्को हप्ता शुक्रबार साँझ बार एसोसिएसनको हलमा मानव अधिकारसम्बन्धी गोष्ठीमा शान्तिको डाक्टरसँग भेट हुन्छ र सामान्य परिचयसँगै प्रजातन्त्रका विषयमा छलफल सुरु भएसम्म रहेको छ । कथाको मध्य भाग शान्ति जस्तो जिज्ञासु विद्यार्थीको देशमा आवश्यकता रहेको र शान्तिको जस्तो प्रजातन्त्रप्रति चासो रहेको अर्को कोही नभेटेको डाक्टरको निष्कर्षबाट सुरु भएको छ । प्रजातन्त्रलाई सिद्धान्तमा मात्र नभई व्यवहारमा, सोचाइमा र भविष्यका योजनाहरूमा समेत बुझ्नुपर्ने, सबैले प्रजातन्त्रलाई उपयोग गर्न पाउनुपर्ने, नेपालमा लामो सङ्घर्षपछि प्रजातन्त्र पुनर्स्थापना गरिएको र यसको संरक्षण अब नयाँ पुस्ताको काँधमा रहनु, युवा पुस्तालाई राजनीतिमा सामेल गराएर प्रजातन्त्रले साम्यवाद र निर्दलीयता बचाउनुपर्ने डाक्टरको मत छ । उता शान्ति प्रजातन्त्रको सार के हो ? सिद्धान्त अनुरूपको प्रजातान्त्रिक शासन प्रणाली व्यवहारमा कतै नदेखेको, समृद्ध मुलुक (अमेरिका, बेलायत) हरूमा समेत वास्तविक प्रजातन्त्रको अस्तित्व नरहेको मत राख्नु, शान्तिका प्रश्नहरूले सुरुमा खुसी भएका डाक्टरमा मौनता र मनमा पीडा बोध हुनु, शान्तिमाथि साम्यवाद रूढताको आक्षेप लगाएर पन्छिन खोज्नु, त्यसको प्रति उत्तरमा राज्यसत्ता, समाजवाद आदि प्रजातन्त्र एकै ठाउँमा समेट्न सकिन्छ भनेर बुझाइदिने विद्वान्को खोजीमा रहेको, आफू प्रजातन्त्रको पक्षधर रहेको बताउनु र आफू

प्रजातन्त्रलाई विशुद्ध तरिकामा हेर्ने र भोग्ने समाजको खोजीमा रहेको बताउनुसम्म आएको छ । यो कथाको चरम उत्कर्ष भाग पनि हो । कथाको अन्त्य भागमा डाक्टरलाई शान्तिको अवस्था देखेर असहज लाग्नु, यस्तो तर्क केवल एक अराजकतावादी मात्र हो भन्ने निष्कर्षमा पुग्नु र शान्तिप्रति सहानुभूति दर्साउनु, शान्तिले प्रजातन्त्रलाई डाक्टर जस्तै समस्याबाट भाग्न खोज्ने अगम्य, दुर्बोध्य देख्नुसम्म कथानकको अन्त्य भागमा आएको छ । यसरी कथा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

**ख)** **चरित्रचित्रण**

'डाक्टर साहेबकी सिल्ली गर्ल' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । अबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् । यस कथामा न्यून पात्र संयोजन गरिएको छ । डाक्टर र शान्तिका बीचमा रहेको संवादमा एकाध ठाउँमा मान्छेको जमात देखिए तापनि ती सबै तटस्थ देखिन्छन् । यस कथामा शान्ति प्रमुख मञ्चीय चरित्रका रूपमा आएकी छे भने सहायक मञ्चीय चरित्रका रूपमा डाक्टर साहेब आएको छ ।

शान्ति यस कथाकी मुख्य नारी पात्र हुन् । उनले राज्य र प्रजातन्त्रपट्टि झुकाव भएका आम युवावर्गको प्रतिनिधित्व गरेकी छे । उनी राजनीतिशास्त्रकी डिप्लोमाकी विद्यार्थी हुन् । उनलाई प्रजातन्त्रको व्यवहार सङ्गत परिभाषा के हो ? भन्ने लागेको छ । उनी एक यस्ता विद्वान्को खोजीमा छिन् । जसले उनलाई राज्यसत्ता र प्रजातन्त्रको शासन व्यवस्थामा प्रजातन्त्रको सिद्धान्त बमोजिमको प्रत्येक जनताले स्वतन्त्रता र समानता पाउन सकेका छन् कि छैनन् । समानता र स्वतन्त्रता छैन भने त्यो कसरी प्रजातन्त्र भयो ? आदि प्रश्नको उत्तरको खोजीमा छिन् । प्रजातन्त्रलाई सबैले तारिफ गर्ने, भाषण दिने, यस शासनको अनुयायी र समर्थक भई यसको उपयोग गर्न पाउनुपर्ने कुरामा जोड दिन्छन् । ऊ त केवल प्रजातन्त्रलाई भाषण, सिद्धान्त र किताबमा मात्र देख्छे । ऊ कुनै देशमा व्यावहारिक र सैद्धान्तिक रूपमा मेल खाने न्यायोचित व्यवहार नभएकोले अब व्यवहारयुक्त प्रजातन्त्र हुनुपर्छ भन्दै सामाजिक परिवर्तन चाहने एक युवा वर्गको प्रतिनिधि पात्र हो । शान्ति आफ्नो देशमा प्रजातन्त्रका सही तरिकाले प्रयोग होस्, सबै जनताले त्यसको उपयोग गर्न पाउनु पर्छ । देशमा वर्गविभेदको अन्त्य होस् र सम्पूर्ण जनताले प्रजातन्त्रका बारेमा, यसमा प्राप्त हकहितका बारेमा जानकारी होस् भनेर चाहने प्रजातन्त्रप्रेमी पात्र हो । शान्ति समाजमा वा

राष्ट्रमा यस्तो व्यक्तिको खाँचो छ, जसले प्रजातन्त्रलाई किताबी सिद्धान्त र भाषणमा मात्र नभई जनताले व्यवहारमा उपयोग गर्न पाउनुपर्ने समाज परिवर्तन गर्नुपर्ने प्रगति उन्मुख चाहाना राख्ने पात्र हो । शान्तिका मार्फत् समाजका युवावर्गले प्रेरणा लिन सक्ने, अन्वेषण गर्न प्रेरणा मिल्ने भएकाले ऊ एक अनुकरणीय बद्ध मञ्चीय पात्र हो । ऊ यस कथाकी मुख्य पात्र पनि हो ।

डाक्टर साहेब यस कथाका मुख्य सहायक पात्र हुन् । उनकै सहयोगमा कथानकले विकासको गति लिन सफल भएको छ । विकास र प्रजातन्त्र विषयमै विद्यावारिधि लिएका डाक्टर नेपालको वि.सं. २०४६ को आन्दोलन पछि नेपालमा पुनर्स्थापना भएको प्रजातन्त्र शासन प्रणालीको समर्थक हुन् । गोष्ठी सभामा प्रजातन्त्रका विषयमा वकालत गर्ने प्रजातन्त्रका पक्षधर हुन् । उनी सबै जनताले प्रजातन्त्रका बारेमा खुलस्त हुनुपर्छ भन्ने सोचले युवावर्गलाई घरमै पनि स्वागत गर्दै यसबारे छलफल गर्ने प्रजातन्त्रप्रेमी समाजसेवी हुन् । प्रजातन्त्र जनताको शासन प्रणाली भएकाले जनताको इच्छाअनुसार चल्छ, प्रजातन्त्र भएन भने कोही पनि नरहने भन्ने धारणा छ डाक्टरको । डाक्टरको यस्तै तर्क र प्रजातान्त्रिक ज्ञानप्रति शान्ति आकृष्ट भएकी छे । डाक्टरकै विद्वत्तामा खलल पुऱ्याउने गरी एक बच्चीले प्रजातन्त्रका बारेमा राखेको प्रश्नले बेलाबेलामा डाक्टरलाई झस्काउँछ । डाक्टर यस कथामा प्रशस्त विद्वत्ता भएका विद्वानका रूपमा शान्तिको नजरमा देखा परेका छन् । शान्तिले लामो समयदेखि खोजिरहेको विद्वत्ता डाक्टरमा भेटेकी छे । डाक्टरले शान्तिको जिज्ञासालाई मेटाउन सक्दो कोसिस गरेका छन् । मान्छेले शतप्रतिशत पूर्णता र सम्पन्नता केहीमा पनि खोज्न नहुने, भएका मध्ये सबैभन्दा राम्रोलाई लिनुपर्ने, त्यसका बारेमा समाजमा चेतना फैलाउन सदैव प्रयत्नरत रहनुपर्ने सकारात्मक सोचाइ डाक्टरमा छ । डाक्टर पनि समाजमा प्रेरणादायी भूमिका निर्वाह गर्ने प्रजातन्त्र प्रेमी, समाजसेवक, प्रेरक व्यक्तित्व हुन् । उनीबाट समाजले प्रेरणा लिन सक्छ । उनी सकारात्मक सोच भएका बद्ध मञ्चीय पुरुष पात्र हुन् । यी बाहेक यस कथामा आएका सभामा उपस्थित भीड, शान्तिका बहिनी र आमा आदि गौण पात्र हुन् । तिनीहरूको कथामा कुनै प्रकारको सक्रिय भूमिका नरहेकाले यी सबै गौण भूमिकामा मात्र उपस्थित छन् ।

ग) **परिवेश (देश, काल र वातावरण)**

यस कथामा परिवेश हेर्दा स्थानका रूपमा काठमाडौँको बार एसोसिएसनको हल आएको छ । २०४६ पछिको प्रजातन्त्र पुनर्स्थापनाको केही समय, प्रजातान्त्रिक विषयक गोष्ठी सेमिनार र एक डेढ हप्ताको समय सूच्य रूपमा आएका छन् भने शुक्रबार साँझको समय दृश्यात्मक रूपमा आएको छ ।

नेपालमा प्रजातन्त्र स्थापना भए पनि त्यसको व्यवहार सङ्गत उपयोग नभएको, नेपालमा मात्र नभई संसारका कुनै पनि देशमा प्रजातन्त्रको पूर्ण रूपमा प्रयोग गर्न नसकिएको यथार्थ यस कथाको परिवेशको रूपमा आएको छ । वातावरणको रूपमा यस कथाकी प्रमुख पात्र शान्तिका मनमा प्रजातन्त्रप्रति मनमा उठेका जिज्ञासा, वितृष्णा, जनताका समस्या, बाध्यता र बुद्धिजीवीहरू मात्र भाषण, सभा, जुलुसमा सीमित भएको प्रजातन्त्रलाई सैद्धान्तिक रूपमा मात्र विश्लेषण गर्नु पर्ने संस्कृति आएको हो । बाह्य वातावरणका रूपमा भने देशमा प्रजातन्त्रको नयाँ बिहानी छाएको, तर जनताका दुःख, पीर, मर्का अनि स्वतन्त्रता र शिक्षाको अभावले गर्दा प्रजातन्त्र पूर्णतः व्यवहारोचित नभई सिद्धान्तमा मात्र सीमित भएकोमा चिन्ता व्यक्त भएको छ । प्रजातन्त्र किताबी सिद्धान्तमा मात्र हुनु, व्यवहारमा नहुनुले र सहरिया कुनै हल भित्रका सेमिनार, गोष्ठीको चर्चा भएबाट कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

घ) **भाषाशैली**

प्रस्तुत 'डाक्टर साहेबकी सिल्ली गर्ल' कथाको भाषाशैली विशिष्ट खालको छ । शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा बढी प्रयोग भएको छ । अङ्ग्रेजी भाषाको प्रभाव पनि छिटफुट देखा परेको छ । जसलाई यसरी देखाउन सकिन्छ : डाक्टर, एनार्किस्ट, सरी, गर्ल, भिजिबल आदि । (पृ: ३८-४२)

यस कथाको आदिदेखि अन्त्य भागसम्म उच्च आदरार्थी शब्दहरूको प्रयोग भएको छ । प्रजातान्त्रका बारेमा चर्चा परिचर्चा भएकाले राजनैतिक शब्दको बाहुल्यता रहेको छ । जस्तै : निर्वाचन प्रणाली, गणतन्त्र, फ्रान्सेली राज्य क्रान्ति, राजतन्त्र, साम्यवाद, निर्दलीयता, अराजकता आदि । (पृ: ३९-४२)

यस कथाको शैली संवादात्मक रहेको छ । राजनैतिक प्रजातन्त्र विषयमा शान्ति र डाक्टर साहेब बीचको वार्तालाप (संवादमा) कथा प्रस्तुत भएको छ । राजनैतिक यथार्थवादी शैली पनि कथामा रहेको छ ।

सञ्जय थापाले पात्र अनुरूपको भाषा प्रयोग गरी 'डाक्टर साहेबकी सिल्ली गर्ल' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । दुई बौद्धिक व्यक्तित्वहरू बीचको संवादमा विशिष्ट खालको शब्द, आगन्तुक र अङ्ग्रेजी भाषाको प्रयोगले गर्दा कथा झन् उत्कृष्ट र यथार्थ बन्न पुगेको छ । भाषिक प्रयोगका दृष्टिबाट यो कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

प्रस्तुत 'डाक्टर साहेबकी सिल्ली गर्ल' कथामा नेपालमा प्रजातन्त्रको स्थापना संविधानमा उल्लेख गरेपनि जनताको जीवनमा यसले मुक्तिको सास फेर्ने माध्यम बन्न नसकेको यथार्थ पक्ष नै उद्देश्यका रूपमा आएको छ । अब प्रजातन्त्रलाई कागजी र सैद्धान्तिक रूपमा मात्र नभई व्यवहारमा पनि उतार्नुपर्ने शीघ्र आवश्यकता छ । प्रजातन्त्र संसारमा प्रचलित शासन प्रणालीहरूमध्ये सर्वोत्कृष्ट हो; त्यसैले धेरै देशहरूमा यही शासन व्यवस्था लागू भएको छ । त्रुटिरहित कुरा संसारमा केही छैन, त्यस्तै प्रजातन्त्रका पनि एकाध त्रुटि छन् तर यसका धेरै पक्षहरू जनताका हित र उपयोगका लागि फाइदाजनक, स्वतन्त्रतापूर्ण र न्यायिक छ । त्यसैले पूर्ण र शतप्रतिशत नखोजी भएको राम्रोको उपयोग गर्दै यसलाई देश र जनताको हक अधिकार सुनिश्चित गरी प्रजातन्त्रको उपयोग गर्नुपर्ने कथाको मूल उद्देश्य रहेको छ । प्रजातन्त्रको बारेमा सर्वप्रथम सबै जनताले यसको बारेमा बुझ्नुपर्ने, जान्नुपर्ने हुन्छ जसले गर्दा प्रजातन्त्रको उपयोग र व्यवहारसङ्गत प्रयोगमा प्रभावकारिता आउने छ भन्ने यथार्थ पनि कथाको उद्देश्यका रूपमा आएको छ ।

### च) दृष्टिविन्दु

'डाक्टर साहेबकी सिल्ली गर्ल' कथा बाह्य सर्वदर्शी दृष्टिविन्दुमा रचना भएको छ । यसमा दृष्टिकेन्द्रीय पात्र शान्ति र भुवन सर हुन् । समाख्याता कथाभन्दा बाहिरै बसेर शान्ति र भुवन सरको सेरोफेरोलाई व्यक्त गर्ने काम गरेका छन् । त्यसैले यस कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

### ३.४.३.३ शीर्षक सार्थकता

'डाक्टर साहेबकी सिल्ली गर्ल' कथाको शीर्षक सार्थक रहेको छ । २०४६ को संविधानमा प्रजातन्त्रको व्यवस्था हुनु । राजतन्त्र भित्र रहेको प्रजातन्त्रले जनतालाई स्वतन्त्रता र मुक्तिको राहत नमिल्नु । सबैतिर झन्झन् नाजुक परिस्थिति बन्दै जानुले प्रजातन्त्र एक किताबी र भाषणीय सिद्धान्तमा मात्र सीमित रहेको तर्क शान्तिको छ । शान्ति नेपालमा मात्र नभई प्रजातन्त्रको सिद्धान्त, नीतिनियम संसारका सबै देशमा पूर्णरूपले लागू नभएको कुरा व्यक्त गर्दछे । अर्कोतर्फ डाक्टर भन्दछन् संसारमा शतप्रतिशत सर्वगुण सम्पन्न कुनै चिज छैन । त्रुटि भन्ने कुरा हरेक चिजमा रहन्छ । हामीमा भएको शासन व्यवस्थामध्ये सबैभन्दा राम्रो व्यवस्थाको चयन गर्नुपर्दछ । त्यसको सक्दो सदुपयोग गरी मानवीय जीवन, समाज र राष्ट्रको हित सोच्नुपर्छ । आजको युगमा प्रजातन्त्रका विषयमा सबैलाई ज्ञान हुनुपर्छ र त्यसको उपयोग सबैले गर्न पाउनुपर्छ । त्यसैले भएका मध्ये राम्रोलाई चयन गरी त्यसलाई कसरी सम्भव बनाउने भन्नेतर्फ लाग्न डाक्टरको युवा पुस्तालाई सुझाव छ । अर्कोतर्फ शान्ति प्रजातन्त्रलाई राष्ट्रिय अहङ्कारका रूपमा मात्र राष्ट्रहरूले अपनाएको मान्दछे । प्रजातन्त्र जनताको सार्वभौम नियन्त्रणमा रहनुपर्नेमा त्यस्तो अस्तित्व यो संसारमा कतै नरहेको देखिन्छ । शान्तिको अवस्था, प्रजातन्त्रप्रतिको बुझाइ देखेर डाक्टर साहेबले शान्तिका तर्कहरूप्रति सहानुभूति दर्साउन पुगेकाले पनि कथाको शीर्षक सार्थक रहेको छ । समग्रमा कथाको घटना र परिवेशलाई मध्यनजर गर्दा पनि कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.४ 'आतङ्कवादी' कथाको विश्लेषण

### ३.४.४.१ पृष्ठभूमि

प्रलेस २०५३ श्रावण-आश्विन, अङ्क ५ मा दोस्रो कथाको रूपमा प्रकाशित 'आतङ्कवादी' कथा हो । नेपाली साहित्य विधामा कथा विधाको विकासमा प्रलेस पत्रिकाको थप योगदानमा कृष्ण बेलवासेको 'आतङ्कवादी' कथाको भूमिका अमूल्य रहेको छ । प्रस्तुत कथा राजनैतिक प्रगतिशील कथा हो । यस कथामा वि.सं. २०४६ पछि सोझा साझा जनतालाई सरकारका नैतिकहीन भ्रष्ट कर्मचारी (व्यक्तिहरूले) हरूले व्यक्तिगत, रिसिबी

(इगो) लाई बदला लिन कस्तो क्रूरता समेत प्रकट गर्न पछि पर्दैनथे भन्ने कुरा स्पष्ट देखाउन खोजिएको छ ।

### ३.४.४.२ कथा तत्वका आधारमा 'आतङ्कवादी' कथा

#### क) कथानक

'आतङ्कवादी' कथाले नेपालको सहरी क्षेत्र र यस आसपासका ग्रामीण समाज र राजनैतिक व्यवहारमा हुने घिनलाग्दो व्यवहारलाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको विनयसिंह (विद्रोही) समाजको इमान्दार, न्यायप्रेमी र जनताप्रेमी देशभक्त नागरिक हो । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ । वि.सं. २०४६ पछि प्रजातन्त्र शासन प्रणालीको व्यवस्था भयो । चुनाव प्रणालीबाट देशमा सरकार निर्माण भयो । देश र जनताले चयन गरेका ती सबै नेता जनताप्रति जिम्मेवार बन्न सकेको स्थिति छैन । भित्रभित्रै राष्ट्रप्रेमी, देशभक्त सत्चरित्र व्यक्तिहरूलाई नेताले आफूलाई चुनाव सहयोग नगरेको कारण देशद्रोहीको आरोप लगाउन पछि नपरेको घटनाहरू यस कथामा स्पष्ट देखिन्छ ।

भव्य हलभित्र एक विशिष्ट कार्यक्रमको आयोजना गरिएको छ । उक्त कार्यक्रमको प्रमुख अतिथि गृहमन्त्रीको पर्खाइमा उपस्थित सबै प्रतीक्षारत छन् । कमान्डोदस्ताका प्रमुख एस.पी. अक्रूरध्वजको सम्मानार्थ आयोजना गरिएको उक्त कार्यक्रममा धेरै व्यक्तिहरूको उपस्थिति थियो । प्रजातन्त्र विरोधी, प्रजातन्त्रलाई बिथोल्ने मनसायले प्रगतिनगर र त्यस क्षेत्रको आसपासका गाउँहरूमा सोझासाझा जनतालाई ढाल बनाएर केही वर्षयता असंवैधानिक उग्रवादी समूह 'जनमुक्ति मोर्चा' का कमाण्डर कुख्यात आतङ्कवादी विनयसिंहलाई पक्राउ गरेर आफ्नो अभूतपूर्व वीरता प्रदर्शन गर्न सफल भएकाले उनलाई सम्मान गर्न लागिएको हो । सम्मान कार्यक्रम सम्पन्न गरेर घर फर्किएपछि श्रीमतीले त्यस्तो खतरनाक अपराधीलाई पक्रन देखाएको बहादुरीको प्रशंसासँगै आतङ्कवादी पक्राउ गर्दाको क्षणको कल्पना र डर व्यक्त गर्दछे । यसबारेमा जिज्ञासा व्यक्त गर्दछे । श्रीमतीको जिज्ञासालाई प्रस्ट पार्दै अक्रूरध्वज भन्दछ विनयसिंह कोही आतङ्कवादी नभई एक सच्चा, राष्ट्रप्रेमी र इमान्दार शिक्षक हो । मन्त्रीले चुनावका बेला झूटा आश्वासन दिएर चुनाव जितेपछि वास्तै नगरेको विरोधमा शिक्षकले सार्वजनिक समारोहमा मन्त्रीको

विरोध गरे । सच्चाइ र राष्ट्र सेवकका रूपमा विनयसिंहसित त्यस प्रगतिनगरका बासिन्दा प्रभावित भई मन्त्रीको विरोधमा शिक्षकलाई सहयोग गर्दछन् । मन्त्रीले आफ्नो समर्थन गर्न आग्रह गर्दै प्रलोभनमा पार्दा नमानेर उल्टै सभामा विरोध गर्दै मन्त्रीका कुनियत र व्यक्ति स्वार्थको विरोध गर्दछन् । यही बहानामा मन्त्रीले शिक्षकसँग बदलाभाव राखेर शिक्षक र सारा प्रगतिनगर बासीलाई नै दुःख दिएको, आतङ्ककारी क्षेत्र घोषणा गरेर सञ्चार र सम्पर्क विहीन बनाउन प्रहरी प्रशासनको प्रयोग गरेको, अक्रूरध्वजले मन्त्रीको प्रलोभन पदोन्नति र आफ्नो जागिर जोगाउन मन्त्रीकै साथ दिएको कुरा आफ्नी श्रीमतीलाई प्रस्ट पार्छ । श्रीमान्का कुरा सुनेपछि सुनितालाई त्यस आतङ्कवादीप्रति अपार श्रद्धा लाग्छ । प्रगतिनगर बासीले विनाकाममा पाएको दुःख, पीडा र ज्यानै गुमाउने सोझा गाउँलेप्रति माया लाग्नु र आफ्नै श्रीमान्प्रति घृणा लाग्न थाल्छ । आफ्नो श्रीमान्प्रति रहेको प्रेम र सम्मान भाव घृणामा परिणत हुनपुग्छ । सुनिता आफ्नो श्रीमान्सँग एकपटक त्यस आतङ्ककारीलाई आफूसँग भेट गराइदिन आग्रह गर्दछे ।

श्रीमतीको आग्रह स्वीकार्दै अक्रूरध्वजले समय मिलाएर भेट गराइदिन्छ । सुनिताले अनुमान लगाएको आतङ्कवादी अरू कोही नभई आफ्नै प्रिय मित्र विनयसिंह हुन्छ । आफूले चिन्दै आएको देशभक्त, इमान्दार, सच्चा व्यक्तिलाई राजनैतिक र वैचारिक आस्थाप्रति असहमत हुनेहरूले पूर्वाग्रहका कारण उसलाई आतङ्कवदी घोषित गरी षड्यन्त्रमा पारेको प्रस्ट थाह हुन्छ । आफ्नो यक्तिगत इच्छा चाहना पूरा गरेको, श्रीमान प्रतिको सम्मान, आस्था र विगतका जीवन मरुभूमितुल्य महसुस गर्छे । आफ्नो लोग्नेलाई अपार घृणा र विनयसिंहलाई उच्च सम्मान र समर्थन गर्छे । सुनिता र विनयसिंहको अवस्था र आफूप्रतिको उनीहरूको दृष्टिकोणले वा कोठाभित्रको त्यस्तो परिस्थितिले अक्रूरध्वजमा पछुताव आउनु, आत्मग्लानि हुनु र आफूले हिजो पाएको तक्माले आफैंलाई गिज्याइरहेको महसुस गरेर कथाको अन्त्य भएको छ ।

'आतङ्कवादी' कथाको आदि भागमा भव्य हलभित्र प्रमुख अतिथि गृहमन्त्रीको हातबाट एस.पी. अक्रूरध्वजको सम्मानार्थ आयोजना गरिएको र त्यसै कार्यक्रमको सुरुवातलाई पर्खिएर बसेको सभा हल आएको छ । कथानकको मध्य भागमा कार्यक्रम सुरु भई समापन हुनु, अक्रूरध्वज र उसकी श्रीमती घर फर्कनु, श्रीमतीले खतरनाक आतङ्ककारीलाई समात्न गर्नुपरेको दुःख र ज्यान नै बाजी राख्नुपरेको क्षणको कल्पना र डर

व्यक्त गर्दै त्यस पलको कार्यको अनुभव व्यक्त गर्न अनुरोध गर्नु, सुनिताको जिज्ञासालाई प्रस्ट पार्दै विनयसिंह कोही आतङ्कवादी नभई एक सच्चा र राष्ट्रभक्त इमान्दार नागरिक भएको खुलासा गर्नु, मन्त्रीलाई चुनावमा सहयोग नगरेको र सार्वजनिक समारोहमा काम नगरेको विरोध गरेकोमा विनयसिंह र प्रगतिनगर बासीसँग बदला मात्र लिएको प्रस्ट पार्नु, मन्त्रीको समर्थन नगरे आफ्नो खाइपाइ रहेको जागिर जाने डरसँगै पदोन्नतिको आशाले सबै प्रहरी प्रशासन मन्त्रीकै प्रलोभनमा लागेको बताउँनु, सुनिताको मनमा आफ्नो श्रीमान्प्रति घृणा र विगतको जीवन मरुभूमितुल्य महसुस हुर्नु, विनयसिंहलाई एकपटक भेटाइदिने आग्रह गर्नु, भोलिपल्ट समय मिलाएर सुनितालाई अक्रूरध्वजले विनयसिंहसंग भेट गराउनु, विनयसिंह अरू कोही नभई आफ्नै इमान्दार, न्यायप्रेमी, राष्ट्रभक्त साथी भएको देखेपछि सुनितालाई आतङ्ककारी विनयसिंह नभई आफ्नै श्रीमान् र मन्त्री भएको महसुस हुनु, लोग्नेलाई अपार घृणा गर्दै विनयसिंहप्रति उच्च सम्मान र समर्थन गर्दै त्यहाँबाट निस्कनुसम्मको घटना आएको छ । यो कथाको चरम उत्कर्ष भाग पनि हो । कोठाभित्रको यस्तो परिस्थितिले अक्रूरध्वजमा पछुतावा आएर आत्मग्लानिसँगै हिजो पाएको तक्माले आफैंलाई गिज्याइरहेको महसुस गर्नु कथानकको अन्त्य भागमा आएको छ । यसरी कथाको कथानक श्रृङ्खला आदि, मध्य र अन्त्यको श्रृङ्खला नमिलेकाले कथाको कथानक ढाँचा वृत्ताकारीय छ ।

## ख) चरित्रचित्रण

'आतङ्कवादी' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण चरित्र रहेका छन् । आसन्नताको आधारमा मञ्चीय र नेपथ्यीय चरित्र रहेका छन् । यस कथाको मुख्य चरित्र आतङ्कवादी (विनयसिंह) हो । सहायक चरित्रमा एस.पी. अक्रूरध्वज, गृहमन्त्री, सुनिता रहेका छन् । गौण चरित्रमा हलभित्र उपस्थित मान्छेहरू, उद्घोषक, प्रगतिनगरका बासिन्दा, प्रहरी जवान आदि रहेका छन् ।

विनयसिंह 'आतङ्कवादी' कथाको मुख्य पात्र हो । उसैको केन्द्रीयतामा कथाले आफ्नो यात्रा पार गरेको छ । उसले कलेज पढ्दा देखिनै नेपालको राजनैतिक अवस्था, शासन प्रणाली, समाज परिवर्तनका लागि आफ्नो सम्पूर्ण जीवन आहुति गरेको छ ।

पढाइ जीवनको अन्त्यसँगै उसले शिक्षण पेशा अँगालेर अगाडि बढेको छ । स्वाभिमानी, स्वतन्त्र र अभिमानका साथ देश र जनताको पक्ष लिने ऊ भ्रष्ट सरकारी पदाधिकारीको विरोध गर्ने, नराम्रो कामप्रति आवाज उठाउने कर्मठ नेपाली हो । उसलाई र सारा प्रगतिनगर आसपासका क्षेत्रमा प्रहरीले ज्यादती गरेर जनताले दु:ख पाउन थालेपछि आत्मसमर्पण गरेर जनतालाई दु:ख हुनबाट बचाउने प्रयास गरेको छ । विनयसिंहको राम्रो कामको मूल्याङ्कन गर्दै सारा प्रगतिनगर बासीले सधैँ साथ र समर्थन दिए । उसलाई सुनिता र अन्त्यमा एस.पी. अक्रूरध्वजको पनि साथ र समर्थन (सूच्य रूपमा) पाएको छ । आतङ्कवादी घोषित विनयसिंह कथाको सुरुदेखि अन्त्यसम्म एकैनासको चरित्र भएको बद्ध मञ्चीय पात्र हो । उसको भूमिका स्थिर छ । ऊ एक राष्ट्रप्रेमी, अभिमान भएको आदर्श पुरुष हो । उसको आदर्शपूर्ण जीवनशैली, राम्रो कार्यव्यवहार भएकाले समाजको उदाहरणीय र प्रतिनिधि पात्र बन्न सफल भएको छ ।

प्रस्तुत कथामा एस.पी. अक्रूरध्वज, सुनिता र नेता गृहमन्त्री प्रमुख सहायक चरित्रका रूपमा उपस्थित छन् । एस.पी. अक्रूरध्वज प्रहरी शक्तिको उच्च पदस्थ अधिकारी भएर पनि देश र जनताप्रति इमान्दार बन्न नसक्ने, प्रहरी शक्तिको गलत प्रयोग गर्ने भ्रष्ट प्रतिनिधि पात्र हो । ऊ यस कथाको मुख्य खल पात्र पनि हो । कथाको आदि र मध्य भागमा मन्त्रीको साथले उच्च बनेको एस.पी. अन्त्यमा सुनिताको व्यवहार र विनयसिंहको नझुक्ने अभिमानले प्रेरित भई आफ्नो गल्ती महसुस गर्ने एक परिवर्तनशील बद्ध पात्र हो । ऊ यस कथाको सहायक मञ्चीय गतिशील चरित्र हो ।

सुनिता कथाको सुरुमा अन्धभक्त भएर आफ्नो पतिलाई विश्वास गर्ने र सरकारी सम्पत्तिमा अनावश्यक मोजमज्जा गर्ने नारी पात्र हुन् । आफ्ना श्रीमान्बाट सबै यथार्थ थाहा पाएपछि सत्यलाई साथ दिने गतिशील सत् पात्र हुन् । उनी समाजकी प्रेरणा र सत्यलाई साथ दिने मञ्चीय बद्ध पात्र हुन् । उनी यस कथाकी सहायक पात्र हुन् । नेता (गृहमन्त्री) प्रगतिनगरबासी र सरकारी शक्ति (प्रहरी) लाई धम्क्याएर र प्रलोभनमा पारेर आफ्नो स्वार्थ पूरा गर्ने सहायक पात्र हो । आफ्नो नियन्त्रणमा राखी आफ्नो विरोधीलाई यातना दिने परपीडक चरित्र हो । ऊ आफ्नो मात्र स्वार्थ पूरा गर्ने र अरूलाई शोषण गर्दै सोझा जनतालाई दु:ख दिने खल पात्र हो । ऊ

यस कथाको सुरुदेखि अन्त्यसम्म एउटै चरित्रमा देखा परेको स्थिर मञ्चीय र बद्ध खल पात्र हो ।

उद्घोषण समारोहमा उपस्थित मान्छेहरू, प्रगतिनगर आसपासका बासिन्दा, अन्य प्रहरी कर्मचारी आदि गौण भूमिकामा उपस्थित छन् । यी सबै मुक्त पात्र हुन् ।

**ग) परिवेश (देश, काल, वातावरण)**

'आतङ्कवादी' कथाको परिवेश हेर्दा प्रहरीचौकी, जेल, प्रगतिनगर क्षेत्र, त्यस आसपासका गाउँ, भव्य हल हेर्दा कुनै सहरी परिवेशको झझल्को पाइन्छ । यस कथामा केही महिनाको समय उल्लेख गरिए तापनि पृष्ठभूमिमा २०४६ सालको आन्दोलनलगायत प्रजातन्त्रपछिको चुनाव प्रणालीबाट शासन व्यवस्था लागू भएको हेर्दा केही वर्षहरू आएका छन् । बिहानी, दिउँसो, साँझ र रातीको समय सङ्केत गरिए पनि यस कथामा २०४६ पछिको प्रजातान्त्रिक आडमा भएका कुकृत्य यथार्थ परिवेशका रूपमा आएको छ । यस कथामा राजनैतिक व्यवहार, सरकारी कर्मचारी, सरकारी उच्च पदस्थ व्यक्ति (गृहमन्त्री) आदि व्यक्तिको स्वार्थी र भ्रष्ट नीति देखेर सोझा, निश्चल र स्वार्थहीन व्यक्तिमा राष्ट्र र जनताको साथ दिन आफ्नो सम्पूर्ण खुसी सुम्पन सक्ने संस्कृति वातावरणको रूपमा आएको छ । हलभित्रको आधुनिक सजावटजस्तै मन्त्री र प्रहरीको बाहिरी व्यक्तित्व मात्र राम्रो भित्री व्यवहार स्वार्थपूर्ण, जनताप्रति जिम्मेवार हुन नसकोले नै यस कथाको वातावरण विकृत राजनैतिक संस्कृतिको रहेको छ । कथानकको घटना, उद्देश्य, पात्र सबै अनुरूपको परिवेश प्रस्तुत भएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

यस 'आतङ्कवादी' कथाको भाषाशैली राजनैतिक खालको छ । यस कथामा सरल, सहज, बोधगम्य भाषाको प्रयोग भएको देखिन्छ । कहीँकतै आलङ्कारिक भाषाको पनि प्रयोग भेटिन्छ । जस्तै :

"म साँघुरो पारिवारिक स्वार्थमा अल्झिएर बाँच्ने मान्छे होइन ।",
"सत्य सेवा सुरक्षणम् ।" आदि ।

यस कथामा राजनैतिक, प्रशासनिक शब्दहरूको पनि उल्लेख्य प्रयोग भएको पाइन्छ । जस्तै : बलिदान, सेवा, एस.पी., बर्दी, आतङ्कवादी, अपराधी आदि ।

'आतङ्कवादी' कथाको शैली यथार्थवादी छ । यथार्थमा पनि राजनैतिक यथार्थवादी छ । भने यस कथाको शैली अस्तित्ववादी पनि रहेको छ । एस.पी.ले पूर्व घटना स्मरण गरेकाले यस कथाको शैली संस्मरणात्मक पनि रहेको छ ।

कृष्ण बेलवासेले पात्र अनुरूपको भाषा प्रयोग गरी आतङ्कवादी कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । भाषिक प्रयोगका दृष्टिबाट 'आतङ्कवादी' कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

'आतङ्कवादी' कथाको उद्देश्य नेपालमा २०४६ को आन्दोलन, प्रजातन्त्र पुनर्स्थापना र जनतामा छाएको स्वतन्त्रतामा राजनैतिक र भ्रष्ट सुरक्षा निकायको मिलेमतोमा भएको भित्री हस्तक्षेप देखाउनु रहेको छ । २०४६ पछिको नेपाली परिवेश, नेतामा रहेको स्वार्थी प्रवृत्ति र मै ठूलो हुँ । सबैले मेरो राम्रो-नराम्रो काममा प्रतिवाद र निन्दा नगरी जयजयकार गर्नुपर्छ भन्ने नेता र मन्त्रीको सोचाइ उजागर गर्नु पनि कथाको उद्देश्य रहेको छ । अर्कोतर्फ आफ्नो ज्यानै त्याग्न परे पनि देशभक्ति र स्वाभिमानी, शिक्षित नेपाली राष्ट्रसेवामा पछि नपर्ने र नभुक्ने देखाउनु रहेको छ । नेता बन्न र चुनाव जित्न नेताले सधैँ नचाहिने झूटो आश्वासन मात्र दिने र चुनावपछि आफ्नै कार्यकर्ता, आफूले दिएको आश्वासन र चुनाव क्षेत्रलाई बिर्सेर सहरमै रमाउने नेताको कुप्रवृत्तिको भण्डाफोर गर्नु कथाको मुख्य उद्देश्य रहेको छ । सरकारी कर्मचारी आफ्ना काममा र देश र जनतामा भन्दा उच्च पदस्थ व्यक्तिप्रति नजिक भएर भ्रष्ट हुन पुगेको यथार्थता पनि प्रस्तुत छ ।

### च) दृष्टिविन्दु

यस 'आतङ्कवादी' कथामा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । वर्णनात्मक शैलीबाट कथाको निर्माण गरिएको भएपनि यस कथामा मिश्रित शैली वा बाह्य सर्वदर्शी दृष्टिविन्दु पाइन्छ । यस कथाको प्रमुख दृष्टि केन्द्रित पात्र विनयसिंह 'विद्रोही' हो भने पुलिस अफिसर, मन्त्रीज्यू, सुनिता सहायक पात्र हुन् । समाख्याता कथा बाहिरै बसी यी पात्रहरूको कार्यव्यवहार, भोगाइ, चिन्तन आदि व्यक्त गर्ने काम गरेका छन् । यस

कथामा सबै पात्रहरूको उल्लेखनीय भूमिका रहेको छ । त्यसैले आतङ्कवादी कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ३.४.४.३ शीर्षक सार्थकता

'आतङ्कवादी' कथाको शीर्षक सार्थक छ । राम्रो काम गर्ने, जनताको पक्षमा सदैव साथ दिने व्यक्तिलाई (व्यक्तिगत स्वार्थमा अल्भ्रेका व्यक्तिहरूले) नेपाली राजनैतिक इतिहासमा सदैव नराम्रो देखाउने प्रवृत्ति छ । चुनावका ताका ठूलाठूला आश्वासन दिने तर चुनाव जितेपछि मात्र आफ्नो स्वार्थ पूरा गर्नतर्फ लाग्नु । आफ्ना विरोधमा कसैले मुख खोले भने उसका साथै उसलाई साथ दिने सबैलाई दुःखपीडा दिन पछि नपर्ने नेताको बानीलाई यस कथामा यथार्थ तरिकाले प्रस्तुत गर्न खोजिएको छ । आफूलाई सहयोग नगर्ने, विरोध गर्ने, कामको सही मूल्याङ्कन गरेर यथार्थ प्रस्तुत गर्ने व्यक्तिलाई नेपाली नेताहरूले दुःख दिएको यर्थाथता छ । सिङ्गो प्रहरी प्रशासन नै कब्जा गर्ने, धम्क्याउने, प्रलोभन देखाउने आदि गरेर इमान्दार व्यक्तिलाई क्रान्ति र विद्रोही उपनाम दिएर दुःख दिएका घटनाहरू हाम्रै समाजका यथार्थ घटनाहरूको प्रतिनिधिका रूपमा कथामा आएको छ । यो कथा प्रगतिवादी राजनैतिक शैलीको छ । यसले व्यक्ति अस्तित्वको द्वन्द्व पनि प्रभावशाली ढङ्गले प्रस्तुत गरेको छ । यसरी स्वार्थी र देशद्रोही, भ्रष्ट नेता, भ्रष्ट नेताकै आडमा जनतामाथि शोषण, अत्याचार र हैकम चलाउने प्रहरी प्रशासन र समाजसेवी, सच्चा देशभक्त र इमान्दारको सूचीमा पर्नु, पुलिस (एस.पी. अक्रूरध्वज) आफैंले आफूलाई आतङ्कवादी ठहऱ्याउनु र विनयसिंहलाई इमान्दार देख्नु, सुनिताले पनि आफ्नै श्रीमानलाई आतङ्कवादी ठहऱ्याउनुले पनि कथाको शीर्षक सार्थक रहेको छ ।

## ३.४.५ 'माईकेलाल' कथाको विश्लेषण

### ३.४.५.१ पृष्ठभूमि

पलेस पत्रिकाको अङ्क ५, श्रावण-आश्विन, २०५३ मा तेस्रो कथाको रूपमा प्रकाशित कथा माईकेलाल हो । भक्तबहादुर नेपालीको अमूल्य योगदान रहेको यस कथामा हाम्रो समाजमा बाबुको पहिचान नभएका सन्तानहरूको मनस्थितिलाई कथामा व्यक्त गर्न खोजिएको छ । अस्थित्ववादी यस कथामा नारीले आफ्नो मात्र संस्कार दिएर हुर्काएका

बढाएका सन्तानहरूले यस संसारमा प्रसिद्धि कमाएको कुरालाई पनि यस कथामा उठान गर्ने जमर्को गरिएको छ ।

### ३.४.५.२ कथा तत्वका आधारमा 'माइकेलाल' कथा

**क) कथानक**

माईकेलाल कथाले नेपालको वीरगञ्जदेखि नारायणघाट आसपास रहेको राजमार्गको यात्रामा समाजमा पृतिसतात्मक र मातृसत्तात्मक दुई खालको विभेदीकरण र मातृसत्तात्मकतालाई हेर्ने दृष्टिकोणलाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको म पात्र लेखापरीक्षक हो । यसै पात्रको वरपर कथानक केन्द्रित रहेको छ ।

लेखक लेखापरीक्षण गर्न वीरगन्ज गएका बखत भोजपुरीमा दुई जना मान्छेले गफको सिलसिलामा माईकेलाल भन्ने शब्द प्रयोग गरेको सुन्छ । भोजपुरी राम्रो नआउने र तराईको मानिसहरूले नामको पछाडि 'लाल' प्रयोग गर्ने भएकाले म पात्रले कसैको नाम होला भन्ने सोच्दछ । म पात्र कामको सिलसिलामा नारायणघाटको यात्रा गरिरहेको बेलामा ट्रकमा सँगै सवार एक महिलाले पुन:माईकेलाल शब्द उच्चारण गरेको सुन्दछ । दोहोऱ्याएर सुनेको माईकेलाल शब्दका बारेमा म पात्रका मनमा विभिन्न तर्कनाहरू चल्न थाल्दछ । ऊ माईकेलाल नाम नभई अन्य कुनै शब्द रहेछ भन्ने निष्कर्षमा पुग्दछ । साँझ परेकाले राजमार्ग छेउको लजमा बस्दछ । खानपिन सकेर सुत्ने प्रयास गर्न थाल्दछ । तर निद्रा लाग्दैन । माईकेलाल कै बिषयमा ध्यान गइरहन्छ । आफू ५१ वर्ष भइसक्दा पनि माईकेलाल शब्दका बारेमा कुनै ज्ञान नभएकोमा आश्चर्य मा पर्दछ । आजको शिक्षित समयमा महिलाहरूले पुरुषभन्दा नारी जाति कुनै किसिमले कम छैनन् । समानताको हक र अधिकारका लागि आवाज उठाई रहेको परिप्रेक्ष्यमा माईकेलाल भन्नु उचित जस्तो लागे पनि कताकता नमिलेको जस्तो लाग्छ । पितृसतात्मक समाजमा माताभन्दा पिताको बढी वर्चस्व हुन्छ । यही समाजमा हुर्केकाले मान्छे मातृसत्तात्मक कुरा र शब्दहरूलाई पनि सजिलै स्वीकार्न सक्दैन । म पात्रलाई पनि यस्तै भयो । माईकेलाल शब्दले म पात्रलाई धेरै नै अशान्त बनायो । वीरगन्जको सज्जन र भद्र महिलाको भनाइको प्रसङ्ग मिलेको थियो । त्यसैले म पात्रले निश्चय गरे माईकेलाल शब्द समाजका दुष्ट र असभ्यलाई भनिएको हो । म पात्र अब दिक्क भएर सुत्ने तर्खर गर्न थाले । बती निभाए र

सिरकमा गुटमुटिए । सिरकमा पस्ने बित्तिकै म पात्रलाई कसैले घाँटी अठ्याएको महशुस गर्छ । को हो ? को प्रश्नको जवाफमा माईकेलाल बा (पृ:७९) भन्दछ । माईकेलाल नाम सुन्ने बित्तिकै म पात्रले अनुरोध गर्दै आफूलाई दु:ख नदिन अनुरोध गर्दछन । माईकेलाल धेरै असल छ तर माईकेलाल चाहिँ के का आधारमा नराम्रो सोचिस भन्दै रिसाउँछ । संसारमा बाबुका भन्दा आमाकै छोराछोरी नै बढी राम्रा र चर्चित छन् । बहादुर, पराक्रमी भएका छन् । संसार प्रसिद्ध भएका छन् । म पात्र आफूलाई छाडिदिन आग्रह गर्दछन् । म पात्रले माईकेलालका बारेमा राम्राराम्रा विषयमा बुझ्न चाहेकाले छाडिदियो र परको मेचमा बस्दै उसले माईकेलालका बारेमा बतायो । सत्ययुग देखि कि कलियुग देखिको सुन्ने भन्दै प्रश्न गऱ्यो । म पात्रले सत्य युगदेखि कै बताइदिन आग्रह गऱ्यो । माईकेलाल माहादेवको समय देखिको प्रसङ्ग निकाल्न थाल्यो र माहादेवको पनि बाबुको ठेगाना नभएकाले सतीदेवी कन्यादानका बेला आफ्नो गोत्र भन्न सकेनन् । म पात्र प्रश्न गर्दछन् बाबुबिना छोराछोरी जन्मन सक्दैनन् । छोराछोरी जन्मन बाबुआमा दुबै चाहिन्छ । कतिपय बुबाहरू आफ्नो दायित्वबाट पन्छिन्छन् । यसकी आमा जोसँग पनि उठवस गर्थी भन्दै भाग्दछन् । यति भन्दै माईकेलाल रुन थाल्यो । त्यो देखेर म पात्रलाई पनि उसको माया लाग्यो । म पात्रलाई उसप्रति भएको डर हरायो र सहानुभूति लाग्न थाल्यो । त्यसपछि माईकेलाल भन्न थाल्यो राम, लक्ष्मणका बुबा दशरथ होइनन् । ठूलाबडाले अन्तबाटै छोरा पाएर ल्याएपनि ती बापकेलाल भए तर साधारण महिला भट्टीपसल थाप्ने, पुजारनीका छोरा चाँही बाबु भएपनि बाबुविहीन भए । यी सबै माईकेलाल भए । यज्ञको प्रसाद (खीर) खाँदैमा तीनतीन जना रानीहरू गर्भवती हुने भए संसारमा विवाह र लोग्ने स्वास्नी भएर बस्ने मान्छेको संख्या कम हुन्थ्यो । राजा दशरथ नपुंसक थिए । त्यसैले उनका ३ वटी रानी कसैको पनि छोराछोरी भएनन् । यस्तो कुरा सुनेर म पात्र झस्कियो । म पात्रले माईकेलालका सबै कुराहरू सुन्ने विचार गरेर अरु कुराहरू पनि भन्न आग्रह गर्दछ । माईकेलाल भन्दै "जान्छ महाभारतका पाँच पाण्डव सबै माईकेलाल हुन् । वेदव्यास र कर्ण पनि माईकेलाल नै थिए । इस्लाम धर्म गुरु यसु पनि माईकेलाल नै थिए । प्रकृति र पुरुषबिना मानिस जन्मन्छ ? यदि यस सत्यभन्दा फरक तरिकाले मान्छे जन्मने भए त्यस्तो प्रयोगशाला कहाँ छ र अहिले त्यो किन व्यवहारमा नआएको त ?" (पृ:८१) जस्ता कुराहरू गर्दछ । यसुकी आमा आफैले धोखा खाएकी हुन भन्दछ । त्यसै गरी सीता पनि राजा जनकको दरबार वरपर सुरक्षित पाइएकाले त्यहीँ काम गर्ने कुनै आमाको आफू

कुमारीत्व सावित गर्ने प्रयास हो । राजा जनकले भेटेकाले सीताको नाममा दाग लागेन । यति भनेर माईकेलाल पानी पिउन थाल्यो । म पात्र कहिले वीरगञ्जका भद्र त कहिले महिलालाई बारम्बार सम्झन्छन् । ती दुईले माईकेलाल शब्द उच्चारण नगरेको भए माईकेलाका बारेमा आफूलाई थाहा नहुने सोच्दछ । रात धेरै बिती सकेकाले गफ छोट्याउने हिसाबले म पात्रले सोधे कलियुगका माईकेलाल कोको हुन् ? अहिले हाम्रो देशमा कति माईकेलाल छन् त्यो त थाहा छैन । तर टङ्कारो रूपमा चिनिने दुई जना छन् । तिनीहरू दुवैले देश र सोझा-सीधा जनतालाई धेरै मारे । एउटालाई जनताले खेदे र मरिच जस्तै बनाइ दिए । अर्को चाँहि मान्छे मारेकै कारण ठूलो भएको छ । जङ्गली सिंह भएको छ ।

त्यसैले तपाईंले माईकेलाललाई नराम्रो सोच्नु भएको होला । त्यसै अनुसार तपाईंको तर्क ठीकै होला तर हामीहरूलाई भने गर्व छ । हजारौं बाबकेलाललाई एउटै माईकेलालले तह लगाएको छ । माईकेलाल भन्छ कोही पनि बाबकेलाल भए हटाओ माईकेलालहरूलाई ! (पृ:८१) यति भनेर ऊ चुप लाग्यो । म पात्रले माईकेलाल लाई धन्यवाद दिएस बिदा गरे । ऊ खुसी भएर गयो । तर म पात्रलाई देशमा अराजक तरिकाले राज गर्ने माईकेलालहरूलाई कसरी तह लगाउने भन्ने चिन्ताले रातभर निन्द्रा लागेन ।

माईकेलाल कथाको आदि भागमा म पात्र वीरगञ्जमा लेखापरीक्षण गर्न जानुबाट सुरु भई माईकेलाल शब्दका बारेका सुन्नु यस शब्दको बारेमा जिज्ञासा जाग्नु, नारायणघाटमा राजमार्गको सडक छेउको लजमा बास बस्नुसम्मको घटना आएको छ । कथानकको मध्यभागमा खाना खाएर सुत्दा पनि माईकेलाल कै विषयमा जिज्ञासा भइरहनु, म पात्रका अगाडि माईकेलाल आएर म पात्रलाई माईकेलालका बारेमा विस्तृतमा चर्चा गरिदिनु सत्ययुगदेखि कलियुगसम्मको सबै माईकेलालका बारेमा जानकारी दिनु, सत्ययुगका माईकेलाल सज्जन भए पनि कलियुगको माईकेलालले देशमा सोझासाझा जनतालाई दुख दिएर आफू जङ्गलको सिंह बनेको जानकारी दिनु माईकेलाल वा सबै माईकेलाल प्रति गर्भ रहेको बताएरै बिदा हुनुसम्मको घटना आएको छ । यो कथाको चरोमत्कर्ष भाग पनि हो । कथाको अन्त्य भागमा रातभरि म पात्रलाई यी माईकेलालहरूलाई कसरी तह लगाउने भन्ने चिन्त लागेर निद्रा लाग्दैन र कथानकको अन्त्य भएको छ । यसरी यस कथाको कथानक श्रृङ्खला आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले कथानक ढाँचा रैखिक रहेको छ ।।

**ख) पात्र/चरित्रचित्रण**

माईकेलाल कथामा कार्यका आधारमा मुख्य सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

म पात्र यस कथाको मुख्य पुरुष पात्र हो । ऊ एउटा लेखापरीक्षक हो । ऊ कामको सिलसिलामा यताउता गइरहनु पर्ने हुन्छ । त्यस्तै वीरगञ्ज र नारायणघाटको यात्राका क्रममा म पात्रले माईकेलाल शब्दको बारेमा सुन्छ । उसलाई माईकेलाल शब्दका बारेमा जिज्ञासा भइरहन्छ । त्यस विषयमा उसले राम्रो र नराम्रो दुवै पक्षको बारेमा जान्दछ । कलियुगमा माईकेलालले नै सारा सोझा जनताको हक र अधिकार आफ्नो हातमा लिएर जङ्गलको सिंह बन्ने प्रवृतिप्रति चिन्तित छन् । म पात्र नयाँ विषय प्रति चासो राख्ने जिज्ञासु पात्र हो । ऊ राष्ट्रप्रेमी सरकारी कर्मचारी पनि हो । म पात्र यस कथाको मञ्चीय पुरुष बद्ध पात्र हो ।

वीरगन्जको सज्जन र भद्र महिला पनि यस कथाका सहायक पात्र हुन् । यी दुई व्यक्तिकै कारणले माईकेलालको शब्दका बारेमा म पात्रले धेरै कुरा बुझ्ने मौका पायो ।

माईकेलाल बा पनि यस कथाको सहायक पात्र हो । म पात्रका मनमा माईकेलाल शब्दका बारेमा उठेका अनेक प्रश्न र जिज्ञासा निर्मूल पार्ने काम उसकै मार्फतबाट भएको छ । सत्ययुगदेखि कलियुगसम्मका माईकेलालका बारेमा खुलस्त पार्ने काम उसकै मार्फत् भएको छ । ऊ यस कथाको मञ्चीय पुरुष बद्ध सहायक पात्र हो ।

वीरगञ्जमा मान्छेको साथी, ट्रकमा सवार मानिस सोझा जनता कलियुगका दुई माईकेलालहरू, शिव, सतीदेवी, दशरथ, रानीहरू, राम, लक्ष्मण, जनक, यशु, कर्ण, व्यास आदि गौण पात्रका रूपमा आएका छन् । यी सबै मुक्त पात्र हुन् ।

**ग) परिवेश(देश, काल र वातावरण)**

यस कथाको परिवेशका रूपमा तराई र नारायणघाट आसपास रहेको क्षेत्र आएको छ । समयका रूपमा केही दिनको दिउँसो, साँझ र राती आएको छ । सत्ययुगदेखि कलियुगसम्मको समय पृष्ठभूमिमा उल्लेख गरिएको छ । वातावरणको रूपमा म पात्रका

मनमा विभिन्न उतारचढाव आउनु, पितृ र मातृसत्तात्मक समाजको फरक र समाजमा यस संस्कृतिको प्रभाव आएको छ । म पात्रको मनमा विभिन्न खालका माईकेलाल सम्बन्धी तर्कनाहरू आउनु र त्यसको बारेमा राम्रोसँग जिज्ञासा नमेटिएसम्म रहिरहनुले र बाह्य वाताावरण जाडोको मौसम रहेकोले पात्रको आन्तरिक वातावरणसँग बाह्य वातावरणमा समानजस्यता देखाएकोले पनि कथावस्तुको उद्देश्य अनुसार परिवेश प्रस्तुत भएको छ ।

## घ) भाषाशैली

'माईकेलाल' कथाको भाषा सामान्य खालको छ । यस कथामा प्रश्नात्मक शैलीका वाक्यहरू पनि पाइन्छन् । जस्तैः

के तैंले महादेवलाई चिनेको छैनस् ?(पृः८०)

प्रकृति र पुरुषविना मानिस जन्मन्छ ?आदि ।

पितृसत्तात्मक, मातृसत्तात्मक, भद्र, सज्जनवृन्द, लघुशङ्का जस्ता शब्दहरूले कथालाई आर्कषक बनाइएको छ ।

यस कथाको शैली अस्तित्ववादी रहेको छ । कथाकारले पात्र अनुरूपको भाषा प्रयोग गरी 'माईकेलाल' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् ।

## ङ) उद्देश्य

'माईकेलाल' कथामा कथाकार नारीहरूको पुरुस्वार्थले पनि सदियौं देखि आफ्ना सन्तानहरूको पालनपोषण गरेर ठूलो मानिस बनाएका छन् भन्ने कुरा प्रस्तुत गर्नु कथाको उद्देश्य रहेको छ । सत्ययुग देखिनै समाजमा पुरुषप्रधान समाज चल्दै आएको छ । पुरुषको इच्छा अनुसार नै महिलाको जीवन सञ्चालन हुने गरेका छन् । पुरुषलाई विश्वास गर्दा कयौँ महिलाले धोका पनि खाएका छन् । घरानियाँ महिलाहरूलाई भने यस्ता कुरामा इज्जत राख्नु कुनै कठिनाइ नरहने हुन्छ तर साधारण महिलाहरू भने समाजमा तिरस्कृत हुनुपर्छ भन्ने देखाउन खोज्नु कथाको उद्देश्य रहेको छ । अर्कोतर्फ बाबु र आमाकै पहिचान भएका सन्तानहरू सु-संस्कृत हुन्छन् । नेपाली राजनैतिक अवस्था सधै व्यक्ति र नेताका स्वार्थमा मात्र केन्द्रित रहेकाले देश दिनप्रतिदिन बिँग्रदो

अवस्थामा छ । देशलाई राम्रो र विकसित तुल्याउन राम्रो, सक्षम र इमानदार नेताको आवश्यकता रहेको छ भन्ने देखाउनु नै कथाको प्रमुख उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

यस कथाको प्रमुख पात्र 'म' कै सेरोफेरोमा कथानकले फन्को मारेको छ । सामाख्याता म पात्र बनेर आफ्नो सोचाइ, भोगाइ र गराइ व्यक्त गरेका छन् । त्यसैले यस कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ३.४.५.३ शीर्षक सार्थकता

'माईकेलाल' कथाको शीर्षक सार्थक रहेको छ । म पात्रले 'माईकेलाल' शब्द प्रथम पटक सुनेको र यसको बारेमा जिज्ञासा उठेको छ । धेरै सोच्दा पनि पत्ता लगाउन नसकेको उक्त शब्दको बारेमा 'माईकेलाल' बाका माध्यमबाट सबै जानेका छन् । उनले यसको अर्थ बुझ्दा सत्य युगमा राम्रो भए तापनि कलियुगमा नेपालमा 'माईकेलाल' ले राम्रो गर्न नसकेको देखाइएको छ । यँहा संस्कार र शिक्षाहीन व्यक्तिले शासन गरेकाले सारा जनता दुःखमा परेका, देशको उन्नति नभएको र राजनीति नै 'माईकेलाल' का कारण फोहरी हुन पुगेकाले यस कथाको विषयवस्तु अनुसार शीर्षक सार्थक रहेको छ ।

## ३.४.६ 'आत्मदाह' कथाको विश्लेषण

### ३.४.६.१ पृष्ठभूमि

प्रलेसमा प्रकाशित 'आत्मदाह' कथा २०५३ श्रावण-आश्विन अङ्क ५, वर्ष ४ मा प्रकाशित अन्तिम कथा हो । पुण्यप्रसाद खरेलद्वारा रचना गरिएको प्रस्तुत कथा प्रगतिशील कथा हो । प्रस्तुत कथामा २०४६ आसपासको नेपाली राजनैतिक परिवेशलाई विषयवस्तु बनाई लेखिएको एक सशक्त राजनैतिक कथा हो । यहाँ पञ्चायती शासकको दुर्दशा र उनीहरूको कुकृत्यलाई सफल रूपमा चित्रण गरिएको छ । पञ्चहरू जनताको स्वतन्त्रतामा कति जल्दछन् भन्ने कुराको यथार्थ पनि यस कथामा देखाउन खोजिएको छ ।

### ३.४.६.२ कथा तत्वका आधारमा 'आत्मदाह' कथा

**क) कथानक**

'आत्मदाह' कथाले नेपाली राजनैतिक परिवेश बेलाबखत निश्चित व्यक्तिका हातमा गएकाले भ्रष्ट र सामन्तवादी व्यक्तिहरूले जनतालाई धेरै दुःख दिएको घटनालाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको 'ऊ' पात्र पञ्चायती शासन व्यवस्थाको आड लिएर जनताका निहित हक अधिकार आफ्नो कब्जामा राख्ने, स्वतन्त्रता, शिक्षा, स्वास्थ्य आदि अधिकारबाट वञ्चित गराउने क्रूर व्यक्ति हो । ऊ गाउँको मुखिया र पञ्च हो । यसै पात्रको वरिपरि कथा केन्द्रित रहेको छ । वि.सं. २०१७ मा राजाले दलीय व्यवस्था खारेजी गरी आफ्नो हातमा शासन लिए । त्यसपछि नेपाली जनतामा फेरि कालो दिनको सुरुवात भयो । वि.सं. २०३६ मा केही आशा पलाए पनि जनमत सङ्ग्रहमा शासक पक्षकै विजय भएपछि जनतामा झन् कालो दिनको सुरुवात भयो । क्रूरता, अन्याय, अत्याचार धेरै दिन टिक्न सक्दैन भनेझैँ नेपाली जनता भित्रभित्रै एकजुट भएर दलगत राजनीति सुरु गर्न थाले । कम्युनिष्टहरू भूमिगत आन्दोलन सुरुवात गरी जनतालाई जागृत पारेर २०४६ मा आन्दोलनले पूर्णता पाई जनताले संविधान प्राप्त गरे । हिजोका पञ्च र गाउँका मुखियाहरूलाई यो क्षण अत्यन्त पीडादायी रह्यो । उनीहरू यो उज्यालोमा आँखा खोलेर अगाडि जान स्वीकारै गरेनन् ।

नेपालमा संविधान जारी भएको र प्रजातन्त्र आएकाले नेपालीमा स्वतन्त्रता छाएको छ । त्यसैले उसको स्वतन्त्रता हनन भएको छ । बिस्तारै उसको हृदयको घाउ पुरिँदै छ । उसको सारा सपना टुटेको छ । उसलाई कसैले अथवा आफ्नै छोराछोरी, नोकरचाकरदेखि लिएर सारा जनताले वास्ता गर्दैनन् । राजाले पञ्चहरूलाई खुब साथ दिए तर केही लागेन । संविधान जारी भएरै छाड्यो । संविधानले नेपाल र नेपाली जनताको पक्षहरूमा वकालत गरी छाड्यो ।

राजाको एकलौटी शासनले जनतामाथि अन्याय, अत्याचार, थिचोमिचो, श्रमशोषण, भ्रष्टाचार, बलात्कार र धोकाधरी, विश्वासघात आदि गर्दै जनतालाई दुःख र पीडाबाहेक कुनै सुविधा दिएन । जनता र देशको हित हुने काम गर्ने व्यक्ति गणेशलाई विनाकारण दण्ड दिएर सरुवा गरिदियो । दलित र गरिबलाई आफ्नो चरणको स्पर्श नगरी सुख नदिने

उसलाई आजभोलि कसैले नमस्ते समेत फर्काउँदैनन् । गणेश आफ्नै गाउँमा सम्मान सहित पुनर्बहाली भएको छ । उसलाई यो कुरा सह्य भएको छैन । गैरी गाउँको कामी माइलो उत्पीडित जातीय उत्थान मञ्चको नाइके भएको छ । कामी माइलो स्वतन्त्र भएर काममा लागेको छ । यस्तो परिवर्तनले देश र जनतालाई लुट्न पल्केको उसलाई दिनमा भोक र रातमा निद्रा पर्दैनथ्यो । हिजोको रवाफ, इज्जत र सम्मान सबै गुमेको छ उसको । ऊ हिजोका पीडितले गरेको स्वतन्त्रताको उपयोगले आफूलाई व्यङ्ग्य गरेझैँ ठान्दथ्यो । घरमै विलीन भएको ऊ चोकसम्म निस्केर यताउता गर्ने भएको छ । आफ्नो गल्तीहरू छोपेर हिजोको भ्रष्ट धनमा रवाफ गर्दै छ । ऊ देश र जनता लुटेर विदेशी बैंकमा भरेको पैसा झिकाउने तरखरमा लागेको छ । गणेशले डेरा र अफिस गर्ने चोकमा भेट्दा पनि उसलाई पीडा हुन्छ । फेरि हिजोको राइँदाइँ र जनतालाई शोषण गर्न नपाइने भएकाले चिन्ता परेको छ । ऊ चोक, दोबाटो, चौतारो, चियापसल सबैतिर बसेर गणेशलाई र कम्युनिष्टलाई घोचपेच गरेर सन्तुष्टि लिन खोज्छ तर अब केही जोर चल्दैन । जस्तै :

म सरकारमा भए देखाइदिने थिएँ कम्निसलाई "ए कामरेड ! ... आफूलाई अबदेखि कम्निस भन्छस् कि भन्दैनस् ? ... ड्याम ? ड्याम ?? ... फेरिदेखि भनिस् भने ... साला भाटाले छाला-साला पकपक उक्काइदिएपछि यी सब कामरेडहरू ठीक ! के गर्नु र ! ..." (पृ: १०९)

गणेशलाई पछि पार्न हरेक पटक सक्दो कोसिस गर्दा पनि सफल नभएपछि कांग्रेसको भूत देखाएर तर्साउन खोज्छ । नभएको निहुँ खोजेर झगडा गर्छ । बामे भन्दै कम्युनिष्टहरूलाई देखि सहँदैन । अति भएपछि गणेश पनि गहिरो जवाफ दिन्छ । नेपाललाई "अमेरिका या बेलायत या तिनका खेतलाको केही दाल गल्दैन ।", (पृ:१०९) । सामन्तवादी, दलाल, साम्राज्यवादी, पूँजीवादीको संज्ञा दिँदा ऊ पात्र सिस्नोले घोचेझैँ हुन्छ । प्रजातन्त्रको बहाली भई संविधान बनिसकेकाले अब पुराना भ्रष्टको दिन पनि अस्त भइसके । आफ्नो केही जोर नचल्ने पक्का भएको देखेर ऊ मुर्दासरि बिस्तारामा लडेर जित्न नसक्ने जोदाहा मात्र आँखामा देख्दछ र कथाको अन्त्य भएको छ ।

'आत्मदाह' कथाको कथानकताको आदि भागमा प्रजातन्त्र आएको छ, संविधान बनेकोले २०४६ साल अघिको पञ्चायती शासकहरूलाई धेरै गाह्रो भएको र बेइज्जतले टाउको नै उठाउन नसक्ने भएको छ, हिजो जनतामाथि गरेको थिचोमिचो, अन्याय,

अत्याचारको भण्डाफोरको डर हुनु र घरभित्रै थन्किएर बसिरहनुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा ऊ पात्रले पूर्व घटनाको स्मरण गर्नु, बिस्तार समाजमा आफ्नो चहलपहल सुरु गर्नु, अझै पनि जनताले सुख पाएको देख्न नसक्नु, अझै पाएदेखि कम्युनिष्ट र जनताहरूलाई विनाकसुर कडा सजाय दिने धम्की दिनु, हिजो सत्तामा रहँदा बिनाकसुर दण्ड भोग्न बाध्य भएको गणेश पुनर्बहाली भएर त्यहीँ आउनु, उसले देश र जनताका लागि सदा लड्ने अठोट सुनाउने र त्यसै मुताबिक कार्य गर्दै जानु, ऊ पात्रलाई गणेशले सबक सिकाउने उत्तर दिनुसम्मको घटना आएको छ । जुन कथाको चरमोत्कर्षमा अवस्था हो । कथानकको आदि भागमा जतिनै गरेपनि अब जनतामाथि विजय प्राप्त गरी अन्याय अत्याचार गर्न नपाइने सुनिश्चित भएकाले र आफूले जित्न नसकिने पक्का भएर हार मानेर कथा अन्त्य भएको छ । यसरी कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

**ख) चरित्रचित्रण**

'आत्मदाह' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

'ऊ' यस कथाको मुख्य पुरुष पात्र हो । उसले भ्रष्ट, राष्ट्रद्रोही पञ्चको प्रतिनिधित्व गरेको छ । ऊ पात्र वि.सं. २०४६ को संविधान जारी भएपछि उसको सबै कुरा गुमेको छ । हिजोको आफ्नो कालो कर्तुतले गर्दा आज समाजमा मुख देखाउन नसक्ने बनेको छ । हिजो राजाको आडमा जनताको अधिकार हनन गरी शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार गरेर समाजमा रवाफ देखाएको ऊ पात्र यस कथाको नायक भएर पनि असत्, खल पात्र हो । 'ऊ' जनताको लागि लड्ने कम्युनिष्टको र गणेशको घोर विरोध गर्दछ । पञ्चहरूले नभए कांग्रेसले जनतामाथिको अधिकार खोस्नेमा विश्वस्त रहन्छ । उसलाई जनताको सुख र खुसीका दिनहरू मन परेकै छैन । समय परिवर्तन भइसकेको यथार्थतामा पनि ऊ हिजोको जस्तै कालो दिनको मात्र कल्पना गर्दछ । टोल, छिमेक, चिया पसल जतातातै गणेशसँग झगडा मात्र गर्छ । व्यवहारमा नभएपनि आफूले घोचपेच गरेर भए पनि सन्तोष लिन हरपल तत्पर रहन्छ तर सक्दैन । अब आफू कहिल्यै उठ्न नसक्ने गरी पछारिएको महसुस

गर्दै अनन्तसम्म हारेको महसुस गर्छ । यसरी 'ऊ' पात्रको प्रगतिवादीभन्दा पतनवादी स्वर बढी छ भन्न सकिन्छ । 'ऊ' मञ्चीय खल पात्र हो । 'ऊ' कथाको बद्ध चरित्र हो ।

प्रस्तुत कथामा गणेश सहायक पात्रको रूपमा आई कथानक विस्तारमा सहायता प्रदान गर्ने सत् पात्र हो । लामो र कठोर सङ्घर्ष गरेर देशमा प्रजातन्त्र ल्याउन सफल रहेकोमा ऊ निकै खुसी भएको पात्र हो । अझै पनि पञ्चहरूले देश र जनतालाई लुट्ने मात्र प्रयास गरेको देख्दा दुःखी हुन्छ । गणेश पञ्चायक कालमा 'ऊ' पात्रबाट विनाकसुर जागिरबाट पदच्युत गरिएको सङ्घर्षशील पात्र हो । गणेशकै मार्फत्बाट 'ऊ' पात्रले पञ्चायत कालमा गरेको सारा देशद्रोही कामको उजागर भएको छ । गणेश देश र जनताको उन्नति, अधिकार, स्वतन्त्रता, श्रमशोषण विरुद्ध सदा लड्ने राष्ट्रप्रेमी व्यक्तिको प्रतिनिधि पात्रका रूपमा आएको छ । गणेश यस कथाको सहायक मञ्चीय सत् पात्र हो । उसका माध्यमबाट समाजले प्रेरणा लिन सक्ने भएकाले गणेश समाजको प्रेरणादायी पात्र हो । ऊ कथाको सुरुदेखि अन्त्यसम्म एउटै भूमिकामा देखा परेको स्थिर प्रकृतिको बद्ध पात्र हो ।

यस कथामा आएका कांग्रेसी, कम्युनिष्ट आइमाई, ऊ पात्रका छोरा र श्रीमती, जनता आदि गौण पात्रका रूपमा उपस्थित छन् । तिनीहरूको कथामा सक्रिय भूमिका छैन ।

### ग) **परिवेश (देश, काल, वातावरण)**

'आत्मदाह' कथाको परिवेश हेर्दा स्थानका आधारमा नेपालको कुनै ग्रामीण भेगको सदरमुकाम आएको छ । समयका रूपमा २०४६ साल आसपासका एक दुई वर्ष आएको छ । बिहान, दिन र साँझको समय पनि उल्लेख गरिएको छ । वातावरणको रूपमा २०४६ सालको प्रजातन्त्र पुनर्स्थापना र संविधान निर्माणले देश र जनतामा छाएको उत्साहले पञ्चायती शासकको जीवनमा ग्रहण लागेको छ । ऊ पात्रको आन्तरिक मनमा रहेको जनतालाई दुःख, पीडा र अत्याचार दिने र भ्रष्टाचार गरेर आफू मात्र ठूलो बन्ने सामन्तवादी पञ्चायती शासनकालको प्रभावको रूपमा वातावरण आएको छ । उसको हिजोको रवाफ, राजाको आडमा गरेको अन्याय र अत्याचार, भ्रष्टाचार विरुद्ध आज जनताका हक अधिकार प्रजातान्त्रिक संविधानमा सुरक्षित भएकाले मरेतुल्य भएर समाजमा अडिन सकेको छैन । बिस्तारै समाजमा फर्कन अभ्यासरत उसले देश र जनताका विरुद्ध अन्याय अत्याचार गरेरै छाड्ने आशा राख्दछ । परिवर्तनको उज्यालोले उसको शरीर, मन,

मस्तिष्क कहिल्यै नउठ्ने गरेर पछारिएको छ । यस कथामा निराशा र पलायनमुखी चरित्र अनुरूपको परिवेश उपयुक्त लागे पनि समग्रतामा पञ्चायती शासनकाल अन्त्य भई प्रजातन्त्रको पुनर्बहाली भएकाले यस कथाको परिवेश प्रगतिवादी सौन्दर्यका सन्दर्भबाट उचित देखिन्छ ।

## घ) भाषाशैली

'आत्मदाह' कथाको भाषा आलङ्कारिक रहेको छ । भाषामा आलङ्कारिकता भएपनि श्रुतिगम्य, बोधगम्य र सरल छ । भाषिक प्रयोगमा व्याङ्ग्यात्मकता रहेको छ । जस्तै :

> "तिरेर सिटीको भरमा यीसाब फिलफिले टालाहरू ! धोतीहरू ! राता न सेता सब धोती हावाबाट गायब हुन्छन् ! ... आहा !", "भ्यागुताको ठसमस", "रिस पऱ्यो मेरो भाउजू परिन् दाजुकी ?" (पृ: १०१)

प्रस्तुत कथामा तत्सम, आगन्तुक झर्रा साथै केही अश्लील लाग्ने शब्दको प्रयोग भएको छ । ती शब्दले कथालाई मिठास बनाउन सहयोग गरेका छन् । जुन यस प्रकार छन् : आत्मीय जनहरू, कम्युनिष्ट, सिटी, साले, धोतीहरू, गाँडो, डढेल्नो आदि । (पृ: १००-१०४)

'आत्मदाह' कथामा अस्तित्ववादी र यथार्थवादी शैलीको प्रयोग गरिएको छ । २०४६ को संविधान जारी भएपछि समाजमा पञ्चायती शासकहरूको हालत र जनतामा छाएको स्वतन्त्रताको यथार्थ शैलीमा प्रस्तुत गरिएको छ । पञ्चायतीहरूलाई आफ्नो अस्तित्वका लागि गर्नुपरेको सङ्घर्ष, समाजमा हिजोको जस्तो रवाफ, धाक, जनतालाई थिचोमिचो गरेर अस्तित्व जोगाउन पनि निकै गाह्रो परेको छ ।

पुण्यप्रसाद खरेलले पात्र अनुकूलको भाषा प्रयोग गरी आत्मदाह कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । भाषिक प्रयोग र अस्तित्ववादी, यथार्थवादी शैलीको संयोजनबाट प्रस्तुत कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

'आत्मदाह' कथामा २०४६ पछिको नेपाली राजनैतिक परिवर्तनले ल्याएको खुसी र संविधान निर्माण भए पछिको स्वतन्त्रता पञ्चहरूले स्वीकार गर्नुपर्दाको पीडादायक अवस्थाको यथार्थ चित्रण गर्नु कथाको उद्देश्य रहेको छ । राजाका आडमा जनतामाथि अन्याय, अत्याचार, शोषण, दमन गरेका जमिनदार, मुखिया, पञ्चहरू कम्युनिष्टको जनताप्रतिको प्रेम, जनताका लागि गरेको योगदान स्वीकार्न नसक्ने हुन्छ । हिजोको पञ्चहरू आज (संविधान निर्माणपछि) पनि जनतालाई नै दुःख दिन खोज्दछन् तर तिनीहरूको त्यो प्रयास व्यर्थ छ, निरर्थक छ । अब नेपालमा प्रजातान्त्रिक स्वतन्त्रता छाएकोले सबै आ-आफ्नो काममा संलग्न रहन सक्छन् । कसैले पनि कसैसँग डराउनु पर्ने अवस्था छैन भन्ने देखाउन खोज्नु नै कथाको मूल उद्देश्य हो ।

### च) दृष्टिविन्दु

'आत्मदाह' कथा बाह्य सीमित दृष्टिविन्दुमा रचना गरिएको छ । यस कथाको दृष्टिकेन्द्रित चरित्र ऊ अर्थात् पञ्चायती जमिनदार हो । कथा यसै चरित्रका वरिपरि घुमेको छ । समाख्याता कथाभन्दा बाहिरै बसी ऊ चरित्रका मनभित्र पसी उसको सोचाइ, भोगाइ र चिन्तन 'ऊ' पात्रमार्फत् व्यक्त गर्ने काम गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान दिएका छैनन् । त्यसैले 'आत्मदाह' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ३.४.६.३ शीर्षक सार्थकता

'आत्मदाह' कथाको शीर्षक सार्थक रहेको छ । यस कथामा नेपालमा वि.सं. २०४६ को संविधान निर्माण पछिको पञ्चायती शासकहरूको वास्तविकता चित्रण गरिएको छ । प्रस्तुत 'आत्मदाह' कथामा ऊ पात्र पञ्चायती शासक वा मुखिया हो । उसले आफूले राजाको आड भरोसामा जनतालाई चाहिनेभन्दा नचाहिने समस्या, पीडा र तड्पनमा बाँच्न बाध्य बनाएको थियो । संविधान निर्माण र प्रजातन्त्र पुनःस्थापना पछि जनता स्वतन्त्र तबरले कार्यरत छन् । जनताहरू पञ्चायती शासकहरूलाई एक नजरले सम्म वास्ता गर्दैनन् । उनीहरूसँग डराउनुपर्ने अवस्था पनि नरहेकोले जनताले मुक्तिको र स्वतन्त्रताको श्वास फेरेका छन् । जनताको स्वतन्त्रता उसलाई पीडाबोधक बनेको छ । हिजोको त्यो चुरीफुरी आज गुमेको छ । सबैले हेर्न छाडेका छन् । घरबाट निस्केर बाहिर पुग्न समेत

मुस्किल भएको छ । गुमेको अस्तित्व फिर्ता ल्याउन हम्मेहम्मे परेको छ । हिजोका पीडितहरू स्वतन्त्र काम गरेका, बोलेका, हिँडेका आदि देखेर उसलाई आत्मादेखि नै पीडा, खिन्नताबोध भएको छ । आत्मपीडाले भित्रभित्रै जलेको छ । फेरि शासन उल्टाउन पाए जनतामाथि शासन गरेर आफू मोजमज्जा गर्ने सपना देखिरहन्छ । जति नै कोसिस गरे तापनि चोक, चिया पसल, चौतारो जनता र पार्टीको व्यक्तिसँग विवाद गरेतापनि उसलाई अब आफू कहिल्यै हिजोको इज्जत, सम्मान र सम्पत्तिको आर्जन गर्न नसक्ने अवस्थामा पुगेको यथार्थबोध भएकोले यस कथाको शीर्षक सार्थक रहेको छ । यस कथामा चरित्र, परिवेश, भाषाशैली आदिका आधारमा कथानकको शीर्षक सार्थक रहेको छ ।

### ३.४.७ 'सङ्कल्प' कथाको विश्लेषण

### ३.४.७.१ पृष्ठभूमि

वि.सं. २०५३ कार्तिक-पुस पूर्णाङ्क ६, प्रलेस पत्रिकाले अरू अङ्कहरूमा भन्दा बढी कथाहरू प्रकाशनमा ल्याएको छ । प्रलेसको यस अङ्कमा एउटा भाषान्तर कथा समेत गरी जम्मा आठओटा कथा प्रकाशन गरेको छ । यसै अङ्कमा प्रकाशित 'सङ्कल्प' कथा कथाकार नवराज रिजालको अतुलनीय योगदान हो । 'सङ्कल्प' कथामा नेपालमा महिलालाई पुरुषहरूले हेर्ने दृष्टिकोणको कुशल तरिकाले प्रस्तुत गरिएको छ । नारी अधिकारलाई महत्त्व दिइएको यस कथामा नारी आफ्नो लागि आफैँ लाग्नुपर्ने शिक्षा दिइएको छ ।

### ३.४.७.२ कथा तत्त्वका अधारमा 'सङ्कल्प' कथा

**क) कथानक**

'सङ्कल्प' कथाले नेपालको तराई क्षेत्रको ग्रामीण निम्न मध्यम वर्गीय समाजमा अन्तर्निहित महिला र पुरुष बीचको सोचाइको विभेदीकरणलाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएकी सुन्तली घरेलु हिंसामा परेकी एक नारी हो । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ । अशिक्षित निम्न वर्गीय समाजमा पुरुषत्व वा मर्दपन भनेको स्वास्नी र छोराछोरीलाई कुट्नु, जाँडरक्सी खाएर स्वास्नीलाई सधैँ गाली गलौज गर्नु भन्ने सम्झिन्छ । श्रीमतीका राम्रा कुरा मान्दा नामर्दपन देखापर्छ भन्ने सोचले सधैँ समाजलाई आक्रान्त

पारेको छ । पुरुषत्व हावी देखाउने पुरुषहरूबाट स्वतन्त्रता पाउन महिला आफैले कदम चाल्नुपर्ने आवश्यकता रहेको छ भन्ने उद्देश्य कथाको रहेको छ ।

तराई, मध्यान्ह घामको रापले गर्दा आँखा नै तिरमिराउँछ । सुन्तलीले दिएका राम्रा सुझावहरूलाई हर्कवीर नशामा भुलेर आफ्नो सुखी परिवारमा खलबल ल्याउन थाल्दछ । हर्कवीर स्वास्नी र छोरालाई कुट्नुमा पुरुषत्व सम्झन्छ र हरबखत यसकै प्रतीक्षामा रहन्छ । सुन्तली यी सबै घाउ भुल्ने प्रयत्न गर्दछिन् । तर वेदना र आँसु मात्र हात लाग्दा मुटु दुख्न थाल्दछ । बारम्बार त्यही शब्द सम्झेर पिरोलिन्छे : “तँ मेरी स्वास्नी होस्, त्यसकारण त्यही मात्र भएर बस्न सक्छेस् !”, “नारीभन्दा पुरुषको बुद्धि ज्यादा भएकाले नै उनीहरूले बढी अधिकार पाएका हुन् ।” आदि । (पृ:४) यस्ता गर्जन र बारम्बार दिइरहने पिटाइहरूले प्रताडित भइरहन्छे सुन्तली । नारीका अधिकार, स्वतन्त्रता, खुसीयाली, सबै लोग्ने र छोराप्रति समर्पित हुनु मात्र हो । बिहेपछि सबै खुसी लोग्नेको इच्छामा त्याग्नुपर्ने बाध्यता नारीमा भएको महसुस गरी झन् मन दुख्छ । हर्कवीर नशामा डुबेर निस्कन नसक्ने भएको छ । हर्कवीरको आगमनले सुन्तलीको कल्पनाका तरङ्गहरू भङ्ग हुन्छ । आक्रामक मुद्रामा छ ऊ । बाबुको यो अवस्था देखेर भुन्टे डराउँछ । सुन्तलीलाई गाली गर्दै रिसाउँदै ऊ फेरि आफ्नो बाटो लाग्दछ । सुन्तली फेरि आफैमा हराउँछे । एउटा छोरो मरेर भुन्टे दोस्रो सन्तान । छोटो परिवार छ, कामको खाँचो छैन, सुन्तली आफू र आफ्नो लोग्नेसँग खुसी पारिवारिक जीवन बिताउन चाहन्छे । सुन्तलीका सुझावहरू मान्दासम्म राम्रो कमाइ र दुईचार पैसाको खाँचो थिएन । सुख र सन्तोष थियो, रमाइलोसँग दिनहरू बितिरहेका थिए । बाबुले कन्यादान गरेर दिएको छ वर्ष बिते । त्यसैले आफ्नो लोग्नेलाई फेरि सम्झाउँछे । हर्कवीर नशामा मातेर बाटोमा नै सुतिदिन्छ । सुन्तली त्यसको विरोध गर्छे । खाने भए घरमै खान भन्छे ।

केही समयसम्म हर्कवीरले उनको विचारलाई स्वीकाऱ्यो र ज्यादै खुसी भयो । नशा सेवनसमेत गरेन तर समय बित्दै गएपछि उसले आफ्ना वाचा सबै भुल्यो, नशामा भुलेर घरबाहिरै रमाउन थाल्यो । सधैं क्रोधित मुद्रामा मात्र घरमा देखिन थाल्यो । सुन्तली घरमा नभएका बखत घरका भेटेजति सामान बेच्दै नशा सेवन गर्न थाल्यो । सुन्तलीलाई सम्झाउने उसको एक मात्र माध्यम कुटाइ बन्न थाल्यो ।

लोग्नेलाई मुख फर्काउनु हुन्न, लोग्नेका प्रत्येक कुराको पालना गर्नुपर्छ । सहनशीलता नारीको धर्म हो । लोग्नेलाई मुख फर्काउनेले अर्को जन्ममा कुकुर भएर जन्मनुपर्छ आदि कुराहरू उसलाई सिकाइएको छ । त्यसैले उनले सधैँ सहँदै आइन् । भनाइ र कुटाइ खानु अर्को नियमितता बन्दै गयो । भाग्य, ईश्वर, नारीको जुनी, कर्म अनि भुन्टेको अबोध अनुहार सम्झेर गृहस्थ अगाडि बढाइरहिन् ।

सुरुका दिनहरूमा सबै सहेकी सुन्तलीका मानसपटलमा नारी आमा, पत्नी, प्रेमिका, सृष्टि र संहार सबै हो । नारीमा सिङ्गो संसार अटाएको छ । त्यसैले पुरुषले जस्तै नारीमा पनि स्वतन्त्र रूपमा बाँच्न, क्रोध, इच्छा, आकांक्षा अनि चाहना पनि फुल्न पाउनुपर्ने सोचाइ राख्छे । नारीका पनि स्वतन्त्रता, इच्छा, चाहना तथा आगत र विगत हुन्छ । यी सबैमा पुरुषका जस्तै नारीमा पनि स्वतन्त्रता रहनुपर्छ । सुन्तली सोच्दछे खाली पुत्र र पतिको रेखदेख मात्र नारीको कर्तव्य होइन । गाँस, बास, कपासको पूर्ति र यौन स्वतन्त्रता मात्र नारी स्वतन्त्रताको परिभाषा नहुने उसको सोचाइ छ । ऊ भन्छे : "प्रत्येक नारीले अब आफ्ना अधिकार र दायित्वका निम्ति आफै उठ्नुपर्छ । म आफ्ना लागि आफैं उठ्न प्रण गर्छु ।"(पृ:७)

यसरी सुन्तली काखमा रहेको छोराको मुहारमा कान्तिको मधुर प्रकाश देख्छे र आफ्नो र सम्पूर्ण नारीजातिको स्वतन्त्रता, अस्तित्व र अधिकार प्राप्तिको लागि आफै उठ्ने प्रण र सङ्कल्प गर्दै कथाको अन्त्य भएको छ ।

'सङ्कल्प' कथाको कथानकको आदि भागमा तराईको ठाउँ वैशाख महिनाको गर्मी, घरको सिंयालमा सुन्तली छोरो काखमा राखेर सुताइरहेकी, मनमा लोग्नेका वचनले घोच्नु, अनेकौँ प्रयत्न गर्दा पनि आँसु र वेदना मात्र भएको देखि मनमा अनेकौँ तर्कवितर्क चल्नु, हर्कवीर घरमा आएर सुन्तलीलाई धम्क्याएर गएको घटनासम्म रहेको छ । कथानकको मध्य भागमा हर्कवीर ओझेलमा परेपछि सुन्तली पुनःस्मरणमै हराएको अवस्थाबाट आरम्भ भई, हिजोका दिनहरूमा दुबैले सुखदुःख गरी खुसीसाथ जीवन निर्वाह गर्दै आएको, हर्कवीर सुन्तलीका सबै राम्रा सल्लाह मान्ने, कामको दुःख र खानको दुःख थिएन, एकाएक हर्कवीरमा आएको परिवतर्न आउनु, नशामा भुल्नु, श्रीमतीलाई कुटपिट गर्नुमा बहादुरी ठान्नु र दुःखमाथि दुःख दिँदै जानु, सुन्तली अब आफ्नो स्वतन्त्रताविना बाँच्न नसक्ने निर्णयमा पुग्नुसम्म रहेको छ । जुन कथाको चरमोत्कर्ष भाग हो । कथाको अन्त्य भागमा छोराको

मुहारको कान्तिमा मधुर प्रकाश देख्दै नारी अधिकारको लागि आजबाटै आफैं उठ्ने सङ्कल्प गर्नुसम्म आएको छ । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको शृङ्खला नमिलेकोले वृत्ताकारीय ढाँचा प्रयोग देखिन्छ ।

### ख) चरित्रचित्रण

कथाको कथानक विकासमा महत्वपूर्ण तत्वका रूपमा पात्र आएको हुन्छ । पात्रविना कथाले पूर्णता पाउन सक्दैन । सीमित वा असीमित पात्र प्रयोग कथानकता अनुसार चयन गरिन्छ । यस कथामा सीमित पात्र चयन गरिएको छ । सुन्तली, हर्कवीर र उसको छोरो मात्र गरी ३ जना पात्रको प्रयोग गरिएको छ ।

सुन्तलीको अनुभूति वा कल्पनाकै सेरोफेरोमा यो कथाले फन्को मारेको छ । सुन्तली आफ्नो विगत र वर्तमानसँग रुमल्लिएकी छे । घरपरिवारमा विवाह अघि र पछि सधैं स्वतन्त्रता पाउनुपर्छ । राम्रा कुरा नारीका पनि सुनिनुपर्छ भन्ने सोच्दछे । श्रीमान् र छोराको इच्छा मात्र पूरा गर्नुपर्ने प्रचलनलाई तोड्दै अघि बढ्नुपर्ने देख्छे । आफ्नो अधिकारका लागि आफैंबाट सुरु गर्न चाहन्छे । सुन्तली आफ्नो परिवारको सधैं हित सोच्दछे र नारीका व्यक्तिगत अधिकार पुरुषले हनन गर्न नहुने सोच्दछे । यसरी सुन्तली आफ्नो अन्तर्मनमा कल्पना गर्दै भावनाका मधुर उडानमा सार्थकता ल्याउने सङ्कल्प मनका उर्वर गह्वाहरूमा उमार्दछे । यसरी यस कथाकी सुन्तलीमा दुःख र समस्याबाट पलायन हुनुभन्दा सङ्घर्षयुक्त र जीवनमुखी स्वर छ । उनको तर्फबाट पुरुषवादी संस्कार, पुरुषत्वको विरोध गर्दै नारीवादी स्वर वकालत भएको छ । यसर्थ सुन्तली सत्मार्गमा लाग्ने, समय सापेक्ष परिवर्तन हुनसक्ने प्रगतिशील सत्पात्र हुन् । उनी अन्याय सहन नसक्ने प्रगतिशील विचार भएकी मञ्चीय बद्ध नारी पात्र हुन् ।

हर्कवीर यस कथाको सहायक पात्र हो । कथाको बीचबीचमा उपस्थित रहेर सुन्तलीको स्वतन्त्रता हनन गरेर उसलाई सोच्न बाध्य बनाउने असत्पात्र हो । फूलजस्तो सुन्दर गृहस्थमा अशान्ति फैलाउने कार्य उसैको माध्यमबाट भएको छ । उसले आफ्नो विवेकको प्रयोग नगरी समाजको देखासिकी गरेको छ । ऊ यस कथाको मञ्चीय बद्ध खलपात्र हो ।

छोरो भुन्टेले कथाको बीचबीचमा निद्राबाट उठेर सुन्तलीको सोचाइमा खलबल ल्याएको छ । कथामा नेपाली समाज र संस्कृति, बाबुआमा, गौण भूमिकामा उपस्थित छन् ।

## ग) **परिवेश (देश, काल र वातावरण)**

'सङ्कल्प' कथामा परिवेशको स्थानका रूपमा तराईको निम्न वर्गीय परिवार, घरको सिंयाल आएको छ । समयका रूपमा वैशाख महिनाको एक दिनको मध्यान्ह आएको भए पनि पृष्ठभूमिको रूपमा छ वर्षको समय उल्लेख गरिएको छ । सूच्य रूपमा बिहान, दिउँसो, साँझको समय सङ्केत गरे पनि नेपाली समाजमा नारीलाई गरिने व्यवहार र स्वास्नी, छोराछोरीलाई कुटेर पुरुषत्व देखाउने सामाजिक यथार्थता कथामा परिवेशको रूपमा आएको छ । वातावरणका रूपमा सुन्तली उत्पीडनमा पर्नु, हर्कवीरको पुरुष प्रधान सामन्तवादी संस्कृतिको प्रभाव आएको छ । सानैदेखि लोग्नेले दिएको यातना सहनुपर्छ भन्ने शिक्षाप्राप्ति हुँदै आउनु, आफूमा परेको स्वतन्त्रता हनन विरुद्ध लाग्ने, नारीका स्वतन्त्रता र सत्य कुरा सबैले मान्नुपर्ने हुनुपर्छ र त्यो समाजले स्वीकार्नु पर्ने हुन्छ । त्यसको लागि (नारी अधिकार) लड्न आफूबाटै र अहिले देखि नै त्यस्तो कामको सुरुवात गर्ने अठोट गर्छे । अठोट गर्दाको समय वैशाख महिनाको तातो (गर्मी) मौसम उल्लेख गरेर आशा र प्रगतिशील चरित्र अनुरूप परिवेश उपयुक्त रहेको देख्न सकिन्छ । तराईको गर्मी, सुन्तलीको पारिवारिक स्थिति र हर्कवीरको व्यवहारले कथामा बाह्य र पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूपको परिवेश प्रस्तुत भएको छ ।

## घ) **भाषाशैली**

'सङ्कल्प' कथाको भाषा सामान्य प्रकारको छ । यस कथामा सरल, सहज र बोधगम्य भाषा देखिन्छ । मध्य आदरार्थीका वाक्यहरूको प्रयोग बढी नै पाइन्छ । सामाजिक, लैङ्गिक विभेदका वाक्यहरू पनि प्रयोगमा ल्याइएका छन् :

"तँ मेरी स्वास्नी होस्, त्यसकारण त्यही मात्र भएर बस्न सक्छेस् !", "नारीभन्दा पुरुषको बुद्धि ज्यादा भएकाले नै उनीहरूले बढी अधिकार पाएका हुन् ।", "यो आश्रमको स्वामी मात्र म हुँ ।" (पृ:४-७)

'सङ्कल्प' कथाको शैली प्रगतिवादी छ । साथै, यस कथामा नारीवादी अस्तित्व र सुन्तलीले विगत सम्झेकोले केही संस्मरणात्मक शैली पनि रहेको छ ।

नवराज रिजालले पात्र अनुरूपको भाषा प्रयोग गरी सङ्कल्प कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् ।

## ङ) उद्देश्य

कुनै पनि काम उद्देश्यविना सम्पन्न गरिँदैन । कथालेखन गर्दा पनि कथाकारले सो कथा लेख्नुको कुनै न कुनै लक्ष्य राखेको हुन्छ । 'सङ्कल्प' कथामा पनि कथाकार रिजालले हाम्रो समाजमा नारीको स्थान र नारीलाई हेर्ने दृष्टिकोण फरक रहेको सामाजिक यथार्थता उजागर गर्ने उद्देश्य राखेका छन् । अब नारीले आफूमाथि भएको अन्याय अत्याचारको आफैंबाट विरोध गर्नुपर्ने मुख्य उद्देश्य कथाको रहेको छ । नारीका विचार पनि व्यवहार उपयोगी हुन्छन् । नारीका राम्रो सल्लाह मात्र मानेर पुरुष अघि बढ्ने हो भने जीवनमा उसले धेरै उन्नति गर्न सक्छ भन्ने देखाउनु पनि कथाको उद्देश्य रहेको छ ।

पुरुषत्व भनेको आफ्नै श्रीमतीलाई र छोरालाई कुट्नु, काम नगरी जाँड मात्र खानु, पैसा श्रीमतीसँग माग्नु, काम केही नगर्नु, श्रीमतीको सल्लाह तुच्छ ठान्नुलाई सम्झनुले पनि हाम्रो समाजको यथार्थ चित्रण छ यस कथामा । अब यी सबै कुराबाट माथि उठेर नारीले स्वतन्त्रता, अधिकार र नारी सम्मानमा आफैंले सार्थकता ल्याउनुपर्नेमा जोड दिनुपर्ने प्रमुख उद्देश्य यस कथामा रहेको छ ।

## च) दृष्टिविन्दु

यस कथा बाह्य सीमित दृष्टिविन्दुमा रचना गरिएको छ । यस कथाकी दृष्टि केन्द्रित पात्र सुन्तली हो । उसकै सेरोफेरोमा कथानक केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर सुन्तलीका मनभित्र पसेर उसका भोगाइ, सोचाइ र चिन्तन व्यक्त गर्ने काम गरेका छन् । अन्य प्रायः सबै चरित्र उल्लेख्य भूमिका नरहेकोले कथाकारले खासै ध्यान दिएका छैनन् । त्यसैले 'सङ्कल्प' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ३.४.७.३ शीर्षक सार्थकता

'सङ्कल्प' कथाको शीर्षक सार्थक छ । सुन्तली र तराईको उखमौलो गर्मीको बीचमा सानिध्यता रहेको छ । फूलजस्तो सुन्दर र छरितो परिवारमा तुसारो लागेको छ । श्रीमान् दिन प्रतिदिन जँड्याहा बन्दै जानु, श्रीमतीलाई जुत्तामुनिको धुलो बराबर पनि नसोच्नु । श्रीमतीको सल्लाह सुझाव मान्नु नामर्द बराबर मान्नु, श्रीमती र छोरालाई कुट्नु मर्दपन सोचेर सधैँ पिटाइ खाने, गाली र तुच्छ वचन सुन्नुपर्ने दैनिकी बनेको छ सुन्तलीलाई । यसरी श्रीमान्को हेपाइ सहेर बस्नु महिलाको कमजोरी हो भन्ने सोचाइ छ सुन्तलीको । महिलाले आफ्नो कर्तव्यचाहिँ सधैँ पूरा गर्नुपर्ने, आफ्ना हक अधिकारको सुनिश्चितता भने कतै नभएको देखेर छक्क पर्छे । आफ्नो परिवारको भलाइको कुरा समेत कदर नहुने पुरुषप्रधान समाजमा महिलाले अब आफैंले आफ्नो चाहना, अधिकारप्राप्ति र स्वतन्त्रताका लागि लड्नुपर्ने कुराको सङ्कल्प गरेकी छे । आफैंबाट आजैदेखि पुरुषका गलत व्यवहारको विरोध र आफ्नो सही कुराको समर्थन महिला स्वतन्त्रताका लागि लड्ने सङ्कल्पपूर्ण भाव बढी प्रभावशाली बन्दै गएकोले यो कथाको शीर्षक सार्थक छ । कथाको समग्र घटना, परिवेश, पात्रमनस्थिति आदिका अनुसार पनि कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.८ 'मनोकामना' कथाको विश्लेषण

### ३.४.८.१ पृष्ठभूमि

नेपाली प्रगतिशील साहित्यलाई जीवन्तता दिने अथक प्रयत्नरत प्रलेस पत्रिकाको कार्तिक-पुस, २०५३ पूर्णाङ्क ६ मा दोस्रो कथाको रूपमा प्रकाशित कथा 'मनोकामना' हो । युं. कार्कीको सुन्दर सिर्जनाका रूपमा प्रस्तुत यस कथाले तराईका चमार जातिको यथार्थता प्रस्तुत गर्ने उद्देश्य राखेको छ । तल्लो जातिलाई समाजले हेर्ने प्रचलन, पैसा हुँदा मान्छेले देखाउने तडकभडकलाई कथाले उत्कृष्टताका साथ देखाएको छ ।

### ३.४.८.२ कथा तत्वका आधारमा 'मनोकामना' कथा

**क) कथानक**

'मनोकामना' कथाले नेपालको तराई क्षेत्रको ग्रामीण निम्न वर्गीय समाजमा अन्तर्निहित चमार जातिको आर्थिक अवस्था, सामाजिक हेराइ आदि समस्यालाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको 'भुटना चमार' गरिब र समाजमा सम्मानले बाँच्न नपाएका पीडित वर्गको प्रतिनिधि पात्र हो । यसै परिवारको वरिपरि कथानक केन्द्रित रहेको छ । आफू बस्ने छाप्रोको छाना खसिसकेको छ । भित्ताको माटो झरिसकेको छ । खान, लगाउन गाह्रो परेको छ । २ छोरा, १ छोरी, श्रीमती, बुहारी र भुटनाले गरेर ५-६ जनाको परिवार छ । सधैं काम नहुने र समाजमा सम्मानले बाँच्न नपाउँदा उसलाई भित्रैदेखि असन्तुष्टि हुन्छ ।

यतिखेर गाउँमा पशुको महामारी गोसाउन फैलिएको छ । पशु मरेर भुटनाका बाबुछोरालाई काम भ्याइ नभ्याइ भएको छ । दुईचार पैसाको कमाइ भएको छ । दुई छाक मासु चिउरा खान सक्ने भएको छ । दुवै छाप्रोको छानो छाइएको छ । एक सरो नयाँ कपडा वर्षौंपछि फेरिएका छन् । दुईचार पैसा जोहो पनि भएको छ । मानौं गाउँलेको दुःखले भुटनाको भाग्य फेरिएको छ । अरूको आँसुले उसको मुखमा मुस्कान छाएको छ । सुखको अनुभूति लिने भएका छन् । गाउँकै जमिनदार/मुखिया बिर्जुसिंहबाट अरूको दुःखमा सुख लिने शिक्षा मिलेको छ भुटनालाई । सारा गाउँले दुःखमा डुबेर मात्र कुनै एक व्यक्तिको उन्नति सुनिश्चित भएको छ । वैद्य र डाक्टरको अभाव रहेको उक्त गाउँमा धामी, झाँक्री, देवी, देवतामा विश्वस्त छ सारा गाउँ । आफ्नो उन्नति अवनति सारा देवीकै उपामा सम्झने गर्दछन् । भुटना पनि गाउँमा प्रकोप पर्नु काली माइकै कृपा र आशीर्वाद प्राप्त भएको ठान्दछ । मूर्ति बनाउने भाकल गर्छ । भविष्य सोच्दै नसोचेर कमाइ भएको बखत भोज भतेर गर्ने, आफन्त जम्मा गर्ने गर्न थाल्छ । भोलासिंहको बराबरीमा पुगेको महसुस गर्छ । ऊ अब धर्मकर्ममा लाग्दछ । दाजुभाइमा आफू अग्लो भएको महसुस गर्छ । १-२ महिनाको लामो पशुप्रकोप (महामारी) रोकियो । तर यसले भुटाना चमारलाई प्रशस्त दिएर गयो । भुटनाले यो सबै देवीले आफूलाई दिएको कृपा सम्झियो । यस्तो कृपादृष्टि सधैं आफूमाथि पारिराख्न देवीको भाकल गरेको र अब मूर्ति बनाउन सुरु गर्ने घरसल्लाह भएको छ । चमार एक

अछुत जाति भएकाले उसले देवीको मूर्ति बनाउन पाउँदैन भनी धेरैले विरोध गरे । भोलासिंहलगायत गाउँका बुजु्रकहरूले खुलेर विरोध गरे भने शिक्षकले यसलाई खुलेर समर्थन गरे । समाजमा धेरै सङ्घर्षका साथ उसले मूर्ति बनायो । धेरै आलोचना र विवादका बाबजुद मूर्ति बनाउन सुरु गरेको भुटनाले केही समयमै प्राप्त गरेको सबै सम्पत्ति सकायो । समाजमा चन्दा मागेर जेनतेन गरेर दशमीका दिन दुर्गाको प्रतिमा खोलामा लगेर सेलायो । यता भुटनाको घरमा सुख, शान्ति, अमनचयन हुन त परै जाओस् उसको स्थिति जहाँको त्यहीँ गएर रोकियो । हिजो दुई दिनको रमझम सपनामा मात्र सीमित भई भुटना ढोल ठटाउने, सहनाई फुक्ने र सिनो फाल्ने अछुतको स्थितिमा नै झऱ्यो । यसरी ऊ फेरि काली माइको कृपादृष्टि आफूमाथि परेमा यसपालि जस्तो त्रुटि नगरी अर्को वर्ष फेरि काली दुर्गाको मूर्ति बनाउने भाकल राख्दै कथाको अन्त्य हुन्छ ।

'मनोकामना' कथाको कथानकको आदि भागमा भुटना सिनो फ्यालेर मैदानबाट फर्किएबाट सुरु भई गाउँमा गोसान (पशु प्रकोप) फैलिएको, सारा गाउँ दुःखमा डुबेको तर भुटनाको परिवारको चोला फेरिएको, खुसीयाली छाएको, दुईचार रूपैयाँ जोरजम्मा भएको सम्मको घटना रहेको छ । कथानकको मध्य भागमा गोसान एक दुई महिना भयानक रूप प्रस्तुत गरेर मत्थर हुनु, भुटनाको यतिबेला राम्रो आम्दानी हुनु, घरमा र दाजुभाइ माझमा आफू अग्लिएको महसुस गर्नु, घरमा भोजभतेर सुरु गर्नु, सारा गाउँबासी देवी देवताको विश्वास गर्ने भएकाले भुटनाले पनि काली माइको मूर्ति बनाउने भाकल राखेको कुरा जानकारी दिनु, मूर्ति बनाउने कार्य सम्पन्न नहुँदै कमाएको दुईचार पैसा सबै सकिनु, गाउँका मान्छेसँग चन्दा मागेर मूर्ति बनाउने कार्य सम्पन्न गरी विसर्जन गर्नु, हिजोको जस्तै आज फेरि खान लगाउन नसक्ने र समाजको तुच्छ जातमा नै झर्नु, समाजमा इज्जतसाथ बाँच्ने सपना अधुरै रहनुसम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग हो । कथाको अन्त्य भागमा भुटनाले आफूमाथि देवीले कृपादृष्टि बनाइ राखे फेरि अर्को साल राम्रोसँग मूर्ति बनाउने भाकल वा मनोकामना व्यक्त गर्नुसम्म आएको छ र कथानक टुङ्गिएको छ । यसरी कथाको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

## ख)  चरित्रचित्रण

'मनोकामना' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

भुटना चमार यस कथाको केन्द्रीय चरित्र हो । ऊ कथाको बद्ध पात्र हो । उसले समाजको अछुत, गरिब र समाजमा सम्मानशून्य वर्गको प्रतिनिधित्व गरेको छ । भुटना एक छाक खान लगाउन र राम्रो छाप्रो बनाउन नसक्ने निम्न गरिबीमा बाँचेको छ । ऊ गाउँमा ढोल बजाउने, सहनाई फुक्ने र सिनो फाल्ने अछुत हो । ऊ समाजबाट आत्मीय सम्बोधन चाहन्छ तर त्यो कहिल्यै प्राप्त गर्न सक्दैन । समाजको अपहेलनाले उसलाई अन्तरमा बिजाएको छ । उसले आफ्ना दुई सन्तानलाई आफैंले गर्ने कामको अनुसरण गराएको छ । गाउँमा गोसनको प्रकोप बढेपछि उसको आर्थिक अवस्थामा पनि सुधार आएको छ । छाप्रो छाउन, नयाँ कपडा फेर्न, चिउरा खाने क्षमतामा उक्लिएको छ । पशु प्रकोपले उसलाई फलिफाप भएको छ । दाजुभाइ र समाजमा उसको स्तर र इज्जत बढेको छ । भोज गर्न सक्ने, मूर्ति बनाउने र रवाफ देखाउने भएको छ भने गाउँकै मुखिया भोलासिंह बराबर भएको महसुस गर्छ । देवीको मूर्ति बनाउँदा जम्मा भएको दुईचार रूपैयाँ सबै सकाउँछ । भुटना राम्रो कमाइ भएको बखतमा पछिका लागि जोगाउन नसक्ने अदुरदर्शी पात्र हो । भुटना धन हुनेसँग नहुनेले तौलन खोज्ने, थोरै कमाउँदैमा औकातभन्दा माथि उठेर देखाउने, नहुँदा भोकै बस्ने मूर्ख पात्र साबित भएको छ । जीवनमा अभावै अभाव भोगेको भुटना आफ्नो बुद्धिका कारण सम्पूर्ण जीवन सङ्घर्षमै बाँच्न बाध्य दुःखी पात्र हो । पशु प्रकोपजस्तै उसको सुख पनि क्षणिक छ । यसरी भुटना यस कथाको निराशा र पलायनमुखी चरित्र हो ।

यस कथामा भुटनाका छोराहरू, गाउँले र गोसान महामारी सहायक पात्रका रूपमा आएका छन् । भुटनाका छोराहरूले भुटनाकै कार्यमा सहयोग गरेका छन् । गाउँलेले उसलाई सम्मान नदिने तर पशु प्रकोप नियन्त्रण गर्नुपर्दा, बाजा बजाउन पर्दा, उन्नति अवनतिमा आलोचना र समर्थन गर्ने काम गरेका छन् । गोसान प्रकोप नै मुख्य सहायकको रूपमा आएको छ । गोसान मानवेत्तर पात्र हो तर यसकै माध्यमले भुटनाको जीवनमा उतारचढाव आएको छ ।

गौण पात्रका रूपमा भुटनाका आइमाई, बिर्जुसिंह, भोलासिंह, अन्य पात्र, बाहुन, शिक्षक, पुजारी आदि आएका छन् । कथामा प्रत्यक्ष उपस्थिति नभए पनि नाम मात्र उल्लेख गरिएको र नेपथ्यीय भूमिकामा रहेकाले यिनीहरू गौण चरित्रका रूपमा उपस्थित छन् ।

### ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशको रूपमा आएको स्थान तराईको ग्रामीण निम्न वर्गीय परिवार हो । समयका रूपमा लगभग चार पाँच महिना आएको छ भने सूच्य रूपमा वर्षौंको समय सङ्केत गरिएको छ । वातावरणको रूपमा भुटनाको गरिबी, दरिद्री र गाउँलेको प्रकोपको महामारी आएको छ । सधैँ पीडा र अभावमा बाँचेको भुटनाको क्षणिक आर्थिक उन्नति हुनु, भविष्यको सोच नराखी देखावा गर्नु, समाजमा गरिब र तल्लो जातका मान्छेलाई धर्म, इज्जत, सम्मान सबै कुराबाट वञ्चित गर्नु र फेरि अभावमा नै फर्कनुले निराशा र पलायनमुखी चरित्र अनुरूप परिवेश उपयुक्त लागे पनि समग्रमा निराशा र पलायनको सन्देश दिने भएकाले प्रगतिवादी सौन्दर्यका सन्दर्भबाट यो कथा त्रुटिपूर्ण देखिन्छ ।

### घ) भाषाशैली

यस कथाको भाषा सामान्य प्रकारको छ । यस प्रकारको भाषा निम्न वर्गीय परिवारमा बोल्ने गरिन्छ । सरल, सहज र बोधगम्य भाषाको प्रयोग यस कथामा पाइन्छ :

> "मेरो घर हिँड् भैँसी फाल्नु छ ।", "हाम्रो मुग्लानमा अछुतलाई धार्मिक कार्यमा पटक्कै अग्रसर हुन दिइँदैन ।", "चमारेका लागि केको श्रद्धा ?" (पृ: ३८-४२)

प्रस्तुत कथामा तराईतिर बोलिने भाषाको स्वाभाविक प्रयोग पाइन्छ । मुरुत त बनाउनै पर्छ । हे माई, डिहबार, कालीमाई (पृ:४१) आदि ।

'मनोकामना' कथाको शैली विन्यास कृत्रिम आलङ्कारिक, गुम्फन नभई सहज, स्वतःस्फूर्त र प्रवाहमय रहेको छ । यस कथाको शैली यथार्थवादी छ । यथार्थमा पनि सामाजिक यथार्थवादी रहेको छ । समाजमा हुने जातीय विभेद र देखावटी आडम्बरको यथार्थ र प्रत्यक्ष प्रस्तुति यस कथाको शैली रहेको छ । वर्णनात्मक शैलीमा यो कथा रचना गरिएको छ । यु. कार्कीले पात्र अनुकूलको भाषा प्रयोग गरी 'मनोकामना' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । बीच-बीचमा स्थानीय झर्रा भाषाको प्रयोगले गर्दा कथा

झन् मौलिक र यथार्थ बन्न पुगेको छ । भाषिक प्रयोगका दृष्टिले 'मनोकामना' कथा सफल रहेको छ ।

**ङ) उद्देश्य**

नेपालको तराई भेगमा बस्ने चमार जातिको वास्तविक यथार्थता, भोगाइ, गराइ देखाउनु यस कथाको प्रमुख उद्देश्य रहेको छ । गरिबी त्यसमा अछुत जातमा छुट्याइएका मान्छेहरूको आर्थिक र सामाजिक दुवै अवस्था एकदमै जटिल छ । शिक्षाको अभावले प्राप्त धन पनि पछिका लागि सञ्चित गर्न नसक्नु, हाम्रो समाजमा भए पनि नभए पनि अरूलाई देखाएर ठूलो बन्नुपर्ने, देखावटी र क्षणिक सुखमा डुब्ने बानीले गर्दा पाउनुपर्ने दुःख र गरिबीको यथार्थ चित्रण कथाको उद्देश्य रहेको छ । मानवीय प्रवृत्ति अरूका दुःखमा प्राप्त फाइदा, एउटाको नोक्सानले नै अरूलाई हुने फाइदाको अङ्कन गर्नु कथाको मुख्य उद्देश्य रहेको छ । अन्धविश्वास, धर्मकर्मप्रतिको लगाव, खाएर नखाएर धर्मको लागि गरिने अन्धभक्तिले मान्छेलाई उन्नति प्रगति नभई खाली गरिबीको मुखमा मात्र धकेल्न सहायता पुऱ्याउँछ भन्ने शिक्षा दिनु कथाको मूल उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

'मनोकामना' कथा बाह्य सीमित दृष्टिविन्दुमा रचना गरिएको छ । यस कथाको दृष्टिकेन्द्रित चरित्र भुटना हो । समाख्याता कथाभन्दा बाहिरै बसी भुटनाका मनभित्र पसी उसको सोचाइ, भोगाइ र चिन्तन व्यक्त गर्ने काम गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान दिएका छैनन् । त्यसैले 'मनोकामना' कथा बाह्य सीमित दृष्टिविन्दुमा रचना गरिएको छ ।

### ३.४.८.३. शीर्षक सार्थकता

'मनोकामना' कथाको शीर्षक सार्थक रहेको छ । नेपाली समाजको निम्न वर्गीय परिवारको देवी-देवतामाथिको विश्वास, भाकल र सम्पूर्ण सम्पत्ति खर्चेर भाकल पूरा गर्न लागीपर्ने व्यवहारको चित्रण कथामा छ । बेलाबखत हुने कमाइ देवीकै कृपाले हो भन्ने सोच्नु, धेरै-थोरै कमाइका बखत भविष्यका लागि बचाउने सोच नराख्नु, हुँदा देखाउने धनीमानीसँग बराबरी गर्न खोज्नु, नहुँदा भोकै बस्ने चलन छ । आफ्नो जीवनमा

आइपर्ने सम्पूर्ण राम्रो र नराम्रो घटना देवीदेवताकै कृपाको रूपमा लिइने अशिक्षित ग्रामीण समुदाय, परिवार र प्रत्येक व्यक्तिको सोचाइ छ । यस कथाको भुटना चमार हो । उसको गाउँमा पशु प्रकोप फैलिएकोले उसलाई एक छाक खान र दुईचार रुपियाँ कमाइको खाँचो छैन । यो सबै कालीमाईको कृपा आफूमाथि परेको ठान्दछ । घरको छानो छाइनु, एकसरो कपडा फेरिनु, खानको राम्रो प्रबन्ध हुनु र दुईचार पैसा आम्दानी भएको छ । उसले कालीमाईसँग आफ्नो अवस्था सुधार्न भाकल गरेको हुन्छ । गाउँमा पशु गोसान देवीकै आफूमाथिको कृपा भाव सम्झन्छ र भोज भतेर र कालीको मूर्ति बनाउँदा भए जति सबै सम्पत्ति सकिन्छ । फेरि ऊ पुरानै कङ्गाल अवस्थामा पुग्दछ । आफूले मूर्ति बनाउँदा कमीकमजोरी भएकाले देवी रिसाएको सम्झन्छ भुटना एकपटक फेरि आफूमाथि कृपाभाव राखे कुनै पनि त्रुटिबेगर नै मूर्ति बनाउने भाकल गर्दै उसको मनोकामना पूरा गर्ने अभिलाषा झन् दृढ र प्रभावशाली बन्दै गएकाले पनि कथाको शीर्षक सार्थक छ । समग्रमा कथाको परिवेश र घटना प्रवृत्ति हेर्दा पनि कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.९ 'पहेँलो मान्छे' कथाको विश्लेषण

#### ३.४.९.१.पृष्ठभूमि

'पहेँलो मान्छे' कथा प्रलेस पत्रिकामा प्रथम पटक कार्तिक-पुस २०५३, पूर्णाङ्क ६ मा तेस्रो कथाको रूपमा प्रकाशित भएको हो । तीर्थ न्यौपानेको अथक प्रगतिशील रचनाको रूपमा प्रकाशित 'पहेँलो मान्छे' कथामा आफ्नो स्वार्थका लागि अरूलाई कसरी बलिदान गरिदिन्छ भन्ने यथार्थ प्रस्तुति भएको कुशल कथा हो । आफ्नो अस्तित्व र इज्जत जोगाउन मान्छेभित्र कति खोक्रो र क्रूर हुँदै गएको छ भन्ने कुरा उजागर गर्नु कथाको उद्देश्य रहेको छ ।

#### ३.४.९.२ कथा तत्वका आधारमा 'पहेँलो मान्छे' कथा

**क) कथानक**

'पहेँलो मान्छे' कथाले काठमाडौँको मध्यम वर्गीय सामाजिक क्रियाकलापलाई आफ्नो विषयवस्तु बनाएको छ । 'म' पात्रकै केन्द्रीयतामा कथाले फन्को मारेको छ । म पात्र २०

वर्षपछि रिटायर भएर आफ्नो गृह जिल्ला काठमाडौँ फर्केको छ । म पात्रले बाल्यकालमा बिताएको काठमाडौँको वातावरण, छरछिमेक, साथीभाइ सबै हराएको छ । काठमाडौँमा आएको आमूल परिवर्तन देखेर ऊ अचम्मित भएको छ ।

म पात्र आफूभित्रै हराएको छ । म पात्रले बाल्यकालमा बिताएको काठमाडौँको वातावरण, छरछिमेक, साथीभाइ सबै हराएको छ । आजको काठमाडौँ नौलो भएको छ । मानवीय व्यवहार, कार्यशैली, कार्य गराइमा सत्यता सबै परिवर्तन भएको महसुस म पात्रलाई भएको छ । जागिरे जीवनबाट बाँकी जीवन बिताउन गाह्रो परेको छ । म पात्र आफ्नो विद्यालय जीवनको एक साथीको पर्खाइमा छ । पढाइ र आर्थिक स्थिति कमजोर रहेको साथी सानैदेखि चनाखो र वाकपटुताले सबैमाझ लोकप्रिय ऊ आज पत्रकार भएको छ । म पात्र उसकै बाल्यकालको स्मृतिमा हराउँछ । घरीघरी नातिनातिनीले (केटाकेटीहरूले) अङ्ग्रेजीका प्रश्नहरू सोध्दछन् । घाम डुब्न लागेको छ । कालो बादलको पत्रभित्रको घामको मधुरो उज्यालो जस्तै मान्छे भित्रभित्रै कमजोर हुँदै गइरहेको छ । पुनः साथीकै स्मरण गर्दछ । उक्त साथी अहिले एउटा साप्ताहिक पत्रिकाको सम्पादक प्रकाशक भएको छ । म पात्रसँग धेरै कुरा गर्नु छ भनेर समय मिलाएको छ ।

पत्रकारले म पात्रलाई खाली समय व्यर्थ खेर नफाली समाज सेवामा र नामको लागि खर्च गर्न आग्रह गर्छ । पत्रकारको प्रस्तावले म पात्रको मुटुमा कतै चिसो पसेको महसुस गर्छ । साथीले म पात्रलाई यस विषयमा सोच्न सल्लाह दिँदै अर्को पटक आफ्नो घरमा आउने निम्तो दिएर बिदा हुन्छ ।

म पात्र सोच्न थाल्दछ । ऊ जस्तो मान्छे कसरी पत्रकार भयो ? जसले पत्रकारिता अध्ययन पनि गरेको छैन । उसले आफू जिल्लामा हुँदा कार्यालयका साथीहरूले पत्रकारका बारेमा गरेको बखान सुनेको थियो । कार्यालयका र कर्मचारीका बारेमा अर्नगल र कपोलकल्पित समाचार छपाउन धम्क्याउने, कार्यालयको बजेटमा नक्कली बिल भरपाई बनाएको आरोप लगाएर पत्रिकामा छपाउने धम्की दिने गरेका थिए । जस्तै : "कमिसनको केही भाग दिने कि छापौँ ।", "तपाईंको आफ्नो कार्यालयको टाइपिस्टसँग लसपस छ अरे ।"(पृ:४५) आदि ।

ती साथीहरू मध्ये कसैले ती पत्रकारका माग आफू र कार्यालयको इज्जतका लागि पूरा गरेको बताएका छन् । म पात्रलाई आफ्नो साथी त्यही स्तरको पत्रकार भएको शङ्का लाग्छ । तर पनि साथीको आग्रह स्वीकार्दै पत्रकारको घरतर्फ लाग्छ । पत्रकारको घरमा पुग्दा त्यहाँ स्थिति असामान्य खालको हुन्छ । भिडमा पुलिसले कसैलाई समातेर लैजाँदै छ । त्यस भिडमा उपस्थित मान्छेको कुरा सुन्दा पत्रकारले कसैको घर बैंकमा राखेर पैसा खान्छ तर तिर्दैन । अफिसर पैसा माग्न जाँदा उल्टै पुलिस बोलाएर समाउन लगाउँछ । त्यस्तो अवस्था देखेर म पात्र दोधारमा पर्छ । म पात्र पत्रकारको कोठामा पुग्दा पत्रकार रिसाउँदै फोनमा कसैलाई धम्क्याइरहेको दृश्य म पात्रले देख्दछ ।

“होइन, तपाईंले मलाई के ठान्नुभएको छ ?”, “पत्रकारका नङ्ग्रा २० वटा होइन, हजारौँ हुन्छन् । बाजको पञ्जाबाट परेवा उम्किन सक्छ, पत्रकारको पञ्जाबाट उम्किन सपनामा पनि सकिँदैन । म अरू केही जान्दिनँ, भोलि ११ बजेसम्म त्यो काम भएन भने तपाईं आफै जिम्मेवार हुनुहुनेछ ।” (प्रलेस:४५-४६) आदि ।

पत्रकारिता पेशालाई नै धमिल्याउँदै छट्टु व्यक्ति पत्रकार बनी समाजका इमानदार मान्छेलाई धम्क्याउँदै खान पल्केको यथार्थ रहस्य उद्घाटन भएको छ । इमानदार पेशालाई धमिल्याउने कुसंस्कारको पर्दाफास गर्दै कथाको अन्त्य भएको छ ।

‘पहँलो मान्छे’ कथाको कथानकको आदि भागमा म पात्र जागिरे जीवन बिताएर आफ्नो गृह जिल्ला काठमाडौँ फर्किएबाट सुरु भई काठमाडौँको मानवीय र भौतिक परिवर्तन म पात्रलाई अनौठो लाग्नु, पत्रकार साथी भेट्न आएर बाल्यकालदेखि हालसम्मको कुरा स्मरण गर्दै म पात्रलाई पत्रकार बन्न सुझाव दिएर फर्कनुसम्म रहेको छ । कथानकको मध्य भागमा पत्रकारमाथि म पात्रको शङ्का उत्पन्न हुनुबाट सुरु भई जिल्लाका साथीहरूले पत्रकारिताको नकाव ओढेका पत्रकारबारे कार्यालयिय र व्यक्तिगत झूटा आरोप लगाई धम्क्याउने र पैसा असुल्ने गरेको चर्चा स्मरण हुनु, म पात्र पत्रकारको घर जानु, पत्रकारले अरूकै घर बन्धक राखेर पैसा खाइदिनु र उल्टै पुलिसलाई बोलाएर समात्न लगाउनु, “धन देखेपछि महादेवको पनि तीन नेत्र” भन्दै भिडमा पत्रकारको खराब प्रवृत्तिप्रति रुष्टता प्रकट गर्नु, म पात्रले पत्रकार टेलिफोनमा कसैलाई धम्क्याइरहेको सुन्नु, म पात्रलाई व्यर्थ आएको भन्दै ग्लानि हुनुसम्म आएको छ । यो कथाको उत्कर्ष विन्दू पनि हो । कथानकको अन्त्य भागमा म पात्र पत्रकारको कूकृत्य देखेर घृणित हुँदै घर फर्किनु आएको

छ । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध रैखिक ढाँचाको कथा हो ।

**ख) चरित्रचित्रण**

'पहेँलो मान्छे' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

यस कथामा 'म' पात्र प्रमुख केन्द्रीय नायक पात्र हो । म पात्र जागिरको रिटायर्ड समय बिताइरहेको काठमाडौँ निवासी हो । ऊ जिल्लाबाहिर २० वर्ष जागिर खाएको एक सच्चा राष्ट्रभक्ति सरकारी कर्मचारी हो । म पात्र सोझो र इमान्दार पनि छ । पत्रकार साथीले आफूलाई पत्रकारितामा लाग्न आग्रह गर्छ तर म पात्रलाई कतै अन्तर आत्मामा घोचेजस्तो लाग्छ । साथीको सल्लाह पत्रकार साथीको पढाइ र पत्रकारिता जीवनको निश्चलता, इमानदारिता तर्फ शङ्का लाग्छ । पत्रकारहरूले (सरकारी) कर्मचारीहरूलाई गर्ने गरेको कुकृत्यका बारेमा जिल्लामा साथीहरूबाट सुनेको हुन्छ । म पात्रका माध्यमबाट आफ्नो पत्रकार साथीको खोटो नियत, सोझासाझा जनता ठग्ने र सिङ्गो पत्रकारिता पेशाकै धज्जी उडाउने प्रवृत्ति पर्दाफास गर्न सफल भएको छ । म पात्रलाई पत्रकारको साथी भएको र उसको सङ्गत गरेकोमा पछुतो र ग्लानि हुन्छ । म पात्र सत्चरित्र हो । म पात्र सुरुदेखि अन्त्यसम्म समान किसिमको भूमिकामा देखा परेको स्थिर बद्ध पात्र हो । म पात्र यस कथाको मञ्चीय सत्पात्र हो ।

पत्रकार यस कथाको सहायक खल पात्र हो । नायकको बाल्यकालदेखि नै मित्र भए पनि ऊ समाजको धूर्त व्यक्तिको प्रतिनिधि पात्र हो । म पात्रको इमानदारी र निश्चल स्वभावलाई अनुसरण गर्नुको साटो उल्टै म पात्रलाई पनि आफू जस्तै छट्टु बनाउन नजानिँदो प्रयत्नमा लागेको छ । पत्रकार, पत्रकारिताको नाममा अरूलाई फसाउने, झुक्याउने, धूर्त र बेइमानी स्थिर पात्र हो । कथामा सहायक पात्रको रूपमा आई कथानक विकासमा रोमाञ्चक भूमिका निर्वाह गरेको मञ्चीय बद्ध पात्र हो । कार्यालयका साथीहरू, नातिनातिना, भिड लागेका मानिसहरू, पुलिस आदि गौण भूमिकामा आई कथालाई उचित दिशा प्रदान गर्ने उल्लेख्य भूमिका निर्वाह गरेका छन् ।

## ग) परिवेश (देश, काल र वातावरण)

'पहेँलो मान्छे' कथाको परिवेश हेर्दा स्थानका रूपमा काठमाडौँ आएको छ । यीबाहेक जिल्लाका कार्यालय पृष्ठभूमिमा आएको छ । समय २० वर्ष उल्लेख भए तापनि केही दिनको घटनामा कथानक सम्पन्न भएको छ । साँझ, घाम डुब्न लागेको समय, रात, दिउँसो, हिजो र आज (भूत र वर्तमान) को समय पनि सूच्य रूपमा आएको छ । दक्ष व्यक्तिले पत्रकारिता पेशा नअँगाली टाठाबाठाले हावाको भरमा पत्रकारिता पेशा लिएर जनतालाई दिएको दुःख परिवेशको रूपमा आएको छ । यस कथाको प्रतिनिधि पात्रमा पत्रकार पेशाप्रति वितृष्णा र घृणा जागृत हुनु, समग्र पत्रकारको आचरणमाथि शङ्का जाग्नु, मानव समाजकै व्यवहारमा परिवर्तन आएको, मान्छे जटिल र क्रूर बन्दै गएको आन्तरिक वातावरणको रूपमा आएको छ । बाह्य वातावरणको रूपमा काठमाडौँको भौतिक परिवेश चित्रण गरिएको छ । घाम डुब्नै लागेको समय सङ्केतले पत्रकारको अनैतिक व्यवहारको पर्दाफास हुनुले कथाको पात्रअनुरूप परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

## घ) भाषाशैली

'पहेँलो मान्छे' कथाको भाषाशैली आलङ्कारिक रहेको छ । भाषा आलङ्कारिक भए पनि श्रुतिरम्य, बोधगम्य र सरल छ । भाषिक प्रयोगमा व्यङ्ग्यात्मकता र रहस्यात्मकता रहेको छ :

"बिस्तारै उसको आकृति अँध्यारो विलीन हुँदै गइरहेछ र म हेरिरहेछु उसलाई हेरिरहेछु मात्र ।", "धन देखेपछि महादेवको तीन नेत्र", "तपाईंजस्तोबाट जे काम पनि हुन सक्छ ।", "पत्रकारको नङ्ग्रा २० वटा होइन हजारौँ हुन्छ ।" (पृ:४५-४६)

यस कथामा वर्तमानको पत्रकारिता पेशाप्रति व्यङ्ग्य गरिएको छ । काठमाडौँको आन्तरिक र बाह्य दुवै वातावरण बिग्रिएकोमा दुखेसो, रुष्टता र धम्कीपूर्ण भाषाको प्रयोग गरिएको पाइन्छ :

"पत्रकारिता ...?", "आज बेलुकाको रमझम गराउनु पऱ्यो, होइन भने भोलिको हेडलाइन ।", "कमिसनको केही भाग दिने कि छापौँ ।", "कलिजुगमा विश्वास गर्न नहुने रैछ ।" (पृ:४४-४६)

'पहेँलो मान्छे' कथाको शैली अस्तित्ववादी रहेको छ । समाजमा मान्छे अरूको विनाश गरेर भए पनि आफ्नो अस्तित्व सुरक्षित गर्न चाहन्छ भन्ने कुराको पुष्टि यस कथाले गरेको छ । हाम्रो समाजको परिवर्तन, मानवीय व्यवहारमा आएको परिवर्तन, पत्रकारिता पेशाको आडमा गरिने कूकृत्य, छलकपट, धोकाधरीले हाम्रो समाजको यथार्थताको प्रस्तुति कथाले गरेको छ । म पात्रले पूर्वस्मृतिका रूपमा विगत सम्झेकाले केही संस्मरणात्मक शैली पनि रहेको छ ।

कथाकार तीर्थ न्यौपानेले पात्र अनुरूपको संवाद, कार्यकलाप अनुरूपको सरल, सहज र स्वाभाविक भाषिक विन्यास गरेर 'पहेँलो मान्छे' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । हाम्रो समाजका चलनचल्तीका भाषाको प्रयोगले गर्दा कथा मौलिक र यथार्थ बन्न पुगेको छ । भाषिक प्रयोगका दृष्टिले 'पहेँलो मान्छे' कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

यस कथाको उद्देश्य समग्र नेपाली पत्रकार पेशामा आएको विकृतिको उजागर गर्नु रहेको छ । पत्रकारको अरूलाई धम्क्याउने, पैसा माग्ने प्रवृत्तिले समाजलाई कसरी आक्रान्त पारेको छ भन्नेतर्फ सङ्केत गर्दै पत्रकार पेशाप्रति म पात्र (आम जनतामा) मा परेको नकारात्मक प्रभावलाई उद्घाटन गर्नु पनि कथाको मूल उद्देश्य रहेको छ । समग्रमा काठमाडौँको परिवेश फेरिनु, मानवीय पराकाष्ठामा पुग्नु, मान्छेभित्रको मानवता हराउँदै जानु र काठमाडौँको भव्य महलसँगै बढेको फोहोर र गर्मीले वातावरणमा धेरै नोक्सानी भएको चित्रण गर्नु पनि कथाको उद्देश्य रहेको छ । आजको मान्छे आफू त बेइमानी गर्छ-गर्छ, अरूलाई पनि बेइमानी गर्न कर लगाउँछ भन्ने कुरा पनि कथाको उद्देश्य हो । आजको मान्छे बाह्य आडम्बरमा भित्रभित्रै खोक्रिएर रक्तहीन, पहेँलो घामजस्तै सुकेको छ । आफ्नो स्वार्थमा आफैँलाई डुब्न लागेको घामजस्तै अन्धकारतर्फ धकेल्दै छ, यही यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### च)	दृष्टिविन्दु

यस कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दु प्रयोग भएको छ । समाख्याताका रूपमा म पात्र आफैं कथाभित्र उपस्थित भएर आफ्नो कथा भनिरहेको छ । म पात्रकै केन्द्रीयतामा कथानकले फन्को मारेको छ । म पात्रलाई पत्रकारिताको नाममा हुने अनैतिक यथार्थ झल्कन्छ । म पात्रले चुरोटको धुवासँगै रुखो इज्जतहीन धूर्त पत्रकार रक्तहीन पहेँलो (मान्छे) देख्छ । यिनै भावनात्मक आवेग म पात्रका माध्यमबाट कथामा आएका छन् । त्यसैले यस कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ३.४.९.३ शीर्षक सार्थकता

'पहेँलो मान्छे' कथाको शीर्षक सार्थक छ । काठमाडौँको यथार्थ परिवेश चित्रण गरिएको छ । मान्छे आफ्नो स्वार्थ पूर्ति गर्न र नाम उँचो राख्न के-कस्ता कुकृत्यसम्म गर्न पछि पर्दैन भन्ने कुरा प्रस्तुत गरिएको छ । पत्रकार आफ्नो सम्बन्धित पेशा नै नभए पनि पत्रकारितामा संलग्न भएर अरूलाई धम्क्याउने, अरूसँग पैला लिने र खाइदिने गर्छ । त्यति मात्रले नपुगेर ऊ अरूको घर बन्धक राखेर पैसा खान्छ र जो पीडित छ, उसैलाई प्रहरी बोलाएर समात्न लगाउँछ । अरूलाई धम्क्याउने उसको नित्यकर्म बनेको छ । यसरी आफ्नो कुकृत्यमा म पात्रलाई समेत संलग्न हुन अदृश्य सङ्केत गर्दछ । जसरी डुब्न लागेको घाम ताप र प्रकाशहीन हुँदै पहेँलिन्छ, त्यसरी नै मान्छे आफ्नो स्वार्थमा रक्तहीन हुँदै र अस्तित्वहीन हुँदै पहेँलिँदै गएको आभास म पात्रलाई भएकोले पनि कथाको शीर्षक सार्थक छ । समग्र कथाको घटनाचक्र, पात्र, परिवेश आदिका आधारमा पनि कथाको शीर्षक सार्थक छ ।

## ३.४.१० 'कानुनी राज' कथाको विश्लेषण

### ३.४.१०.१ पृष्ठभूमि

'कानुनी राज' कथा पूर्णाङ्क ६, कार्तिक-पुस, २०५३ प्रलेसमा प्रकाशित चौथो लघुकथा हो । भरत गैरीपिप्लीद्वारा रचित 'कानुनी राज' कथा व्यङ्ग्यात्मक कथा हो । यस कथामा राज्यमा भएका पुलिसका मनलाग्दा कार्यको गहन तरिकाले व्यङ्ग्य गरिएको छ ।

### ३.४.१०.२. कथा तत्वका आधारमा 'कानुनी राज' कथा

#### क) कथानक

'कानुनी राज' कथाले नेपालको कुनै व्यस्त सहरी क्षेत्रको (सुरक्षा निकाय) कानुनका संरक्षक र पालनकर्ताको व्यवहारलाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । प्रहरीको चालचलनलाई व्यङ्ग्यपूर्ण तरिकाले प्रस्तुत गरिएको छ । कथामा सर्वसाधारण जनता कामबाट फर्कंदै गर्दाको समयमा प्रहरी भने जाँड खाएर फिट्टान भएर जनतालाई गाली गलौज गर्ने, जे पायो त्यही बोल्ने विना कसुर पिट्ने, लात्तीले हान्ने, तुच्छ बोल्ने प्रवृत्तिको भण्डाफोर गरिएको छ ।

म पात्र राति दश बजे कार्यालयबाट फर्कंदै गर्दा बाटोमा एउटा जँड्याहाले अलमल्याउँछ । जँड्याहाले गोविन्जीको कोठामा पुऱ्याउन जिद्दी गरिरहँदा म पात्रलाई पुलिसका इन्स्पेक्टर र हवल्दार आएर प्रश्न गर्न थाल्दछन् । जाँडमा लठ्ठ भएका ती दुई प्रहरी म पात्रलाई नचाहिने हर्कत गरेको भन्ने आरोप लगाउँछन् । कम्निस्टको कमिटिको भएको र (सरकारी) चेवा गरेको भनेर गाली गर्छ । म पात्र जँड्याहाबाट समस्यामा परेको हुन्छ । यी कुरा पुलिसलाई बिस्तार गरेर न्याय पाउने कुनै लक्षण छैन किनकि उनीहरू पनि मातेका छन् । जँड्याहालाई गलहत्याएर पठाइदिएपछि म पात्र आफ्नो बाटो लाग्न खोज्छ । तर हवल्दारले रोकेर भन्छ : "कम्निस्टको कमिटिमा छौं भन्दैमा रात-विरात चेवागर्ने होइन, चुपचाप घर फर्कने ।" (पृ: ५०)

म पात्र कुनै कमिटिमा नरहेको र आफू हतार-हतार घर फर्कन लागेको बताउँछ । कम्निस्टले जस्तो राति-राति चेवा गर्दै हिँड्ने होइन भन्दै गाली गरेर बेस्सरी हुत्याइदिन्छ । म पात्र र प्रहरी ठीक विपरीत दिशातिर लाग्दछ र कथानक अन्त्य हुन्छ ।

यसरी 'कानुनी राज' कथाको कथानकको आदि भागमा रातको दश बजे म पात्र कार्यालयबाट घर फर्कनु, मातेको मान्छेले उसलाई बोलाउनुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा मातेको मान्छेले म पात्रलाई गोविन्जीको डेरामा पुऱ्याउन जिद्दी गर्नु, त्यति नै बेला प्रहरी हवल्दार र इन्स्पेक्टर आइपुग्नु, उनीहरूलाई गाली गर्नु, म पात्र त्यहाँबाट हिँड्न खोज्नु तर पुलिसले रोकेर कम्निस्टमा छस् भन्दै गाली गर्नु, नटेरेको र

हेपेको भन्दै केही आमाचकारी गाली गर्दै लात र डण्डाले हान्नु, इन्स्पेक्टरलाई रिक्सामा घर पुऱ्याइदिन भन्नु, म पात्रलाई सरासर घर जान भन्दै धकेल्नुसम्म रहेको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । यसपछि कथानक उत्कर्षतर्फ झरेको छ । कथानकको अन्त्य भागमा म पात्र र प्रहरी दुवै विपरीत तर आ-आफ्नो गन्तव्यतिर लाग्नुसम्म आएको छ । यसरी कथाको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथामा रैखिक कथानक ढाँचा रहेको छ भन्न सकिन्छ ।

**ख) चरित्रचित्रण**

'कानुनी राज' कथामा आबद्धताका आधारमा बद्ध र मुक्त पात्र रहेका छन् । मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय पात्र रहेका छन् ।

यस कथामा सीमित पात्र प्रयोग पाइन्छ । प्रमुख चरित्रमा 'म' पात्र आएको छ । ऊ सोझो र इमान्दार व्यक्ति हो । लतमा नफसेको र झुट नबोल्ने म पात्रले जँड्याहाको प्रवृत्तिले गर्दा हैरानी व्यहोर्नु परेको छ । आफ्नो पीर प्रहरीलाई राख्न खोजे पनि पुलिस नै नशामा डुबेको देखेर ऊ अलमल्लमा पर्छ । म पात्र विना कसुर कम्न्युष्ट भएको आरोप पाएर प्रहरीको लात्ती र डण्डा खाने निरीह पात्र हो । समाजको बेतिथि र राज्य व्यवस्थाबाट समेत न्याय पाउन नसकेको एक आम नेपाली जनताको प्रतिनिधि पात्र हो । ऊ मञ्चीय बद्ध पात्र हो ।

जँड्याहा, प्रहरी हवल्दार र इन्स्पेक्टर कथाका सहायक पात्र हुन् । जँड्याहा रातको १० बजे जाँड खाएर सडकमा हल्ला गर्दै हिँड्ने र जाँडको सुरमा अरूलाई दुःख दिने जँड्याहाको प्रतिनिधि पात्र हो । प्रहरी जवानहरू दुवै (हवल्दार र इन्स्पेक्टर) देशका कानुन रक्षक र पालनकर्ता, समाजका सुधारक र सरकारी नुनपानी खाएर पनि आफ्नो कर्तव्यमा वफादार हुन नसक्ने भ्रष्ट कर्मचारी हुन् । यस्तै कर्मचारीका कारण देशको विकासमा बाधा आएको हो । सोझा जनताले आफ्नै देशका कर्मचारी त्यो पनि प्रहरीद्वारा निम्न स्तरको व्यवहार झेल्नुपर्ने, अनावश्यक पिटाइ र लान्छना खेप्नुपर्ने देख्दा यी दुई पात्र देशका भ्रष्ट र देशद्रोही प्रतिनिधि पात्रहरू हुन् । यी तिनै पात्रहरू सहायक मञ्चीय बद्ध पात्र हुन् । यस कथाको कथानक विकासमा गौण भूमिकामा गोविन्जी, रिक्सावाला, कम्निसहरू आएका छन् ।

## ग)  परिवेश (देश, काल, वातावरण)

यस कथाको परिवेश हेर्दा स्थानको रूपमा तराईको कुनै सहर बजारको सडक, चोक र पसलहरू आएका छन् । समयका रूपमा रातको दश बजे आएको छ । वि.सं. २०४६ आसपासको राजनैतिक र प्रशासनिक स्थिति वा समय पनि पृष्ठभूमिको रूपमा आएको छ । वातावरणको रूपमा रात वा अन्धकारको समय उल्लेख गर्नुले नेपालमा सोझा जनतालाई आफ्नो घर र कार्यालय गर्दा पनि कठिनाइ रहनु, प्रहरीको अनैतिक कार्यले वातावरण अशान्त रहनु, सबै नशामै डुब्नुले सोझा र राम्रो काम गर्नेले भन्दा नशामा डुब्नेले नै समाजमा बोलाबाला राख्ने संस्कृतिको प्रभाव आएको छ । रातको समय उल्लेख गर्नु नै नेपालमा कानुनी व्यवहार र जनताको हक अधिकार सुनिश्चित छैन, रातजस्तै अन्धकारमय र पीडादायी छ भन्ने जनाउनु हो । रातको अन्धकार र म पात्रको अधिकार अनिश्चितताले गर्दा र प्रहरीको नशायुक्त व्यवहारले गर्दा कथाको उद्देश्य अनुरूपकै परिवेश प्रस्तुत भएको छ ।

## घ)  भाषाशैली

यस कथाको भाषा सामान्य रहेको छ । भाषिक प्रयोगमा वर्गीय छनक देखिन्छ । प्रहरीले र नशामा डुबेको मान्छेले यस्तो भाषा प्रयोग गरेको देखिन्छ । यस कथामा अधिकांश वाक्य निम्न र मध्यम स्तरका वाक्य संरचना रहेका छन् :

> “ए पर्खी ! याँ सुन् ! मलाई चिन्या छस् ?”, “मलाई बेकुफ बनाउने ? साला ... ! थपक्क घर जा ! अन्त गाको था पाएँ भने तेरो छाला काडौँला ! जा !” (पृ:४९-५०)

‘कानुनी राज’ कथाको शैली व्यङ्ग्यात्मक रहेको छ । नेपाली राजनैतिक र सरकारी सुरक्षा प्रशासनिक निकायमा कार्यरत कर्मचारी आफ्नो औपचारिक पहिरनमै जाँड रक्सी खाने जनतालाई अनावश्यक गाली र कुटपिट गर्ने गर्दछन् । यसरी यहाँका पात्र र शीर्षकमा ठीक विपरीत वा व्यङ्ग्यात्मक शैलीदेखा परेको छ । यस कथाको शैली अनौपचारिक खालको छ । जीवन्त रूपले प्रस्तुत गर्न सक्षम भाषाशैली र विन्यासका कारण प्रस्तुत कथा हृदयस्पर्शी बन्न पुगेको छ ।

### ङ) उद्देश्य

'कानुनी राज' कथामा कथाकारले नेपालको कानुनी प्रशासनिक व्यक्ति प्रहरीहरूको यथार्थता कस्तो छ, देश कस्तो हावादारी रूपमा चलेको छ, जनतालाई विभिन्न दलीय कमिटिमा रहेको आरोप लगाएर दुःख दिने काम मात्र हुने गरेको, प्रहरीले जनताप्रति अनादर प्रवृत्तिको भण्डाफोर गर्नु कथाको मुख्य उद्देश्य हो । प्रहरीले बोली-बोलीमा कानुनी राज भनेको थाहा छैन भन्नु तर व्यवहारमा चाहिँ जनताको अधिकारमाथि हस्तक्षेप गर्ने शैली उजागर गर्ने उद्देश्य रहेको छ । भर्खरका युवावर्ग काम गरेर भविष्य निर्माण गर्नुपर्नेमा नशामा भुलेर बेसुरका कुरा गर्ने अरूलाई दुःख दिने यथार्थता प्रस्तुत गर्नु पनि कथाको उद्देश्य रहेको छ । राज्यले दलीय पक्षमा रोक लगाएको र सबै अधिकार आफ्ना हातमा लिएर जनतालाई स्वतन्त्र हिँडडुल गर्न पनि नपाउने राजनैतिक अवस्था चित्रण गर्न खोज्नु कथाको मूल उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

यस 'कानुनी राज' कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा रचना गरिएको छ । यस कथाको दृष्टिकेन्द्रित चरित्र म हो । प्रहरीहरूको व्यवहार उजागर गर्ने माध्यम म पात्र बनेको छकक । त्यसैले यस कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा रचना गरिएको छ ।

### ३.४.१०.३ शीर्षक सार्थकता

'कानुनी राज' कथाको शीर्षक सार्थक रहेको छ । नेपालमा काम गरेर खानेलाई स्वतन्त्रतापूर्वक हिँड्न पनि रोक लगाउने, प्रहरीबाट अनावश्यक डर धम्की देखाउने, कम्युनिष्टको लागि काम गरेको आरोप लगाउने । जाँड, रक्सी खाएर बाटोमा होहल्ला गर्नेलाई केही नगर्ने । प्रहरीहरू पोशाकमा नै रातको नौ-दश बज्न नपाउँदै रक्सीको नशामा मात्तिएर हिँड्ने । जनतालाई अपशब्द प्रयोग गर्ने जस्तो व्यवहारलाई यस कथामा व्यङ्ग्य गरिएको छ । व्यङ्ग्यात्मक शैलीमा देशमा कानुनको सदुपयोग नभएको, कानुनी व्यवस्थामा कुनै कडाइ नगरिएको, प्रहरी स्वयम् राज्यको कानुन संरक्षक निकाय भएर पनि कानुनको उल्लङ्घन गर्दै हिँडेको यथार्थ पक्ष उजागर गरिएकाले पनि यस कथाको शीर्षक सार्थक छ । समग्रमा कथाको घटना, पात्र, परिवेश आदिका आधारमा पनि कथाको

शीर्षक सार्थक रहेको छ । व्यङ्ग्यात्मक शैलीमा प्रयुक्त शीर्षक भएकाले पनि शीर्षक सार्थकता देखिन्छ ।

### ३.४.११ 'टोपी' कथाको विश्लेषण

#### ३.४.११.१ पृष्ठभूमि

प्रलेस पत्रिकाको कार्तिक-पुष, २०५३ पूर्णाङ्क ६ मा पाँचौं कथाको रूपमा प्रकाशित कथा 'टोपी' हो । यस कथाका कथाकार गीता केशरी हुन् । उनले यस कथामा सामाजिक र आत्मीय सद्भाव मान्छेबाट हराउँदै गएको कुरा व्यक्त गरेका छन् । हाम्रो समाजमा मान्छे मनभित्र सोच्ने व्यवहार र बाहिर देखाउने व्यवहार बिलकुलै फरक रहेको भाव व्यक्त गरेका छन् । यस्तै हो भने मानवीय अस्तित्व जोगाउन पनि मुस्किल पर्ने अवस्था आएको देखाउनु कथाको मुख्य उद्देश्य र महŒव रहेको छ ।

#### ३.४.११.२.कथा तत्वका आधारमा 'टोपी' कथा

**क) कथानक**

'टोपी' कथाले नेपालको कुनै सहरी क्षेत्रमा बसोबास गर्ने मध्यम वर्गीय परिवारका बाबुआमाले छोराछोरीलाई हेर्ने दृष्टिकोणलाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । यस कथामा आएको प्रमुख पात्र दिलबहादुरकै सेरोफेरोमा कथाले फन्को मारेको छ ।

दिलबहादुरको छोरो हराउँछ । ऊ आफ्नो छोरालाई धेरैतिर खोज्छ तर भेट्दैन र थकित भएर घर फर्कन्छ । छोराले 'कामना' भन्ने केटीलाई भगाएर बिहे गरेको शङ्का गर्छ । छोराले कामनालाई भगाउन कामनाको आमाबुबा र आफ्नै श्रीमती करुणाले सहयोग गरेको अड्कल लगाउँछ र दोष पनि दिन्छ । करुणाले ऊ धेरै थाकेकाले खाना खाएर आराम गर्न लगाउँछे । दिलबहादुर करुणाको आज्ञा पालन गर्दै थकाइ मेट्न आराम गरेको छोटो समयमै निदाउँछ । दिलबहादुर सपनामा नै दुर्गाको मन्दिर जान्छ । धेरैबेर देवीको शरणगत हुँदा कताबाट एउटा टोपी खस्छ । त्यो टोपी लगाएपछि दिलबहादुरलाई अरुको अन्तर मनको सबै कुराहरू ज्ञात हुन थाल्दछ । मन्दिरमा बस्ने पुजारीको लोभी मन, प्रेममा परेका युवायुवतीको धनको लोभ, कार्यालयको हाकिमहरूको भ्रष्टाचारी व्यवहार

र सासूससुराले गर्ने देखावटी व्यवहार पत्ता लगाउँछ । मान्छेले बाहिरी र भित्री सोचाइमा देखाउने फरक थाहा पाउँछ । प्रत्येक मान्छेमा स्वार्थपन लुकेको थाहा पाउँदा दिलबहादुरलाई के गरूँ जस्तो हुन्छ । त्यत्तिकैमा नाति केटो कताबाट आएर उसको टोपी खोसेर भाग्छ । दिलबहादुर मेरो टोपी ! मेरो टोपी ! भन्दै कराउँछ । यही बेला करुणाले चिया ल्याउँछे र उठाउँदै के भयो तपाईंको टोपीलाई किन यसरी कराउनु भएको हो ? भन्छे ।

यत्तिकैमा छोरो पनि घर आइपुग्छ र आफू विराटनगर गएर जागिर खाएको जानकारी गराउँदै आशीर्वाद माग्छ । कामनाको बारेमा आफूलाई जानकारी समेत नभएको बताउँछ । दिलबहादुर करुणालाई हामी आफ्नो मनमा स्वच्छ, सफा र सकारात्मक भावना लिन किन सक्दैनौँ भन्ने प्रश्न गर्छ । मान्छेको मन, सोचाइ र गराइमा धेरै फरक हुने गर्छ । यस्तो असमन्वयले गर्दा आजको सभ्यता झन् जटिल बन्दै गएको औँल्याउँछ । एक मान्छेले अर्को मान्छेलाई चिन्न असमर्थ रहेकाले “टोपी खोजी गर्दै सपनामा जीवन बिताउनुभन्दा हामी के पाउन सक्छौँ ?” (पृ:६०) यसरी मानव सभ्यतामाथि नै सङ्कट आइपर्ने र आफूले आफैलाई चिन्न पनि अरू कसैको वा कुनै सामानको सहयोग लिनुपर्ने भइसकेको जानकारी दिँदै कथाको अन्त्य भएको छ ।

‘टोपी’ कथाको कथानकको आदि भागमा करुणा कोठामा छोराको कस्तो खबर आउँछ भन्दै छटपटाउनुबाट सुरु भई थकित र निराश हुँदै दिलबहादुर कोठामा पस्नु, छोरो हराउनुमा करुणा र कामना, कामनाका आमाबुबालाई दोष दिँदै कराउनु र खाना खाएर थकाइ मार्न सुत्नुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा दिलबहादुरले सपनामा देवीको भक्ति गरेर टोपी प्राप्त गर्नु, टोपीले अरूको मनको सबै कुरा थाहा पाउनु, नातिले टोपी खोसेर भाग्नु, मेरो टोपी भन्दै कराउनु, करुणाले दिलबहादुरलाई निद्राबाट ब्युँझाउनु, त्यतिनै बेला छोरो घरमा आएर आशीर्वाद माग्दै विराटनगरमा जागिर पाएको जानकारी दिनुसम्मको घटना आएको छ । यो कथाको उत्कर्ष भाग हो । कथाको अन्त्य भागमा मान्छेले सकारात्मक सोचाइ राख्न नसक्ने अवस्थामा पुगेको, मान्छेले मानवता चिन्न टोपी वा यस्तै कुनै वस्तुको सहारा चाहिने समय आइसकेको दिलबहादुरले जानकरी दिएसम्मको घटना अन्त्य भागमा आई कथानक टुङ्ग्याइएको छ । यसरी यस कथामा कथानक शृङ्खला आदि, मध्य र अन्त्यको शृङ्खलामा सुसङ्गठित रहेकाले कथानक ढाँचा रैखिक रहेको छ ।

ख)    चरित्रचित्रण

'टोपी' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् । मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

यस कथाको मुख्य पात्र 'दिलबहादुर' हो । ऊ एक छोराको बाबु भइसकेको मान्छे हो । ऊ यस कथाको प्रमुख मञ्चीय पुरुष पात्र हो । यो कथाको केन्द्रीयतामा रहेको दिलबहादुरमार्फत आज प्रत्येक मान्छेले मान्छेलाई नै विश्वास गर्न गाह्रो परेको, अरूमाथि खाली शङ्का मात्र गर्ने प्रवृत्ति बढेको यथार्थ उजागर गरिएको छ । व्यवहार गराइ र सोचाइमा ठीक विपरीत पाइन्छ । मान्छे खाली स्वार्थी भएको कुरा पनि उसैमार्फत् व्यक्त भएको छ । यस कथामा उसकै मार्फत् आजको मानवीय सभ्यतालाई सुसंस्कृत पार्न मान्छेले गर्ने व्यवहार, स्वार्थीपन त्यागेर स्वच्छ र सकारात्मक भावना मात्र सँगाल्नु पर्ने सन्देश प्राप्त भएको छ । ऊ आफूले नचाहिने शङ्का मात्र गरेको, छोरो जागिर खान हिँडेको थाहा पाउँछ । मान्छेले सोचाइ र सोच्ने संस्कृतिमा परिवर्तन नगरे आफैंलाई चिन्न पनि टोपीजस्तै वस्तुको आवश्यकता पर्ने देख्छ । मानवीय यस नकारात्मक व्यवहारले मान्छेलाई असर गर्ने भएकाले सकारात्मक सोचाइ राख्न अग्रसर हुन्छ । ऊ समयसापेक्ष परिवर्तित हुने गतिशील बद्ध पात्र हो । उसले मानवीय कमजोरीलाई स्वीकार गर्दै हाम्रो शङ्कालु सोचाइ नै गलत भएको निष्कर्ष निकालेको छ । यसरी ऊ यस कथाको प्रमुख परिवर्तनशील पात्र हो । उसका चरित्रबाट समाजले प्रशस्त शिक्षा ग्रहण गर्न सक्ने भएकाले ऊ अनुकरणीय सत्पात्र हो ।

यस कथामा सहायक पात्रमा करुणा, छोरो, मन्दिरको पूजारी, युवायुवती, सासूससुरा, हाकिम आएका छन् । आ-आफ्नो स्थानमा रहेर कथानक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । करुणाको दिलबहादुरलाई नचाहिने शङ्का नगर्न र आराम गर्ने सल्लाह दिन, निद्राबाट ब्युँझाउन र दिलबहादुरको चेतना जागृत गर्न महŒवपूर्ण भूमिका रहेको छ । छोराकैमार्फत्बाट दिलबहादुरले आफ्नो सारा जीवनमा रहेको भ्रमलाई चिरेर अगाडि बढ्ने प्रेरणा पाएको छ । पुजारी, युवायुवती, सासूससुरा र हाकिमहरूमार्फत् मान्छेको बाहिरी र भित्री व्यवहारमा भएको फरक पहिचान गर्ने मौका पाएको छ । यिनीहरूमा नै देवीले दिएको

टोपी परीक्षण पनि गरेको छ । कामना, कामनाका बाबुआमा गौण पात्रका रूपमा कथामा आएका छन् ।

### ग) परिवेश (देश, काल र वातावरण)

'टोपी' कथाको परिवेश हेर्दा स्थानका रूपमा सहरको कुनै एक घरको कोठा, मध्यम वर्गीय परिवार, मन्दिर, सडक, कार्यालय, ससुराली घर र विराटनगर आएको छ । समयका रूपमा १ दिनको केही घण्टा आएको छ । अहिलेको युगमा मान्छेले मान्छेलाई स्वार्थगत सम्बन्ध मात्र राख्ने गरेकाले मानवीय सम्बन्ध नै धरापमा परेको यथार्थ यस कथाको परिवेशको रूपमा आएको छ । वातावरणका रूपमा यस कथाको प्रतिनिधि पात्रमा मानवीय सकारात्मक र स्वच्छ भावना मात्र लिन नसकेको, मान्छेका सोचाइ, मन, गराइ र व्यवहारमा ठूलो अन्तर रहेको, यसको समन्वय नुहने हो भने यस्तो संस्कृति र सभ्यताले मान्छे आफैंबाटै हराउने संस्कृति नै हो । आमाबुबाले आफ्नै सन्तानको व्यवहारमा शङ्का गर्नु व्यर्थमा दोष दिनु र सकारात्मक सोच्न नसक्नु पनि कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ । यस कथामा पात्र अनुरूप र कथाको उद्देश्य अनुरूप भाषाशैली प्रयोग भएकाले पनि कथाको परिवेश उपयुक्त रहेको छ ।

### घ) भाषाशैली

यस कथाको भाषा मध्य वर्गीय परिवारले बोल्ने सामान्य खालको छ । धेरैजसो उच्च र मध्यम आदरको भाषिक प्रयोग छ । केही व्यङ्ग्यात्मक र आलङ्कारिक भाषाको पनि प्रयोग छिटफुट देखिन्छ । जस्तै :

"हाम्रै छोरा पनि कहाँको अमूल्य रत्न छ र ?" (पृ: ५५)

यस कथामा नेपाली समाजका परिवारमा बोल्ने, साथीभाइ, प्रेमीप्रेमिकाबीचमा हुने, कार्यालयमा बोलिने साधारण खालको भाषा प्रयोग देखिन्छ ।

'टोपी' कथाको शैली अस्तित्ववादी छ । अस्तित्ववादमा पनि स्वच्छन्दतावादी रहेको छ । श्वैर कल्पनामा रचना गरिएको यस कथामा मान्छेले आफ्नो अस्तित्व हराएको र त्यसको खोजीमा टोपी या यस्तै चिज कुनै अदृश्य ठाउँ वा शक्तिले दिनुपर्ने जस्तो विकराल परिस्थितिलाई अङ्कन गर्दै श्वैर कल्पनालाई पनि उत्कृष्ट रूपले व्यक्त गरेका छन् ।

कथाकार गीता केशरीले पात्र र परिवेश अनुकूलको भाषा प्रयोग गरी 'टोपी' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । सामान्य चलनचल्तीका भाषाको प्रयोगले गर्दा कथा झन् मौलिक र यथार्थ बन्न पुगेको छ । भाषिक प्रयोगका दृष्टिबाट 'टोपी' कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

यस कथामा उद्देश्यका रूपमा आजको व्यक्तिगत स्वार्थमा मान्छेले अरूलाई झुक्याउने, फसाउने मात्र ध्यान रहेको कुरा आएको छ । मान्छे सकारात्मक सोच्न नसक्ने, खाली अरूको व्यवहारमा शङ्का मात्र गर्ने भएको छ । मान्छे-मान्छे बीचको व्यवहारमा र सोचाइमा समन्वय नआउने हो भने मान्छे आफ्नै सोचाइलाई चिन्न नसक्ने हुन्छ । विकासको गतिसँगै मान्छेको व्यवहार, स्वभाव र मानवीयता हराउँदै, स्वार्थी, क्रूर र नकारात्मक धारणा मात्र राख्ने हुन थालेकाले टोपीजस्तै वस्तुले मात्र मान्छेका व्यवहार बुझ्नुपर्ने परिस्थिति नआउला भन्न सकिँदैन । त्यसैले मान्छे सचेत हुनुपर्ने अवस्था आएको छ, मान्छेले मन, सोचाइ र व्यवहारमा सकारात्मक सोचाइ राख्दै आफूलाई परिवर्तन गर्नुपर्ने कथाको मुख्य उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

'टोपी' बाह्य सीमित दृष्टिविन्दुमा रचना भएको कथा हो । यस कथाको दृष्टिकेन्द्रित पात्र दिलबहादुर हो । यही पात्रको सेरोफेरोमा कथानकले फन्को मारेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर दिलबहादुरका मार्फत् आफ्ना सोचाइ, भोगाइ र गराइ प्रस्तुत गरेका छन् । अरू चरित्रहरूलाई खासै ध्यान दिइएको छैन । सुरुदेखि अन्त्यसम्म दिलबहादुरकै केन्द्रीयतामा कथानकताले फन्को मारेकाले यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ३.४.११.३ शीर्षक सार्थकता

'टोपी' कथाको शीर्षक सार्थक छ । यस कथामा दिलबहादुरका मार्फत् आजको मानवीय प्रवृत्ति परिवर्तन भइरहेको छ । आफ्नै बाबुआमाले छोराछोरीलाई शङ्का भावले हेर्ने गर्दछन् । एक अर्कामा विश्वास हराउँदै गएको छ । दिलबहादुरले सपनामा देवीको भक्ति

गरेर पाएको टोपीले सबैको मनभित्र रहेको भावना र बाहिरी व्यवहारमा रहेको फरक थाहा पाएको छ । आजको मान्छेलाई बुझ्न व्यक्तिगत स्वार्थ त्याग्न र मानवीय वातावरण सद्भाव निःस्वार्थ व्यवहार हुनका लागि टोपीजस्तै कुनै वस्तुको आवश्यकता रहेको कुरा पनि दिलबहादुरले आफ्नो छोरो घर फर्केपछि बताएको छ । यस कथामा टोपीले नै समग्र घटनालाई उजागर गरेको छ । छोराले केटी भगाएको शङ्का गरेको तर छोराले कामको खोजी गर्न गएको र काम पाएर आशीर्वाद माग्न आएको बताएपछि यथार्थ प्रस्तुत भएको छ । यसरी आफ्नै बाबुले छोरालाई समेत बुझ्न नसक्ने मानवीय व्यवहारको असन्तुलन चरम अवस्थामा पुगिसकेको छ । यसले मानवीय सभ्यतामाथि नै सङ्कट आइपरेको सङ्केत गर्दछ । अबको मानवीय संस्कृति जगेर्ना गर्न र मानवीयता पूर्ण व्यवहारको लागि टोपी वा यस्तै वस्तुको आवश्यकता रहेको निष्कर्ष कथामा रहेकाले पनि शीर्षक सार्थक रहेको छ । समग्रमा कथाको चरित्र, घटना र परिवेश अनुसार पनि शीर्षक सार्थक रहेको छ ।

### ३.४.१२ 'पछुतो' कथाको विश्लेषण

#### ३.४.१२.१ पृष्ठभूमि

नेपाली कथा विधालाई उचाइमा पुऱ्याउन उल्लेख्य भूमिका प्रलेस पत्रिकाले निर्वाह गरेको छ । प्रलेस पत्रिकाको पूर्णाङ्क ६, कार्तिक-पुस २०५३ अङ्कमा छैटौं लघु कथाका रूपमा प्रकाशित लघु कथा 'पछुतो' हो । कथाकार शिवकुमार श्रेष्ठको अमूल्य योगदान रहेको 'पछुतो' कथा एक सुन्दर र सामाजिक सन्देशले भरिपूर्ण कथा हो । आफ्ना सन्तानको भविष्य सुन्दर बनाउने नाममा अति बढी रूढी संस्कार र बढी स्वतन्त्रता दुवै घातक रहने सन्देश यस कथाले हामीलाई दिएको छ ।

#### ३.४.१२.२. कथा तत्वका आधारमा 'पछुतो' कथा

**क) कथानक**

आफ्नो सन्तानको राम्रो उन्नतिका लागि आफ्ना अभिभावकले सधैँ सोचिरहन्छन् । आफ्ना सन्तानलाई के-कस्तो वातावरण दिने भन्ने कुरा पारिवारिक वातावरणमा भर पर्छ । यस 'पछुतो' कथामा कथाकारले हाम्रो समाजमा फरक-फरक संस्कार संस्कृति भएका परिवारको चित्रण गरेका छन् ।

'पछुतो' कथाले नेपालको कुनै सहरी क्षेत्रको मध्यम वर्गीय दुई परिवारको पारिवारिक संस्कारको चित्रणलाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । यस कथामा आएका कृष्णप्रसाद र अमृत कुमार सहरको एकै घरमा डेरा गरी बस्ने दुई परिवार हुन् । यी दुवै परिवारको वरिपरि कथाले फन्को मारेको छ । यी दुवैका सन्तानका नाममा एक-एक जना छोरा छन् ।

कृष्णप्रसादको परिवार अत्यन्तै धार्मिक आध्यात्मिक र रूढीवादी विचारको छ । त्यसैले आफ्ना छोरालाई पनि यही मार्गमा निर्देश गरेको छ । आफ्ना बाबुआमाको संस्कारलाई शिरोपर गर्दै शङ्करप्रसाद पनि धर्ममा अन्धभक्त भएर परम्परा र धर्मकै बाटोमा संलग्न हुन्छ । भौतिकवादी सुखसयलका अनुयायी माइकलसँगको सम्पर्कलाई समेत अनुचित ठान्दछन् ।

यसैगरी अमृतकुमार भने आधुनिक विचारधारा र भौतिक सुखसयलका अनुयायी थिए । आफ्नो एकमात्र सन्तान माइकललाई यही मार्गमा सामेल गराएका थिए । माइकल पनि आधुनिक समय, ठाउँ र परिस्थितिअनुसार परिवर्तनशील हुनुपर्छ र बाहिरी ज्ञान हासिल गर्नुपर्दछ भन्दै स्वतन्त्रता लिन थाले । आधुनिक संसारको भौतिकवादी सुखसयलको अनुभव गर्नु गराउनु नै अमृत कुमारको दम्पतीको उद्देश्य बन्न थाल्यो । छोरालाई स्वतन्त्र गरिदिए ।

फलस्वरूप एकदिन शङ्कर घरबाट मन्दिर बाहेक केहीमा पनि मन नलगाउने भयो । अर्कोतर्फ माइकल स्वतन्त्रताका नाममा घरमा नै नआउने भौतिक सुखसयलमा नै रमाउने हुन थाल्यो ।

आफ्ना छोराहरूको यस्तो अवस्था देखेर दुवै दम्पती प्राङ्गणमा बसेर आ-आफ्ना संस्कार र गौरव गाथाप्रति पछुताउन थालेपछि कथाको अन्त्य भएको छ ।

कथाको आदि भागमा दुई परिवारको परिचयबाट सुरु भई कृष्णप्रसादको रीतिरिवाज र अमृत कुमारको आधुनिक चेतना व्यक्त हुनु, दुवै परिवारका सन्तानले आ-आफ्नो पारिवारिक शिक्षाको अनुसरण गर्न थाल्नुसम्म रहेको छ । शङ्करप्रसाद धर्मको बाटोमा कटिबद्ध रहनु, पूजापाठ, धर्मकर्ममै मात्र दिन बिताउनु, घरबाहिर निस्कँदै ननिस्कनु, आधुनिकता भनेको पाप भन्ने सोच्नु । उता माइकल परम्परागत रीतिरिवाज भनेको पाखेपन मात्र हो भन्ने सोच राख्नु । आमाबुबाले दिएको स्वतन्त्रताको गलत फाइदा उठाउन थाल्नु,

घर आउँदै नआउने, आधुनिक सभ्यता र संस्कृतिमा भुल्न थाल्नु, दुवै परिवारलाई आफ्नो पारिवारिक आस्था, विश्वास र सिद्धान्तप्रति पूर्ण विश्वास रहनुसम्म कथाको मध्य भाग रहेको छ । यो कथाको चरम उत्कर्ष भाग पनि हो । यसपछि कथानकको गति ओरालो लागेको छ । कथाको अन्त्य भागमा समय अन्तरालमा आ-आफ्ना छोराहरूको व्यवहार देखेर दुवै परिवार पछुताउन थाल्नु, आफ्नो जीवन मार्ग, गौरव गाथामा र संस्कार संस्कृतिलाई तिलाञ्जली दिनुपर्ने अवस्थामा पुगेर कथा समाप्त भएको छ । यसरी कथा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले यो कथाको कथानक ढाँचा रैखिक छ ।

**ख) चरित्रचित्रण**

चरित्र भनेको कथाको महत्वपूर्ण अङ्ग हो । चरित्रमार्फत् कथाको कथानक अगाडि बढ्दछ । 'पछुतो' कथामा व्यक्ति चरित्र नभई पारिवारिक चरित्रचित्रण पाइन्छ । यहाँ कृष्णप्रसाद र अमृत कुमारको दुई पारिवारिक संस्कारको चित्रण पाइन्छ । यी दुई आ-आफ्नै संस्कार, संस्कृति र शिक्षामाथि पछुतो गर्न पुगेका परिवर्तनशील मञ्चीय पात्र हुन् ।

कृष्णप्रसादले सधैँ धार्मिक, नैतिक र रूढीवादी संस्कारलाई मात्र अँगालेको छ भने अमृतकुमारले आधुनिक संस्कारलाई मात्र अनुसरण गरेको छ । यसरी समय अन्तरालमा आफूले अनुसरण गरेको मार्ग गलत रहेको निष्कर्षमा पुगेका दुवै पविार समयले दिएको पाठअनुसार परिवर्तन हुने समयसापेक्ष मञ्चीय पात्र हुन् ।

**ग) परिवेश** (**देश, काल र वातावरण**)

'पछुतो' कथामा परिवेशमा स्थानको रूपमा सहरको एउटा घर र प्राङ्गण, मन्दिर आदि ठाउँहरू आएका छन् । समयको रूपमा बिहान, दिउँसो र बेलुका उल्लेख गरिए पनि पृष्ठभूमिमा केही वर्षको समय उल्लेख गरिएको छ । वातावरणको रूपमा धार्मिक, रूढीवादी परम्परा र आधुनिक स्वतन्त्रता जसको प्रभावले सन्तानहरूको जीवनमा उन्नति हुनुपर्नेमा बिग्रिएको र पछुताउनुपरेको छ । आफूले प्रदान गरेको शिक्षादीक्षा र परिवेश गलत रहेको महसुस गरेर अब परिवर्तन गर्नुपर्ने सङ्केत रहेकाले प्रगतिवादी सौन्दर्य सन्दर्भबाट यो कथा उचित देखिन्छ ।

## घ) भाषाशैली

यस कथाको भाषाशैली सामान्य प्रकारको छ । हाम्रो समाजमा आम मान्छेले बोल्ने सभ्य खालको भाषा प्रयोग छ । यस कथामा सरल, सहज, बोधगम्य भाषाको प्रयोग देखिन्छ ।

'पछुतो' कथाको शैली आस्तित्ववादी रहेको छ । सामाजिक यथार्थता पनि यस कथामा प्रस्तुत छ ।

शिवकुमार श्रेष्ठले पात्रअनुरूपको भाषा प्रयोग गरी 'पछुतो' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । भाषिक प्रयोगका दृष्टिबाट 'पछुतो' कथा सफल रहेको छ ।

## ङ) उद्देश्य

यस कथामा मान्छेले समयसापेक्ष चल्नुपर्ने हुन्छ । आफ्ना जीवनमा पुराना तर जीवनोपयोगी नयाँपनको वा आधुनिक संसारको पनि ज्ञान हासिल गर्दा जीवन सफल हुन्छ भन्ने देखाउनु कथाको प्रमुख उद्देश्य रहेको छ । जीवन सुन्दर र सुखमय बनाउन पुराना मात्र नभई आधुनिकता पनि अँगाल्नुपर्ने हुन्छ भने अर्कोतर्फ आधुनिकताको नाममा आफ्नो रीतिरिवाज सबै भुलेर स्वतन्त्रताका लागि आफ्नै जीवन हित विपरीत कार्य क्षणिक लाभ उठाउन खोज्दा पनि नराम्रै परिणाम आउँछ भन्ने चेतना दिने उद्देश्य रहेको छ । जीवनलाई राम्रो, शिक्षित, सुन्दर र आदर्शपूर्वक बनाउन पुराना र नयाँ दुवै रितिरिवाज अँगाल्दै अघि बढ्नुपर्छ भन्ने सन्देश दिनु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

## च) दृष्टिविन्दु

'पछुतो' कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दु रहेको छ । यस कथामा दृष्टिकेन्द्रित चरित्रका रूपमा कृष्णप्रसाद र अमृत कुमारको परिवार आएको छ । कथामा यिनै दुई परिवारको पारिवारिक संस्कारको वरिपरि कथानकताले फन्को मारेको छ । समाख्याता कथाभन्दा बाहिरै बसी यी दुई परिवारमार्फत् (संस्कार, संस्कृति, शिक्षा आदिको) सोचाइ, भोगाइ र चिन्तन व्यक्त गरेका छन् । त्यसैले 'पछुतो' कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ३.४.१२.३. शीर्षक सार्थकता

'पछुतो' कथाको शीर्षक सार्थक छ । समाजमा मान्छे आ-आफ्नै स्वभावका हुनु, आफूले जानेका र देखेको संस्कारको मात्र शिक्षा आफ्ना सन्तानलाई दिन खोज्नु राम्रो पक्ष होइन । सन्तान भनेको काँचो माटोजस्तै हुन् । उनीहरू जस्तो परिवेशमा जन्मे, हुर्के, त्यस्तै व्यवहार उनीहरूको हुन्छ । समग्रमा 'पछुतो' कथाका दुवै परिवारले आफ्नै संस्कार राम्रो अन्यत्र केही चाहिँदैन भन्ने सोचेर आफ्ना सन्तानलाई शिक्षा दिनु, सन्तानहरू आफ्ना बाबुआमाबाट पाएको शिक्षा र संस्कारको अनुसरण गर्दै-गर्दै जाँदा दुवै परिवारका सन्तानले स्वर्णिम भविष्य प्राप्त गर्न सक्दैनन् । उनीहरूको भविष्य निष्पट्ट अँध्यारो देखिएकाले दुवै परिवार एउटै ठाउँमा भेला भएर आफ्नो संस्कार, संस्कृति र शिक्षालाई नकार्दै पछुताएकाले पनि कथाको शीर्षक सार्थक छ । यस कथाको चरित्र, परिवेश, भाषाशैली आदिका आधारमा पनि कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.१३ 'एक नम्बर' कथाको विश्लेषण

### ३.४.१३.१ पृष्ठभूमि

२०५३ कार्तिक-पुस, ६ पूर्णाङ्कमा सातौँ कथाको रूपमा प्रकाशित 'एक नम्बर' कथा हो । यस कथाका रचनाकार घनश्याम ढकाल हुन् । 'एक नम्बर' कथा देश र जनताका नाममा व्यक्तिगत रूपमा चल्ने होडबाजीको उचित रूपमा व्यङ्ग्य गएिको व्यङ्ग्यात्मक कथा हो । भुवन सरको सेरोफेरोमा केन्द्रित यस कथामा नेपालका क्रान्तिकारी व्यक्तिगत राजनैतिक माहोल र पार्टी प्रतिबद्धतालाई यथार्थ रूपमा व्यक्त गरिएको छ ।

### ३.४.१३.२. कथा तत्वका आधारमा 'एक नम्बर' कथा

**क) कथानक**

कथानक खास क्रममा राखिएका घटनाहरूका कार्यकरण शृङ्खला सहितको व्यवस्थित ढाँचा हो । (बराल :२०६९:५६) 'एक नम्बर' कथाले नेपालको राजनैतिक वातावरण र बुद्धिजीवी, शिक्षक, प्राध्यापकको कुटनैतिकतालाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको 'म' (मनोज) पात्र विद्यार्थी हो भने भुवन सर क्याम्पसका प्राध्यापक

हुन् । कथामा भुवन सरकै केन्द्रीयतामा कथानकताले फन्को मारेको छ । भुवन सर क्याम्पसका पढाउने बुद्धिजीवी व्यक्ति हुन् । उनको व्यक्तित्व अद्वितीय, क्रान्तिकारी, बुद्धिजीवी, कुशल राजनीतिज्ञ छ ।

भुवन सर अद्वितीय क्रन्तिकारी, क्रान्तिविद्या जन्मँदै आर्जन गरेको । सबैतिर भुवन सरको चर्चा छ । उहाँको विद्यार्थी बन्न सबैको रहर हुने । सर कस्तो हुनुहुन्छ होला ? क्याम्पसका सुरुका दिनहरूमा म पात्रलाई भुवन सरको प्रतीक्षा निकै उत्साहपूर्वक लाग्छ । दिनहरू बित्ने क्रममा क्याम्पसका कक्षाहरू सुचारु हुन थाले । भुवन सर कक्षामा प्रथम पटक आउँदा सुनेको भन्दा सयगुणा बढी लाग्छ । म पात्रले सरका कक्षाहरूमा संलग्न हुँदै जाँदा सरको व्यक्तित्वले गर्दा मनोजलाई धेरै प्रभाव पार्छ । सरले पढाउने विषय अलि अप्ठ्यारो नै भएकाले मनोजले विषयगत सल्लाह लिने निहुँ बनाएर सरको घर जान्छ । भुवन सरले मनोजलाई क्याम्पसको वातावरण ठीक नभएकाले सतर्क रहन आग्रह गर्दछन् । क्याम्पसमा मण्डले, प्रतिक्रियावादी, गद्दार, संशोधनवादी, गुप्तचर, अवसरवादीहरू रहेको जानकारी दिन्छन् । मनोजले म तीमध्ये जो पनि हुन सक्ने भाव व्यक्त गर्दा त्यस्ता मान्छे आफूसामु टिक्न नसक्ने जनाउँदछन् । सरको सम्पर्कमा लगातार रहँदा मनोजलाई सरको सहज भाव, क्रान्तिकारी व्यक्तित्व आदिले गर्दा सर धेरै आदर्श व्यक्ति लाग्न थाल्दछ । सरसँगको बाक्लो आवतजावत्ले भुवन सर एक नम्बरको क्रान्तिकारी मात्र होइन आफ्नो जिल्लामा एक नम्बरको नेता पनि रहेको थाहा हुन्छ । अब सर एक नम्बरको क्रान्तिकारी नेता र विद्वान् हुनुभयो । सर सबैतिर आफूमा क्रान्तिले व्याप्तता पाएको कुरा उहाँको मुखमा झुन्डिएका मण्डले, दलाल, गद्दार आदि शब्दहरूले प्रस्ट पार्थ्यो । भुवन सरका जीवनका प्रत्येक कणकणमा क्रान्ति भाव झल्कनु, सडक, चिया पसल, कक्षाकोठा, अफिस, चउर, सिँढी, सानाठूला भेला जताततै भुवन सरको क्रान्तिले उचाइ छुन थाल्यो । भुवन सरको आफू एक नम्बरमा नै रहनुपर्ने र रहनको लागि गरिने तर्क सधैँ एक नम्बरकै हुन थाले । निशान्त सर, रमेश सर, उमेश सर, सुरेश सरले लाएको, खाएको, हिँडेको सानोभन्दा सानो कुराहरूमा उनीहरूलाई तल पारेर आफू एक नम्बरकै हुनुपर्ने भुवन सरको बानी नै भयो । विद्वŒव व्यक्ति भएर पनि आफू एक नम्बरमा नै रहनुपर्ने मान्यताले गर्दा उहाँलाई बिस्तार-बिस्तारै व्यक्तिवादी बनाउँदै लगेको थियो । भुवन सरलाई रमेश र सुरेश सरको प्रगतिमा कताकता डाह हुन थाल्दछ । आफू र आफ्नो कुरा मात्र सही अरूको काम सधैँ नराम्रो देख्ने र अरूलाई नराम्रो मात्रै भन्दछन् :

"मलाई केको बधाइ ? चाकरी गरेर पदोन्नति हुनेलाई दिए हुन्छ ।", "पानी पनि के जैसी बाहुनले मोही तन्काएझैं पिएको ?", "कामीको जन्त जाने पोसाकमा आएछौ नि आज त ?" (पृः ८४)

यस्तो अनावश्यक रूपमा एक नम्बर बन्ने होडमा भुवन सरको क्रान्ति र विद्वत्तामा सबैले प्रश्न गर्न थाल्दछन् । सबैले शङ्काको दृष्टिले भुवन सरलाई हेर्दछन् ।

सबै ठाउँमा सामेल भएर आफू एक नम्बरकै हुनुपर्ने भुवन सर आफूले भनेको पार्टीले नमानेपछि राजनीति र क्रान्तिकारी व्यक्तित्व त्यागेर व्यक्तिवादी जीवन निर्वाह गर्न थाल्दछन् । कहीँ कतै पनि देखिन छाडेका भुवन सरको चर्चा बढ्न थाल्यो । मान्छेहरूले अनुमान लगाउन थाले :

"भुवन सर फेरिनुभएको छ ।", "सर त झन् स्पातिलो बन्दै जानुभएको छ ।", "सर त भूमिगत हुनुभो ।", "क्रान्तिमा पी.एच.डी. गर्दै हुनुहुन्छ ।", "आफूलाई सबभन्दा क्रान्तिकारी भन्ने मान्छे कुन अवसरवादी पार्टीमा जानुहुन्छ होला र ?" आदि । (पृः ८५)

म पात्रको भुवन सरसँग भेट नभएको तीन चार वर्ष भइसकेको छ । भुवन सर गगनचुम्बी महलमा आलिसान जीवन व्यतीत गर्दै जुवामा रमाउन थालेका थिए । यसको प्रमुख कारण पार्टीको जागिर छाडेर पूर्णतः राजनीतिमा सामेल हुनुपर्ने पार्टीको निर्णयको अनुसरण गर्न नमान्नु थियो । जागिर पनि छोड्न नमान्ने र पार्टीमा पनि एक नम्बरमा आफूनै रहनुपर्ने हठका कारण भुवन सर पलायन भएका थिए । भुवन सरले आफ्नो जीवनमा आफूलाई मात्र राम्रो बनाउन सच्चा, त्यागी, इमान्दार र देशभक्त नेता सुरेश, रमेश आदिलाई अरूका सामुन्ने चाकडी, चाप्लुसी, हनुमान, दास, पोष्यपुत्र आदि बिल्ला लगाएर खल पात्र चित्रित गरिदिएका थिए । भुवन सरमा पार्टीले भूमिगत आन्दोलन थालेपछि राष्ट्रका लागि शहिद भएका सुरेश र जेल चलान भएका रमेशप्रति सकारात्मक नभई नकारात्मक धारणा नै हावी हुन्छ र खुसियालीमा भोजको आयोजना गर्दछन् र आफू मात्र एक नम्बरमा रहको वा पुगेको धारणा प्रकट गर्दछन् । जस्तै :

"कोसँग मिल्नु ? संसारमा ठूलो मभन्दा कोही छैन । यी पाजी फिस्टा भुसुनासँग मिलेर तुक छैन ।"(पृः ८८) भुवन सरको क्रान्तिकारीतालाई सबैले व्यङ्ग्यपूर्ण प्रशंसा गरे ।

मनोजको कानमा कसैले भुवन सरमा व्यक्तिवादी पागलपन बढेको बतायो । उपस्थित प्रायः र मनोजले पेट दुखेको बाहना बनाएर भोज बहिष्कार गरेर हिँड्दछन् र कथानकको अन्त्य हुन्छ ।

'एक नम्बर' कथाको कथानकको आदि भागमा भुवन सरको जतातते चर्चा रहनु, म पात्र क्याम्पस भर्ना हुनु, म पात्र भुवन सरसँग अत्यन्त प्रभावित रहनु, उसको क्रान्तिकारित्व र एक नम्बरमा आफूमात्र रहनुपर्ने शैलीले निरन्तरता पाइरहनु सम्मको घटना आएको छ । मध्य भागमा अरूलाई नराम्रो मात्र देख्ने अरूको सत्य र आदर्शलाई स्वीकार्न नसक्ने भुवन सर सुरेश र रमेशलाई समाजमा खल नायकमा वा झुटा व्यक्तिमा रूपान्तरण गरिदिनु, आफ्नो कुरा माथि हुन नपाएकोले सिङ्गो पार्टीको निर्णय नै अस्वीकार गरेर व्यक्तिगत जीवनमा लीन हुनु, सभा, सम्मेलनमा उपस्थित हुन छाड्नु, पार्टी र पार्टीमा सामेल नेतालाई बाँदर, दलाल, पोष्यपुत्र, हनुमान, मण्डले, अवसरवादी, गुप्तचर आदिको संज्ञा निरन्तर प्रवाह गरिरहनु, पार्टीले जनसङ्ग्राम थाल्नु, भुवन सरले त्यसमा सामेल नहुनु, रमेश समातिनु र सुरेश मारिनुमा भोजको आयोजना गरेको अभिव्यक्ति दिनुसम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । कथानकको अन्त्य भागमा सबै सामु आफू हिजो भनेको जस्तो क्रान्तिकारी व्यक्तित्व नभई स्वार्थी व्यक्तिवादी भएको प्रमाणित सबैसामु गरिदिनु सम्मको घटना रहेको छ । यसरी यस कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

**ख) चरित्रचित्रण**

'एक नम्बर' कथामा कार्यका आधारमा मुख्य र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

यस कथाको मुख्य पात्र भुवन सर क्याम्पस पढाउने विद्वान् व्यक्ति हुन् भने आफ्नो जिल्लाका र पार्टीको एक नम्बरको क्रान्तिकारी राजनीतिज्ञ व्यक्ति हुन् । सबै ठाउँमा आफूले चाहिँ सङ्घर्ष र क्रान्ति गरेर सफल भएँ भन्ने भुवन सर अर्काको उन्नतिमा नजानिँदो तरिकाले डाह गर्ने, अर्काको निन्दा गरिहाल्न अघि सर्ने, नायक भएर पनि खलनायकको भूमिकामा देखा परेका केन्द्रीय पात्र हुन् । आफ्नो बोली नै पिच्छे आफ्ना सहकर्मी

साथीहरूलाई मण्डले, प्रतिक्रियावादी, गद्दार, संसोधनवादी, दलाल, अवसरवादी, खतरनाक, गुप्तचर, हनुमान आदिको बिल्ला लगाएर क्रान्तिकारी साथीहरूलाई भेटघाट भएको समयमा हप्काउने, नचाहिने टिप्पणी गर्ने अरूलाई कमजोर देखाउने गर्दछन् । "जहाँ रहेर भए पनि क्रान्तिले निरन्तरता पाउनुपर्छ ।" (पृ:८४) भन्ने भुवन सर पार्टी राजनीति र क्याम्पसको जागिर दुबैमा सामेल हुन चाहन्छन् । पार्टीको योजनाअनुसार नेतृत्वमा वा पार्टीमा संलग्न व्यक्तिले पूर्णकालीन राजनीतिमा लाग्नुपर्ने निर्णय भयो । तर भुवन सरले जागिरे जीवन त्याग्न नमानेर अझ दुवै क्षेत्रमा उमेरका आधारमा आफू नै एक नम्बरमा रहनुपर्ने प्रतिक्रिया दिए । जागिरे जीवन अँगालेका भुवन सर बिस्तारै राजनीतिमा निष्क्रिय बन्दै आलिसान जीवन बिताउन थाल्दछन् । जन सङ्ग्राममा शहिद भएका सुरेश र पक्डिएका रमेशको अवस्थामा खुसी भई घरमा भोजको आयोजना गर्दछन् । यी घटनाले आफू हर्षविभोर भएको जानकारी पनि खुलेरै दिन्छन् । संसारमा आफूभन्दा ठूलो कोही नभएको जानकारी गराउँदछन् र उनको अन्तरमा क्रान्तित्व नभई व्यक्तिवादी, स्वार्थीपना सलबलाइ रहेको प्रस्ट हुन्छ । सुरुदेखि अन्त्यसम्म एकै प्रवृत्ति रहेको भुवन स्थिर मञ्चीय पात्र हो । नायक भएर पनि समाजमा प्रेरणा दिनको साटो उल्टै स्वार्थमा डुबेर पतनोन्मुख बाटो रोज्ने बद्ध पात्र हुन् ।

प्रस्तुत कथामा म पात्र, रमेश, सुरेश, हेमन्त, निशान्त सहायक पात्रका रूपमा उपस्थित छन् । म पात्र (मनोज) भुवन सरको चरित्र वर्णन गर्ने र कथानकलाई अगाडि बढाउन सरसँग बेलाबखत अन्तरक्रिया गर्ने प्रमुख सहायक पात्र हो । भुवन सरका सम्पूर्ण कार्यको जानकारी दिने प्रमुख सहायक पात्र 'म' सत्य र राम्रो कुराको समर्थन गर्ने बद्ध मञ्चीय पात्र हो । रमेश, सुरेश, हेमन्त, निशान्त समान स्तरका तर भुवन सरको नजरमा सधैँ खल पात्रको रूपमा देखा परेका र भुवन सबाट आलोचित रहेका सहायक पात्र हुन् । यिनीहरू भुवन सरको वास्ता नगरी आफ्नो कार्यमा निरन्तर अघि बढ्ने सत्पात्र हुन् । यिनैको सहायताले कथानक विकासमा सफलता प्राप्त गरेको छ । गौण पात्रका रूपमा सरको चर्चा गर्ने मानिसहरू भोजमा सामेल व्यक्तिहरू आएका छन् ।

**ग) परिवेश (देश, काल र वातावरण)**

'एक नम्बर' कथाको परिवेश हेर्दा स्थानका रूपमा क्याम्पस, चिया पसल, दोबाटो, भुवन सरको घर आएको छ । समयका रूपमा केही वर्ष वा ५-६ वर्षको लामो समय आएको छ । बिहान, दिउँसो र साँझको समय पनि उल्लेख गरिएको छ । वातावरणको रूपमा सहरी सामन्तवादी र व्यक्तिवादी सोचाइ हावी हुनुपर्ने र राजनैतिक प्रभाव छ । सधैँ अरूलाई नराम्रो देख्ने, आफूभन्दा कान्छो मान्छे अघि बढेको देखि नसक्नु, अरू जनताको लागि शहिद बनिसक्दा पनि सकारात्मक सोचाइ नराख्नु र रात्रीभोजको आयोजना गर्नुले भुवन सरको अस्तित्व हराउँदै छ र पलायनमुखी चरित्र अनुरूप परिवेश उपयुक्त छ । समग्र कथानकता, पात्र व्यवहार हेर्दा र अन्त्यमा रातको समय उल्लेख गर्नुले पनि कथा अनुरूप परिवेश उपयुक्त रहेको छ ।

**घ) भाषाशैली**

'एक नम्बर' कथाको भाषाशैली विशिष्ट खालको छ । यस कथामा राजनैतिक भाषाको प्रयोगको बढी छ । राजनैतिक घुमाउरो भाषाको प्रयोग पाइन्छ । कुटनैतिक र राजनैतिक जालोमा आफ्नो स्वार्थ छिपाउने भाषाको प्रयोग देखिन्छ :

> "मलाई केको बधाइ ? चाकरी गरेर पदोन्नति हुनेलाई दिए हुन्छ ।"; मण्डले, दलाल, प्रतिक्रियावादी, संशोधनवादी आदि । (पृ:८४)
> क्रान्तिकारी, एक नम्बरको नेता, क्षेत्र, जनसङ्ग्राम, शहिद, पार्टी आदि ।

यस कथामा अलङ्कारयुक्त कविताको पनि प्रयोग पाइन्छ :

> "चाकरीबाज दलाल, सबले यो पार्टी भरियो ।
> ती पोष्यपुत्र दासले गर्दा क्रान्ति नै रोकियो ।"

यस कथामा निम्न स्तरका भाषिक प्रयोग पनि यदाकदा पाइन्छ : पाजी, गद्दार, "कामीको जन्त जाने पोषाकमा आएछौ नि ।" (पृ: ८४-८६) आदि ।

'एक नम्बर' कथाको शैली अस्तित्ववादी रहेको छ । राजनैतिक, यथार्थवादी, नेपाली राजनैतिक र व्यक्तिवादी सोचाइ हावी भएको यथार्थवादी शैली पनि प्रयोग भएको छ । म पात्रले भुवन सरको चारित्रिकता वर्णन गरेकाले यो कथाको शैली विवरणात्मक पनि रहेको

छ । यसरी पात्र र परिवेश अनुसारको भाषिक प्रयोगका दृष्टिले 'एक नम्बर' कथा उत्कृष्ट रहेको छ ।

### ङ) उद्देश्य

'एक नम्बर' कथाको उद्देश्यका रूपमा हाम्रो समाजमा एक नम्बर बन्ने होडमा मान्छेले के-कस्तो नाटकीय व्यवहार गर्छ । उन्नतिमा लाग्न लागेको देखेर कसरी खुट्टा तान्ने गर्दछ भन्ने यथार्थता प्रस्तुत गर्नु रहेको छ । नेपाली समाज, राजनैतिक परिवेशमा आफ्नो स्वार्थ र व्यक्तिवादी स्वार्थ हावी हुन चाहनेले आफूबाहेक अरू सबैलाई खराब, चाकरीबाज आदि सम्झने गर्छ । क्रान्ति, राजनीति र एउटा संस्थामा जिम्मेवारीपूर्वक काम गर्ने व्यक्तिले समाजमा ढोँग र नाटकीय स्वरूप देखाएर कसरी अरूको बदनाम गर्छ । आफूले भनेको र आफू सबैभन्दा माथि रहन नपाएपछि मान्छेले कसरी अरूको मृत्युमा समेत भोज र खुसी मनाउन सक्छ भन्ने कुरा भुवन सरको चरित्रले स्पष्ट पारेको छ । यसरी यस कथाले सबै तहसनहस पारेर पनि व्यक्ति स्वार्थ, व्यक्तिवादी प्रवृत्ति पूरा गर्न मान्छे कसरी देखाउने एउटा तर भित्र अर्को व्यवहार गर्दछ भन्ने देखाउनु यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

'एक नम्बर' कथा आन्तरिक परिधीय दृष्टिविन्दूमा संरचित छ । 'म' (मनोज) पात्रले भुवन सरको कथा भनेकाले आन्तरिक परिधीय दृष्टिविन्दुको उचित प्रयोग पाइन्छ । परिधीय पात्र म र केन्द्रीय पात्र भुवन सर हुन् । भुवन सरलाई केन्द्र बनाएर लेखिएको प्रस्तुत कथामा भुवन सरकै केन्द्रीयतामा कथानकले फन्को मारेको छ । अरू पात्रलाई खासै ध्यान दिइएको छैन । त्यसैले यस कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ३.४.१३.३ शीर्षक सार्थकता

'एक नम्बर' कथाको शीर्षक सार्थक रहेको छ । यस कथाका भुवन सर सदैव आफूलाई एक नम्बरमा देखाउन प्रयत्नरत रहन्छन् । व्यवहार र कार्यले एक नम्बरमा आउन सकेनन् भने उनी अरूलाई खोट लगाउने, मण्डले, दलाल, दुई नम्बरी, भ्रष्ट, घुसखोरी गरेको आरोप लगाएर आफू त्यो हुन नसक्ने भन्दै एक नम्बरमा नै रहने गर्दछन् ।

आफू एक नम्बरमा रहन नपाएकाले वा आफू पार्टी र कलेजको कार्यमा निष्क्रिय भई व्यक्तिवादी वा पारिवारिक जीवनमा लीन हुन्छन् । अरूले यसबारे केही प्रश्न गरिहाले भने आफू भ्रष्ट र दलाले मण्डलेको गुलाम नबन्ने बरु साझा जीवन बिताउने अभिव्यक्ति दिन्छन् । आफूभन्दा साना उमेरका रमेश र सुरेशले पूर्ण रूपमा पार्टीमा सामेल हुने प्रतिबद्धता र जागिरबाट राजिनामा लिँदा भुवन सर भने जागिर नत्यागेरै पार्टीको प्रमुख बन्न नपाएकोमा आक्रोश भावसहित पार्टी त्याग गर्दछन् । रमेश र सुरेशलाई अनेकन उपनाम दिँदै एक नम्बर बन्ने प्रयत्न गर्दछन् । पार्टीले भूमिगत आन्दोलन थालेको केही समयमा उनले एउटा साँझकालीन भोजको आयोजना गर्दछन् । उक्त कार्यक्रममा सुरेश मारिनु र रमेशलाई प्रहरीले पक्डिएकोमा आफू अत्यन्त हर्षित भएको घोषणा गर्छ र आफू एक नम्बरमा नै रहेको कुरा व्यक्त गर्छ । यसरी व्यक्तिवादी अहमताले गाँजेको भुवन सर समाजमा प्राप्त सबै मानसम्मान र इज्जत गुमाएर व्यक्तिवादी स्वार्थपूर्ति गर्न सफल भएकाले कथाको शीर्षक सार्थक छ । यस कथामा चरित्र, परिवेश, भाषाशैली आदिका आधारमा पनि कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.१४ 'सुखी परिवार' कथाको विश्लेषण

#### ३.४.१४.१ पृष्ठभूमि

प्रलेसले स्वदेशी मात्र नभई विदेशी लेख रचनाहरूलाई आफ्ना पत्रिकाको विभिन्न अङ्कहरूमा समावेश गरिएको देखिन्छ । भाषानुवाद गरी प्रलेस वर्ष ४, पूर्णाङ्क ६, कार्तिक-पुष २०५३ मा 'सुखी परिवार' नामक चिनियाँ कथाकार 'ल्यू सुन'को कथालाई नेपाली भावानुवादक (भाषा–अनुवादक) विष्णु प्रभातले नेपाली भाषामा (२०५३/१२/२७) मा उक्त कथा अनुवाद गरेका हुन् । यस कथामा चिनियाँ तत्कालिन समाजको वास्तविकता उल्लेख गर्न खोजिएको छ । चिनमा लेखकहरूको अवस्थाको पनि यस कथामा यथार्थ चित्रण गर्न खोजिएको छ ।

#### ३.४.१४.२ कथा तत्वका आधारमा 'सुखी परिवार' कथा

## क)  कथानक

'सुखी परिवार' कथाले चिनको निम्न वर्गीय समाज, समाजमा युवाको समस्या र समग्र चिनको तत्कालीन अवस्थालाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको लेखक कम मूल्यमा आफ्नो लेख रचना बेचेर परिवारको गुजारा चलाउने निम्न आर्थिक अवस्था भएको व्यक्ति हो । यसै पात्रको वरपर कथा केन्द्रित रहेको ।

लेखक शब्दको विषयमा अनेकौं विचारमा आँउछ । लेखक सूर्यको किरण जस्तै असीमित चमकयुक्त हुन्छ । कला नै वास्तविक कला र लेख नै सच्चा कलाकार हुन् । यस्तैयस्तै सौच्दासोच्दै के भन्ने आफ्नो बारेमा लेखक जुर्मुराउँदै ओछ्यानबाट उठ्दछन् । आफ्नो परिवारको लागि केही कमाउनुपर्छ ,त्यसको लागि केही न केही लेख्नैपर्छ । लेखकले विचार गरे यसपटक अलि राम्रो विषयमा लेख लेखेर सुखदा मासिकलाई दिन्छु । त्यसले पारिश्रमिकतामा केही उदार भाव देखाउँछ । लेखक यसपालि सीमित विषयमै भए पनि धेरै राम्रो लेख लेख्ने निश्चय गर्दछन् । समाजमा नयाँ पिंढीका निमित्त धेरै समस्या छन् । ती मध्ये कुनै एक विषयलाई लिने निश्चय गरे । लेखकले कुर्सीमा बस्दै शीर्षक लेखे 'सुखी परिवार'। लेखक सोच्न थाले यो सुखी परिवारको लागि कस्तो सहर(ठाउँ) र परिस्थिति सोच्ने । उनले चिनका धेरै सहरहरू सोचे सम्झे तर कुनै यस्तो ठाउँ भेटेनन् । कहीँ गृह युद्ध, कहीं महंगी, कहीँ लुटेरा बढी लाग्ने इत्यादि समस्या । समस्या नभएको शान्त र सुखी परिवारको लागी उपयुक्त वातावरण नभेटेपछि उनले ठाउँ पछि चयन गर्ने निधो गरे । सुखी परिवारमा प्रेमपूर्ण ४०–४५ सर्त अनुसार विवाह भएको, दुबै उच्च शिक्षा हासिल गरेका कुलीन र सुसंस्कृत घरानका छन् । दुबैको सम्बन्ध पूर्ण समानता र स्वतन्त्रतामा आधारित छ । युरोपमा शिक्षा हासिल गरेका पति युरोपेली फेशन गर्ने, पत्नी स्वदेशी फेशन गर्ने । लेखकको कोठाबाहिर झर्किलो स्वरमा पुरा बाह्र सेर छ भन्दै कराएको आवाज सुनिन्छ । लेखकको ध्यान बाहिरतिर गयो । लेखकले आफ्नो ध्यान बाहिरतिर लगाए । दाउरा बिसाएको आवाज आयो । लेखकले आफ्नो ध्यान कागजमा नै लगाए । सुखी परिवारका मानिसहरू सुसंस्कृत रहेकाले उनीहरूको रुची कला र साहित्यमा हुनुपर्छ । लेखक सोच्दछ उनीहरू कस्ता खालका किताब, कुन लेखकका रचना मन पराउँछन् । सुखी परिवारमा पति पत्नी दुबैलाई सुहाउँदो 'आदर्शपति' नामक पुस्तक पढ्दछन् । दुबैका लागि छुट्टाछुट्टै प्रति हुन्छन् । लेखक टेबलमा हात राखेर सोच्न थाल्दछन् ।

दिउँसोको खानामा के खान्छन् । सफा चाँदर ओछ्याएको आकर्षक टेबलमा भान्छेले खाना पस्किरहेको हुन्छ । “साँडे बाह्र सेर के हो यो ? साँडे बाह्र सेर ।” (पृ:३१) । लेखकको ध्यान बाहिरियो । ध्यान केन्द्रित गर्दै चिनियाँ खानालाई युरोपका मान्छेहरूले धेरै राम्रो, स्वादिष्ट, निरोगी हुन्छ भन्दछन् तर सुरुमा के पस्किने ? प्रश्न रह्यो । यति नै बेला लेखकको ठीक पछिबाट दाउरा भन्ने शब्द सुनिन्छ । लेखक मन नपरेको स्वरमा के भयो भन्दै आफ्नी जहानसँग रुखो स्वरमा बोल्दछन् । जहानले घरमा दाउरा नभएर किनेको पैसाको हिसाब मिल्दैन के गर्ने र कति दिने भन्दै सोध्छे । आफूलाई बाधा परेको लेखकलाई मन पर्दैन । हुन्छ मिलाएर देऊ । हिसाबको कुरामा अल्मलिए लेखक । श्रीमतीलाई पैसा दिएर पठाए उनले फेरि ध्यान लेखनमै लगाए तर ध्यान केन्द्रित गर्न सकेनन् । लामो सास फेरे केही हलुको भएको महसुस गरे । फेरि लेखकको ध्यान सुखी परिवारको खानामा पुग्यो । अजिंगर र बाघ (पृ:३१) । यो जुन प्रान्तमा बसे पनि सुखी परिवारले खान सक्ने भए । दुबैले एक अर्कालाई आदरभावसहित खान अनुरोध गर्दछन् र खान सुरु गर्दछन् । कति सर्प, बाघ भन्ने उनीहरूमा पाहा र बाम माछा खान सुरु गर्दछन् । लेखकलाई बाहिर मान्छेको भीड, हल्लाखल्लाले अशान्त बनाइदियो । शीर्षक यति राम्रो छ तर विषयवस्तु बिग्रँदै गएजस्तो लाग्छ । कथामा युवायुवती (पति पत्नी) किन विदेश गएर पढ्नुपऱ्यो चिनमा पनि प्रशस्त उच्च शिक्षा हासिल गर्न सक्ने विश्वविद्यालय छन् । आफ्नै देशको राम्रा फेशनहरू छन् । पति लेखक र पत्नी साहित्यकार हुन सक्छन् । दुबै जना नारी समाजप्रति आदरभाव ओतप्रोत भएका हुन सक्छन् । लेखक बाह्य ध्यानबाट विमुख हुन सकेनन् । उनले पछाडि फर्केर हेरे । दराजको कुनामा ठुलाठुला गोविहरू थुपारिएका छन । त्रिकोण आकारको त्यो गोविहरू देखेर लेखकलाई दिक्क लाग्यो । आफूलाई संयम पार्दै फेरी ध्यान एकाग्र गर्दै सुखी परिवारको घरमा प्रशस्त कोठा, राम्राराम्रा फर्निचरहरू, साझा र आकर्षक कोठाहरू रहनुपर्छ । लेखकको नजर आफू सुत्ने खाटमुनि पुग्दछ । आफ्नो खाटमुनि दाउरा राखेको, दाउरा सकिएर फोहोर मात्र बाँकी रहेको तर एकछिनमा फेरि त्यँहा दाउरा भरिदिइन्छ । लेखकलाई टाउको दुखेर फुट्न खोज्छ । लेखकलाई ढोका बन्द गर्न मन लाग्छ तर त्यसो गर्नु ज्यादै अन्याय हुने सोच्दै पर्दा मात्र खसाली दिन्छन् । यसरी ढोका बन्द गर्दा आफैंलाई कैदी बनाउनु हो । ढोका खुल्लै रहे पनि दिक्दारीबाट छुटकारा मिलेको छ लेखकलाई । सोच्दछ यसो गर्नु मध्यममार्गी सिद्धान्त अनुरूपकै छ ।

सुखी परिवारको घरमा पतिकै स्वअध्ययन कोठामा सधै ढोका लगाइएको हुन्छ । भित्र जान सबैले (श्रीमतीले पनि) अनुमति लिनुपर्ने छ । पतिको स्वअध्ययन कोठामा साहित्यको लागि चर्चा गर्न चाहन्छिन् तर ढोकामा सङ्केत दिनैपर्छ । पत्नीले गोवि भण्डार गर्ने छैनन् । श्रीमानले सहजै स्वीकार गर्ने छन् । पति समय व्यस्तता भए तापनि उसले पत्नीले समय मागे पछि दिनेछन् । 'आदर्श पति' नामका किताबमा पनि यस्तै होला । यो लेखको पैसा आएपछि त्यो पुस्तक किन्ने विचार राख्दछन् ।

बाहिर झड्याम्म पिटेको आवाज सुनिन्छ । लेखकले सहज अनुमान लगाइ हाले । तीन वर्षे छोरीलाई आमाले पिटीहोली । सुखी परिवारमा सन्तान विवाहको लामो अन्तरपछि होस्, अझ बच्चानै नभए राम्रो । उनीहरूको दम्पती कुनै होटलमा रहून ,सारा व्यवस्था होटेलले नै मिलाई देवस् । पति पत्नी स्वतन्त्र भएर बस्ने गरून् । लेखककी छोरी झन चर्को आवाजमा रोएको सुनियो । लेखक पर्दा उघारेर बाहिर जाँदै थिए उनलाई याद आयो- 'कार्लमाक्स' जब आफ्नो महान ग्रन्थ 'पूँजी' लेखिरहेका थिए त उनका बच्चाहरू वरिपरि रुँदै र चिल्लाउँदै रहन्थे । तर पनि उनले ग्रन्थलाई पूरा गरे । अवश्य नै असाधारण मान्छे थिए होला..........।' (पृ:३३) । छोरी लेखकलाई देख्ने बित्तिकै झन चिच्याएर रुन थाली । लेखक छोरीलाई फकाउन थाले । पत्नीलाई हेरे, रिसले निलो कालो हुँदै छोरीले लालटेन फुटाइदिएको जानकारी गराइन् । साँझ बाल्ने बत्तीको अभाव भयो । लेखकले पत्नीलाई ध्यानै दिएनन् । छोरीलाई भित्र लगेर फकाउन थाले । बच्ची हाँस्न थाली तर उसका आँखामा अझै आँसु थियो । सुशील चेहरा । लेखकलाई आफ्नी श्रीमतीको ५ वर्ष अगाडिको चेहरा त्यस्तै लाग्थ्यो । केही वर्ष अगाडि जाडो मौसमका दिनमा श्रीमतीलाई हेरेर भनेका थिए कि कुनै पनि विध्नबाधालाई पार गरेरै उसलाई खुसी दिनेछु । उसको लागि जस्तोसुकै बलिदान गर्न पनि तयार छु । उसकी श्रीमतीले आँखाभरी आँसु पारेर सरल मुस्कान दिएकी थिई । कस्तो अबोध थियो त्यो चेहरा । त्यो सम्झना हुने बित्तिकै लेखकलाई नशा लागेझैं भयो । लेखककी श्रीमती पर्दा उघारेर दाउरा ल्याउन थालिन् । लेखकले आफूलाई सम्हाले । अहिले श्रीमतीको घर, व्यवहार, नुन, तेल, दाउरा आदि भन्दै दु:ख र अभाव, विरहले निभ्न लागेको आँखा ।

लेखकले अप्ठेरो मान्दै टेबलमाथिको धर्कावाला कागज उचाले । कागजमा कथाको शीर्षक त्यसपछि तल दाउराको हिसाब गरिएको थियो । उनले त्यो कागजलाई डल्लो पारेर

□याँकिदिए । छोरीलाई खेल्न बाहिर पठाइदिए । लेखकलाई छोरीमाथि दया आयो । छोरीतर्फ हेर्न थाले । खाटमुनि दाउरा राखेको आवाज आइरहेको थियो । लेखक एकाग्र हुन टेबुलमाथि फर्केर आँखा चिम्लन थाले । उनका आँखा अगाडि अनारको रङ्गको बाटुलो फूल घुम्यो र एक आँखाबाट अर्को आँखामा सर्दै बिलायो । फेरि अर्को चम्किलो हरियो फूल आयो । यो बीचमा गाढा नीलो रंगको थियो । बिस्तारै त्यो कोठामा भएको ठूलाठूला गोबीहरू जस्तै ठूलो तीनकुने अंग्रेजीको ए आकारको बनेर आँखासामु आए र कथाको अन्त्य भएको छ ।

यस कथाको आदि भागमा लेखकले आ□नो बारेमा सोच्नुबाट सुरु भई, नयाँ लेख लेखेर सुखदा पत्रिकालाई छाप्न दिने विचार गर्नु, लेख कुनै सामाजिक विषयमा हुनुपर्ने, लेखकले सुखी परिवार शीर्षक चयन गर्नुसम्मको घटना रहेको छ । सुखी परिवारको लागि विभिन्न स्थान चयन गर्नु, तर चिनका धेरै स्थानमा युद्ध भईरहेको अवस्था हुनु, कुनै ए ठाउँ राख्नु, यसरी नै सुखी परिवारको पढाइ, बस्ने घर, उनीहरूको फेसन,उनीहरूको पैसार रुचि, जीवनको सम्पन्नता खानपान आदिका विषयमा सोच्नु ,कथाका विषयका सोच्दैगर्दा घरको बाह्य वातावरण असहज रहनु, एकाग्र भएर लेख्न खोज्नु, छोरी रोएको आवाजले उठ्न बाध्य हुनु, छोरीलाई फकाउन थाल्नु, छोरीका अबोध आँखा र ओठ देखेर केही वर्षअघि पत्नीको अवस्था त्यस्तै रहेको स्मरण हुनु, लेखकलाई त्यो सम्झेर चक्कर आएझैं हुनु, श्रीमतीले कोठामा दाउरा ल्याउदै गर्नु, लेखक सम्हालिनु, छोरीलाई खेल्न पठाएर एकाग्र हुन टेबुलतर्फ फर्कनुसम्मको घटना कथानकको मध्य भागमा आएको छ । यो कथाको चरमोत्कर्ष भाग हो । कथानकको अन्त्य भागमा लेखकले आँखा चिम्लदा आँखामा बुर्बुरे फूलहरू घुम्दै हराउनु, फेरि अर्को चम्किलो हरियो फूल देखापर्दै ठूलाठूला पात गोविमा परिणत हुन्छ । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले रैखिक प्रकारको रहेको छ ।

**ख)** **पात्र/चरित्रचित्रण**

सुखी परिवार कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

लेखक यस कथामा आएको मुख्य पात्र हो । उसले चिनियाँ निम्न वर्गीय लेखकहरूको प्रतिनिधित्व गरेको छ । उसले विभिन्न पत्रपत्रिकामा लेख लेखेर आफ्नो जीवन गुजारा गर्छ । त्यसैले लेखलाई बढी पैसा दिने प्रकाशनतर्फ आकर्षक हुन्छ । ऊ निम्न आर्थिक अवस्था भएको लेखक हो । सानो, साँघुरो घरमा बस्नुपर्ने बाध्यता छ । उसको विपन्नताकै कारणले गर्दा उसको स्वाध्ययन कक्ष, सुत्ने कोठा, दाउरा, तरकारी आदिको भण्डार एउटै छ । लेख, रचना आदि पठनपाठनको लागि उपयुक्त र शान्त वातावरण नै छैन । साँघुरो अशान्त वातावरणमा बसरे लेख लेख्न बाध्य छ । एक श्रीमती छोरी र आफू मात्र भएको सुखी परिवार भए पनि आर्थिक अभावका कारण राम्रो व्यवस्था गर्न सकेको छैन । लेखक एक शिक्षित युवा भएर पनि उपयुक्त रोजगार र लेख रचनाबाट पर्याप्त फाइदा लिन नसक्ने एक निम्न वर्गीय लेखकहरूको प्रतिनिधि पात्र हो । ऊ यस कथाको मञ्चीय बद्ध पात्र हो । ऊ साँघुरो वातावरणमा बसेर पनि महान लेख सिर्जना (साहित्य) गर्न सक्ने एक प्रतिभाशाली व्यक्ति चरित्र हो ।

लेखकको श्रीमती र छोरी यस कथाका सहायक चरित्र हुन् । लेखक लेख्न बसिरहेका बखत बाह्य वातावरणमा खलल पुऱ्याउने कार्य गरेका छन् । यी दुई पात्रका कारण नै लेखकको ध्यान एकाग्र हुन पाएको छैन । यी दुईका कार्यले नै लेखकको पारिवारिक अवस्था उजागर पनि भएको छ । सुखी परिवारका पतिपत्नी पनि सहायक पात्र हुन् । उनीहरू लेखकका सुन्दर सिर्जनाका प्रतिनिधि पात्र हुन् । दाउरा व्यापारी, लुटेराहरू आदि यस कथाका गौण पात्र हुन् ।

**ग) परिवेश (देश, काल र वातावरण)**

यस कथामा परिवेशका रूपमा चिनियाँ समाजको निम्न वर्गीय लेखकको परिवार आएको छ । समयका रूपमा एकदिन दिउँसो लेखकको परिवार आएको छ । युद्ध चलेका केही वर्ष, साँझको समय पृष्ठभूमिमा उल्लेख गरिएको छ । वातावरणको रूपमा देशका विभिन्न भागमा युद्ध चल्नु, सामाजिक सुरक्षा नहुनु, शान्त पारिवारिक जीवन बिताउन नपाउने अवस्था वातावरणको पृष्ठभूमिमा आए तापनि लेखकको गरिबी र अभावपूर्ण, समस्याग्रस्त जीवन पद्धति मुख्य वातावरणको रूपमा आएको छ । लेख लेखेरै जीवन गुजारा गर्नु पर्ने तर लेखको कम मूल्य दिइने भएकाले स्थिति सुध्रनुको साटो सधैं अभावमात्र रहिरहनु । लेखकले आफ्नो जीवनका रहर आफ्ना लेखरचनाका पात्र मार्फत

पूरा गर्न खोज्ने परिवेशको चित्रण पाइन्छ । लेखकको आन्तरिक मनको झिज्याहट र बाह्य वातावरण अशान्त रहेको छ । कथामा बाह्य र पात्रका आन्तरिक मनको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

सुखी परिवार कथामा सरल, सहज, बोधगम्य भाषाको प्रयोग पाइन्छ । भाषिक प्रयोगमा वर्गीय छनक पाइँदैन ।

उस्, छ्या, झङ्याम्म, छुट्टी जस्ता शब्दहरूको प्रयोगले कथामा मिठास भरेको छ ।

सुखी परिवार कथामा ल्यूसुनका समकालीन एक अन्य उपन्यासकार श्वी छिन् वनको- 'एउटा आदर्श साथी' नामक रचनाको शैलीमा यो कथा लेखिएको छ । यस कथाले तत्कालीन चिनियाँ समाजको सामाजिक यथार्थलाई टड्कारो रूपमा उजागर गरेकाले यस कथामा सामाजिक यथार्थवादी शैली पनि रहेको छ । साधारण खालका भाषिक प्रयोगले कथालाई बोधगम्य बनाएको छ । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा सुखी परिवार कथा सफल रहेको छ ।

**ङ) उद्देश्य**

सुखी परिवार कथामा कथाकार ल्यू सुनले तत्कालीन चिनियाँ सामाजिक, राजनैतिक र पारिवारिक तिनै अवस्था समस्यापूर्ण रहेको व्यक्त गरेका छन् । युवाहरूको रोजगारीको अवस्था राम्रो रहेको छैन । लेखकहरूको आर्थिक अवस्था झन कठिन पूर्ण र समस्याग्रस्त रहेको यथार्थलाई आफ्नो कथाको मूल उद्देश्य बनाएको छ । महान् प्रतिभा भएका लेखकको शान्त तरिकाले घरमा बसेर लेख्न र सोच्न पनि नसक्ने निम्न अवस्थालाई कथाकारले बढी मार्मिक तरिकाले व्यक्त गरेका छन् । सँगै चिनका विभिन्न सहरहरूलाई स्वतन्त्र तरिकाले रमाएर खुसीसाथ गृहस्थमा बस्न पाउने स्थानसमेत कतै नभएको सामाजिक जर्जर अवस्था देखाउनु यस कथाको मूल उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

प्रस्तुत कथा लेखकको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर लेखकको सोचाइ, भोगाइ, चिन्तन आदिलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेका खासै ध्यान नदिइएकाले सुखी परिवार कथामा बाह्य सीमित दृष्टिविन्दु प्रयोग भएको देखिन्छ ।

### ३.४.१४.३ शीर्षक सार्थकता

चिन तत्कालीन समयमा (यो कथा लेख्दा) अर्ध विकसित मुलुक हो । देशमा द्वन्द्व, रोजगारको अभाव, गरिब जनता, लुटपाट, त्रास आदि जस्ता समस्या रहेका छन् । प्रतिभाशाली लेखकले आफ्नो लेख रचनाको कम मोल पाउनु पर्ने अवस्था छ । आम्दानीको बाटो नभएकाले अभावपूर्ण, समस्याग्रस्त कठीन जीवन बिताउनु परेको छ लेखकलाई । लेखक आफ्नो अपूर्ण र अभावग्रस्त जीवन आफ्ना लेखरचनामा सम्पन्न पात्रको कल्पना गरेर पूर्ण गर्न चाहन्छन् । रचनामा सुखी परिवारको कल्पना गर्दै राम्रो खाना, सम्पन्न घर, शिक्षित पतिपत्नी आदि रचना गरेकाले र लेखकको जीवन ठीक त्यसको विपरित रहेकाले पनि यस कथाको शीर्षक सार्थक रहेको छ । लेखकको परिवार सानो भए पनि अशिक्षित र निम्न आर्थिक अवस्था साँघुरो घर, सुत्ने, बस्ने, पढ्ने, घरको सामान भण्डार गर्ने सबै एउटै कोठा रहेको र घरको वातावरण पनि अशान्त रहेकाले पनि लेखकले आफ्नो रचनामा राम्रो उन्नति गर्न आर्थिक सम्पन्नता, शिक्षित र पारिवारिक संयमता आवश्यक पर्ने कुरा कथामा देखाउनुले पनि कथाको शीर्षक विषयवस्तु अनुरूप उपर्युक्त र सार्थक रहेको छ ।

## ३.४.१५ 'अमर' कथाको विश्लेषण

### ३.४.१५.१ पृष्ठभूमि

नेपाली साहित्यका एक चर्चित हस्तीका रूपमा सुपरिचित नाम युद्धप्रसाद मिश्र हो । उनैद्वारा लेखिएको 'अमर कथा' लघुकथाहरूको सङ्ग्रह हो । मिश्र जयन्तीका अवसरमा प्रलेसको पूर्णा, ७ माघ चैत्र २०५३ मा प्रथम कथाका रूपमा उक्त कथा सङ्ग्रह प्रकाशनमा ल्याइएको हो । अमर कथा नामक पुस्तिका सर्वप्रथम वि.सं. २०१५ मा प्रकाशित भएको थियो । कविका रूपमा सुपरिचित साहित्यकारले नेपाली कथा विधालाई गरेको यो अमूल्य योगदान हो । युद्धप्रसाद मिश्र काग्रेसी विचारप्रति प्रतिबद्ध भएका बखत २०१५ मा प्रकाशित

यो कथा सङ्ग्रह आफूलाई उदार भन्न रुचाउने कांग्रेसी सरकारले नै प्रतिबन्ध लगाएको थियो (पृ:७) । यस पत्रिकामा प्रकाशित अमरकथा भित्र ७ ओटा कथाहरू समावेश भएका छन् । श्रमिक जागरणलाई इतिहास र सभ्यताका निर्माता मान्ने युद्धप्रसादले यी लेखहरूमा आफ्नो सपनाहरू सजाएर राजा, शोषक, सामन्तहरूप्रति औँला ठड्याएका छन् । निरङ्कुशताका विरुद्धको सङ्घर्षका लागि यसको विशेष महŒव रहेको छ । यी सबै कथाले नेपालको अराजकता वादी शासन व्यवस्था, समाजका ठूला भनाउँदाले गरिब र सानालाई हेप्ने प्रवृत्तिलाई आफ्नो विषय वस्तु बनाएको छ । 'क.प.को हत्या', 'अन्तर्ध्यान', 'शुक्रराजको फाँसी','चम्पाको परिश्रम', 'दानबाट खतरा', 'आँधी र मर्ने ठाउँ' शीर्षकका सात कथालाई यहाँ क्रमशः विश्लेषण गरिने छ ।

**३.४.१५.१ 'क.प.को हत्या' कथा**

**अ) कथा तत्वका आधारमा 'क.प.को हत्या' कथा**

**क) कथानक**

'क.प.को हत्या' कथाले नेपालको ग्रामीण क्षेत्रमा विभिन्न बहानामा जनतालाई ठगी गर्ने वर्गको वा सामन्तहरूलाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । क.प.जेलको हाकिम हो । जेलमा रहेका कैदीहरूलाई काममा लगाएर रकम असुल गर्ने शोषक हो क.प. । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ । तत्कालीन समयमा समाजमा दुईचार पैसा हुनेहरूलाई सरकारी पँहुच हुनेहरूले काङ्ग्रेसको दोष लगाएर कस्तोसम्म दुःख दिने र पैसा लुट्ने गर्दथे भन्ने कुरा यस कथाले देखाउन खोजेको छ ।

यिनीहरूको हातबाट भयानक र कुकुरको जस्तो गतिमा मृत्यु होला भन्ने सोचाइ क.प.लाई थिएन । हत्याकारीहरूले केही दिनदेखि उसको सुराकी लिइरहेका थिए । क.प.आउने एकान्त र निर्जन बाटोमा लुकेर उसको बाटो कुरिरहे । ऊ एउटा अर्दलीको साथमा आएको देखिन्छ । अर्दलीले एउटा सानो सुटकेश लिएको छ । रातको समय क.प.ले मुकाम गरेको मठमा मठाधीशसँग छलफल गरी निर्णय भए अनुसार पिपरा गाउँको जमिनदारमाथि जालसाजीबाट काङ्ग्रेसीको झुटो आरोप लगाएर रकम असुल गर्न भनेर आफ्नो मिलेटरी फोर्सलाई मठाधिशसँग पठाएको थियो । मठाधिसले नै

एकातर्फ गाँउगाँउका धनीहरूको पैसा असुल गर्ने योजना क.प.सँग बनाएको र अर्कोतर्फ हत्याकारीहरूसँगै मिलेर क.प.को हत्या योजना बुनेको हुन्छ । तर क.प.लाई मठाधिशको यस्तो योजनाको कतैबाट सं,त सम्म मिलेको हुँदैन । हत्याकारीहरूले रातको उपयुक्त समय पारेर निधारभरी चन्दन लगाएर गोलो र मोटो अनुहार, हातमा रिवल्वर (पेस्तोल) र नारी घडी प्रष्ट देखिएको क.प.लाई पछाडिबाट आक्रमण गर्दछन् । रिवल्बर खोसिनुको साथै उसलाई कुट्छन् । दाँतहरू झारेर रगतको खोलो बगाइ दिन्छन् । हात खुट्टा भाँचिदिए । उसको अर्धली सुटकेश छाडेर भाग्यो । सुटकेशमा बाह्रसय भारतीय नोटहरू रहेछन् । सिमरी गाँउको गोविन्दलाई काङ्ग्रेसी आरोपमा आँपको बोटमा बाँधेर हिजो मात्र खोसेको हो । उसलाई हातखुट्टा भाँचेर, एउटा बाँसमा बाँधेर हत्याराहरूले अज्ञात ठाँउतर्फ झुण्डयाएर लगे । क.प.ले सोध्यो कँहा लैजाने भनेर । हत्याराहरूले क.प.को कानमा सुनाइदिए । क.प.जेलको हाकिम हुँदा उसले एउटा कैदीको बिना अपराध खुट्टा भाँचिदियो । त्यसलाई पब्लिकका (जनताका) काम लगाई सबै पैसा आफैं असुली गर्दथ्यो । त्यस मिस्त्रीले अत्याचारले सिमा नाघेपछि क.प.को खुलेरै विरोध गऱ्यो । क.प.ले रिसले पहलमानहरू लगाएर उसको खुट्टा भाँचिदियो । दुईसय कोर्रा लगाउन लगायो । अर्धमृत भएपछि गोलघरमा फालिदियो । त्यही वर्ष बिग्रिएको आलसको तेल र छुवामा जेरी बनाएर कैदीलाई जबरजस्ती खुवायो । ५ रुपियाँमा त्यस जेरीको पैसा कैदीको रासनबाट कटाएर आफूले कमिसन खायो । ऊ जेलभित्रका अशक्त, बिरामीहरूलाई लट्ठीले घाँटी थिचेर मारिदिन्थ्यो । तिनीहरूको सबै पैसा लिन्थ्यो । यी यस्ता गनेर साध्य नचल्ने कुकर्महरू उसले धेरै गरेको थियो । हत्याराहरू जाँदै गर्दा बाटोमा एउटा जमिनदारको हाती आएर क.प.लाई लिएर एकान्त ठाउँतर्फ लगेर भुइँमा लडाइदियो । हत्याराहरूले क.प.लाई उसकै पेस्तोलले दुई गोली हान्दा पनि क.प.को प्राण गएन । क.प.आफैंले टाउकोमा हान्न इसारा गऱ्यो र तेस्रो गोलीमा उसको मृत्यु भयो ।

घटना लगभग सबै मानिसहरूलाई थाहा भएपनि उसको परिवारलाई न घटना न लाश नै मिल्यो । मृत्युको तिथीमिति थाहा पाउन सकेसम्मको प्रयास गरे पनि विफल भए ।

यस कथाको आदि भागमा क.प.को हत्या योजना हुनु, क.प.लाई आफैंले साथी मानेर विश्वास गरेका मान्छेले धोका दिदासम्म पनि पत्तो नपाउनु, रातमा निर्जन बाटोमा यात्रा गर्नुसम्मको घटना आएको छ । कथानकको मध्यभागमा क.प.को सुराक लिएर बसेका

हत्याकारीहरूले आक्रमण गरी अज्ञात स्थान तर्फ लैजानु, क.प.ले विगतमा गरेका सबै अन्याय र अत्याचारहरू सम्झाइ दिनु, क.प.कै रिबल्वरले दुई गोली हान्दा मृत्यु नभएर क.प. आफैंले टाउकोमा हान्ने इसारा गर्नु र तेस्रो गोलीमा मृत्यु हुनुसम्मको घटना आएको यो कथाको चरमोत्कर्ष भाग पनि हो । कथानकको अन्त्य भागमा क.प.को मृत्युको जानकारी सबैले थाहा पाए पनि क.प.का परिवारले मृत्युको तिथीमितिसम्म नपाउनु, खोज्ने सबै प्रयास विफल हुनु । यसरी यस कथामा आदि मध्य र अन्त्यको श्रृङ्खला नमिलेकाले यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

क.प.को हत्या कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् ।आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

क.प.यस कथाको प्रमुख मञ्चीय पुरुष पात्र हो । ऊ एक सरकारी कर्मचारी भएर पनि पैसाकै लागि मरिहत्ते गर्ने, कैदीहरूलाई काममा लगाएर पैसा असुल्ने, कैदी बन्दीहरूलाई निम्न स्तरको वा कुहिएको खुवाउने, आफ्नो विरोध गर्नेको हातगोडा भाँचिदिने, कोर्रा लगाउने, अशक्त र बिरामीहरूलाई घाँटी थिचेर मारिदिने जस्तो कुकृत्य गर्ने एक खल नायक हो । धनीमानी जमिनदार र पैसावाला मान्छेलाई काङ्ग्रेसीको आरोप लगाएर पैसा असुल्छ । विनाकसुर अरुलाई पीडा दिन्छ । उसबाट कसैले पनि सुखको सास फेर्न सक्दैनन् । ऊ यस कथाको प्रमुख बद्ध पात्र भएर पनि जीवनभर अरुलाई दुःख दिने परपीडक हो । उसको व्यवहारबाट समाजले कुनै प्रेरणा लिन नसक्ने भएकाले ऊ समाजको खल पात्र हो ।

हत्याराहरू यस कथाका सहायक पात्र हुन् । सरसर्ती हेर्दा उनीहरू खल पात्र जस्तो देखिए पनि उनीहरू समाजका रक्षक क.प.जस्तो अत्याचारीलाई विनाश गरेर पीडितहरूको घाउमा केही हदसम्म मलम लगाउन सफल भएका छन् । क.प.को सबै कुकृत्य बाहिर ल्याउने काम यिनीहरूले नै गरेका छन् । यी मञ्चीय बद्ध सहायक पात्र हुन् ।

मठाधिश, जमिनदार, गोविन्द, अर्दली, मिलिटरी फोर्स, क.प.का परिवार, कैदीहरू आदि सबै गौण पात्रका रूपमा आएका छन् । यी सबै मुक्त पात्र हुन् ।

## ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशका रूपमा नेपालको ग्रामीण क्षेत्र आएको छ । समयका रूपमा केही वर्षको समयावधिसँगै बिहान, दिउँसो र रातको समय पृष्ठभूमिमा आएपनि क.प.लाई अपहरण गरेर हत्या गरिएको रातको केही घण्टा र केही दिनको घटनामा आधारित देखिएको छ । वातावरणको रूपमा क.प. अपहरणमा पर्नु र हत्याराले पूर्ण घटना स्मरण गराउनुले क.प.को अत्याचारपूर्ण, सामन्तवाद संस्कृतिको प्रभाव आएको छ । अरुलाई दिएको पीडा भन्दा भयानक र दुर्दशापूर्ण तरिकाले क.प.को हत्या भएकाले निराशापूर्ण परिवेशको चित्रण पाइन्छ । रातको समय उल्लेख गरेबाट पनि कथामा निराशापूर्ण परिवेश प्रस्तुत भएको र पात्रका बाह्य र आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

## घ) भाषाशैली

क.प.को हत्या कथामा भाषा हाम्रो समाजमा बोलिने सरल, सहज र बोधगम्य भाषको प्रयोग पाइन्छ ।

गाउँगाउँ, कुकृत्य, इत्यादि इत्यादि, जस्ता द्वित्व शब्दहरूको प्रयोग पाइन्छ ।

हत्याकारी, मठाधीश, कांग्रेसी, झुण्ड्याएर जस्ता शब्दहरूको प्रयोगले कथालाई रोचक र आकर्षक बनाएको छ ।

क.प.को हत्या कथाको शैली अस्तित्ववादी रहेको छ । राणाकालमा, पञ्चकालमा र प्रजातन्त्र आँउदा पनि हाम्रो समाजमा यस्ता घटनाहरू घटेका देख्न र सुन्न पाइन्छन् । त्यसैले यो कथा सामाजिक राजनैतिक यथार्थवादी शैली पनि रहेको पाइन्छ । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा क.प.को हत्या कथा सफल रहेको छ ।

## ङ) उद्देश्य

क.प.को हत्या कथाले नेपालमा सरकारी कर्मचारीले नै समाजमा सोझा सादा जनताहरूलाई श्रम शोषण गर्नु, आर्थिक अवस्था सम्पन्न हुनेलाई विभिन्न बाहनामा आरोप

लगाएर फसाउने, लुट्ने र मार्ने जस्ता नराम्रो काम गर्नेलाई पनि त्यस्तै सजाय दिनुपर्छ भन्ने कथाको मूल उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

समाख्याता कथाभन्दा बाहिरै बसेर क.प.को सोचाइ, भोगाइ र चिन्ता आदिलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान नदिइएकाले क.प.को हत्या कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

**आ) शीर्षक सार्थकता**

क.प.को हत्या कथाको शीर्षक सार्थक रहेको छ । नेपाल एक राजनैतिक अस्थिरता रहेको देश हो । विगत लामो समयदेखि राजनैतिक अवस्था स्थिर रहन नसकेकाले यहाँको नीतिनियम राम्रो छैन । त्यसैले सरकारी निकायमा रहेका कर्मचारी नै जनताहरूमाथि अत्याचार र अन्याय गर्ने यथार्थ पक्ष समाजमा सर्वविदित नै छ । नराम्रो ले सिमाना नागे पछि र हत्यारा र लुटेराहरूमानै एक आपसमा भित्रै प्रतिस्पर्धा चलेपछि एकले अर्कालाई मार्ने षडयन्त्र रच्न थाल्दछन् । यस क.प.को हत्या कथामा पनि मठाधिस क.प.को हत्यामा संलग्न रहेको छ भने अर्को तर्फ क.प.सँगै लागेर धनीहरूसँग लुट्ने काम गर्छ । क.प.को कार्य व्यवहारले गर्दा उसको हत्याको योजना हुनु र सुनियोजित तरिकाले हत्या गर्न सफल भएकाले कथाको विषयवस्तु अनुरूप शीर्षक सार्थक र उपयुक्त रहेको छ ।

### ३.४.१५.२ ‘अन्तरर्ध्यान’ कथा

**अ) कथा तŒवका आधारमा ‘अन्तरर्ध्यान’ कथा**

**क) कथानक**

‘अन्तरर्ध्यान’ कथाले नेपालको ग्रामीण क्षेत्रको निम्न वर्गीय समाजको बाध्यतापूर्ण जीवनलाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । यस कथामा आएकी आमा निम्न वर्गीय विधवा एक सन्तानकी आमा हुन् । यसै पात्रको वरपर कथानक केन्द्रित रहेको छ । यस कथामा बालक छोराछोरी काखमा च्यापेर खेलाउनु पर्ने समयमा बच्चालाई घरमा एक्लै थुनेर काम गर्न हिड्नु पर्ने बाध्यतालाई कथामा देखाउन खोजिएको छ ।

आमा डोको र नाम्लो खोज्न थालेकी थिई । बालक छोरो लुरे आमा जान लगेको थाहा पाएर अँध्यारो मुख लगाएर रुन थाल्यो । फरियाँमा झुण्डिएर अलाप विलाप गर्न थाल्यो । आमा छोडेर भाग्न धेरै कोशिस गरिन् तर लुरे मान्दै मानेन । यस्तो धेरै झगडा त गर्दैनथ्यो पहिले । बिरामी नै भए पनि सुतीसुती हिजो अस्ति बाबुले समातेर राख्दथ्यो । एकैछिन झगडा गरे पनि केहि बेर पछि मान्थ्यो । तर आज त्यो बिरामी बाबु मरिसक्यो । त्यो सुतेको ठाउँमा आज सुनसान, एकान्तले बास गरेको छ । बिचरो ! त्यो लुरेले कसरी मान्नु । ऊ त सानो बच्चो पऱ्यो । आमाबुबाको काखमा लडिबुडी गरेर खेल्ने उमेर छ उसको । आमालाई मेलामा जान हतारो भईसकेको छ त्यसैले उनी रिसाएर बलपूर्वक त्यो बालख छोरोलाई थप्पड लगाएर भुईंमा पछारी दिइन् । लुरेलाई पिट्दा आत्तिएका र मातृत्वले काँपेका हातले ढोकामा आग्लो लगाइ दिइन् र डोको नाम्लो लिएर भागिन् । लुरे भऱ्याङ्गबाट रुँदै माथि पुगेर झ्यालबाट आमालाई बोलाउन थाल्यो । ज्यानै छाँडेर रोइकराइ गर्न थाल्यो । तर आमा भागेर ठाढा पुगिसकिन् । लुरे आमा आमा भनेर हत्ते हाल्न थाल्यो तर आमा भने अन्तरर्ध्यान भइन् ।

अन्तरर्ध्यान कथाको आदि भागमा आमा मेला जान डोको नाम्लो खोज्न थालेबाट सुरुभई लुरे रुन थाल्नु, जति फकाए पनि नमान्नुसम्म रहेको छ । कथानकको मध्यभागमा लुरे आमाको फरियमाा दाँत र मुख गाडेर टाँसिनु, आमाबाट अलगिन एक जातै नमान्नु, पहिले पहिले यस्तो नगर्नु तर बाबुको मृत्यु भएपछि घरमा एक्लै बस्न पर्ने भएकाले झगडा गर्न थाल्नु, आमालाई मेला जान ढिलो भएकाले छोरालाई भुइँमा राखिदिएर भाग्नु, ढोकामा आग्लो लगाइदिएकाले छोरो माथि झ्यालमा गएर आमालाई बोलाउन थाल्नुसम्मको घटना आएको छ । यो कथाको चरोमत्कर्ष भाग पनि हो । यसपछि कथानकताले आफ्नो गति विस्तारै ओरालो लागेको छ । कथानकको अन्त्य भागमा आमा टाठा पुग्दा पनि लुरे झ्यालबाट खसौंलाझैं गरेर रोइरहनु तर आमा अन्तरर्ध्यान हुन्छिन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले रैखिक ढाँचा रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

यस कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त पात्र रहेका छन् । मञ्चीयताका आधारमा मञ्चीय र बद्ध पात्र रहेका छन् ।

यस कथामा आएकी आमा प्रमुख मञ्चीय बद्ध नारी पात्र हुन् । मेलापात नगरी जीवन निर्वाह गर्न नसक्ने विधवा पात्र उनी एक सन्तानकी आमा पनि हुन् । बालख छोरोलाई दिनभर घरमा ढोका थुनेर हिड्न बाध्य भएकी एक सङ्घर्षशील नारी हुन् । बालक छोरालाई कुट्दा हात काम्छ तर पनि बाध्य भएर काममा जानुपर्ने नै हुन्छ । श्रीमानको अकालमा मृत्यु भएपछि नारीले आफ्ना सन्तानलाई पेट भर्नका लागि कस्तोसम्म पीडा भोग्न बाध्य हुनुपर्छ भन्ने कुरा उनको चरित्रबाट थाहा हुन्छ । उनी आम गरिब, विधवा बच्चाकी आमाको प्रतिनिधित्व गर्ने मुख्य वर्गीय पात्र हुन् ।

यस कथामा आएको लुरे सहायक बाल चरित्र हो । बालक भएर पनि आमासँगै बस्न नपाएको बाबु मरेको टुहुरो हो । ऊ सानै उमेरमा लगाउने, खाने, बाबुआमाको काखमा रमाउने उमेरमा यी सबै कुराबाट वञ्चित हुनुपुगेको एक सहानुभूतियुक्त पात्र हो । आमाको काममा जानुपर्ने बाध्यता, घरमा अरु कोही पनि सदस्य नहुदाँ दिउसै घरमा थुनिन बाध्य मञ्चीय बद्ध पात्र हो । लुरेको बाबु यस कथाको गौण र मुक्त पात्र हो ।

### ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशका रूपमा नेपालको ग्रामीण भेगको निम्न वर्गीय परिवार आएको छ । समयका रूपमा केही दिन पृष्ठभूमि रूपमा आए तापनि एकाध घण्टाको समयावधि आएको छ । वातावरणको रूपमा लुरेलाई एक्लै छोड्नु पर्ने, लुरे रोइकराइ गरेको करुणा र चित्कारमय अवस्था आएको छ । बिरामी परेको लोग्नेको मृत्यु भएपछि छोरालाई हेर्नु, काम गर्नु पर्ने बाध्यताका कारणले गर्दा स्थिति सुधनुको साटो झन् दयनीय बन्नु, मनमा पीडैपीडा रहनु, सानो छोरालाई एक्लै थुन्नु पर्ने बाध्यताले गर्दा निराशापूर्ण परिवेशको चित्रण पाइन्छ । यस कथामा बाह्य र पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

### घ) भाषशैली

अन्तरध्यान कथामा हाम्रो समाजमा बोलिने सरल, सहज, बोधगम्य भाषाको प्रयोग पाइन्छ । भाषिक प्रयोगमा निम्न आदरार्थीका वाक्यहरूको प्रयोग बढी देखिन्छ । जस्तै :एउट

हात छुटाउँछे, बिरामी बाबुले सुतीसुती पाखुरा समातेर रोकी राख्ने गरेको थियो । आदि (पृ: ९र १०)।

झुण्डिन, छुटाउँछे, क्रोधायमान, अगल्याइ, थचारिदिइन, धुमक्कड आदि जस्ता शब्दहरूको उचित प्रयोगले कथालाई रोचक बनाइदिएको छ ।

यस कथाको शैली वर्णनात्मक रहेको छ भने यथार्थवादी पनि रहेको छ । यथार्थमा पनि सामाजिक यथार्थवादी रहेको छ । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा निकाला कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

अन्तर्ध्यान कथामा कथाकार मिश्रले नेपालका गाउँमा मेलापात नगरी एकछाक खान पनि गाह्रो पर्ने अवस्था छ । ग्रामीण भेगका आमाहरूले आफ्ना साना केटाकेटी/छोराछोरीलाई हेरेर बस्ने फुर्सद पनि पाउँदैनन् । अझ उनीहरूको परिवार सानै छ र बच्चा हेर्ने कोही पनि छैनन् भने पनि बाध्य भएर आफ्ना सन्तानहरूलाई रुवाइरुवाइ छाडेर जानुपर्ने बाध्यात्मक अवस्थालाई कथामा देखाउने प्रमुख उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

प्रस्तुत कथा आमा र लुरेको सेरोफेरोमा केन्द्रित छ । समाख्याता कथाभन्दा बाहिरै बसेर आमा र लुरेको सोचाइ, भोगाइ र चिन्तन आदिलाई व्यक्त गरेकाले अन्तर्ध्यान कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दु प्रयोग भएको छ ।

### आ) शीर्षक सार्थकता

नेपालका अधिकांश भूभागमा गाउँनै गाउँ छन् । त्यहाँका प्राय मान्छेहरूको पेशा भनेको खेतीपाती र किसानी नै छन् । खेतीपाती गर्न नेपाली किसानले मेलापात र श्रम गर्ने गर्दछन् । परिवारमा जस्तोसुकै समस्या भए पनि बालबच्चा साना भए तापनि समयमा काम गर्नै पर्ने हुन्छ । झन् एकल महिलाहरूलाई त बालबच्चा हेर्न, खेतिपाती धान्न निकै कठिन हुन्छ । यस कथामा पनि आमालाई आफ्नो छोरोलाई घरमा एक्लै थुन्न मन नभए तापनि बाध्यतावश छोडेर मेलामा जानु परेको छ । छोराको रुवाइलाई देखेको नदेखै झैँ

गर्नु पर्ने, छोरो झ्यालबाट रोइकराइ गरेर खस्नै आँट्दा पनि आमा पर पुगेर अदृश्य भइदिएकीले कथाको शीर्षक विषयवस्तु अनुरूप उपयुक्त र सार्थक रहेको छ ।

**३.४.१.३. 'शुक्रराजको फाँसी' कथा**

**अ) कथा तत्वका आधारमा'शुक्रराजको फाँसी' कथा**

**क) कथानक**

'शुक्रराजको फाँसी' कथाले नेपालको राणा शासनकालका विरुद्ध जनतालाई सचेतना फैलाउनेहरू कसैलाई मृत्युदण्ड दिने, कसैलाई मृत्युदण्डको घोषणा गर्ने जस्ता क्रुर शासन व्यवस्थालाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । यस कथामा आएको शुक्रराज नेपाली इतिहासमा राणाशासनको विरोध गर्ने राष्ट्रप्रेमी युवा हो । उसलाई राणाहरूले आफ्नो विरोध गरेको निहुँमा मृत्युदण्ड दिएको छ । यसै राष्ट्रभक्ति पात्रको वरपर कथा केन्द्रित रहेको छ ।

एउटा रुखको हाँगामा झुण्डिएरहेको लाश छ । हातगोडामा नेलका डामहरू छन् । एउटा कागजमा 'सीधा साधा दुनियाँलाई भड्काउने राजद्रोही' (प्रलेसः १०) भनेर लेखिएर टाँसिएको छ । भुँइमा पुलिसहरूले पहरा दिइरहेका छन् । धेरै मानिसहरू (सर्वसाधारण) हेर्न आएका छन् । आजको एकतन्त्री हुकुमी शासनबाट देशलाई मुक्ति गराउनुपर्छ भन्ने शिक्षा दिन खोजेको अपराधमा ६ वर्ष जेल सजाय भयो । जेलभित्रको कालकोठरीमा नेल र हत्कडीका डामहरू थिए । एकतन्त्री क्रुर शासनका विरुद्धमा देशभरि पर्चा छरियो । त्यसकै निहुंमा गंगालाल लगायतका थुप्रै युवाहरूलाई प्रहरीले पक्राउ गरेर कुट्यो । अर्धमृत अवस्थामा पुऱ्यायो र मृत्युदण्डको घोषणा गऱ्यो । यो कुरा जेलमा रहेको शुक्रराजलाई थाहा थिएन । जुद्ध शमशेरले रातको दुइबजे जेलबाट बाहिर ल्यायो । यो सबैलाई भड्काउने प्रमुख माउ हो भन्दै झुण्ड्याइ दियो । सरकारले शुक्रराजको बुबालाई त्यहाँ लिएर आयो । बाबु आएर फाँसीमा झुण्ड्याइएको छोरालाई हेर्दै धन्यवाद दिए । देश धन्य भएको छ । जहाँ यस्ता महान् सुपुत्रले जन्म लिए । आफ्नो आमामात्र नहेरी जन्मभूमिकै गर्भलाई उच्च बनाउने सफल वीर पुरुष यस्तैलाई भन्दछन् । पराइको दुःखलाई आफ्नो रगत र मासु अनि सारा जीवन अर्पण गरेर देशलाई प्रशन्नता गराउनु भनेको जीवनको सफलता हो भन्ने सम्झेर जीवनको पाठ पढाउन सक्ने ज्ञानी पुरुषको मृत्यु यस्तै हुन्छ । यो मृत्यु

नभई अमरताको प्राप्ति हो । इशमशीहलाई फाँसीमा लट्काएर अङ्ग्रेजले देवता सिद्ध गऱ्यो । (प्रलेसः १० ११) । बाबु छोरातिर फर्केर धन्यवाद दिँदै घरतिर लागे । सरकारले लाश बुझाइ दिन खोज्यो । बुढाले मानेनन् । संस्कार र रुढीमा अल्झने मति छैन । त्यो संस्कारमा साँघुरो गरेर उसको महानतालाई खुंच्याउँदिन भनेर गए । सरकारले म्युनिसीपल्टीका अछुतलाई लगाएर लाश जलाई दियो ।

कथाको आदि भागमा एउटा युवालाई रुखमा झुण्ड्याइ रहेको हुनु हातगोडामा डामैडामहरू हुनु, छातीमा सीधा साधा दुनियाँलाई भड्काउने राजद्रोही भनेर लेखिएको कागज टाँसिएको शुक्रराजको लाश रहनुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा नेपालमा एकतन्त्री हुकुमी शासनबाट जनतालाई शोषण गरेको विरुद्ध राष्ट्रभक्ति युवाहरूले देशलाई मुक्ति गराउने शिक्षा व्यक्त गरेको आरोपमा देशमा विभिन्न युवाहरूलाई पक्राउ गर्ने, मृत्युदण्ड सुनाउनेसँगै जेलमा रहेका शुक्रराजलाई जुद्ध शमसेरले मृत्युदण्ड दिन्छन् । छोरालाई झुण्ड्याएको ठाउँमा सरकारले पितालाई बोलाउनु, शुक्रराजका पिताले छोरालाई धन्यबाद दिँदै छोराले देशको लागि देखाएको बहादुरी अमूल्य रहेको भन्नु, छोरालाई साँघुरो संस्कारको घेरामा बाँध्न नहुने भन्दै लास लान अस्वीकार गरेर फर्कनु सम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । कथानकको अन्त्य भागमा सरकारको म्युनिसीपल्टीका अछुतलाई लगाएर लाश जलाई दिएको घटना आएको छ । यसरी कथानकको ढाँचा आदि मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले रैखिक ढाँचा रहेको छ ।

### ख) पात्र/चरित्रचित्रण

शुक्रराजको फाँसी कथामा कार्यका आधारमा मुख्य सहायक र गौण पात्र आबद्धताका आधारमा मुक्त र बद्ध पात्र मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय पात्र रहेका छन् ।

शुक्रराज यस कथाको मुख्य मञ्चीय बद्ध पात्र हो । ऊ देशको एकतन्त्रीय शासनसत्ताको घोर विरोध गर्दै जनतालाई शिक्षा दिन हिडेको एक राष्ट्रभक्त युवा हो । राजाहरूको आफ्नो विरोधको सहन गर्न नसकेर जेल पछि मृत्युदण्डको सजाय पाएको एक वीर सपूत हो । विभिन्न प्रलोभन, डर, धाक, धम्की देखाएर पनि देश, जनता, राष्ट्रिय स्वतन्त्रतामा अडिग रहेकाले उनलाई जुद्ध शमसेरले रातको समय पारेर मृत्युदण्ड

दिएका थिए । समाजले उनका माध्यमबाट राष्ट्रप्रेम, मातृभूमि आदि भन्दा ठूलो केही छैन । अरूको दुःखलाई आफ्नो सम्झेर लड्ने मान्छे सधैं अमर रहन्छ भन्ने प्रेरणा लिन सक्ने भएकाले ऊ समाजको अनुकरणीय सत् पात्र हो ।

शुक्रराजका बाबु यस कथाका सहायक मञ्चीय बद्ध पात्र हुन् । उनी वीर योद्धाका वीर र साहसी बाबुका रूपमा आएका छन् । छोराको मृत्युमा शोकाकूल हुनुपर्नेमा उल्टै छोरालाई राष्ट्रका लागि अरू कुरामा सम्झौता नगरेर बरु मृत्युदण्ड स्वीकार गरेकोमा धन्यवाद दिदैं छोराले मृत्यु होइन अमरता प्राप्त गरेको भन्दछन् । देश र जनताको हकहितमा लड्न सजिवताको पाठ सिकाउने महान र ज्ञानी पुरुषको मृत्यु यस्तै हुन्छ भन्दै धन्यवाद दिन्छन् । यस्ता महान र राष्ट्रको छोराको साँघुरो सोचाइले संस्कार गर्नु भनेको निकृष्ट सोचाइ हो भन्ने उनको विचार छ । उनी एक वीर नेपाली छोराका महान विचार भएका राष्ट्रप्रेमी पिता हुन । आफ्नो छोराको राष्ट्रप्रेममा गर्व गर्ने उनको चरित्रबाट पनि समाजले प्रेरणा लिन सक्दछन् । उनी यस कथाको सहायक सत्पात्र हुन् ।

राणा शासक जुद्ध शमसेर र सरकारी कर्मचारी पनि यस कथाका सहायक खल पात्र हुन् । यिनीहरूको कारणले गर्दा सबै नेपाली जनताको रगत पसिनाको मूल्य शून्य भएको छ । देशमा कुनै विकास छैन । आफ्नो बारेमा कसैले आवाज मात्र उठायो भने पनि त्यसलाई कहाँ सजाय दिने शुक्रराजलाई जस्तै मृत्युदण्ड दिइने जस्ता आपराधिक कार्यहरू गर्न पछि नपर्ने भएकाले यी सबै समाज र राष्ट्रंद्रोही हुन् । यिनीहरूकै कारण जनताले लामो समयसम्म देशमा पीडादायी अवस्थामा कुनै मानवीय हक अधिकार बिनै बाँच्नुपर्ने बाध्यता रहेको थियो । यिनीहरूबाट समाजले कुनै प्रेरणा लिन सकेका छैनन् । यिनीहरू असत् मञ्चीय बद्ध पात्र हुन् ।

शुक्रराजको मृत्युदण्ड हेर्न आउने जनता म्युनिसीपल्टीका अछुतहरू यस कथामा आएका गौण पात्रहरू हुन् ।

**ग) परिवेश (देश, काल र वातावरण)**

यस कथामा परिवेशका रूपमा काठमाडौंको शुक्रराजलाई फाँसी दिइएको स्थान आएको छ । समयका रूपमा क्रूर राणाशासनकाल ६ वर्ष, रातको समय पृष्ठभूमिमा आए तापनि शुक्रराजलाई फाँसी दिएर उनको दाहसंस्कार गर्दासम्मको केही घण्टा आएको छ ।

वातावरणको रूपमा शुक्रराजलाई मृत्युदण्ड दिइएको राणाहरूको निरङ्कुशताको चरम अवस्था र त्यसले जनतामा पारेको प्रभाव आएको छ । देशमा जनतामाथि राणाहरूको अत्याचार बढेको, त्यसकै विरुद्धमा राष्ट्रप्रेमी र देशभक्ति शिक्षित र सचेत जनताहरू लागेका, जनतालाई तर्साउन र धम्क्याउँन जुद्धशमसेरले अत्यन्त जोशिला युवाहरूलाई मृत्युदण्ड दिने घोषणा गरेको, शुक्रराजलाई मृत्युदण्ड दिनुले निराशापूर्ण, मृत्युमुखी र आतङ्कमय परिवेशको चित्रण पाइन्छ । राती शुक्रराजलाई फाँसी दिइनुले देशमा अझै अन्धकारमय र क्रूर राणाशासन रहेको, कथाको बाह्य र पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइएकाले कथाको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

शुक्रराजको फाँसी कथामा सरल, सहज र बोधगम्य भाषाको प्रयोग पाइन्छ । भाषिक प्रयोगमा राजनीति प्रशासनिक शब्दहरूको प्रयोग पाइन्छ । जस्तैः नेल, हत्कडी, राजद्रोही, एकतन्त्री, हुकुमी शासन, जेलखानाभित्र, फाँसी, राष्ट्रभक्त, ज्ञानी पुरुष आदि ।

शुक्रराजको फाँसी कथाको शैली यथार्थवादी रहेको छ । यथार्थतामा पनि राजनैतिक, ऐतिहासिक यथार्थवादी रहेको छ । मिश्रले पात्र अनुरूपको भाषा प्रयोग गरी यस कथालाई उष्कृष्ट रूप प्रधान गरेका छन् । बीचबीचमा स्थानीय झर्रा भाषाको प्रयोगले गर्दा कथा झन् मौलिक र यथार्थ बन्न पुगेको छ । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा शुक्रराजको फाँसी कथा सफल रहेको छ ।

**ङ) उद्देश्य**

यस कथामा कथाकार मिश्रले नेपालको एकतन्त्रिय जहानियाँ राणाशासनका विरुद्ध नेपाली युवाहरूले दिएको बलिदानीलाई मार्मिक रूपमा प्रस्तुत गरेका छन् । राणाहरूले आफू विरुद्ध आवाज उठाउनेलाई एकदमै निरङ्कुश तरिकाले दण्ड दिने, त्यतिले मात्र चित्त नबुझेर मृत्युदण्डसमेत दिने काम गरे । तर देश र जनताको दुःखलाई आफ्नो सम्झेर आफ्नो पूरै जीवन उत्सर्ग गर्न सक्ने युवा महान् हुन्छन् । साथै यस्ता वीर, महान बाबु आफ्नो छोराको मृत्युमा अमरता र देश परिवर्तनको सुनौलो किरण देख्दछन् । देशको लागि आफ्नो जीवन उत्सर्ग गरेकोमा आफ्ना सन्तानलाई धन्यवाद दिन्छन् भन्ने यथार्थता प्रस्तुत गर्नु कथाको मूलभूत उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

प्रस्तुत कथा शुक्रराज र उनका बाबुको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर पात्रहरूका सोचाइ, भोगाइ, चिन्तन आदिलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान नदिइएकाले शुक्रराजको फाँसी कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### आ) शीर्षक सार्थकता

नेपालमा लामो समय राणाहरूले एकलौटी शासन गरे । राणाहरूको आफ्नो पारिवारिक खुसी र स्वार्थ बाहेक दोस्रो जनताको बारेमा सोचेनन् । अन्याय र अत्याचारको ढिलो चाँडो अन्त्य हुनुनै थियो । त्यसकै लागि देश र जनताप्रेमी शिक्षित युवाहरूले राणाविरोधी गतिविधि सञ्चालन गर्न थाले । जनता राणाको अत्याचार विरुद्ध एकजुट भएको तत्कालीन राणा शासकलाई चित्त बुझेन । आफ्ना बिरोधमा लागेका सबैलाई पक्रिएर जेल हाल्ने, कुटपिट गर्ने, नेलले बाँधेर राख्ने जस्ता कार्यहरू गर्न थाले । जुद्ध शमसेरले आफ्नो बिरोध गरेको निहुमा अर्धमृत हुनेगरी कुटेर गंगालाललगायतका युवाहरूलाई मृत्युदण्ड सुनायो । जुद्ध शमसेरले नै शुक्रराजलाई पनि राजद्रोहीको नाइके भन्दै रूखमा झुण्ड्याएर मृत्युदण्ड दियो । छोराको लास बुझाउन सरकारले शुक्रराजका बाबुलाई बोलायो । तर उनका बाबु आएर अन्याय विरुद्ध नझुकेर देश र जनताको दुःखमा आफूलाई आहुती गरेकोमा धन्यवाद दिए र महान काम गरेकाले अमर रहने भनेर फर्किए । देश र जनताका लागि दिएको आहुति खेर जाँदैन । नेपाली राजनैतिक इतिहासको सत्य घटनामा आधारित उक्त कथा विषयवस्तु अनुरूप उपयुक्त र शीर्षक सार्थक रहेको छ ।

## ३.४.१४.४. ‘चम्पाको परिश्रम’ कथा

### अ) कथा तत्वका आधारमा ‘चम्पाको परिश्रम’ कथा

### क) कथानक

‘चम्पाको परिश्रम’ कथाले नेपालको ग्रामीण क्षेत्रमा रहेको निम्न वर्गीय समाज र पुँजीपती वर्ग बीचको सामन्ती समाजमा अन्तर्निहीत आर्थिक समस्या र एकल नारीको श्रम

शोषणलाई विषयवस्तु बनाएको छ । यस कथामा आएको चम्पा निम्न वर्गीय विधवा हो । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ ।

मध्य असारमा रातोमाटो लिन जाँदा पहिरोले पुरेर चम्पाको लोग्नेको मृत्यु भयो । लोग्नेको शोकमा डुबेकीले उसले असारमा धान रोप्न सकिन । त्यसैले मंसिरमा धान फलेन । रघुनाथ कार्कीले बाँकी बालीमा तायजाद गर्ने र खेत चाहिँ पजनी गर्न पाउने गरेर चम्पाबाट खोसेर काले घर्तीलाई दिलायो । चम्पाले आफ्नै साबिक बमोजिम जमिन सम्झेर खेत रोप्ने जमर्को गरी र पोहोर चासो पुऱ्याउन नसके पनि यसपालि कम्मर कसेर खेत रोप्ने गोड्ने गरेर भ्याई । मिहिनेती चम्पाले खेतमा धानका बाला लहराई । काले घर्तीले असारमा कानुनको विधि पुऱ्याएर एकमुठी बीउ रोपेको रहेछ । धान काट्नलाई काले घर्तीले चुरीफुरी गरेकाले चम्पाले धान काट्न र चुट्न थाली । यो कुरा रघुनाथलाई थाहा भयो । ऊ हतपताएर जिल्ला अदालततिर दौड्यो । एउटा कानुनी कागज गराएर लिएर आयो । सबै धान रघुनाथ कार्कीले उठायो । चम्पा डाको छोडेर रुन थाली । चम्पाको आँसु देखेन रघुनाथले । चम्पाको सबै परिश्रम पिपाशु बनेर रघुनाथले मात्र खायो ।

कथानकको आदि भागमा चम्पाको श्रीमानको पहिरोले पुरिएर मृत्यु भएकाले चम्पाले खेतमा धान रोप्न नसक्नु, तलसिङ रघुनाथले कानुनी कागज गरेर खेतको हकमा पजनी गर्न पाउने बनाएर खेत खोस्नुसम्मको घटना आएको छ । कथानकको मध्यभागमा चम्पाले खेत आ□नै सम्झेर दश कर्म पुऱ्याउने विचार गर्नु, यसपाली मिहिनेत गरेर शोक मुक्त रहेर खेत रोप्नु, गोड्नु, कुलोपटाइ गर्नु, धान राम्रो फलाउनु, काले घर्तीले धान काट्न तम्सिएको देखेर चम्पाले धान काट्ने र चुट्ने गर्न थाल्नु, यो थाहा पाएर रघुनाथ कार्कीले अदालतबाट कागज गराएर खेतको सबै धान कब्जा गर्नुसम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । यसपछि कथानकको गति ओरालो लागेको छ । कथानकको अन्त्य भागमा रघुनाथले सबै धान लगेपछि चम्पा रोइकराइ गर्नु तर रघुनाथले अलिकति पनि दया नदेखाइ धान लिएर जानु, चम्पाको सबै परिश्रम लिन्छ । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले रैखिक ढाँचा रहेको छ ।

## ख)   पात्र/चरित्रचित्रण

चम्पाको परिश्रम कथामा कार्यका आधारमा मुख्य सहाय र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

चम्पा यस कथाकी मुख्य मञ्चीय स्त्री पात्र हुन् । उनी एक परिश्रमी, बहादुरी, ताजा र तगडा कृषक महिला हुन् । एक छोरीकी आमा चम्पा विधवा भएकी छे । मिहिनेत गरेर खेतमा धान लहराइ तर ऊ एक्ली भएकाले साहुले विश्वास गरेन । एक्ली महिला देखेर साहुले सबै धान खोस्यो । उसको सहायता गर्ने कोही भएन । चम्पा मिहिनेती र बहादुर महिला भए पनि पछि साहुले सबै अन्नपात खोसिदिदा केही गर्न नसक्ने एक्ली निरीह पात्र बनेकी छे । समाजले पनि हुने खानेकै साथ दिन्छन् भनेझैं उसको जीवनमा पनि यस्तै भएको छ । ऊ हाम्रो समाजमा निम्न वर्गीय एकल महिलाको प्रतिनिधि गर्ने मञ्चीय, बद्ध सत् पात्र हो ।

रघुनाथ र काले घर्ती यस कथाका सहायक खल पात्र हुन् । रघुनाथले चम्पाको श्रीमानको मृत्यु हुने बित्तिकै खेत खोसेर काले घर्तीलाई दिएको छ । ऊ समाजमा दुईचार पैसा भएको व्यक्ति भए पनि मनमा अरूप्रति मायादया नराख्ने स्वार्थी पात्र हो । ऊ अरूका परिश्रम खोसेर खाने नरपशु हो । ऊ हाम्रो समाजका धन भए पनि मन नहुने सामन्तवादी व्यक्तिको प्रतिनिधि पात्र हो । ऊ यस कथाको मञ्चीय बद्ध पात्र हो । काले घर्ती पनि एक्ली महिलाको परिश्रम लुटेर खान खोज्ने असत् पात्र हो । चम्पाको लोग्ने, छोरी, गाउँले आदि यस कथाका गौण पात्र हुन् ।

## ग)   परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशको रूपमा नेपालको पहाडी क्षेत्रको निम्न वर्गीय किसान परिवार आएको छ । समयका रूपमा दुई वर्षको समयमा आधारित देखिएको छ । वातावरणको रूपमा चम्पाले श्रीमान मरेको बेला साहुले खेत खोस्नु, तर चम्पाले आ□नै सम्झेर खेत रोप्नु, साहुले सबै धान उठाएर लैजानु, चम्पा श्रम शोषणमा पर्नु, सामाजिक सामन्तवादी सांस्कृतिक प्रभाव आएको छ । चम्पाको परिश्रम सबै साहुले खानु र चम्पा रोइकराइ गर्दा पनि साहुले सुन्दै नसुन्नुले निराशापूर्ण परिवेशको चित्रण पाइन्छ । चम्पाको

आहत अवस्था र रघुनाथ कार्कीको व्यवहारले कथामा बाह्य र पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

चम्पाको परिश्रम कथामा सरल, सहज र बोधगम्य भाषाको प्रयोग पाइन्छ । हाम्रो नेपालका पहाडी क्षेत्रमा किसानीहरूले प्रयोग गर्ने शब्दहरूको प्रयोग पाइन्छ । जस्तैः डल्ला फोड्छे, पानी पटाउँछे, खेत गोड्दा, खलाको धान आदि ।

यस कथाको शैली यथार्थवादी रहेको छ । यथार्थमा पनि सामाजिक यथार्थवादी रहेको छ । मिश्रले पात्र अनुरूपको भाषा प्रयोग गरी चम्पाको परिश्रम कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । समग्रमा भाषिक प्रयोगका दृष्टिले हेर्दा यस कथा सफल रहेको छ ।

**ङ) उद्देश्य**

चम्पाको परिश्रम कथामा कथाकार मिश्रले नेपालको पहाडी क्षेत्रका मानिसको जीवन शैली कष्टकर भएकाले कडा मिहिनेत गर्न बाध्य हुनुपर्ने यथार्थतासँगै पहाडमा कतिपय मान्छेको ज्यान पहिरोले पुरेर अकालमा जाने गर्दछ । अझैं पनि हाम्रो समाजमा एक्ली र असाहय महिलालाई विश्वास नगर्ने, हेप्ने, उसलाई दुःख दिने उसको परिश्रम सबै खोस्ने यथार्थ हाम्रो समाजमा प्रशस्तै उदाहरण रहेको छ । हाम्रो समाजमा दुईचार पैसा हुनेसँग नहुनेहरू सधैं झुक्दछन् । नहुनेहरूको साया कसैले दिदैनन् । चम्पा आफूमाथि भएको अन्याय सहन बाध्य छे । त्यसको प्रतिकारमा उत्रेर आफ्नो अधिकार लिन डराउँछे । आफ्नो इज्जत, अभिमान र आफ्ना मिहिनेतबाट साचेका सपनासमेत साहुकै व्यवहारमा निहित रहने सामाजिक वर्गीय यथार्थता प्रस्तुत गर्नु यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

प्रस्तुत कथा चम्पाको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर चम्पाको सोचाइ, चिन्तन, भोगाइ आदिलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान नदिइएकाले निकाला कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### आ) शीर्षक सार्थक

यस कथाको शीर्षक सार्थक रहेको छ । प्रस्तुत कथामा चम्पा एकल महिला हो । उसको लोग्नेको मृत्यु भयो । ऊ एक्लै भएकीले साहुले उसलाई विश्वास गरेन । परिश्रम गरुन्जेल कसैले केही नभन्ने तर फल लिने बेला दुःखको मोल समेत नदिएर रघुनाथले खाएकाले कथाको उद्देश्य अनुरूपको शीर्षक सार्थक रहेको छ । चम्पाकै परिश्रममा कथा केन्द्रित रहेकाले पनि शीर्षक सार्थक रहेको छ ।

## ३.४.१५.५.'दानबाट खतरा' कथा

### अ) कथा tŒjsf आधारमा 'दानबाट खतरा' कथा

### क) कथानक

दानबाट खतरा कथाले नेपालको राजकीय खानदानको राज्याभिषेकलाई विषयवस्तु बनाएको छ । राजाको राज्याभिषेकको समयमा नगर परिक्रमा गरेर पैसा छरेको घटना यहाँ विषयवस्तुको रूपमा आएको छ ।

एउटा व्यक्तिले खाएर बढी भएको खाना, हाडहरू जुठो टपरीमा उठाएर ल्याएर जुठ्यानमा फालिदियो । कुकुरका जमात त्यहाँ उपस्थित भइहाल्यो । ठूला र बलिया कुकुरहरूले साना र निर्धा कुकुरलाई आक्रमणमा परे । निर्धा कुकुर टाढै बसेर टुलुटुलु हेरिरहे, आँसु चुहाइरहे ।

अस्ति देशमा राज्याभिषेकमा पनि त यस्तै भयो । सहरमा श्री ५ ले हात्तीबाट छरेका रूपैँयाहरू टिप्न जाँदा एक जना बूढोलाई भिडका बलियाहरूले झण्डै किचिदिएर मारिदिएका । एउटा केटाको हातै भाँचिदिए छन् । दहचोकको एउटा गरिब किसानको खल्तीमा भएको पैसा र तारेकको कागजसमेत लगिदिएका छन् । पाटनमा एउटा मान्छेले भर्खर किनेको छातामा हौदाबाट छरेको सबै रूपैँया परे तर बलियाहरूले जबरजस्ती आक्रमण गरेर सबै पैसा लगे, छाताको नामो निसान रहेन । त्यो मान्छे बल्लबल्ल भागेर ज्यान जोगायो । श्री ५ ले सबै सवारी र सेना, निजामती कर्मचारीलाई कानुनी रूपमा सजाएर बैण्डबाजासहित नगर परिक्रमा गर्दै छन् । चितवनबाट ल्याइएका ठूला र साना हात्तीमा हौदा राखेर श्री ५ को सवारी भयो । सडकको दायाँ र वायाँ सरकारबाट

वर्षौंका सेता मोहोर टिप्न लुटेराहरूको भुमरी पर्दथ्यो । निर्धा, दुब्ला, महिला, केटाकेटी त्राही भएर भाग्दथे । यस्तैमा एउटी युवतीमाथि रूपैंयाको बाक्लो वर्षात् गराइदिए । युवती डरले भाग्ने चेष्टा गरिन् तर लुटेराहरूको हुलले छोपिहाल्यो । एकछिनपछि च्यातिएका लुगा र छातीभरि रगतैरगत, उसको अस्मिता नै लुटिएको थियो ।

कथानकको आदि भागमा एउटा मान्छे भोजन भण्डारबाट टन्न खाएर जुठो टपरीमा भात र मासुका हड्डी जुठ्यानमा फाल्नु, धेरै कुकुरहरू आएर झगडा गर्दै खानु, निर्धा कुकुरले खान नपाउनुसम्मको घटना आएको छ । कथानकको मध्यभागमा कुकुरको मात्र नभई मान्छेको पनि बलियाले निर्धामाथि अत्याचार नै गर्नु, राज्याभिशेक मा यस्तै हुनु, श्री ५ ले नगर परिक्रमा गर्दा छरेका रूपैयाँ टिप्न लुटेरा र बलिया मात्र सफल हुनु, एउटी युवतीमाथि रूपैयाँ वर्षात् गर्दा सबै मिलेर उसलाई रगताम्मे बनाएर लुट्नुसम्मको घटना आएको छ । यसपछि कथानकको गति ओरालो लागेको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । कथानकको अन्त्य भागमा युवती केही क्षणपछि डराएर कराउँदै निस्कनु, उसका शरीरमा भएका कपडा सबै च्यातेर रगताम्मे र घाउ नै घाउ बनाइदिएको घटना आएको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला नमिलेकाले वृताकारीय ढाँचा रहेको छ ।

### ख) पात्र/चरित्रचित्रण

यस कथामा दृश्यात्मक चरित्र वा व्यक्ति चरित्र कोही छैन । सरकारी कर्मचारी र राजाको एउटा समूह देखाइएको छ । लुटेरा बद्मास र समाजमा निर्धामाथि शक्ति देखाउन सक्ने एउटा समुह छ भने अर्को सोझा, सादा जनताहरू छन् । यी तीनै पक्षलाई व्यक्ति चरित्रमा नभई समूह चरित्रमा देखाइएको छ । मानवेत्तर प्रात्र कुकुरहरूलाई पनि समूहमा नै देखाइएको छ । यी सबै मुख्य, मञ्चीय बद्ध पात्र हुन् ।

### ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशका रूपमा काठमाडौं उपत्यका आएको छ । समयका रूपमा केही दिन वा दुई तीन दिनको घटना आएको छ । वातावरणको रूपमा राजाले राज्याभिषेकका समयमा नगर परिक्रमा गरेका थिए । त्यहाँ सिक्काहरू छरेका, सोझा जनतामाथि लुटेराहरूले लुट हालेर ज्यान जोगाउनै गाह्रो भएको घटना आएको

छ । सर्वसाधारण, गरिब, अशक्त आदि भाग्दाभाग्दै पनि ज्यान जोगाउन गाह्रो पर्नु राजाले जानी जानी युवतीमाथि सिक्का छर्नुले हुने खानेले नसक्ने, अशक्त, महिला सधैं अन्याय गरेको देखाइएकाले समाजमा असमानताले अझै जटिल समस्या ल्याउने अवस्था चित्रण गरिएकाले निराशापूर्ण परिवेशको चित्रण गरिएको छ । सुरुमै कुकुरहरूको लडाइँ परेको देखाएर मान्छेहरूको व्यवहार चित्रण गरिएकाले पनि मान्छेहरूको विवेक भए पनि प्रयोग नगर्ने, पशुवत व्यवहार गर्ने, बलियाले निर्धाहरूलाई हेपेकाले कथामा बाह्य र पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तु अनुरूप परिवेश प्रस्तुत भएको छ ।

### घ) भाषाशैली

दानबाट खतरा कथामा नेपाली समाजमा बोलिने सरल, सहज र बोधगम्य भाषाको प्रयोग पाइन्छ ।

तत्कालीन श्री ५ को सरकारको लागि प्रयोग हुने शब्द प्रयोग पाइन्छ । जसलाई यसरी देखाउन सकिन्छ । राज्याभिषेक, श्री ५ हौदाबाट बर्सेका रूपैयाँहरू, हौदामा श्री ५ को विराजमान, आदि (पृ: ११–१२)

यस कथाको शैली वर्णनात्मक रहेको छ । वर्णन शैलीमा, व्यङ्ग्य मिसाएर यस कथामा भाषा प्रयोग गरिएको छ । समग्रमा भाषिक प्रयोगका दृष्टिले उक्त कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

दानबाट खतरा कथामा कथाकार मिश्रले हाम्रो समाजमा हुनेखाने व्यक्तिले नहुने, अशक्त, वृद्ध र युवती वा स्त्रीहरूलाई समाजमा बलियाहरूले सधैं हेप्ने, थिचोमिचो गर्ने गर्दछन् भन्ने देखाउन खोजेका छन् । नेपालमा लामो समयदेखि सरकारी निकायका अगाडि नै सोझा जनतामाथि अन्याय गर्दा पनि आँखा चिम्लन्छ भने अर्कोतर्फ सरकारी निकाय नै गुण्डाहरूलाई अपराध गर्न उस्क्याउने गरेको देखिन्छ । सर्वसाधारण जनता यो सबै चुपचाप सहेर बस्न बाध्य छन् । यही यथार्थलाई उजागर गर्नु नै कथाको मुख्य उद्देश्य रहेको छ । राजा देशका पिता भएर जनतामा व्यवस्थित र समान तरिकाले खुसी

बाँड्न सकेका छैनन् । उल्टै सीमित बाहेक अन्य जनतामा दु:ख, डर, त्रास उत्पन भएको छ । राज्य र श्री ५ का तर्फबाट आफ्ना खुसीमा जनताहरू पूर्ण रूपले खुसी हुन सकेका छैनन् भन्ने मूलभूत उद्देश्य कथामा रहेको छ ।

### च) दृष्टिविन्दु

यस कथामा समाख्याता कथाभन्दा बाहिरै बसेर विभिन्न समूहका पात्रहरूका सोचाइ, भोगाइ, गराइ आदिलाई व्यक्त गरकाले यस कथामा (बाह्य) वस्तुपरक दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा कुनै पनि व्यक्ति चरित्रको बारेमा विचरण नगरिएकोले वस्तुपरक दृष्टिविन्दु रहेको छ ।

### आ) शीर्षक सार्थकता

दानबाट खतरा कथाको शीर्षक सार्थक रहेको छ । नेपालमा लामो समय राजतन्त्र रह्यो । राजाको राज्याभिषेकको समयमा नगर परिक्रमा गर्ने प्रमुख कार्यक्रम हुन्छ । उक्त अवसरमा राजाको सवारी हेर्न मान्छेको भिड लाग्छ । राजाले जनतालाई पैसा छरेर खुसी बाँड्दछन् । यस्तो अवसर छोपेर बलिया र शक्तिशाली लुटेराहरूको अगाडि कसैले रुपियाँ पैसा पाउने आशासम्म गर्न सक्दैनन् । केटाकेटी, गरिब, वृद्धवृद्धा, आइमाई, छोरीचेलीले आफ्नो ज्यान र इज्जत जोगाउनै गाह्रो पर्छ । यस कथामा पनि राजाले सडक किनारामा पैसा छर्दा बूढो, युवा, गाउँले र स्त्रीलाई यस्तै खतरा र ज्यान जोगाउनै मुस्किल परेकाले पनि कथाको विषयवस्तु अनुरूप शीर्षक सार्थक रहेको छ ।

## ३.४.१५.६.‘आँधी’ कथाको

## ३.४.१५.६.१ कथा tŒjsf आधारमा ‘आँधी’ कथा

### क) कथानक

आँधी कथाले नेपालको काठमाडौंको उच्च कुलीन वर्गीय तर निम्न स्तरको सोचाइलाई आफ्नो कथाको विषयवस्तु बनाएको छ । यस कथामा आएको पण्डित बाजे पण्डित्याँइ काम गर्न हिड्ने उच्च जातिका व्यक्तित्व हुन् । यसै पात्रको सेरोफेरोमा कथानकताले फन्को मारेको छ ।

दक्षिण दिशामा नीलो र कालो भएर बादल उठी चारै दिशा अन्धकार भई ठूलो हुरी बतास आउन थाल्यो । हामीहरू पण्डित बाजेको भित्रको छिँडीमा पुग्यौं । एउटा हामी जस्तै नौलौ केटो पनि आँधीको मारमा परेकाले ढोका घचघच्याएर भित्र पसें । एकछिनपछि पण्डित बाजे पनि घर भित्र आइपुगे । त्यो नौलो केटो को हो ? तिमीहरू के गर्दै छौ ? निस्किहाल जात बताउन नसक्ने, बेवारिसी, आदि गाली गर्दै निकालिदिए आँधी र पानी परेको समयमा । पण्डित बाजे भगवान् गुहार्न थाले । छुत हो कि अछुत कस्तो सङ्कट आइपऱ्यो । मेरो घरमा कहाँबाट आइपुग्यो । पण्डितबाजे चोखो भएर समेत घरमा बस्न नपाइने भयो भन्दै कराउन थाले । घरमा तुरुन्त शान्तिस्वस्ति गर्नुपर्ने समस्या आइपऱ्यो । के जातको हो के जातको पण्डित बाजे कराउदै माथि उक्लिए ।

भोली पल्ट हेर्दा सबै खुलेको तर कसैको घरको छाना उडाएको, धेरैतिर रूख भाँच्चिएर बिजुलीका तारहरू झरेका आदि । जताततै विध्वंस अवस्था देखिएको छ । तर पण्डितबाजे आँगनमा शान्ती स्वस्ती गर्न होम हाल्न थालेका । मैतिदेवीमा एउटा मसलाको रुख लडेर एउटा केटोको मृत्यु भएछ । हेर्न जाँदा हिजो पण्डितले पानी र आँधी बेरीमा घरबाट निकालिएको केटो पो रहेछ ।

यस कथाको आदि भागमा चारैतिर अन्धकार छाहेर आँधिहुरी चल्नु, एकहुल केटाकेटीहरू पण्डितबाजेको घरको छिडीमा पुग्नु, त्यँहा एक अपरिचित बालक पनि शरणका लागि आउनुसम्मको घटना आएको छ । कथाकनको मध्यभागमा सबै बालबालिका आफ्नै सुरले खेल्न थाल्नु, केहीबेरमा पण्डितबाजे पनि घर आइपुग्नु, त्यो नौलो केटालाई देख्ने बित्तिकै के जातको बच्चा हो यो भनेर कराउनु, पण्डितले आफ्नो जात भन्न नसक्ने भन्दै आँधी र असिना पानीमा केटोलाई घरबाट निकालिदिनु, कुन जातको हो भन्दै भोलि शान्तिस्वस्ति गर्ने भन्दै माथि उक्लिनु, भोलिपल्ट सबै उध्रेको तर आँधीको विध्वंस पृथ्वीमा बाँकी नै रहेको, पण्डितले शान्तिस्वस्ति गर्नुसम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग हो । कथानकको अन्त्य भागमा मैतिदेवीमा मसलाको रूख भाँच्चिएर मृत्यु हुने केटो त उही पण्डित बाजेले घरबाट निकाली दिएको केटो हुनु । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले रैखिक ढाँचा रहेको छ ।

## ख) पात्र/चरित्रचित्रण

यस कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा र बद्ध पात्र रहेका छन ।

यस कथाको प्रमुख पात्र पण्डित बाजे हुन् । उनी यस कथाका मञ्चीय बद्ध पुरुष पात्र हुन् । उनी उमेरले पाका र बुढा भए पनि बुद्धि र सोचाइमा कच्चा देखिन्छन् । आफ्नो घरमा कसलाई बस्न दिने र कसलाई बस्न नदिने भन्ने स्वतन्त्रता कुनै पनि व्यक्तिलाई हुन्छ तर परिस्थिति हेरेर काम गर्नु राम्रो हुन्छ, बुद्धिमानी हुन्छ । मान्छेमा मानवीयताहीन, तुच्छ र निच स्वभाव हुनु राम्रो हुँदैन । पण्डित तुच्छ सोचाइका व्यक्ति हुन् । त्यस्तो आँधी र पानी परेको बखत एउटा बच्चालाई जात भन्न नसकेको कारण घरबाट निकालिदिन्छ । घर अपवित्र भएको सोचेर शान्तिस्वस्ति गर्दछ । पण्डित जस्तो मान्छे भएर पनि अलिकति पनि आफ्नो विवेक प्रयोग नगरी रुढी र असंस्कारी काम गरेकाले ऊ एक विवेकहीन असत् बद्ध पात्र साबित भएका हुन् । उनले सानो कुरामा विचार पुऱ्याउन नसकेकाले बालकको मृत्यु समेत भयो । त्यस्तो प्राकृतिक विपत्तिमा पनि त्यस्तो अमानवीय र दुष्ट कार्य गरेकाले उनीबाट समाजले कुनै प्रेरणा लिन सक्दैन ।

केटाहरूको समूह, नौलो केटो यस कथाको सहायक चरित्र हुन् । पण्डितको त्यस्तो अमानवीय दुष्ट कार्यको भण्डाफोर उनीहरूबाटै भएको छ । नौलो केटो प्राकृतिक विपत्तिमा ज्यान जोगाउने आशामा पण्डितको घरमा शरण लिन पुगेको एक सहाराहीन पात्र हो । ऊ पण्डितको हुंकारको प्रतिवाद नगरी त्यस्तो आँधी र पानीमा पनि खुरुखुरु घरबाट निस्केर आफ्नो ज्यान गुमाउन बाध्य कारुणिक पात्र हो ।

## ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशका रूपमा नेपालको राजधानी काठमाडौंको वर्गीय समाज आएको छ । समयका रूपमा साँझ रात र बिहानको समय पृष्ठभूमिमा उल्लेख गरिए तापनि कथा दुई दिनको घटनामा आधारित देखिएको छ । वातावरणको रूपमा बालकलाई निच ठहऱ्याइ, घरबाट निकालिनु, उच्च वर्गीय ठानिएकाहरूले गरेको न्यून सामाजिक, सांस्कृतिक व्यवहारको प्रभाव आएको छ । प्राकृतिक प्रकोप वा विपत्ति आइपरेको बखत मानवताका हिसाबले सुरक्षा दिनुपर्नेमा उल्टै आफ्नो शरणमा आइपुगेको एउटा बच्चालाई घरबाट

निकालिदिनुले र केटाको मृत्यु हुनुले निराशापूर्ण परिवेशको चित्रण पाइन्छ । रातको समयमा आँधी र असिनापानीको चित्रण गरिएको छ । पण्डितको व्यवहारले बाह्य र पात्रका आन्तरिक मनको सामन्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

### घ) भाषाशैली

आँधी कथामा हाम्रै समाजमा बोलिने सरल, सहज र बोधगम्य भाषाको प्रयोग पाइन्छ । भाषिक प्रयोगमा वर्गीय छनक पाइन्छ । पण्डितले प्रयोग गर्ने भाषामा जातीय उचनीचको सोच पाइन्छ । जस्तैः

तँ के जातको ? यो चाँहि के जातको ? उल्लु चाँडै निस्कि ? आदि (पृः १२)

घचघच्याउँदा, छिस्किनी, भऱ्याङ, निर्धक्क, छर्लङ्ग, विध्वंस जस्ता शब्दहरूको प्रयोगले कथालाई झन् रोचक बनाइएको छ । 'आँधी' कथाको शैली यथार्थवादी रहेको छ । यथार्थमा पनि समाजिक यथार्थवादी रहेको छ । मिश्रले पात्र अनुरूपको भाषा प्रयोग गरी कथालाई उत्कृष्ट रूप दिएका छन् । बीचबीचमा स्थानीय झर्रा भाषाको प्रयोगले गर्दा कथा झन् यथार्थ र मौलिक बनेको छ ।

### ङ) उद्देश्य

आँधी कथामा कथाकार मिश्रले नेपालमा जातीय उचनिचको सोचाइले मानिसलाई कतिसम्म अन्धो बनाइदिन्छ भनेर देखाउनु प्रमुख उद्देश्य रहेको छ । नेपालमा जातीयकै आधारमा बालकलाई प्राकृतिक विपत्ति परेका बखत पनि मानवीयता देखाउन सक्दैन । समाजमा जातीय विविधताले यतिसम्म जह्रो गाडेको छ कि जातीयाताको जालोमा फसेर मानवीयता भुलेको यथार्थता प्रस्तुत छ । सानो जातका कारण समाजमा धेरै अन्याय र उत्पीडन सहन बाध्य छन् । असहज परिस्थितिमा ज्यानकै बाजी लगाएर भए पनि समस्या र समाजमा अमानवीय व्यवहार सहन बाध्य छन् । यही सामाजिक समस्यालाई कथामा कुशल तरिकाले प्रस्तुत गर्नु नै कथाको प्रमुख उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

आँधी कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको छ । समाख्याता कथाभित्रै बसेर पण्डितको सोचाइ, भोगाइ, चिन्तन आदिलाई व्यक्त गरेकाले यस कथामा परिधीय दृष्टिविन्दु प्रयोग भएको देखिन्छ ।

### आ) शीर्षक सार्थकता

नेपाल जातीय विविधता भएको मुलुक हो । यहाँका अधिकांश ठूला जातिले साना जातीलाई सधैं हेयका नजरले हेर्ने गरेको पाइन्छ । छुवाछुतले समाजमा नराम्ररी जरो गाडेको देखिन्छ । यहाँको समाजमा समानताको हकसमेत छैन । त्यसैले यहाँ जातीयता, छुवाछुत, भेदभावले गर्दा मान्छे स्वतन्त्र रूपले एक अर्काको घरमा जान, बस्न बन्देज लगाइन्छ । एक तल्लो जातले चिनिएको मान्छे घरमा पस्ने बित्तिक्कै घर बिटुलो भएको सोचेर शान्तिस्वस्ति गरिन्छ । तर एउटा मानवले अर्को मानवलाई आपत् परेका बखत गर्नुपर्ने सहयोगको वास्ता गरिदैन । उच्च जातको घमण्डले गरिएको कार्यले आगामी भविष्यमा आइपर्ने विपत्तिसमेत ख्याल गरिदैन । यस कथामा आएको अपरिचित युवक पनि पण्डितको जातीय हेपाइमा पर्नु, आँधीबेहरी, असिनापानीमा पनि जातको बारेमा भन्न नसकेर घरबाट निकालिदिनु र आँधीको चपेटामा परेर मृत्यु हुनुले कथाको शीर्षक विषयवस्तुअनुसार सार्थक रहेको छ ।

## ३.४.१५.७. 'मर्ने ठाउँ' कथा

### अ) कथा tŒjsf आधारमा 'मर्ने ठाँउ' कथा

### क) कथानक

'मर्ने ठाउँ' कथाले नेपालको सहरी क्षेत्रको उच्च वर्गीय समाज र सोझासादा गरिब नेपालीहरूको श्रमशोषणलाई आफ्नो विषयवस्तु बनाएको छ ।

राजधानीमा ठूला र भव्य महलहरू निर्माण भएका छन् । बगैचामा थरीथरी सुगन्धित फूलहरू फुलेका छन् । भवनको सजावटमा देवता र अप्सराका रासक्रीडा र पौराणिक कथाहरूको प्रयोग गरिएको छ । भवनहरूका अट्टालिका बुट्टा हेर्दा सबैलाई आफूभन्दा सानो र पशु सरह देख्ने । देशका जवानहरू सबै पैसा कमाउन विदेशतिर लागे र देशमा बुढाबुढी,

आइमाई र केटाकेटीहरू मात्र बाँकी रहेकाले कृषि क्षेत्रमा ठूलो क्षति भएको कुरा सरकारी रिपोर्टमा आएको छ । नेपालीहरू विदेशी भुमिमा (बर्मा, मलाया आदि) गएर मर्न बाध्य भए । तिनीहरूको रगतको भल बग्यो त्यो सम्झेर बसेर पनि काम छैन । कार्यालयमा एकदुई ओटा मुद्धाहरू पुग्यो भने हाकिम, कर्मचारीहरूको जीन्दगी राम्रो हुने । त्यसैले न्याय पाउँला भन्ने सपनामा पनि देख्न सक्दैनन् जनता । आफू जोगी नै हुनुपरे पनि भएका जग्गा जमिन घरबार बेचेर भएपनि अड्डालाई सुम्पिन नसके जेलको छिडीमा सड्नुपर्छ । नब्बे प्रतिशत गरिबमाथि सरकारी न्याय दिन बसेकै अड्डाखानाले खुलेआम लुटेपछि जनताको विजोग भइहाल्छ । अर्को तर्फ साहु र तलसिङ्हरूको झगडा । जसरी भए पनि एक पेट खानुपर्ने बाच्नको लागि । ज्याला मजदुरी गर्नलाई काम नपाइने भएकले नेपाली युवाहरू बाध्य भएर भारतीय भूमिमा भर्ती हुन्छन् । भारतीय भूमिमा भती केन्द्र नखुलेको भए नेपाली युवाहरूलाई मर्न जाने ठाउँ र मर्नको लागि स्वतन्त्रता समेत हुने थिएन ।

कथानकको आदि भागमा राजधानीमा आधुनिक सम्पन्न शाली भवननहरूको निर्माण हुनु, भवनका मालिकहरूले अरूलाई मान्छे जस्तै नदेख्नुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा नेपालमा कामको अभावले युवाहरू सबै विदेशिनु, काम गर्ने जनशक्ति नभएकाले देशमा कृषि उत्पादन घट्नु, सरकारी अड्डा खानामा जागिर खानेहरूले गाउँकै गुण्डाहरू लगाएर एकदुई ओटा मुद्वा परिदिनु, मुद्वा परे पछि अड्डाका हाकिम कर्मचारी मिलेर गरिबलाई घरबार विहिन सम्म बनाइदिनु, सरकारी अड्डाका कर्मचारीहरू बाटै नब्बे प्रतिशत गरिब जनता खुलेयाम सिकार हुनु, अर्कोतर्फ साहू र तलसिङ्हरूको बीचमा झगडा हुनु सम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । कथानकको अन्त्य भागमा मान्छे बाँच्नका लागि एकछाक खानुपर्ने भएकाले राम्रो काम नपाएकाले भारतीय भर्ती केन्द्र नभएको भए नेपालीलाई मर्न जाने ठाउँसम्म नहुने घटना आएको छ । यस कथाको कथानकता आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ ।

### ख) चरित्रचित्रण /पात्र

यस कथामा व्यक्ति चरित्रको चित्रण छैन । नेपाली अड्डा खानाका हाकिम र कर्मचारी यस कथाका प्रमुख मञ्चीय पात्र हुन् । देशको ९० प्रतिशतभन्दा बढी गरिब जनताहरूलाई झुट्टा मुद्वामा फसाँएर उनीहरू कै सम्पतिमा लुट मच्चाएर आलिसान

महलहरू बनाएर ऐस आराम गर्ने राज्यका जिम्मेवारहरू जनताको सेवा गर्नु पर्नेमा उल्टै गरिब जनतालाई दु:ख दिने समाजका खल पात्र हुन् । यिनीहरूले सारा नेपालीलाई झन् गरिब बनाइदिएर विदेशी भूमिमा मर्न जान बाध्य पार्ने एक असत् बद्ध पात्र हुन् ।

नेपाली जनता यस कथाका सहायक बद्ध पात्र हुन् । नेपाली जनता यस्तै भ्रष्ट र असत् कर्मचारीका कारण र गरिबीयुक्त, कष्टकर जीवन बिताउन बाध्य एक निरीह समूह हो । सारा जनताको समस्या एउटै छ । सरकारी अड्डाबाट न्याय पाउनु पर्नेमा पीडा र विदेशी भूमिमा मर्न जान बाध्य निरीह, लाचार समूह हो । यिनीहरू समाजका सत् पात्र भए तापनि अन्यायका विरुद्ध लड्नुको सट्टा उल्टै विदेशी भूमिमा लड्न र मर्न तयार भएका छन् । यिनीहरू सत् मञ्चीय पात्र हुन् । यस कथामा गौण पात्रका रूपमा विदेशी भूमिमा युद्धमा मरेका नेपालीहरू, मोही र तलसिङ्हरूको आएका छन् । यी सबै कथामा मुक्त पात्रका रूपमा आएका छन् ।

### ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशका रूपमा नेपालको राजधानीको सरकारी कर्मचारीहरूको घुस्याहा प्रवृति आएको छ । समयका रूपमा अस्पष्ट रूपमा केही वर्षका घटना आए तापनि निश्चित समय तोकिएको छैन । वातावरणको रूपमा काठमाडौंका अड्डाका कर्मचारीद्वारा गाउँका सोझा गरिब जनतालाई मान्छे लगाएर फसाउँनु, युवा सबै रोजगारीका लागि विदेशी लडाइँमा भर्ती हुन जानु, देशमै पनि सम्पत्ति बेचेर अड्डालाई जिम्मा लगाउँनुपर्ने बाध्यता वा राजकीय सामन्तको कारणले गर्दा ९० प्रतिशत जनता गरिबी, असुरक्षा, सामन्तबाट शोषित हुनु परेकाले समग्र परिवेश निराशापूर्ण रहेको छ । लडाइँ, मुद्दा, अड्डा अदालतको चित्रणले कथामा बाहय र पात्रका आन्तरिक परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

### घ) भाषाशैली

मर्ने ठाउँ कथाको भाषा सामान्य प्रकारको रहेको छ । यस कथामा आलाङ्कारिक भाषाको प्रयोग पनि रहेको छ । जस्तैः जवानहरू रंगरुटको ज्वालामुखीमा होमिन गएर सकिए । दाजुभाइहरूको रगतको खोला बगेको आँखा अगाडि नाचेर पो के भयो ? आदि (पृ: १३) ।

यस कथाको शैली वर्णनात्मक रहेको छ । मिश्रले यस कथामा न्युन पात्र संयोजन गरेर कथालाई वर्णनात्मक शैलीमा उत्कृष्ट तरिकाले वर्णन गरेका छन् । समग्रमा भाषिक प्रयोगका दृष्टिले मर्ने ठाउँ कथा सफल रहेको छ ।

**ङ) उद्देश्य**

कथाकार मिश्रले यस कथामा हाम्रो समाजमा भ्रष्टाचार र अरुको सम्पत्ति खोसेर भए पनि आफू धनी, सम्पन्न बन्नुपर्ने सामन्तवादी सोचाइ गराइलाई कथाले यथार्थ रूपमा प्रस्तुत गर्ने उद्देश्य रहेको छ । नेपालमा रोजगारी नहुनु, खेतीपातीले मात्र वर्षदिन खान नपुग्नुले युवाहरू विदेशी भूमिमा मर्न जान बाध्य हुनुपर्ने यथार्थ प्रस्तुत छ । सरकारी अड्डाखानाकै कर्मचारीहरू गाउँका जालिफटाहाहरूसँग मिलेर गरिब जनतालाई मुद्दा लगाई दिनु जस्ता घटनाको चित्रण गरिएकाले हुनेखाने सरकारी पहुँच भएकाले गरिब र सोझा जनतामाथि दिनदहाडै शोषण गर्दा पनि सहेर बस्न बाध्य छन् । सबै जनताहरू अशिक्षा, गरिबी आदिका कारण आफूमाथि भएको अन्याय सहन बाध्य छन् । त्यसको प्रतिकारमा उत्रेर आफ्नो अधिकार लिन डराउँछन् । आफ्नो अभिमान, इज्जत, आफ्नो मिहिनेतले साँचेका धेरथोर सम्पत्ति सबै सामन्तकै हातमा निहित रहने सामाजिक वर्गीय यथार्थता प्रस्तुत गर्नु यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

यस कथामा समाख्याता कथाभन्दा बाहिरै बसेर विभिन्न समूहका पात्रहरूको चर्चा गरेकाले यस कथामा बाह्य वस्तुपरक दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा कुनै व्यक्ति चरित्रका बारेमा विचरण नगरिएकाले यस कथामा वस्तुपरक दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

### ३.४.१५.७.१ शीर्षक सार्थकता

मर्ने ठाउँ कथाको शीर्षक सार्थक रहेको छ । नेपालमा लामो समयदेखि राज्य र जनताका लागि केही अधिकार दिइएन । गरिब जनतालाई सरकारी पक्षका व्यक्तिले नै लुट्ने गरेको यथार्थ इतिहासमा प्रशस्तै पाइन्छ । नेपालको सरकारी अड्डा नै भ्रष्टाचारी भएकाले सोझा र गरिब जनतालाई झुक्याएर, मुद्दामामिलामा फसाउँने र गरिबीबाट घरबार

विहीन र जोगी बन्नुपर्ने अवस्थामा पुऱ्याइ दिने, रोजगारीको कुनै अवसर नहुने, देशमा मर्न पनि नसकिने र गर्ने ठाउँ पनि नभएकाले नेपालीहरू विदेशी भूमिका युद्धमा भर्ती हुन बाध्य छन् । त्यो भर्ती केन्द्रहरू भएरै मात्र खुसी र बाध्यता दुबैले मर्नका लागि आफ्नो बाटो रोज्न पाएको घटना व्यक्त गर्नुले पनि कथामा विषय वस्तु अनुसार शीर्षक सार्थक रहेको छ ।

### ३.४.१६ 'निरन्तरता' कथाको विश्लेषण

### ३.४.१६.१ पृष्ठभूमि

वि.सं. २०५३ वर्ष ४, पूर्णाङ्क ७ को माघ-चैत अंकमा दोस्रो कथाको रूपमा 'निरन्तरता' कथा प्रकाशन भयो । टीकाराम पोखरेलद्वारा रचना गरिएको (निरन्तरता) यस कथामा नेपालका ग्रामीण भेगमा पञ्चायती शासन काल देखि प्रजातन्त्र पुनःस्थापनापछि सम्म राजनीति गर्ने नेता हुने र उनीहरूको शासन शैलीलाई यस कथाकमा यथार्थ तवरले प्रस्तुत गर्न खोजेको छ । प्रस्तुत कथा राजनैतिक कथा हो ।

### ३.४.१६.२ कथा tŒjsf आधारमा 'निरन्तरता' कथा

**क) कथानक**

निरन्तरता कथाले नेपालको ग्रामीण समाजको साधारण गाउँले आशिक्षित जनता र भ्रष्टचारी, देशद्रोही मन्त्रीको (नेताको) सामन्ती प्रवृत्ति उत्पन्न समस्यालाई विषयवस्तु बनाएको छ । यस कथामा आएको टहलबहादुर समाजमा सत्यको पक्ष लिने, नेता र मन्त्रीको अन्याय र भ्रष्ट व्यवहारको विरोध गर्ने युवा हो । गुणरज मन्त्री भए पनि निरङ्कुश र भ्रष्टचारी नेता हो । यही दुई पात्रको वरिपरि कथा केन्द्रित रहेको छ । १६ वर्ष पुगेकी जुनेलीको परिचयबाट कथानकको सुरुवात भएको छ । टहलबहादुरको मृत्युपश्चात् मखमलीले मिहिनेतसाथ बुबाको अभाव खड्कन नदिइ हुर्काएकी थिइन । त्यसैले जुनेलीलाई आफ्नो बुबाको कथा खोज्नु पर्ने आवश्यकता थिएन । गुणराज गाउँमा चुनाव जितेर मन्त्री बनेका हुन् । पञ्चायती शासन व्यवस्थामा पनि उनी मन्त्री नै थिए । व्यवस्था विरोधी गतिविधिमा लागेको आरोप लागेको टहलबहादुर २२ वर्षे आशिक्षित तर जोसिला युवा थिए । गाउँमा केही पऱ्यो भने युवाहरू सल्लाह लिन उनकै घरतिर लाग्दथे । हरेक

कुरामा उनलाई नै अगाडि सार्थे । गुणराज मन्त्री हुँदा खेरि नै टहलबहादुरलाई पुर्जी काटिएको थियो र पुलिसले समातेर लगेको थियो । पञ्चभेलामा गुणराजको निर्णयलाई सबैले शिरोधार्य गर्नुपर्ने हुन्छ । तल्लो गाउँको बिर्खेले रनेकी छोरी बाटुलीलाई भगाएर बिहे गर्छ । यसै विषयमा गाउँमा पञ्चभेला बस्दा गुणराजको विवाह वदर गर्ने निर्णयलाई टहलबहादुले खण्डन गरेर विबाह बदर हुन र जरिवाना तिर्नु बाट जोगाइदिन्छ ।

गुणराजलाई टहलबहादुरको धेरै अगाडि देखिकै गतिविधि मन परेको थिएन तर आजको घटनाले त उसलाई ठूलो धक्का दियो । टहलबहादुरको यस्तो गतिविधि बढ्दै गएको थियो । युवाहरूले पनि उसकै साथ दिएकाले गुणराजको व्यक्तित्व र राजनैतिक भविष्यमा समेत खतरा बढ्ने संकेत देख्छ । आउने चुनाबको मत परिणाम समेत आफ्नो पक्षमा नहुने हो की भन्ने शङ्का हुन् थाल्दछ । गुणराजले चुनाब जित्यो । मन्त्री पनि भइ छाड्यो । टहलबहादुरले मन्त्रीको विरोध गर्न थाल्यो । मन्त्री भएको पाँच दिनमै उसलाई प्रहरीले समातेर लग्यो । त्यसपछि उनको कुनै खबर छैन । कसैले खुलेर कुरा गर्न सकेनन् र गरेनन् पनि । गाउँमा सुनसान छायो । मखमलीलाई सान्त्वना दिन जान सक्ने हिम्मत समेत कसैले गर्न सकेनन् । गुणराजकै मान्छेहरूले टहलबहादुरको घरतिर हेर्दै ठूला स्वरले गफ गर्दै हिडेको सुने पनि मखमलीले प्रतिकार र प्रतिप्रश्न गरिनन् । गाउँमा सन्नाटा छायो । छिमेकी एक अर्कामा मिलेर केही कुरा गर्नु, मखमलीको साथ दिनु भनेको आफ्नो पनि टहलेको भैं गति हुनु हो भनेर चुप बसे ।

समयसँगै गाउँलेले त्यो घटना बिर्सेर मखमलीलाई मेलापातको काम दिएर साथ दिन थाले । देशमा प्रजातन्त्र आएको छ । मखमलीसँग बोल्न कोही डराउँदैनन् । तर मखमलीको मनको त्यो चोट भने आज पनि उस्तै छ ।

गुणराज गाउँमा वर्षको एकदुई पटक आउँछ । ऊ गाउँमा आउँदा सबै गाउँलेको दौड्धुप चल्छ । दही, घ्यू, खसी जम्मा गर्नेको भिड हुन्छ । कसले केके ल्यायो भनी टिपोट गर्ने लेखापाल राखिन्छ । पञ्चायतमा मन्त्री हुँदा देखिकै चलन हो । यो देशमा प्रजातन्त्र आए पनि यो गाउँमा उस्तै छ । मन्त्री, मन्त्रीले राखेको नियम, शासन सबै उस्तै छ । गुणराज धेरै पटक मन्त्री हुँदा पनि गाउँ विकट र अशिक्षित नै छ । गाउँमा कुनै विकासको नाममा

संकेत सम्म छैन् । जसको फल सधै आफूले रवाफ राखिराख्न पाइयोस् । जनता झुकीरहुन्, आफूलाई देवता ठानी रहुन् ।

यस पटक गुणराज डेढ वर्षजति पछि गाउँमा आयो । यो पटक मन्त्री भएपछि त पहिलो पटक सहरबाट केही सरकारी कर्मचारी सहित ऊ जनताको पीडा र दुःख बुझ्न आएको रे । गाउँमा कसकसका छोरीहरूलाई जागिर लगाउने बेला भएछ, भनेर टिपोट गर्दै घरघरमा पुग्दछ । पोहोर उसले लालेकी छोरीलाई सहर लगेर बेचेको थियो । लालेकी छोरीले नै पठाएझैं गरेर केही पैसा र चिठी गुणराज आफैंले लालेलाई पठाएको थियो । त्यो कुरा सोझा र अशिक्षित गाउँलेलाई के थाहा । यसैको उदाहरण दिँदै गाउँले फकाउन हिड्छ गुणराज । यसै क्रममा मखमलीको घरमा पुगरे विगतका घटना स्मरण गराउँछ र सहानुभूतिको स्वाङ रचेर छोरीलाई सहरमा काम गर्न पठाइदे भन्छ । मखमली आफ्नी छोरीलाई त्यसरी काममा नलगाउने भन्दै विगतको घटना बल्झाइस, तेरो र मेरो लडाइँ इतिहास देखिकै हो । म तँलाई छोड्दिन । मेरी छोरी तेरो जागिर खान्न भन्दैं झम्टन्छे । त्यहाँबाट गुणराज कसरीकसरी फुत्केर भाग्यो । ऊ भोलिपल्टै सहरतिर लाग्यो । त्यहाँबाट हिडेको १० दिन भयो । हिजो बिहानै मखमली र जुनेलीलाई उच्छृङ्खल गतिविधि लागेको अभियोगमा प्रहरीले पक्राउ गरेर लिएर गयो ।

आज फेरि गाउँमा शून्यताले निरन्तरता पाएको छ । हिजो टहल बहादुरलाई समातेर लैजाँदा जस्तै जुनेली र मखमलीलाई पक्रेको कुरा कोही गर्न चाँहदैनन् । गाउँमा विकटता, आशिक्षा, अन्धकारमा रजाइँ गर्ने मन्त्रीको अत्याचारले फेरि निरन्तरता पाएको छ ।

यसरी कथाको आदि भागमा टहलबहादुरको छोरी जुनेलीको परिचयसँगै सुरु भई गुणराजले विनाकसुर आफ्नो अत्याचारको रजाईं कम हुने भएकाले सरकारी झुटो मुद्दा लगाएर टहलबहादुरलाई समातेर अज्ञात तरिकाले मारेको घटनासम्म आएको छ । कथाको मध्य भागमा पञ्च भेलामा गुणराजको निर्णय उपर टहलबहादुरले खुलेर विरोध गर्नु, उसलाई गाउँका युवाहरूले पनि साथ दिनु गुणराजको निर्णय बदर गराएको निहुँमा उसले टहलबहादुरलाई पक्रेर बेपत्ता पार्नु, गाउँले सबै डराएर मखमलीलाई एक्लै पार्नु, देशमा प्रजातन्त्र आएपछि र घटना पुरानो भएपछि छिमेकीले मेलापातमा लगाउन थाल्नु, मखमलीलाई भने मनमा परेको चोट ताजै रहनु, गुणराज पञ्चायतदेखि प्रजातन्त्रसम्म पटक पटक मन्त्री भए पनि गाउँको विकास नगर्नु गाउँलाई विकट नै तुल्याएर सोझा र अशिक्षित

गाउँलेमाथि बाघको रजाईं गर्नु । गाउँका छोरी चेली बेच्नु, आफ्नो मात्र स्वार्थ हेर्नु, मखमलीकी छोरी जुनेलीलाई बेच्ने दाउ बनाएर मखमलीसँग बहान गर्दै कुरा गर्नु, मखमलीले पुरानो घटना आफूले नबिर्सेको र तँ जस्ताको मृत्यु हुनुपर्छ भन्दै झगडा गर्नु, गुणराज भाग्न सफल हुनु र भागेको ९ दिनपछि मखमली र जुनेलीलाई उच्छृङ्खल गतिविधिमा लागेको अभियोग लगाई पक्राउ गरेर बेपत्ता पर्नुसम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । यसपछि कथानकको गति ओरालो लागेको छ । कथानकको आदि भागमा गाउँमा फेरि शून्यताले निरन्तरता पाउनु, जुनेली र मखमलीको कुरा कसैले गर्न नचाहनु, टहलबहादुरलाई पक्रेर लैजादा र मारिदिँदा जस्तै अत्याचारको निरन्तरता रहनु । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला नमिलेकाले वृत्ताकारीया ढाँचामा रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

यस कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय पात्र रहेका छन् ।

टहलबहादुर यस कथाको मुख्य पुरुष पात्र हो । उसले समाजमा सत्यको साथ दिने जोसिलो युवावर्गको प्रतिनिधित्व गरेको छ । उसले अशिक्षित भएर पनि जोसिलो युवावर्गको प्रतिनिधित्व गरेको छ । अशिक्षित भएर पनि प्रजातन्त्रप्रेमी छ ऊ । गुणराजको शोषण र अत्याचारी प्रवृत्तिको विरोध गरेको छ । गाउँमा कसैले पनि विरोध गर्न नसकेको गुणराजको पञ्चभेलाको निर्णय उसले बदर गरेको थियो । समाजमा युवावर्गलाई परिवर्तनको बाटोमा अग्रसर गराएको छ । २२ वर्षे टहलबहादुर मन्त्री गुणराजको जालोमा परेर बिना कसुर मृत्युवरण गर्न बाध्य गराइएको मञ्चीय पात्र हो । ऊ सत्यको साथ दिने समाजको प्रेरक र शिक्षाप्रदायक नायक र कथाको बद्ध पात्र हो । ऊ सत्य र कारुणिक पात्र पनि हो ।

गुणराज यस कथाको मुख्य खल पात्रको रूपमा उपस्थित छ । ऊ समाज सेवकको प्रतिनिधिको खोल ओडेर गाउँ विकासमा अवरोध गर्ने, गाउँका छोरी चेलीबेच्ने, असत् मञ्चीय पात्र हो । पञ्चायतदेखि प्रजातन्त्र व्यवस्थासम्म आइपुग्दा २–३ पटक मन्त्री भएर पनि आफ्नो गाउँको विकासमा कुनै योगदान गर्दैन । गाउँ विकट र अशिक्षित भइरह्यो भने

आफ्नो शोषणयुक्त रवाफ देखाउन पाइने भएकाले गाउँ विकासतर्फ चासो नै देखाउँदैन । टहलबहादुरले आफ्नो विरोध गऱ्यो भनेर उसलाई राज्यद्रोहीको आरोप लगाएर प्रहरीद्वारा समातेर मारिदिन्छ । ललाइफकाइ छोरीचेली बेचिदिन्छ । गाउँमा गएर गाउँलेहरूका ध्यू, दही, खसी लेखापाल राखेरै उठाउँछ । जुनेलीलाई काम लगाईदिने बहानामा बेच्न खोज्छ तर मखमली त्यसको विरुद्धमा देखापरेपछि आमाछोरीलाई नै सरकारी अभियोग लगाएर अपहरण गरी मारिदिन्छ । यसरी एकलौटी रूपमा सोझा जनतालाई धम्क्याएर, तर्साएर आफ्नो एकलौटी स्वार्थ पूरा गर्ने जनतालाई सधैं दुःख र पिडामा राखेर मोज मस्ती गर्ने खल नायक हो । उसका मार्फत् समाजले कुनै प्रेरणा लिन सक्दैन, त्यसैले ऊ असत् बद्ध पात्र हो

मखमली यस कथाकी सहायक बद्ध सत् पात्र हो । ऊ समाजबाट गुणराज जस्तो असत् पात्रको अन्त्य हुनुपर्ने धारणा राख्ने सङ्घर्षशील नारी पात्र हो । श्रीमानको हत्याहुँदासमेत गाउँलेको साथ र सान्त्वनासमेत नपाएकी उसले जीवनमा धेरै पिडा भोगेकी छे । उनी सानी छोरीलाई बुबाको अभावसमेत महसुस हुन नदिई हुर्काउने ममतामयी आमा पनि हुन् । उनका मार्फत् समाजले सत्प्रेरणा लिन सक्छन् ।

यस कथामा आएका जुनेली, गाउँले बुढाहरू, युवाहरू, सरकारी कर्मचारीहरू, गुणराजका मान्छेहरू, लालेकी छोरी, गोरे र गोरेकी बहिनी, च्यान्टी, रामप्यारी आदि गौण पात्रका रूपमा आएका छन् । कथानक विकासमा गौणपात्रका रूपमा आएर कथानक विकासमा सहयोग गरेकाले यी सबै मुक्त पात्र हुन् ।

**ग) परिवेश (देश, काल र वातावरण)**

यस कथामा परिवेशका रूपमा नेपाली विकट ग्रामीण अशिक्षित समाज र शोषित राजनैतिक स्थिति आएको छ । समयका रूपमा १५-१७ वर्षको समय, पञ्चायत र प्रजातन्त्रको पुनस्थापना पछिका केही वर्षहरू उल्लेख गरिएको छ । वातावरणको रूपमा जनताहरू अन्धकार युक्त अशिक्षित, बेरोजगार भएर बस्नु पर्ने, स्वतन्त्रता र सत्यको साथ दिँदा सामन्तवादीको सिकार हुनुपर्ने, राजनीतिको खोल ओडेर सोझा जनतामाथि शोषण गर्ने कुसंस्कृतिको प्रभावको रूपमा आएको छ । धेरै पटक मन्त्री भएर पनि आफ्नो गाउँको पर्याप्त विकास गर्नुपर्नेमा समाजलाई विकास विमुख बनाई आफ्नो दास बनाउनु, आफ्नो

छोरीचेलीलाई पैसामा बेचिदिने, आफ्नो विरोधी र सत्यको पक्षधरलाई मारिदिने जस्ता घटनाले निराशापूर्ण र दुःखद परिवेशको चित्रण पाइन्छ । दुःखका बेला र नहुने कमजोरको साथ कसैले नदिनु स्वार्थपूर्ति र डरको लागि असत्यको साथ दिएकाले पात्रका आन्तरिक मन र कथाको बाह्य परिवेशको सामञ्जस्यता देखाइएकोले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

## घ) भाषाशैली

निरन्तरता कथाको भाषा सामान्य खालको छ । यस कथामा राजनैतिक शब्दहरूको उचित प्रयोग पनि पाइन्छ । जस्तैः

व्यवस्थाविरोधी, गतिविधि, चुनाब, मतपरिणाम, बदर, उच्छृङ्खल गतिविधि आदि । (पृ:२७–२९)

गुणराजको भनाइमा देखावटी झल्कन्छ । जस्तै :

‘मैले पो तिमीहरूको दुःख देख्न नसकेर दया पलायो र घरघरमा आएँ ।’ मखमली तिम्री छोरीलाई शहर पठाऊ जागिर खान हेर काति दुःख काट्छ्यौं ! म जागिर लगाइदिन्छु ।’

यस कथाको भाषा सामान्य खालको सबैले बुझ्न सक्ने बोधगम्य रहेको छ ।

निरन्तरता कथाको शैली राजनैतिक यथार्थवादी रहेको छ । कथाकारले कथानकता वर्णन गरेकाले यस कथाको शैली वर्णनात्मक पनि रहेको छ । पोखरेलले पात्र अनुरूपको भाषा प्रयोग गरी निरन्तर कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । औगाद, टहले ढिँडो, ढिकी जाँतो, मेलापात जस्तो स्थानीय झर्रा शब्दहरूको प्रयोगले गर्दा कथा झन् मौलिक र यथार्थ बन्न पुगेको छ । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा निरन्तरता कथा सफल रहेको छ ।

## ङ) उद्देश्य

निरन्तरता कथामा कथाकार पोखरेलले नेपालमा पञ्चायत देखि प्रजातन्त्र सम्मका नेपालका मन्त्री र नेता एउटै भएकाले उनीहरूमा सामन्त र भ्रष्टचारी सोचाइ नगएको देखिन्छ भन्ने देखाउनु प्रमुख उद्देश्य रहेको छ । धेरै पटक मन्त्री भइसक्दा पनि आफ्नो

गाउँको विकासमा चासो नदेखाई उल्टै गाउँलेलाई डर र धम्कीमा राखेर आफ्नो मात्र स्वार्थपूर्ति गर्न प्रयासरत रहन्छन् । नेपालको इतिहासमा लामो समय देखि राम्रो, देशभक्त र इमान्दार व्यक्तिको हातमा शक्ति जान नसकेकाले देश विकट, अशिक्षित, गरिबी, अन्याय, अत्याचारको सिकार बन्न बाध्य रहेका छन् । त्यसको प्रतिकार गर्नेहरूलाई जवरजस्ती सरकारी मुद्धामा फसाएर बेपत्ता पारीएका उदाहरण प्रशस्त भएकाले र यसमा यथार्थता प्रस्तुत गर्नु यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

प्रस्तुत कथा टहलबहादुरको र गुणराजको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर टहलबहादुर र गुणराजको भावना प्रतिक्रिया, सोचाइ आदिलाई व्यक्त गरेका छन् । यी दुई पात्रको आन्तरिक जीवनको चिनारी दिने काम भएकाले यस कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

**३.४.१६.३ शीर्षक सार्थकता**

नेपालमा राजनैतिक स्तरअनुसार सरकारी प्रतिनिधि बन्न पाउने व्यवस्था छ । वा भनै प्रजातन्त्रीय शासन व्यवस्था छ । जनताले चुनाबमा भोट जिताएका व्यक्ति मन्त्री बन्न पाउँछन् । नेपालमा पञ्चायत कालमा पञ्चहरूले जनताहरूलाई डर धम्कीमै राखेर शासन गरे । जनताको परिश्रम आफूले स्वतन्त्र रूपले लुटेर आफ्नै ढुकुटी भरे । जनताको बलिदान र आन्दोलनपछि नेपालमा प्रजातन्त्र आयो । नेपालमा वा देशको संविधानमा प्रजातन्त्र आए पनि नेपालका गाउँगाउँमा राजनीति गर्ने, मन्त्री बन्ने तिनै पुराना मान्छे भए । पञ्चायत हुँदा जनतामाथि शोषण गर्ने, जनतालाई सुविधा र अधिकारबाट वञ्चित गराउने बानी परेका नेताहरूमा प्रजातन्त्रको कुनै असर परेन । उनीहरूको व्यवहारमा परिवर्तन आएन । पटकपटक मन्त्री भएका व्यक्तिहरूले आफ्नो गाउँमा शिक्षा, स्वास्थ्य, रोजगार, बाटोघाटोको विकासमा चासो राखेनन् । उल्टै गाउँको विकास भइहाल्यो भने त आफूले जनतालाई शोषेर, अत्याचार गर्दै आफ्नो स्वार्थ पूर्ति गर्न नपाउने डरले आफ्नो सानो विरोध गर्ने पनि सरकार वा राजद्रोहीको मृद्रा लगाएर मारेर बेपत्ता पार्न पछि परेनन् । आफ्ना काला कर्तुत बाहिर आउलान् भन्ने डरले पटकपटक वेपत्ता पार्दै मार्ने काम भएको थियो । त्यस्तै यस कथामा

पनि टहलबहादुरलाई मारेको गुणराजले मखमली र जुनेलीलाई पनि मारेर गाउँमा त्रास बढाउने काम पुनःगरेकाले कथाको शीर्षक विषयवस्तु अनुरूप उपयुक्त र सार्थक रहेको छ ।

### ३.४.१७ 'जसवन्तिया' कथाको विश्लेषण

#### ३.४.१७.१ पृष्ठभूमि

नेपाली साहित्यमा लामो समयदेखि साधनारत प्रलेस पत्रिकाको २०५३, वर्ष ४, माघ-चैत, पूर्णाङ्क ७ मा दोस्रो कथाको रूपमा प्रकाशित जसवान्तिया कथा सामाजिक यथार्थवादी कथा हो । हाम्रो समाजमा अधिकांश नारीहरू समाजका धनी, मुखिया आदिको भोग्यवस्तुको रूपमा रहनु वा नारीहरूलाई कस्तो रूपमा सोचिन्छ भन्ने यथार्थता प्रस्तुत गर्ने जमर्को कथाकार रमेशमोहन अधिकारीले गरेका छन् ।

#### ३.४.१७.२ कथा tŒjsf आधारमा 'जसवन्तिया' कथा

**क) कथानक**

'जसवन्तिया' कथाले नेपालको तराई प्रदेशको मुखियारी प्रथा र साधारण निम्न वर्गीय नारी समाजको घटनालाई विषयवस्तु बनाएको छ । जसवन्तिया यस कथाकी नायिका हो । नायिकाकै नामबाट कथा शीर्षक पनि छनोट गरिएको छ । उसकै सेरोफेरोमा कथानकले फन्को मारेको छ । जसवन्तिया निम्न वर्गीय परिवारकी साधारण खालकी केटी हो । घाँसपात, मेलापात, आदि गरेर उसका दिनहरू बित्दछन् । चार जना साथीहरूको समूहमा संयुक्त रूपमा कार्यहरू गर्दछन् । मेला, घाँसपात, गोठालो साथीहरू सँगै गर्दछे ।

एकदिन साथीहरूले जसवन्तियालाई बिर्सन्छन् । ऊ एक्लै घाँस काट्न जान्छे । खेतको डिलमा गीत गाउँदै घाँस काट्दै गर्दा गाउँकै ३६ वर्षे मुखियाले नम्र तरिकाले बोलाउँछ । यसरी मुखियाले नम्र तरिकाले बोलाउनुको पछाडि कुनै न कुनै रहस्य हुने गरेको घटना उसले प्रशस्त सुनेकी हुन्छे । कपट, जाल, धोका, दुष्टचरित्र आदि मुखियाको चारित्रिक विशेषता नै थियो । महिला र केटीहरूलाई यसरी बोलाएपछि बलात्कारको शिकार हुनुपरेको व्यथा र पीडा प्रशस्तै सुनेकी थिई । यी सबै कुराहरूलाई मध्यनजर गर्दै तातो रिस र बल मिच्याईं गर्नुभन्दा विवेकले वा बुद्धिले काम गनुपर्छ भन्ने सोचेर संयमित हुँदै साँझ भेट्ने

योजना बनाएर ऊ मुखियाको कब्जाबाट फुत्किएर घर जान्छे । आफ्ना सबै साथीहरूलाई सबै वृत्तान्त सुनाउँछे ।

एता मुखिया भने आफ्नो योजना सजिलै सफल हुने भो भनेर दङ्ग पर्छ । सबै साथीहरू योजना अनुसार मुखियालाई बोलाएको ठाउँमा गएर लुक्छन् । मुखियासामु जसवन्तिया हिम्मत देखाउँदै जान्छे । मुखियाको सबै धूर्त चाल बुझेको, अरु सोझा महिला, आइमाई, केटीहरू जस्तो प्रलोभन वा धम्कीमा नपर्ने चेतावनी सबै साथीहरू मिलेर दिन्छन् । साना केटीहरूले आफूलाई अपमानित गरेकाले ऊ रिस र कामुकता थेग्नै नसक्ने हुन्छ र जसवन्तियालाई गाली गर्छ । ठीक त्यही समय उसका साथीहरूले खुर्पी र हँसिया उज्याउँदै खबरदारी दिन्छन् । मुखियालाई केटीहरू भनेर नहेप्न सचेत पार्दै दण्डको घोषणा गर्दछन् । जसलाई यसरी देखाउन सकिन्छः

‘खबरदार मुखिया ! जसवन्तियालाई हात हालिस् भने राम्रो हुनेछैन । अहिले तँलाई पहिलो चुनौतीका स्वरूप सानो दण्ड दिन्छौं । पछि केही बदमासी गरेको थाहा भएमा समय र गल्ती अनुसारको दण्ड हुन्छ । त्यसैले यसलाई चिनाउने जुँगा नै उखेलिदिनुपर्छ । यो नै उसको लागि पहिलो दण्ड हो ।’(पृ: ४२)

फेरिफेरि पनि महिलामाथि अन्याय गर्ने, इज्जत लुट्ने काम गरेमा कडा दण्ड दिने चेतावनी पनि दिन्छन् । गाउँकै ठूलो दलको फेला परेकाले र ऊ आज एक्लै भएकाले केही गर्न सक्दैन । जुँगा उखेल्न थालेपछि ऐया ! ऐया ! भन्दै निरीहता जाहेर गर्छ । मुखियाको यस अवस्थालाई सुन्ने र उसलाई समर्थन गर्ने कोही हुँदैनन् । न त प्रहरी न त अदालत नै ।

जसवन्तिया कथाको आदि भागमा जसवन्तियालाई साथीहरूले छलेकाले एक्लै घाँस काट्न जानु, मुखियाले यौन प्रस्ताव राख्नु, ऊ मुखियालाई चलाखीपूर्ण रूपले छक्याएर घर आउनुसम्मको घटना आएको छ । घर फर्केर सबै घटना साथीहरूलाई बताएर मुखियालाई चेतावनी र दण्ड दिने सल्लाह गर्नु, साँझ परेपछि योजना मुताविक पिपलको बोटतर्फ लाग्नु, मुखियालाई भेट्नु, मुखियाले सबै घटना थाहा पाउनु, मुखियालाई खबरदारी गर्दै चलाखी नगर्न, महिला र नारीहरूलाई धोकाधारी नगर्न चेतावनी दिनु र अहिले दण्डस्वरूप जुँगा जुन मुखियाको सान बनेर रहेको छ । त्यसकै भरमा सबैलाई आफ्नो जालमा पार्छ त्यही जुँगा उखेलेर दण्ड दिने निर्णय गर्नु सम्मको घटना मध्य भागमा आएको

छ । यो कथाको चरमोत्कर्ष भाग हो । यसपछि कथानकको आफ्नो गति ओरालो लागेको छ । कथानकको अन्त्य भागमा सबै किशोरीहरू मिलेर मुखियाको जुँगा उखेलिदिन्छन् । मुखिया दुःखेको भावमा कराउन थाल्दछ । उसले निरीहताका साथ व्यक्त गरेको पीडा र पुकार सुन्ने कोही हुँदैन न पुलिस न अदालत । यसरी जसवन्तिया कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले रैखिक कथानक ढाँचा रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

कथाको घटनाको विकासमा महŒवपूर्ण तत्वको रूपमा चरित्र रहेको हुन्छ । चरित्रले नै कथानक घटनालाई अगाडि बढाउन अहम भुमिका खेलेको हुन्छ । जसवन्तिया कथामा मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय, आबद्धाताका आधारमा बद्ध र मुक्त पात्रहरू रहेका छन् । कार्यका आधारमा मुख्य सहायक र गौण पात्रहरू रहेका छन्।

यस कथामा केन्द्रीयतामा जसवन्तिया र सहायक चरित्रमा मुखिया, फूलमतिया रञ्जुअवा र गुजरवा आएका छन् । जसवन्तिया १५–१६ वर्षे किशोरी हो । तराई प्रदेशकी निम्न वर्गीय परिवारकी छोरी भएकीले ऊ घरधन्दा, गोठालो, घाँसपातमै दिनचर्या बिताउँछे । गाउँकै नारी शोषक मुखियालाई आफ्नो कुराले अलमल्याएर संयमताका साथ उसलाई दण्ड दिन सफल भएकी छे । मुखियाको क्रोध र विश्वासघाती रूपलाई समेत वशमा राखी उसलाई सबक सिकाउन सफल भएकीले जसवन्तिया प्रगति उन्मुख चरित्र हो । ऊ समाजको अन्याय, नारी माथिको थिचोमिचो सहन नसक्ने परिवर्तन र समाजसेवी नारी पात्र पनि हो । ऊ यस कथाकी प्रमुख मञ्चीय नारी पात्र हो । उसको चरित्रमार्फत् समाजले प्रेरणा लिन सक्ने भएकाले ऊ प्रेरणादायी सत् बद्ध पात्र हो ।

मुखिया यस कथाको सहायक खल पात्र हो । ऊ गाउँको सम्पन्न, बुज्रुक र मुखिया भएर पनि गाउँका छोरीचेलीलाई धम्क्याउने वशमा पार्ने, बलात्कार गर्नेगर्छ । आफ्नो स्वार्थ हेर्ने, कपट, जाल, धोका उसका चारित्रिक विशेषता हुन् । जसवन्तिया जस्ती चलाख र सचेत केटीलाई आफ्नी श्रीमती माइत गएकी बेल यौन प्रस्ताव राख्छ । यही प्रस्तावले उसलाई कुकृत्यको पर्दाफास भई दण्ड भोग्न बाध्य हुनुपरेको छ । सोझा सादा छोरीचेलीलाई धम्क्याएर बाघ बन्न खोज्ने मुखिया गाउँका तगडा ग्रुपको फेला परेपछि एक दुई पटक ठूलो स्वरमा जङ्गिए पनि केही गर्न नसकी निरीहता मात्र व्यक्त गरेको छ ।

ऊ सम्पन्न्न भएर पनि एक्लो र पुरुष भएर पनि गतिलो समूह अगाडि केही गर्न नसक्ने अपमानित र पराजयबोध गर्न बाध्य भएको काँतर पात्र हो । उसको चरित्रबाट समाजले कुनै प्रेरणा लिन नसक्ने भएकाले ऊ यस कथाको असत् बद्ध, मञ्चीय पात्र हो ।

फूलमतिया, रञ्जुअवा र गुजरवा जसवन्तियाका सहेली हुन् । यी तीनै पात्र सत् चरित्र भएका जसवन्तियालाई मुखियाको कालो कर्तुत बाहिर ल्याउन महŒवपूर्ण भूमिका खेलेका मञ्चीय सहायक सत् पात्र हुन् । यस कथाका गाउँले मुखियाकी श्रीमती फूलमतियाकी दिदी, रञ्जुअवाकी काकी, अन्य जवान केटीहरू गौंण पात्रका रूपमा आएका छन् । कथामा यिनीहरूको भूमिका नगन्य रहेकाले सबै मुक्त छन् ।

### ग) परिवेश (देश, काल र वातावरण )

यस कथाको परिवेश नियाल्दा स्थानका रूपमा तराईको निम्न वर्गीय परिवार, खेतको आली, सिमलको रूख जसवन्तियाको थर, समग्र ग्रामीण भेग आएको छ । समयको रूपमा फागुनको मध्य दिन र त्यही दिनको साँझपखको केही घण्टा उल्लेख गरिएको छ । सूच्य रूपमा केही दिन या वर्षको घटना उल्लेख गरिएको छ । वातावरणको रूपमा फागुनको तराइको शीतल र उन्मुक्त वातावरण छ । भने पात्रका आन्तरिक वातावरणको रूपमा जसवन्तियालगायत सम्पूर्ण गाउँका नारीचेली मुखियाको उत्पीडनमा पर्नु र यातना, त्रासमा बाँच्नुपर्ने बाध्यता पूर्ण सांस्कृतिक प्रभाव छ । जसवन्तिया र साथीहरू मिलेर मुखियालाई सजाय दिएकाले र मुखिया परास्त भएको र उन्मुक्त वातावरण परिवेशको रूपमा आएको छ । यसरी कथामा चरित्रअनुरूप परिवेश उपयुक्त छ । प्रगतिवादी र सौन्दर्यका सन्दर्भबाट यो कथा पूर्ण परिपाकमा पुगेको देखिन्छ ।

### घ) भाषाशैली

यस कथाको भाषा सामान्य प्रकारको छ । यस प्रकारको भाषा निम्न, वर्गीय परिवारमा बोल्ने गरिन्छ । यस कथामा सरल, सहज र बोधगम्य भाषाको प्रयोग देखिन्छ । यस कथामा निम्न आदरार्थी क्रिया प्रयोग भएका वाक्यहरूको बाहुल्यता रहेको छ । जस्तैः

> "मुखिया ! तेरी स्वास्नी माइत गई भन्दैमा अर्काको इज्जतसँग खेलवाड गर्ने अधिकार छैन तेरो, नीच अधम !"(पृ:४२)

प्रस्तुत कथाको भाषिक प्रयोग ग्रामीण निम्न वर्गीय परिवारमा बोल्ने तुच्छ, छुद्र शब्दको पनि प्रयोग पनि रहेको छ । जुन यस प्रकार छ :

अधम, स्वास्नी,भण्डाफोर आदि ।

जसवन्तिया कथाको शैली प्रगतिवादी छ । नारीवादी प्रगतिवादी सामाजिक यथार्थतामा प्रस्तुत कथा रचना गरिएको छ । यस कथामा तराई प्रदेशको नारी जातिका दिनचर्या, मुखियाको व्यवहारको यथार्थ प्रस्तुती रहेको छ । यस कथामा नारी अब आफ्नो स्वतन्त्रता, इज्जत र न्यायको लागि आफैं जाग्नुपर्ने यथार्थ पक्षको प्रयोगले गर्दा झन राम्रो पनि बनेको छ । रमेश मोहन अधिकारीले पात्र र परिवेश अनुरूपको भाषा प्रयोग गरी जसवन्तिया कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् ।

## ङ) उद्देश्य

जसवन्तिया कथा नेपालको तराई क्षेत्रका ग्रामीण भेगमा महिलाले हुनेखाने पुरुषबाट सधैं पीडा भोग्नुपर्ने वास्तविक यथार्थ पक्षलाई आफ्नो कथाको उद्देश्य बनाएको छ । निम्न वर्गीय परिवारका छोरीहरूले घाँसदाउँरामा नै दिन बिताउनु पर्ने कुरा पनि कथामा उल्लेख छ । अब छोरी चेलीले आफ्नो संयमता, एकबद्धता, धैर्य र दृढताका साथ आफ्नो इज्जत आफैं जोगाउन लाग्नुपर्ने, मुखियाजस्तै अन्याय अत्याचारीबाट बेलैमा होसियारी अपनाउनु पर्ने चेतावनी दिने प्रसङ्ग पनि यस कथाको उद्देश्यका रूपमा आएको छ । समाजमा नारी त्यस्ता अपराधी पुरुषहरूबाट बच्न आफैं जाग्नुपर्ने, सजग हुनुपर्ने र होसियारी अपनाउनु पर्ने कुरा पनि कथाको उद्देश्यको रूपमा आएको छ ।

## च) दृष्टिविन्दु

जसवन्तिया कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग रहेको छ । यस कथामा समाख्याता कथाभन्दा बाहिरै बसेर जसवन्तियाका माध्यमबाट आफ्नो सोचाइ, भोगाइ र गराइ कथामा प्रस्तुत गरिएको छ । कथा यसै चरित्र वरिपरि घुमेको छ । अन्य चरित्रका बारेमा खासै ध्यान दिएको छैन । त्यसैले जसवन्तिया कथामा बाह्य सीमित दृष्टिविन्दु प्रयोग भएको छ ।

### ३.४.१७.३ शीर्षक सार्थकता

जसवन्तिया कथाको शीर्षक सार्थक रहेको छ । कथाको केन्द्रीय पात्रको नामबाट शीर्षक चयन गरिएको छ । तराईको ग्रामीण क्षेत्रको निम्न वर्गीय परिवारका छोरीचेलीको दिनचर्या यहाँ व्यक्त गरिएको छ । मुखियाले समाजका छोरीचेलीलाई गर्ने दुर्व्यवहारको यथार्थ अङ्कन पनि यस कथामा गरिएको छ । समाजमा मुखिया वा धनीमानी पुरुषसँग कसरी बच्ने र तिनीहरूलाई कसरी सबक सिकाउने भन्ने कुरा जसवन्तियामार्फत व्यक्त भएको छ । जसवन्तिया एक आँटिली वा साहसी केटी हो । उसले तीन जना साथीहरूको सहयोगमा आफ्नो समग्र गाउँमा चेलीबेटीलाई मुखियाको शोषणबाट मुक्ति दिलाउन सफल भएकी छ । उसैको केन्द्रीयतामा कथानकले पूर्णता प्राप्त गरेकाले पनि कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.१८.'योगी मोहनदास' कथाको विश्लेषण

### ३.४.१८.१ पृष्ठभूमि

वर्ष ४, पूर्णाङ्क ८, वैशाख–असार २०५४ अङ्कमा एउटा मात्र कथा प्रकाशनमा आएको छ । कथाकार शीतल गिरीको अमुल्य योगदानको रूपमा 'योगी मोहनदास' कथा प्रकाशनमा आएको छ । यस कथामा हिन्दु धर्मको सुरुवात वेदबाट भएको हो । वेददेखि पुराणहरूको रचना हुँदासम्मको समयमा मानवीय समाजमा स्वार्थी, दास र मालिक समाजमको विकास भइसकेको र मानवीय समाजको सेवा नै सम्पुर्ण मानव जातिको मुक्तिको बाटो हो भन्ने विषयवस्तुलाई कथामा समावेश गरिएको छ । समानता, स्वतन्त्रतालाई अंगालेर कम्युनिष्ट बन्नु पर्छ भन्ने सन्देश रहेको यो कथा प्रगतिशील कथा हो ।

### ३.४.१८.२ कथा tŒjsf आधारमा 'योगी मोहनदास' कथा

**क) कथानक**

'योगी मोहनदास' कथाले नेपालको सर्लाही जिल्लाको प्राचीन देवस्थल मूर्तिया क्षेत्रमा बसोबास गर्ने एक जना योगीको व्यक्तित्वलाई विषयवस्तु बनाएको छ । यस कथामा

म पात्रले कथाको वर्णन गरे तापनि योगी मोहनदासकै सेरोफेरोमा कथानकले फन्को मारेको छ । वेदका अध्यता योगी सच्चा समाजसेवी र कर्मशील व्यक्तित्व हुन् ।

मूक्तिया क्षेत्रमा राजनीतिक पीडितलाई जग्गा बाँड्दा योगी मोहनदासले पनि त्यहाँ बसोबास गर्न थाले । पहाडको ओखलढुङ्गामा उनको जन्म भएको हो । नेपाली र अङ्ग्रेजी शुद्ध बोल्ने उनीमा रमाउन आएका गाउँलेहरूलाई ज्ञानगुनका कुरा सुनाउने गर्दछन् । मृदुभाषी योगी मोहनदासलाई जडीबुटीको बारेमा पनि राम्रो ज्ञान भएकाले औषधी बनाइरहन्थ्ये । गाउँलेहरूलाई बारम्बार जडीबुटीको पहिचान र औंषधी बनाउने विधिका बारेमा प्रवचन दिने गर्दथे । गाउँलेहरू पनि औषधी लिननै उन कहाँ आउने गर्दथे । उहाँको आश्रममा मानिसको भीड हुन्थ्यो । साठी वर्षको उमेर पार गरी सक्दा पनि जोसिला, कर्मशील हट्टाकट्टा एकछिन पनि चुपलागेर बस्न सक्दैनन् योगी । १५ वटा जति दुधालु गाई पालेका, तरकारी खेती गरेका, औषधी बनाउने, काममा आफूलाई सघाउन ३ जना शिष्य राखेका थिए ।

एकदिन योगीजीले म पात्रलाई हामीले मान्दै आएका देवताहरूका बारेमा बताउनु भयो । हामीले मान्ने देवता साधारण मानिस नै हुन् । तर उनीहरूको भावना साधारण स्तरका मानिसहरूको भन्दा धेरैमाथि उठेको थियो । सबैको हृदयको गहिराइसम्म पुगेको थियो । उनीहरूको देवत्वको जुन प्रचार छ त्यो भ्रमात्मक छ । तर झुठो होइन । के कारणले भन्दा तिनको देवत्व शक्तिको प्रचारक ऋषि, मुनि, ज्ञानी, पण्डितहरू देवताको असाधारण भावना शक्तिद्वारा धेरै प्रभावित थिए । उनीहरूको देवत्वको बढाइचढाइ वर्णन गर्नुको विकल्प सोच्दैनथे । त्यसबखत विकास थिएन । मान्छे आफ्नै गोत्रका साथ समूहमा बस्थे । हाम्रो पूर्वज आर्य हुन् । जो अहिलेका देवता, असीम शक्तिका मालिक बन्न पुगेका छन् । उनीहरूले समाजमा राम्रो चलन चलाएका थिए । नारीहरू स्वतन्त्र थिए । नारीले आफ्नो पति आफैं रोजेर समूहमा उत्सव मनाउने चलन थियो । अग्नि र गणका मानिसलाई साक्षी राखेर एकअर्काको पूरक बन्ने वाचा गर्थे । गणका सबै मानिसमा मित्रता थियो । यी तथ्यहरू हामी वेदमा पाउँछौं । यसबाट के प्रमाणित हुन्छ भने हाम्रो आर्य देवता धार्मिक नेता मात्र नभई साम्यवादका पोषक, महान क्रान्तिकारी र चिन्तक पनि थिए । जुन देवताहरूले गणका सम्पूर्ण मानिसहरूको साझा श्रम लगाएर खेती गर्नु, अन्न उब्जाउनु, पक्षपात नगरी बाँडेर खानु, ठूलो सानो कोही

नभई सबै समान रहनु, एउटै विचार राखेर सबैको उन्नतिको आकाङ्क्षा राखेमा सबको कामना पूरा हुन्छ भन्ने कुराहरू ऋग्वेद र अथर्ववेदमा उल्लेख छ । योगीलाई दिन प्रतिदिन यी यस्ता वेदका तथ्यहरूले संसारमा कम्युनिमको सबैभन्दा ठूलो र प्रथम प्रचारक हाम्रा पूर्वज आर्यहरू नै हुन् भन्ने लागेको छ । आर्यहरूले भनेका छन् -"धर्ती सबको आमा हो ! आमा सबैको साझा हुन्छ ।"आमाले आफ्ना सन्तानलाई पक्षपात गर्दिनन् । साझा धर्तीमा बस्ने सबै मानिसहरू समानै छन् । कोही ठूला कोही साना छैनन् । ऋग्वेदमा उनीहरूले समानताको एउटा मूल मन्त्र बनाएका थिए । सँगै हिंडौ, सँगै बसौं, बाडी खाऔं, मिलेर सब बाँचौं । यसबाट आर्य देवताहरू कम्युनिजम को पालक र प्रचारक भएको प्रमाणित हुन्छ । त्यतिबेलाको देवताहरूको पवित्र विचार राम्रो थियो । समय अन्तरालमा देवताहरूको पवित्र विचारलाई आफ्नै तरिकाले व्याख्या र विश्लेषण गर्न थालियो । समाजमा असमानता र उचनिचको भावना पैदा हुन थाल्यो । वर्गीय स्वार्थक लागि स्वर्गनर्कका कुरा, पुर्नजन्म, जातपात, छुवाछुत, पाप धर्मको भ्रामक प्रचार गर्न थाले । सामन्त र पुरोहित वर्गका व्यक्तिहरूले यस्तो कार्यमा थप सहयोग गरे । यसरी योगीजीले वेदका ज्ञान छर्दै आफूले कटु सत्य बुझेर पनि जनताहरूका अगाडि प्रष्टसँग भन्न नसक्ने (विचार) राय व्यक्त गर्दछन् । सत्य विचार राख्दा नास्तिक भनेर धर्मका ठेकेदारहरूले दुःख दिने गर्दछन् । योगीजी भन्दछन् । आजको युगमा देश, जनता र सर्म्पूण मानव जातिको मुक्तिको एक मात्र मार्ग मानव सेवा गर्नु, सङ्गठित बन्नु र कम्युनिज्मको प्रचार गर्नु हो । मार्क्सले जस्तो कम्युनिज्मको प्रचार गर्न नसक्ने तर सकेजति जनताको सेवा गर्ने छु बताउँदै भाइहरू तिमीहरूले पनि कम्युनिष्ट बन, जनतालाई सत्यको प्रकाशबाट सचेत गराऊ । अन्यायको विरोध गर, न्याय र समानताको परिपाटी बसाउ भन्दछन् ।

म पात्रले योगीजीलाई अरुजस्तै कट्टर र हठधर्मी योगी होलान् भन्ने सोचेका थिए । त्यो विचार हटेर गयो । परन्तु योगीजी त मानवतावादी मार्क्सवादी महात्मा रहेको कुरा खुलासा भएर कथा टुङ्गिन्छ ।

कथानकको आदि भागमा सर्लाही जिल्लाको मुर्तिया क्षेत्रको वर्णन र योगी मोहन दासको परिचयसम्म आएको छ । कथानकको मध्य भागमा योगीजीले म पात्रसहित युवाहरूलाई दिएको प्रवचन आएको छ । वेदमा सबै समान रहेको, समूहमा नै सबै कुरो हुने गरेको, आज वर्णित असीम शक्तिका मालिक आर्य देवताहरू मान्छेकै माझमा जन्मिएका,

उनीहरूले समाजमा साम्यवाद र क्रान्तिकारी चिन्तकका रूपमा समाजलाई अगाडि बढाएका तर पछि सामन्त र पुरोहित वर्गको स्वार्थको लागि देवत्व शक्तिबारे प्रचार गरी समाजिक प्रथा बिग्रेको बताउनु, अब हामी सबै एकतामा आबद्ध भएर अन्यायको विरोध गरेर न्याय र समानताको समाज स्थापना गर्नुपर्छ भन्ने घटनासम्म आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । यसपछि कथानकताको गति ओरालो लागेको छ । कथाको अन्त्य भागमा म पात्र योगीजी प्रतिको धारणा परिवर्तन भई एक महान् (मानवता) ठूला मार्क्सवादी माहात्माको रूपमा प्रकट भएका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले रैखिक ढाँचा रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

योगी मोहनदास कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय पात्र रहेका छन् ।

योगी मोहनदास यस कथाको मुख्य पुरुष पात्र हो । उसले सर्वहारा कम्न्युष्ट समानताको विचार समाजमा प्रेषण गर्ने एक समाजसेवी वर्गको प्रतिनिधित्व गरेको छ । योगी आयुर्वेद औषधी र जडीबुटीका ज्ञाता पनि हुन् । पन्ध्रवटा गाई पालेका योगीजी ६० वर्ष पार गरे तापनि तरकारी खेती गर्ने, औषधी बनाएर गाउँलेहरूलाई बाँड्ने, ज्ञानगुनका कुराहरू सुनाउने गर्दछन् । कर्मशील, जोसिला, विद्वान योगीजी वेदका अध्यता र राम्रो विश्लेषक पनि हुन् । उनको तर्क छ वेदको समयमा जस्तै वर्तमान समयमा पनि साम्यवाद, क्रान्तिकारीता, स्वतन्त्रता र युवामा एकता हुनुपर्छ । समूहमा रहेर मानवीय सुखदुःख साट्ने, सबैलाई समानताका दृष्टिले हेर्नुपर्छ भन्दछन् । स्वतन्त्रताको मार्गमा लागेर अन्यायको विरोध गरेर संसारबाट असमानताको मार्ग हटाउनुपर्छ भन्ने महान सोचाइ योगीजी को छ । योगीको जीवन धारण गरेका मोहनदास एक आम साधारण जोगी नभएर क्रान्तिकारी, कर्मनिष्ठ, समाजसेवी र युवावर्गलाई सत्यको मार्गमा लाग्न प्रेरणा प्रदान गर्ने एक मञ्चीय सत् पात्र हुन् । उनको जीवन र विचारहरूबाट समाजले प्रेरणा लिन सक्ने भएकाले उनी समाजका आदर्श र यस कथाका बद्ध पात्र हुन् ।

म पात्र यस कथाको मुख्य सहायक बद्ध पात्र हो । म पात्रकै माध्यमबाट योगीजीको व्यक्तित्व, उनको विचार, क्रान्तिकारी भावना, कर्मठ जीवनको प्रेरणा र समाजसेवा खुलस्त भएको छ । म पात्र योगीजीको आश्रममा जाने औषधी लिने, योगीको प्रवचन सुन्ने एक सकारात्मक सोच भएको युवा हो । म पात्र योगीजीको विचारबाट प्रभावित भएको मञ्चीय पात्र हो । योगीजीको आश्रममा आउने मानिसहरू र वेद, पुराणको समयका सबै पात्रहरू यस कथामा गौण पात्रका रूपमा आएका छन् । यी मुक्त पात्र हुन् ।

### ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशको रूपमा सर्लाही जिल्लाको मूर्तिया क्षेत्रमा रहेको राजनीति पीडीतले पाएको जग्गामा रहेको एक योगीको आश्रम आएको छ । समयका रूपमा केही वर्षहरूसँगै वेदको समयदेखि वर्तमान समय पृष्ठभूमिमा आए तापनि एकदिनको योगीले प्रवचन दिएको केही घण्टा आएको छ । वातावरणको रूपमा योगीको शान्त आश्रम, प्रवचन सुन्ने, धुनी जगाउने मानिसहरूको जमघट, आश्रममा गाई पालिएका, आर्युवेदिक औंषधीहरू बनाइएकाले मानवीय सेवा र कर्म व्यक्तित्वको प्रभाव आएको छ । वेदको समय, पछि पुराणको समयमा समाजमा आएको विकृति, यसलाई हटाएर युवावर्ग एकजुट भई समाज परिवर्तन गर्ने विचार प्रस्तुत गरिएकाले कथामा सुधारोन्मुख र आशावादी परिवेशको चित्रण पाइन्छ । कथामा बाह्य परिवेश र आन्तरिक परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूपको परिवेश प्रस्तुत भएको छ ।

### घ) भाषाशैली

योगी मोहनदास कथामा सरल र बोधगम्य भाषाको प्रयोग पाइन्छ । यस कथामा उच्च आदरार्थी वाक्यहरूको अधिक्यता पाइन्छ । जस्तैः बरोबर औंषधी बनाइरहनु हुन्थ्यो ।

उहाँ साठी वर्षको उमेर पार गर्दा पनि हट्टाकट्टा नै हुनुहुन्थ्यो (पृ:४५) आदि ।

यस कथामा आलाङ्कारिक भाषाको प्रयोग पाइन्छ । जस्तैः 'धर्ती सबको आमा हो ।','सँगै हिंडौं, सँगै बसौं, बाँडी खाऔं, मिलेर सब बाँचौं ।' क्रान्तिकारी, साम्यवाद, हिचकिचाँउदिन, परिप्रेक्ष्य, सदियौंदेखि, आसिम शक्तिका मालिक आदि (पृ: ४५–४६) शब्दहरूका प्रयोगले कथालाई झन् रोचक बनाएको छ । यस कथाको शैली प्रगतिवादी

रहेको छ । सामाजिक एकता र सदाचारलाई पनि कथामा विश्लेषण गरिएकाले सामाजिक यथार्थवादी शैली पनि रहेको छ । कथाकार गिरीले पात्र अनुसारको भाषा प्रयोग गरी योगी मोहनदास कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा योगी मोहनदास कथा सफल रहेको छ ।

**ङ) उद्देश्य**

योगी मोहनदास कथाले विद्यमान नेपाली सामाजिक, सांस्कृतिक र राजनैतिक विखण्डनलाई त्यागेर सबै युवा एकतामा आबद्ध रहेर कर्मशील बन्नुपर्छ भन्ने शिक्षा दिने उद्देश्य राखेको छ । वेदकै समयमा आर्य जातिले महान क्रान्तिकारी, साम्यवादको विचार राखेर समाजमा कर्मको नारा, समानता, नारी स्वतन्त्रता प्रदान गरेका तर समय अन्तरालमा वर्गीय र जातीय स्वार्थका लागि स्वतन्त्र र समानताको भावनालाई विखण्डन गरेर दास प्रथा विकास भयो । यो कुप्रथा भए पनि शक्तिशाली वर्गले सधैं यसलाई आफ्नो पक्षमा लिइरहन थाले । अब यी सबै नराम्रा, असमानता, कुरीतिलाई त्यागेर युवावर्गले समाजमा क्रान्ति गर्दै समाजमा परिवर्तन गर्नुपर्ने र नेपाललाई विकसित बनाई सबै जाति, धर्म र वर्गमा समानता छाउनु पर्ने यथार्थता प्रस्तुत गर्ने यस कथाको मुख्य उद्देश्य रहेको छ ।

**च) दृष्टिविन्दु**

यस कथामा म पात्रका माध्यमबाट योगीजीको चित्रण गरिएकाले यस कथामा आन्तरिक परिधीय दृष्टिविन्दु रहेको छ । म पात्रले आफ्नो विषयमा नभई योगीजीको चित्रण गरेकाले कथामा आन्तरिक परिधीय दृष्टिविन्दु रहेको छ ।

### ३.४.१८.३ शीर्षक सार्थकता

योगी मोहनदास कथाको शीर्षक सार्थक रहेको छ । कथाको केन्द्रीय पात्रको नामबाट शीर्षक चयन गरिएको छ । योगीको जन्मस्थान ओखलढुङ्गा भए पनि सर्लाहीको मूर्तिया क्षेत्रमा आश्रम बनाएर बस्दछन् । साठी वर्ष पार गरीसकेर पनि कर्मठ र जागरिला योगी जडिबुटी र आयुर्वेदिक औषधीका ज्ञाता हुन् । योगी आफैं औषधी बनाएर बिरामी गाँउलेहरू सबैलाई आवश्यक परेका बेला निःशुल्क बाँड्दछन् । उनले आफ्नो आश्रममा १५-१६ ओटा गाई पालेका छन् । तरकारी खेती गरेका छन् । योगीजी नेपाली, अङ्ग्रेजी

भाषाका कुशल प्रयोग कर्ता, वेदका कुशल ज्ञाता पनि थिए । आफ्नो आश्रममा धुनीमा रम्न आउनेहरूलाई ज्ञानगुनका प्रवचनहरू पनि दिन्छन् । यस्तैमा उनले एकदिन म पात्र लगायतका युवाहरूलाई वेद र पुराणहरूको यर्थाथ प्रस्तुत गर्दै वेदको समयमा जस्तै समाजमा क्रान्तिकारी साम्यवाद, कम्युनिष्ट समाज व्यवस्था आजको समयमा पनि हुनुपर्ने । यसको लागि सबै युवा एकजुट भएर समाजमा समानता, भातृत्व, स्वतन्त्रतापूर्वक समाजको निर्माण गर्नु पर्ने । यसका लागि युवावर्ग कम्युनिष्ट बन्नुपर्ने र जनतालाई सत्यको शिक्षाले समाजलाई सचेत तुल्याउनु पर्ने छ । सदियौंदेखिको अन्यायी सामाजिक व्यवस्थाको अन्त्य गरी समाजलाई न्याय र समानताको नियम बसाल्नुपर्छ भन्ने योगीको सोचाई रहेको छ । सामान्यतय योगी भनेपछि हट्टी र ढोगी हुन्छन् तर यिनी महान् समाज प्रेरक, कर्मशील र उनीबाट शिक्षा र प्रेरणा प्रशस्तै पाइने हुनाले उनी आदर्शवादी प्रेरणादायी समाजससेवी साबित भएका छन् । उनकै नामबाट कथाको शीर्षक चयन गरिएको छ । उनकै केन्द्रीयतामा कथानकले पूर्णता प्राप्त गरेकाले पनि कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.१९ 'पञ्चमावतार' कथाको विश्लेषण

#### ३.४.१९.१ पृष्ठभूमि

वर्ष ४, पूर्णाङ्क ९, साउन-पुष २०५४ मा प्रथम कथाको रूपमा प्रकाशित 'पञ्चमावतार' कथा हो । भास्करद्वारा रचना गरिएको प्रस्तुत कथा अस्तित्ववादी कथा हो । यस कथामा नेपालमा व्यक्तिगत स्वार्थ र परपीडक स्वभाव भएकाले राजनीतिमा लागेर कसरी देश र जनताको भविष्य अन्धकार बनाउँदै छन् भन्ने कुरा चित्रण गरिएको छ । पारिवारीक संस्कार र संस्कृतिले एउटा व्यक्तिको जीवनमा कतिसम्मको प्रभाव पार्छ भन्ने कुराको यस कथामा यथार्थ चित्रण पाइन्छ ।

#### ३.४.१९.२ कथा tŒjsf आधारमा 'पञ्चमावतार' कथा

**क) कथानक**

'पञ्चमावतार' कथाले नेपालको कुनै ग्रामीण क्षेत्रको कुलीन तर संस्कार रहित परपीडक वर्गको सामन्ती र समय अनुसार परिवर्तन भई आफ्नो स्वार्थ पूरा गर्ने व्यक्तिवादी सोचाईलाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको

विदुर सामाजिक सम्मानरहित जीवन व्यतित गर्दै आएको कुलीन जात तर संस्कार र सामाजिक स्तरमा अत्यन्त अपहेलित सङ्कुचित र सङ्कीर्ण परपीडक स्वभाव भएको दुष्ट वर्गको प्रतिनिधि पात्र हो । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ ।

नेपालको फासिष्ट पञ्चायत व्यवस्थाको दोस्रो चरणमा गाँउ फर्क राष्ट्रिय अभियान लागु भएको केही समयमा विदुरले प्रवेशिका परीक्षा उत्तीर्ण गऱ्यो । उसले जति कुलमा कसैले पढेको थिएन । नेपाली जनता सधैं रैती छन् । यसमा पनि विभिन्न तह हुन्छ । फासिस्ट व्यवस्थामा झन् जनतामा धेरै तहहरू हुन्छन् । दासता, अन्ध परम्परामा आधारित हिंशा, अपराध, असभ्य संस्कारले जरो गाड्दछ । श्रेणी, जात, धन, वंश र स्थानले तिनीहरूको श्रेणी निर्धारण गर्दछ । विदुर उच्च जातको भए पनि उच्च संस्कारको थिएन । उसका (अग्रज) पूर्वजहरू नै देशको राजनीतिमा मात्र नभई सामाजिक स्तरमा पनि अत्यन्त अपहेलित, घृणित र बहिस्कृत थिए । विदुर पनि यही समाज र संस्कारमा हुर्केको थियो । यही सिकेको ऊ अत्यन्त संङ्कुचित स्वभावको थियो । परिणामतः उसको घरमा गोरु मर्दा छिमेकका मान्छेहरू लास उठाउनसम्म आएनन् । ऊ यसरी एक्लियो कि उसमा हीन ग्रन्थिको विकास हुन थाल्यो । आफूबाहेक संसारका सबै मान्छेहरू दुष्ट, षड्यन्त्रकारी, ठग, अपराधी लाग्न थाल्यो । उसमा बिस्तारै परपीडक स्वभाव विकास भई अवसरवादी बनेर प्रतिरोध गर्छ र समाजमा अत्यन्त नीच र घृणित व्यवहार गर्न थाल्दछ । ऊ समाजमा जताततै आफ्ना शत्रु मात्र देख्दा अनि उसको प्रवृत्तिमा नयाँ फड्को मार्छ र उसले ठूला मानेको मान्छेको चाकडी गर्न थाल्छ र आफूभन्दा साना र समान मान्छेहरूलाई आफ्नो दास बनाउन थाल्दछ । स्थानीय पञ्चको सहयोगले उनीहरू कै हतियार बनेर आफूलाई हेप्ने मान्छेलाई सताउन थाल्दछ । यसरी ऊ बदला लिएको अनुभूति गर्दै सन्तुष्ट हुन थाल्छ ।

'पञ्चायती व्यवस्था भनेको 'पञ्च भलादमीको शासन व्यवस्था हो । 'पञ्च भलाद्मीमा गाँउ पिराहा, धनी, मुखियाँ, जिम्बल, ठग, शोषक, राजा रजौटाहरू पर्दछन् । उनीहरूले विदुर जस्तो आफूले हेपिएको मान्छेको चुरिफुरी देख्न नसकेर कुटिदिए । गाउँफर्क अभियान सुरु भएको बेला पञ्चको विरोध गर्ने कुरै भएन । त्यसैले ऊ न्याय माग्न अञ्चलाधीशको कार्यलय पुग्यो । काङ्ग्रेस बनेर पञ्चहरूको गुप्तचर बन्ने सल्लाह अञ्चलाधीश दिन्छ । सल्लाह बमोजिम ऊ काङ्ग्रेस भएको घोषणा गर्छ । काङ्ग्रेसमा रहदा पञ्चेबाट मोटो रकम हात पनि पार्ने र अर्कोतर्फ पञ्चायत विरोधी पार्टीमा लागेको

कारणले सामाजिक प्रतिष्ठा प्राप्त पनि गऱ्यो । यही समय उसले एम.ए.सम्म पढ्यो । विवाह गऱ्यो । प्रशस्त धन सम्पत्ति जोड्यो । काङ्ग्रेसहरू स्वतः पञ्चायतका विभिन्न तहतप्कामा जान थालेपछि उसको त्यहाँ कुनै काम रहेन ।

विश्वमा भएका क्रान्ति, मजदुर, सुकुम्बासी, किसान आदिको आन्दोलनले गर्दा नेपालका कम्युनिष्टहरूको गति र प्रभाव बढ्यो । पञ्चले काङ्ग्रेस दबाउन प्रयोग गरेको शक्ति कम्युनिष्ट दबाउन प्रयोग गर्न थाल्यो । यसमा फेरी विदुरको काम आवश्यकता पर्न थाल्यो । काङ्ग्रेसको सत्ता खोसेर लिएकोले अहिलेसम्म सबैभन्दा बढी डर काङ्ग्रेससँग थियो । अब परिस्थिति बदलिएको छ । काङ्ग्रेस ओझेल परेको छ । विदुरले अब वर्ग सफायाको नीति लिएर अघि बढेको र कम्युनिष्ट भएको घोषणा गर्छ । यसरी ऊ तेस्रो जुनीमा प्रवेश गऱ्यो । २०३६ सालको राजनैतिक व्यवस्था र त्यसले सिर्जना गरेको अवस्थापछि कम्युनिष्टप्रति विभिन्न पञ्चायतको सङ्गठनहरूमा दर्ता हुन थाले । त्यसपछि विदुरको नाम शिथिल हुँदै गयो । २०४६ को जनआन्दोलन सुरु भएपछि नेपाली जनता पञ्चायत र बहुदलवादी गरी दुई भागमा विभाजन भयो । विदुर दास र हीनता बोधले ग्रस्त भएको मान्छे भएकाले उसले आफूलाई अरूको चाकडीमा मात्र अड्याएको छ । आफ्नो प्रकारको व्यक्तित्व निर्माण गर्न सकेको छैन । तैपनि ऊ भन्न थाल्यो छोराछोरी हुने मान्छेले आन्दोलनमा लाग्नु हुँदैन । कताकता नजानिदो पाराले डर देखाउन थाल्यो । तर फासिस्ट पञ्चायत असफल भएर जनतासामु घुँडा टेक्नु पऱ्यो । बहुदलको घोषणा भएकोमा विदुरले पनि खुसी मनायो । पञ्चहरूको भागाभाग भयो तर उसलाई केही भएन । विदुर अब शुद्ध बहुदलवादी हुँ भनेर हिड्यो । बहुदलहरूमध्ये कुन दल सत्तामा जाने भन्ने निधो थिएन । त्यसैले ऊ अब सबै दलको कार्यक्रम, सभा, समारोहमा उपस्थित हुन थाल्यो । असभ्य, संस्कार विहीन पञ्चायतको चम्चे बनेर हिडेको उसलाई यी सभा समारोहमा भाषण गरेको सुहाउँदैन तर पनि उसले यो चतुर्थ जुनी प्रवेश गऱ्यो ।

नेपालमा बहुदलको व्यवस्था भएपछि प्रथम पटक काङ्ग्रेसले चुनाब जित्यो । विदुर बाहिर शुद्ध बहुदलवादी रहे तापनि भित्र काङ्ग्रेसी सी.आई.डी भएर काम गर्न थाल्यो । पञ्चायतदेखि बहुदलसम्म आउँदा उसले विभिन्न समय र अवसरलाई आफ्नो स्वार्थपूर्तिका लागि प्रयोग गऱ्यो । काङ्ग्रेस र मालेका पालामा पनि उसले मान सम्मान पायो । देशमा एमाले र काङ्ग्रेसका बीचमा शक्ति सन्तुलनका लागि सङ्घर्ष सुरु भयो । राप्रपाले

पञ्चायतकालमा बाँकी रहेको देशको सम्पदा लुट्न र खान थाले । यी तीनैले आपसमा झगडा गरेको देखाएर पनि भित्रिरूपमा मिलेर देशलाई रित्तो पार्न लागि परे । परिणाम देशमा झन् अन्याय, अत्याचार, दुराचार, भ्रष्टाचार फैलियो । अत्याचारले सिमा नाघ्यो । जनताहरू एकजुट हुन थाले र जनयुद्धको सुरु भयो । अब माले काङ्ग्रेस लगायतका प्रतिक्रियावादीहरूको साझा दुश्मन माओवादीहरू पर्न आए । माओवादीलाई तह लगाउन साझा सी.आई.डी को आवश्यकता पऱ्यो । दुबैको पुल बन्न विदुर उपयुक्त ठहरियो । यसपछि विदुरले आफू माओवादी भएको घोषणा गऱ्यो र पञ्चमावतारमा प्रवेश गऱ्यो ।

कथाको आदि भागमा विदुरले प्रवेशिका परीक्षा उत्तीर्ण गरेबाट सुरु भई उसको पारिवारिक संस्कार संस्कृतिको परिचय दिइनु, समाजका सबै खराब र आफू मात्र राम्रो ठानेर पञ्चहरूको दास बनेर समाजलाई सताउन थाल्नुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा पञ्चहरूको सि.आइ.डी बनेर काङ्ग्रेसमा प्रवेश गर्नु, पञ्चहरूबाट मोटो रकम हात पार्नु, काङ्ग्रेसी, कम्युनिष्ट, बहुदल, माओवादी लगायतका विभिन्न अवतारमा प्रवेश गरेर उसले आफ्नो स्वार्थ पूरा गर्नु, उसले नेपालमा प्रजातन्त्र आएर पनि देशमा राम्रो शासन व्यवस्था नभएपछि माओवादीको उदय हुनु, माओवादीलाई तहसनहस गराउन सि.आइ.डी.को रूपमा विदुर चयन हुनुसम्मको घटना आएको छ । यो कथानकको चरमोत्कर्ष भाग पनि हो । कथानकको अन्त्य भागमा विदुर वक्तव्यवाजी गरेर माओवादी भएको घोषणा गरी पञ्चमावतार रूप धारण गर्दछ । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले कथानक ढाँचा रैखिक प्रकारको छ ।

**ख) पात्र /चरित्रचित्रण**

विदुर यस कथाको प्रमुख मञ्चीय पुरुष पात्र हो । उसको संस्कार नै समाजमा मिलेर बस्न नसक्ने खालको छ । एकल काटे स्वभावले गर्दा समाजबाट अपहेलित, तिरस्कृत, घृणित र बहिष्कृत पनि छ । यसले गर्दा प्रवेशिका उतीर्ण गरेर पनि उसमा संस्कार र सँस्कृति भने असभ्य नै छ । उसको घरमा गोरु मर्दा लास उठाउन समेत कोही आएनन् । त्यसैले गर्दा उसमा आफू बाहेक संसारमा अरु सबै दुष्ट, षड्यन्त्रकारी, ठग देख्ने बानी पऱ्यो । उसले पढेलेखेको आफ्नो बुद्धि प्रयोग नगरेर समाजसँग बदला लिने सोचाइ लियो । प्रतिशोधको भावनाले गर्दा उसले समाजका हुनेखाने र सरकारी पँहुचवाला मान्छेहरूको

चाकरी गर्न थाल्यो । उसले आफ्नो व्यक्तिगत स्वार्थहरू पूरा गर्‍यो । देशको राजनैतिक परिवर्तनसँगै आफूलाई पनि परिवर्तन गरिरह्यो । राम्रो नराम्रो को ख्याल नै गरेन । विदुर स्नाकोत्तरसम्म शिक्षा हाँसिल गरेको युवा भएर पनि देश जनता र समाजको लागि कहिल्यै नसोच्ने स्वार्थी र हीनता बोधले ग्रसित पात्र हो । देश तहसनहस पार्न राम्रो शक्तिहरूलाई समेत आफ्ना स्वार्थमा घोल्ने काम गर्‍यो । संस्कारगत कमजोरीका कारण राम्रो वा नराम्रो केही छुट्याउन विवेक प्रयोग गर्न नसक्ने दास, परपीडक, शोषक मनोवृत्ति भएको असत् पात्र हो । कथाको प्रमुख पात्र भएर पनि उसको जीवनीबाट समाजले राम्रो प्रेरणा लिन नसक्ने हुनाले ऊ यस कथाको मञ्चीय, बद्ध असत् पात्र हो । शिक्षित भएर पनि देश र जनतालाई सेवा नगर्ने आफ्नो स्वार्थमात्र पूरा गर्ने सुरुदेखि अन्त्यसम्म एउटै चरित्र भएको स्थिर पात्र हो ।

यस कथामा आएको पञ्चहरू, अञ्चलाधीश, काङ्ग्रेस, कम्युनिष्ट, माले, माओवादी सबै सहायक पात्र हुन् । यिनीहरूले पार्टीगत स्वार्थको पूर्तिका लागि मात्र विदुरको प्रयोग गरेका छन् । पञ्चहरूकै आडमा लागेर उसले प्रतिशोध पूरा गर्ने काम गरेको छ । विदुरको स्वार्थ पूर्तिको निवारण गर्न यी सबै पार्टीको महत्वपूर्ण भूमिका रहेको छ । यी मञ्चीय बद्ध पात्र हुन् । गाउँलेहरू, विदुरका अग्रज, आन्दोलन कर्ता, आदि गौण भूमिकामा देखा परेका छन् । यी सबै मुक्त पात्र हुन् ।

**ग) परिवेश (देश, काल र वातावरण)**

यस कथामा परिवेशका रूपमा नेपालको अर्ध-ग्रामीण इलाकाको उच्च र सम्पन्न तर संस्कारहीन परिवार आएको छ । समयका रूपमा ५-१० वर्षको समयावधिसँगै पृष्ठभूमिमा पुस्तैपुस्ताको समयावधि आएको छ । वातावरणको रूपमा विदुरको संस्काररहीन वातावरणमा हुर्कनु, परपीडक सामन्तवादी सोचाइ र सांस्कृतिक प्रभाव आएको छ । पढेलेखेर पनि समाजमा सकारात्मक परिवर्तनको सुरुवात गर्नुपर्नेमा उल्टै गलत बाटो रोजेकाले निराशापूर्ण परिवेशको चित्रण छ । व्यक्ति पात्रमा उत्साहयुक्त परिवेश प्रस्तुत भएको जस्तो लागे तापनि समग्रमा वेदना र निराशायुक्त वातावरणको वर्णन पाइन्छ । विदुरको व्यक्तिगत जीवन सार्थक भए तापनि उसका कारण धेरै जना व्यक्तिहरूले दुःख भोग्नु परेकाले पनि यस कथाको परिवेश उत्साहजनक रहन सकेको छैन । कथामा बाह्य र

पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

## घ) भाषाशैली

'पञ्चमावतार' कथाको भाषा जटिल खालको छ । भाषा जटिल भए पनि बोधगम्य र रोचक रहेको छ : जस्तै-

> फासिष्ट पञ्चायत, परपीडक स्वभाव, प्रतिशोधी, चोईटे अवस्था, देशको सम्पदा चाट्न थाले आदि (पृ:२१-२३)।

यस कथामा राजनैतिक शब्दहरूको पनि प्रशस्त प्रयोग भएको छ । जसलाई यसरी देखाउन सकिन्छ :

> कम्युनिष्ट, क्रान्तिकारी, काङ्ग्रेसी, कार्यकर्ता, समर्थक, पार्टी, बहुदल, व्यक्तव्यवाजी, जनता, आन्दोलन, जनयुद्ध, सङ्गठन, मजदुर आन्दोलन आदि (पृ:२०-२३) ।

यस कथाको शैली अस्तित्ववादी रहेको छ । यस कथामा राजनैतिक यथार्थवाद पनि रहेको छ । राजनैतिक भाषाको प्रयोगले गर्दा कथा झन् यथार्थ बन्न पुगेको छ । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा पञ्चमावतार कथा सफल रहेको छ ।

## ङ) उद्देश्य

'पञ्चमावतार' कथामा नेपालमा अवसरवादी व्यक्तिहरूले राजनैतिकको खोल ओडेर आफ्नो स्वार्थ पूरा गर्दछन् भन्ने देखाउनु उद्देश्य रहेको छ । मान्छेले जति लेखपढ गरे पनि, जतिनै उच्च जात र सम्पन्न परिवार भए पनि राम्रो संस्कार भएन भने एउटा मान्छे असल नागरिक बन्न सक्दैन । पारिवारिक राम्रो संस्कारले नै देश राम्रो बनाउन एउटा असल नागरिकको जन्म हुन्छ । हीनता र दास मानसिकताले मान्छेलाई पशु बराबर बनाइदिन्छ । उसले आफूले गरेको काम राम्रो वा नराम्रो सोच्दैन । देशका अवसरवादीहरूको दास बनेर आफ्नै चरित्र धमिल्याउँछ । अर्को तर्फ समाजमा यस्ता बहुरूपीयाहरूलाई समाजले राम्रो नराम्रो भनेर छुट्याउँदैनन् । सधैं सम्मानित र आदरणीय नै रहिरहन्छ । यही समाजको

अन्धतालाई बाटो बनाएर यस्ता स्वार्थी र व्यक्तिवादीहरूले राज्यको धन, सम्मान र इज्जत आफ्नो पक्षमा पार्न सफल भइ रहन्छन् ।

**च) दृष्टिविन्दु**

प्रस्तुत कथा विदुरको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर विदुरका सोचाइ, भोगाइ, चिन्तनलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान नदिइएकाले ‘पञ्चमावतार’ कथामा बह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

**३.४.१९.३ शीर्षक सार्थकता**

यस कथाको शीर्षक सार्थक रहेको छ । सबै मानिसको पारिवारिक वातावरण उच्च र राम्रो हुँदैन । संस्कारगत रूपमा बालबच्चालाई नहुर्काउने हो भने त्यसको परिणाम भयानक पनि हुन्छ । त्यस्ता संस्कारहीन व्यक्ति र मानसिकताले देश र समाजका लागि कुनै राम्रो काम गर्न सक्दैनन् । अवसर पाएपिच्छे छेपारोले रङ्गफेरेझैं फेर्दछन् । समाजमा पनि यस्ता मान्छे सबै अवसर लिन पनि सक्ने र समस्या परेका बखत पनि सजिलै पन्छन्सक्दछन् । यस कथाको विदुरले पनि पञ्चायत कालदेखि माओवादी युद्धसम्म आइपुग्दा धेरै अवसरहरू प्राप्त गऱ्यो । विभिन्न रूपहरू फेऱ्यो र मात्र आफ्नो लागि बाँच्यो । आफूलाई मन नपरेका मान्छेसँग बदला पनि लियो । सुरुदेखि अन्त्यसम्म उसको संस्कारमा कुनै परिवर्तन छैन । पढेलेखेर पनि उसले आफूलाई गलत बाटोमैं हिडाएको छ । ऊ सफल र कुशल तरिकाले विभिन्न राजनैतिक दलको आडमा आफ्ना रङहरू फेर्न सफल भएकाले कथाको विषयवस्तुअनुसार शीर्षक उपयुक्त र सार्थक रहेको छ । कथाको मुख्य पात्र विदुको पाँच ओटा रूपलाई प्रस्तुत गरेकाले पनि कथाको शीर्षक सार्थक रहेको छ ।

**३.४.२० ‘जनार्दनको पाटी छोड्ने अठोट’ कथाको विश्लेषण**

**३.४.२०.१ पृष्ठभूमि**

२०५४ साउन-पुष, वर्ष ४, पूर्णाङ्क नौमा दोस्रो कथाका रूपमा प्रकाशित ‘जनार्दनको पार्टी छोड्ने अठोट’ एक उत्कृष्ट मनोवैज्ञानिक कथा हो । यस कथाका रचनाकार चूडामणि वशिष्ठ हुन् । राजनैतिक परिपार्टीमा संलग्न जनार्दनको मनस्थितिलाई राम्ररी केलाउने काम यस कथामा भएको छ । पार्टीको अवस्था, नेताहरूको स्वार्थी प्रवृतिले गर्दा निच्छल स्वभावले

पार्टीमा लाग्नेको मनस्थितिमा परिवर्तन आउने छ । समय र आफ्नो भविष्य बर्बाद पारेर गरेको त्याग र बलिदान बेकार खेर गएको जनार्दनको सोचाइ छ । यी यस्तै विषयमा जनार्दनको मनोविश्लेषण सफल तरिकाले गरिएको छ ।

### ३.४.२०.२ कथा tŒjsf आधारमा 'जननार्दननको पार्टी छोड्ने अठोट' कथा

**क) कथानक**

'जनार्दनको पार्टी छोड्ने अठोट' कथाले नेपालको अर्ध ग्रामीण क्षेत्रमा बसोबास गर्ने राजनीतिमा संलग्न जनार्दनको मनस्थितिको सेरोफेरोलाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको जनार्दन लामो समयदेखि राजनैतिक गतिविधिमा संलग्न व्यक्ति हो । लामो समय राजनीतिमा सामेल भए पनि उसले आफ्नो जीवनमा सफलता हात पार्न सकेको छैन् । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ । राजनीतिमा सामाजिक र राष्ट्रिय सुधारको सोचाइ भन्दा पार्टीका व्यक्ति विशेषले आफ्नो स्वार्थ पूरा गर्न थालेपछि पार्टीमा निस्वार्थ रूपले काम गर्नेहरूको अवस्था सधैँ एकनास नै रह्यो ।

केही दिन भयो जनार्दनको जीवनमा आलस्यता उत्पन्न भएको छ । भोक, तिर्खा, निन्द्रा हराएर बेचैनी बढेको छ । के गर्ने र के नगर्ने भन्ने विषयमा अलमलिएको छ । जाडोको समय रातको दश बजेको छ । लेखपढ गर्नु पर्ने कुरा धरै थियो तर ऊ ओछ्यानमा पल्टियो । जनता, समाज, राजनीति, पार्टी, नेता, शासनसत्ता, अन्तर्घात आदि जस्ता कुराहरू उसका मानसपटलमा दौडिरहेका छन । ऊ निदाउने प्रयत्न गर्छ । तर जीवनमा हिजो गरेका सङ्घर्षहरूदेखि लिएर धेरै कुराहरू आउन खोज्छ । जनार्दन सोच्न थाल्दछ केही मतलब छैन, जे सुकै गरून् । चन्दा पार्टी भनेर सहयोग माग्न आएभने गाली गरेर पठाउने विचार गर्छ । आफूलाई कुनै पद चाहिएको छैन् । छोडिदिँए पार्टी । अब कुनै मतलब राख्ने छैन् । पार्टीको आदेश, चन्दा, सहयोग भन्न आउनेलाई साफ भनिदिन्छु, "अब म कुनै पार्टीमा छैन, कुनै कसैलाई चन्दा सहयोग गर्ने छैन भनेर ।" अब पार्टीको समीकरण, ध्रुवीकरण, एकीकरण, पृथकीकरण जेहोस, जोसुकै आओस् वा जाओस् वास्ता गर्ने छैन । (पृ:४८) जनार्दन बेलाबेलामा उत्तेजित हुन्छ । निदाउने चेष्टा गर्छ तर उसको मानसपटलमा धेरै कुरा खेल्न थाल्छ । लडाइँ, झगडा, बुथक्याप्चर, गुण्डागर्दी, छुरी, जनआदेश आदिको पछि लाग्दालाग्दै समय गयो तर आफ्नो अवस्था र स्थिति उस्तै छ । आफ्नो बालख कालका

घटनाहरू सम्झ्यो । खानपिन र सङ्गतले मान्छेको मति पलाउँछ । ऊ निदाउने प्रयत्न गर्छ तर मनमा बेचैन र छटपटी ।

चुनाबमा आफ्नो उम्मेदवारलाई जिताउन अनेक कल, बल, छल गरेको । आफ्नो नेताको मत जोगाउन ज्यानको बाजी थापेको सम्झ्यो । उसलाई अहिले डर र पश्चाताप लाग्यो । आफू वुद्धि नभएको भेडा जस्तै लाग्यो । २०३६ देखि उसमा राजनैतिक चेतना जाग्यो । २०४६ मा पनि कुनै न कुनै रूपमा संग्लन भयो । घरव्यवहार, धनसम्पत्ति, उन्नति-प्रगति नभनी लुकेर, भागेर, भोकै बसेर अन्याय अत्याचारको विरुद्धमा लडेको थियो । त्याग, तपस्या बलिदान, जीवन उत्सर्गको भावना थियो । कतिपय युवाहरूलाई कामकाज पढाइ घर व्यवहारबाट राजनीतिमा प्रेरित गराएर भाँडिदिएको थियो । उसलाई आज कताकता आफूले पाप गरेझैं लाग्यो । यी यस्ता कुराहरूले ऊ आज अन्योलमा परेको छ । आफू कठोर बन्दै गएको महशुस गऱ्यो । पार्टी र पदको नाममा ठगी खाने चोर, डाँका, फटाहा धूर्तहरू देश र जनताको नाम बेचेर आफ्नो स्वार्थ पूरा गर्न सफल भए । नेपालका सबै खाले पार्टी र नेताहरू उस्तै लाग्छ उसलाई । चुनाव आएपछि इमानदार बनेर गाउँ पस्दछन् । लबस्तराहरू, खोर्सानीको धुवाँलगाउनु पर्ने भन्दै गाली गर्छ । ऊ राजनीतिलाई धमिलो देख्न थाल्दछ । एउटै कुरामा जुध्ने, विदेश जान मरिहत्ते गर्ने, ठेक्का मिलाउन, कमिसन खान, छोरो विदेश पठाउने आदि आदिका लागि होड चल्छ । देश विकास र जनताको लागि एक शब्द पनि आवाज उठ्दैन् । आफ्ना लागि मरिहत्ते गर्ने तर कार्यकर्ताहरूको लागि सोच्नसम्म भ्याउँदैनन् ।

उसको ध्यान ओच्छ्यानतिर जान्छ । छेवैमा निदाइ रहेकी श्रीमतीलाई लोभ लाग्दो दृष्टिले हेर्छ । उसलाई राजनीतिको रोग नलागेकोमा राम्रो मान्दै श्रीमतीले आफूलाई कुन नजरले हेरेकी होली भन्ने सोच्दछ । उसको कति सपना थिए होला, कति रहरहरू थिए होला तर त्यसै चित्त बुझाएर बसेकी छे । सुरुका दिनहरूमा आफ्नो पार्टीप्रति विश्वास राख्थी । जनार्दनले कतै जागिर पाउला कि भन्ने आशा राख्थी तर अब त्यो आशा छैन । त्यस समय जनार्दन आस्वस्थ तुल्याउँथ्यो पार्टीको सरकार आयो भने सोर्सफोर्स, चाकरीचाप्लुसी, नातावाद, पैसावाद केही हुने छैन । स्वस्थ प्रतिस्पर्धा हुन्छ । त्यसैले राजनीति र पार्टीमा मरेर लागेको । ऊ झसङ्ग हुन्छ । रातको दुई बजिसकेछ । आज उपरान्त यो राजनीतिको फोहोर टाउको राख्ने छैन । अब खुरूखुरू काम गर्छु । आनन्दले रमाएर बस्छु । किरिया हाल्छु चिट्ठा,

चन्दा पार्टीमा पैसा खर्च गर्ने छैन । चुरोट सल्काएर बट्टातिर हेर्छ । चुरोट धेरै खाने गरेको महशुस गर्छ । राजनीतिसँगै चुरोट पनि छोड्ने अठोट गर्छ । उसले थाहा नपाएरै जेलको कालकोठरीमा चुरोट खान सिकेको सम्झ्यो । धेरै कुराहरू सोचिरहन्छ । उसले आफूलाई ग्यास्ट्रिक र आँखा पोलेको प्रस्टै थाहा पायो । ननिदाएरै रात कटाउने रेकर्ड बनाउने सोचाइ राख्छ तर बिहान पख निदायो । अबेरसम्म निदाएको उसलाई उमाले बाहिर कोही भेट्न आएको भन्दै उठाई । जनार्दन उठेर ऐना अगाडि पुग्यो । आफ्नो रूप देखेर बैराग लाग्यो । चुरोटको बट्टामा हात पुऱ्यायो र रातको सङ्कल्प सम्झ्यो । ऊ बाहिर निस्क्यो । पुराना पार्टीमित्र रहेछन् । जिल्लाबाट सर्कुलर रहेछ । सूचना पुस्तिकामा हस्ताक्षण गर्नुपर्ने र चन्दा उठाउनु पर्ने सूचना ल्याएको । जनार्दन एकोहोरियो । रातको आफ्नो सङ्कल्प सम्झ्यो । के गर्ने, के भन्ने बारेमा बडो दुविधामा पऱ्यो । साथीलाई निहाल्यो । आफू क्षणिक उत्तेजनामा आएकोमा आफैलाई धिकाऱ्यो । पार्टीमा सबै नराम्रा छैनन् । आफूजस्तै त्यागी, जनताप्रेमी साथीहरू पनि प्रसस्तै रहेको महसुस गर्छ । नबोली भित्र गएर चुरोट झिकेर ल्याएर धुवाँ उडाउँदै सुचना पुस्तिकामा हस्ताक्षर गर्छ ।

कथाको आदि भागमा जनार्दनलाई धेरै दिनदेखि बेचैनी हुनु, रातमा निद्रा नलाग्नु, भोक, तिर्खा हराउनु, पार्टी र नेताको व्यवहारप्रति रुष्ट भएर पार्टी छोड्ने निर्णय गर्नुसम्म रहेको छ । आफ्नो केही काम गर्ने तर राजनीति छाडिदिने निर्णय गर्नु, राजनीतिका कुराहरूले जनार्दनको मानसपटलमा डेरा जमाउनु, देशमा राजनैतिक पार्टी र नेताहरूको कार्य व्यवहार देखेर पार्टी छोड्ने अठोट गर्नु, घरपरिवार, जीवनको उन्नति अवन्नति, श्रीमतीका दुःख, बाध्यता सबै मनन् गर्नु, आजैबाट राजनीतिबाट स्वतन्त्र भई घर गृहस्थ सम्हाल्नु रातभर नसुतेर आफ्नो जीवनमा नयाँ रेकर्ड राख्ने विचार गरे पनि बिहानी पख निदाउनु, उमाले मान्छे भेट्न आएको भन्दै उठाउनु, ऐनामा हेर्दा आफूलाई बूढो भएको महसुस गर्नु, चुरोटको बट्टामा हात पुग्दा रातीको छटपटाहट, बेचैनी, पार्टी र राजनीति छोड्ने अठोट सम्झेर बाहिर निस्कनु, साथीको सबै कुरा सुन्दा र साथीलाई हेर्दा आफू आवेशमा आएको महसुस हुनु, आफन्) हिजोको त्याग, बलिदान, जनताको माया स्मरण हुनु, पार्टीमा सबै मान्छे खराब नभएको प्रमाण समेत हुनुसम्मको घटना मध्य भागमा आएको छ । यो कथानकको चरमोत्कर्ष भाग पनि हो । कथानकको अन्त्य भागमा जनार्दनले चुरोटको सर्को तान्दै सूचना पुस्तिकामा हस्ताक्षर गर्छ । यसरी यस कथाको कथानक श्रृङ्खला आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले कथानक ढाँचा रैखिक प्रकारको छ ।

## ख) पात्र/चरित्रचित्रण

सीमित पात्र चयन गरिएको यस जनार्दनको पार्टी छोड्ने अठोट कथामा जनार्दनकै सेरोफेरोमा कथानकको अन्त्य भएको छ । जनार्दन यस कथाको मुख्य मञ्चीय पात्र हो । ऊ लामो समय पार्टी र राजनीतिमा समय गुजारेको कुशल, निष्ठावान र सफल कार्यकर्ता हो । लामो समय पार्टीमा लाग्दा पनि आफ्नो सफलता केही नभएको तर नातावाद, कृपावाद, धनवाद आदिले असर गरेपछि निष्ठावान कार्यकर्तालाई नेताले वास्ता समेत नगरेकाले ऊ दुःखी छ । राजनैतिक क्षेत्रको अव्यवस्थित र अमर्यादित कार्यले उसको मनस्थिति उथलपुथल भएको छ । के गर्ने र नगर्नेको मानसिक द्वन्द्वमा फसेको छ । आफ्नो लामो सङ्घर्ष, जीवनको उत्कर्ष, आफ्नै पार्टी नेताले नबुझेपछि पार्टी र राजनीतिक जीवन त्यागेर घरगृहस्थ र स्वतन्त्रतामा बाँच्ने अठोट गर्छ । केही दिनदेखिको आफ्नो शारीरिक र मानसिक अस्वस्थताले गर्दा राजनीति छोड्ने अठोट गरे पनि भोलिपल्ट बिहानै ऊ पुनः आफू आवेशमा आउन नहुने सोच्छ । आफ्नो निष्ठावान साथीलाई देखेर विगतको दिनहरू सम्झन्छ । लामो समयको माया सम्झेर ऊ एकछिन अन्योलमा पर्छ । तुरुन्तै सोच्दछ र राजनैतिक जीवनमा प्रवेश गर्दछ । उसको मनस्थिति अन्योलमा पर्नुको कारण आफू संलग्न पार्टी प्रजातन्त्रप्रेमी विचार धारामा समर्पित हुन नसकेकाले देश र जनताप्रति चिन्तित हुनु हो । ऊ यस कथाको बद्ध पात्र हो । उसका मार्फत्बाट निःस्वार्थ राजनीतिमा लागेर समाज सेवा गर्नेहरूलाई प्रेरणा मिल्ने भएकाले ऊ एक सत् पात्र पनि हो ।

उमा र पार्टीको पुरानो मित्र यस कथाका सहायक पात्र हुन् । उमा जनार्दनकी श्रीमती हो । उसले बिहान उठाउने काम गरेकी छे भने पार्टीको मित्रको व्यक्तित्वले जनार्दनको सबै नकारात्मक सोचाइलाई सकारात्मक भावनामा रूपान्तरण गरिदिन सफल भएको छ । यी दुबै कथामा मञ्चीय बद्ध पात्र हुन् । पार्टीका नेता, कार्यकर्ता, जनताहरू आदि यस कथाको गौण पात्र हुन् । यी सबै पात्र मुक्त छन् ।

## ग) परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशका रूपमा नेपालको कुनै ग्रामीण भेगको राजनैतिक व्यक्तिको कोठा आएको छ । समयका रूपमा १०-१५ वर्षको समय पृष्ठभूमिमा उल्लेख गरिए तापनि

जनार्दन सुत्न नसकेको एक रातको दश बजेदेखि बिहानको केही घण्टाको घटनामा आधारित देखिएको छ । वातावरणको रूपमा जनार्दनको मानसिक अवस्था, राजनैतिक वातावरणको बिग्रदो अवस्था, निस्वार्थ कार्य गर्ने कार्यकर्ताको मूल्याङ्कन नहुने, त्यसले गर्दा नेताहरू र उनका मान्छेको उन्नति भए तापनि कार्यकर्ताहरूको अवस्था बिँग्रदो रहेकाले बिँग्रदो राजनैतिक प्रभाव आएको छ । राजनीतिमा लागेर जीवन, घरपरिवारको व्यवस्थापन आदिलाई तिलाञ्जली दिनुपर्ने अवस्था रहनु, उल्टै नेताले आफ्ना कार्यकर्तालाई बेवास्था गर्नु । देश र जनताको विकास छाडेर नातावाद, पैसावाद, कृपावादमा लाग्नाले देशको र जनताको अवस्था नराम्रो रहेकाले कथाको समग्र परिवेश निराशापूर्ण पाइन्छ । रातको समय, जनार्दनको राजनैतिक उत्साहमा आएको कमी, अस्वस्थ अवस्था, राजनैतिक दुरावस्थाले कथामा बाह्य र पात्रका आन्तरिक मनको परिवेशको सामञ्जस्यता देखाइकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

'जनार्दनको पार्टी छोड्ने अठोट' कथामा हाम्रो समाजमा बोलिने सरल, सहज, बोधगम्य भाषाको प्रयोग पाइन्छ ।

यस कथामा राजनैतिक शब्दहरूको प्रशस्त प्रयोग पाइन्छ । जस्तै :

पार्टीको आदेश, चन्दा, समीकरण, एकीकरण, ध्रुवीकरण, बुथक्याप्चर, गुण्डागर्दी, उम्मेदवार, नेता, त्याग, जिल्ला पार्टी कमिटीको सर्कुलर आदि (पृ:४५–४८)।

यस कथामा केही आलङ्कारिक वाक्यहरू प्रयोग पनि पाइन्छ । जसलाई यसरी देखाउन सकिन्छ :

थुइया, बुद्धि नभएको भेडा ।

"त्यसैले पार्टीको निम्ति मरिमेटेको..................।"

"सबै खाले मान्छेको घरको अन्न भित्रिन्छ त्यस घरमा अनि त्यस्तो भएको ।"आदि । (पृ:४६–४७)

यस कथामा कहीँ कतै निम्न स्तरका भाषा प्रयोग पनि पाइन्छ । जस्तै: भुत्राको ,थुइया, सराप्दा, ईःखाला आदि (पृ:४६–४७)।

यस कथाको शैली राजनैतिक यथार्थवादी रहेको छ । चुडामणि वशिष्ठले पात्र अनुरूपको भाषा प्रयोग गरी 'जनार्दनको पार्टी छोड्ने अठोट' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । समग्रमा भाषिक प्रयोगका दृष्टिबाट हेर्दा जनार्दनको पार्टी छाड्ने अठोट कथा सफल रहेको छ ।

### ङ) उद्देश्य

जनार्दनको पार्टी छोड्ने अठोट' कथामा कथाकार चूडामणि वशिष्ठले नेपाली राजनीतिमा लागेका युवाहरूको अवस्था एकदमै पीडादायी रहेको यथार्थलाई आफ्नो कथाको उद्देश्य बनाएको छ । नेपालमा जुनसुकै राजनैतिक पार्टी पनि नेता विशेषको स्वार्थमा अडिएको छ । नातावाद, कृपावादमा राजनीति र सरकार अडिएको छ । निःस्वार्थ, देश र जनताका लागि त्याग गर्नेको लागि कुनै सम्मान र भविष्य सुनिश्चितता हुँदैन । सबै नेता आफ्नै नाता र फरियावादमा भुलेर आफ्नै स्वर्थ पूरा गर्न मस्त रहन्छन् । देश, जनता र समाजको बारेमा कहिल्यै सोच्दैनन् । पर्टीको लागि आफ्नो उत्सर्ग गर्न सक्ने कार्यकर्तालाई बलिको बोका बनाएर उनीहरूको परिश्रममाथि आफ्नो रजाइँ चलाइ रहन्छन् । कार्यकर्ताहरू पनि आँखा बन्द गरेर राजनीतिमा सामेल भइरहँदा आफ्नो पारिवारीक जीवन, व्यक्तिगत जीवन समेत तहसनहस हुन्छ । मानसिक र शारीरिक स्थितिसमेत अस्वस्थ रहँदा पनि आफ्नो त्याग र बलिदान, जनताको माया सम्झेर राजनैतिक जीवन त्याग गर्न सक्दैनन् । आफ्नो इज्जत, अभिमान, आफ्नो मिहिनेतबाट साँचेका सपनासमेत पार्टी नेताकै व्यवहारमा निहित रहने रजनैतिक यथार्थता प्रस्तुत गर्नु यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

प्रस्तुत कथा जनार्दनको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर जनार्दनको सोचाइ, भोगाइ, चिन्तन आदिलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान नदिइएकाले यस कथामा बाह्य सीमित दृष्टिविन्दु प्रयोग भएको देखिन्छ ।

### ३.४.२०.३ शीर्षक सार्थकता

जनार्दनको पार्टी छाड्ने अठोट कथाको शीर्षक सार्थक रहेको छ । नेपाली राननैतिक क्षेत्रमा देशका धेरै युवाहरू सामेल भएका छन् । नेपालको राजनैतिक इतिहासका विभिन्न कालखण्डमा भएका आन्दोलनहरूले युवावर्गलाई राजनीतिमा अझ आकर्षित तुल्याएको छ । घरवार, पढाइ, कामधन्दा त्यागेर राजनीतिमा लागेका दक्ष र कुशल युवाहरूलाई यस क्षेत्रमा लागेर कुनै फाइदा छैन । एउटा व्यक्ति राम्रो नेता भएपछि देश, जनता र आफ्नो पार्टीलाई त्यागेर नितान्त व्यक्तिगत स्वार्थ पूरा गराउन तर्फ लाग्दछन् । यसले गर्दा पार्टी र देशप्रति निष्ठावान कार्यकर्ताको मानसिक अवस्थामा परिवर्तन आउन थाल्दछ । आफ्नो योगदानको कदर नहुँदा, युवामा भएको आशा निराशामा परिणत हुन पुग्छ । यस कथाको मूल पात्र जनार्दन हो । उसैको मानसिक अवस्थाबाट कथाको शीर्षक चयन गरिएको छ । जनार्दनको मानसिक अवस्थामा असन्तुलन आएको छ । पार्टी र नेताको कार्यकुशलता नहुँदा जनार्दनको अवस्था विछिप्त जस्तै हुनपुगेको छ । ऊ आफूले आफ्नो बारेमा एकिन गर्न सकेको छैन । रातभरि छटपटाहट, पीडा, व्यथा भरिएर आवेशमा पार्टी छोड्ने अठोट गरे पनि बिहान पार्टीका इमानदार साथी देखेपछि उसले पार्टी छोड्न सक्दैन । उसकै केन्द्रीयतामा कथानकताले पूर्णता प्राप्त गरेकाले पनि शीर्षक सार्थक रहेको छ ।

### ३.४.२१ 'आमाको पुकार' कथाको विश्लेषण

### ३.४.२१.१ पृष्ठभूमि

प्रलेस वर्ष ४, पूर्णाङ्क-९, साउन-पुष २०५४ मा तेस्रो कथाको रूपमा प्रकाशित 'आमाको पुकार' कथा एक उत्कृष्ट कथा हो । पुण्यप्रसाद खरेलद्वारा रचना गरिएको यो कथा राजनैतिक घटनालाई आफ्नो विषयबस्तु बनाएको एक सफल कथा हो । विनाकसुर राज्यले जनताका छोराहरूलाई जर्बजस्ती गर्ने, मार्ने आदि कारणले गर्दा कति आमाहरू र सिङ्गो नेपाल आमा विह्वल बन्न पुगेको कुरा यस कथामा विषय वस्तुको रूपमा प्रस्तुत गरिएको छ । नेपालको इतिहासमा कयौं नेपालको राम्रो सोच्ने युवाहरूलाई नै देशद्रोहीको आरोप लगाएर मृत्युदण्ड दिइएको यथार्थ कुराको चित्रण यस कथामा छ ।

### ३.४.२१.२ कथा tŒjsf आधारमा 'आमाको पुकार' कथा

**क) कथानक**

'आमाको पुकार' कथाले कन्काइ नदी किनारामा, सुरुङ्गामा लाग्ने मेला र एक अबोध युवाको सरकारले विनाकसुर मारेको घटनालाई विषयवस्तु बनाएको छ । यस कथामा आएको म पात्रकै सेरोफेरोमा कथानक केन्द्रित रहेको छ । नेपालमा सरकारी वा प्रहरी प्रशासनले नै नेपाली जनतालाई दुःख दिने गरेको घटना उजागर भएको छ ।

आफू कहिल्यै नगएको कन्काई माईको किनारा सुरुङ्गको छेउमा लाग्ने मेला हेर्न म पात्र गई छाड्ने दृढ सङ्कल्प लिएर बाटो लाग्छ । माई मेला आज म पात्रले ठानेको जस्तो रमाइलो र घमाइलो हुँदैन । बादलले आकाश ढाकेर अँध्यारो तुल्याई दिएको छ । मानवीय र प्राकृतिक दुबै चेहरा प्रफुल्ल देखिदैंन । यहाँको कोटीहोमले सबैको रगतले काँचुली फेर्थ्यो तर यस्तो केही दृष्य देखिदैनथ्यो । म पात्र अन्योलमा पर्छ । लक्ष्य विहीन अवस्थामा छ । पुलमा अडिएर त्यहाँको अवस्था निहाली रहन्छ । म पात्रको सोचाइ भन्दा बिलकुलै भिन्न र उराठ लाग्दो थियो यहाँको अवस्था । यस्तैमा रुमलिदाँ रुमलिदैं म पात्रको छेवैमा दुई युवाहरू उत्तरपट्टिको कुनै स्थानमा औँल्याउँदै त्यसतर्फ लाग्दछन् । ती युवाहरूले म पात्र पनि परिचित घटनाको विषयमा कुरा गरिरहेका थिए । उनीहरू त्यही पुलिसले ढालेको केटोको विषयमा कुरा गर्दै त्यसै स्थानतर्फ लागे । म पात्रका मनमा अनेकौं प्रश्नका ताँती लाग्न थाले । त्यो ठाउँमा धेरै भिड लागेको थियो । त्यस्तो ठाउँमा कस्तो खालको भिड । म पात्र आफू धेरै संवेदनशील भएको महसुस गर्छ । त्यो मंसिर २७ गतेको घटना हो । आफ्ना दिदीबहिनीमाथि पुलिसको दुर्व्यवहारको प्रतिरोध गरेको थियो उसले । म पात्रले त्यस केटोलाई चिनेजानेको छैन । तर त्यस महान आत्मालाई र विभत्स घटना लाई विर्सन सकेको पनि छैन । म पात्रलाई फेरि आज त्यो वेदनाको घडा टिलपिलाएको महसुस हुन्छ । म पात्रको यात्रा पनि अनायासै त्यस बालुवाको थुप्रोतिर लाग्दछ ।

त्यो भिडतिर मान्छेको ओहोरोदोहोरको घुँइचो छ । त्यहाँ कसैको अनुहार उज्यालो छैन । खोलामा बाढी आउँछ । कसैले उसको शक्ति रोक्न सक्दैन । अदम्य शक्ति बोकेर धुलो, फोहोर बगाउँछ । कसैको बन्धन स्वीकार्दैन । तर हिउदका दिनहरू त्यस्ता हुँदैनन् । खोलाको शक्ति क्षीण हुन्छ । शक्तिहीन भएकाले सबैले हेप्दछन् । म पात्रलाई यो सबै देख्दा शक्तिको

महत्व थाहा हुन्छ । घुँइचो सुनसान छ । त्यहाभित्रबाट एक आईमाईको चिच्याहट, रुवाइ, आक्रोसको आवाज आइरहेको छ । म पात्र पनि विभिन्न प्रश्नहरूका माझमा र भिडमा विलीन हुन पुग्दछन् । त्यहाँको अवस्था दर्दनाक छ । भिड सारा रोइरहेको छ । यस दुःखद अवस्थाको साथ प्रकृतिले पनि दिइरहेको छ । त्यस विरह पोख्ने आईमाई त्यस युवककी आमा थिइन् । भिडमा उनलाई कोही सम्झाउन खोजी रहेको थियो । उठाएर त्यहाँबाट धपाउन खोजीरहे पनि उनी एक्लै त्यसको प्रतिकार गरिरहेकी थिइन् । उनी सरकारसँग प्रश्न गरिरहेकी थिइन् "छोराको अपराध के हो ? मृत्युदण्ड पाउनुपर्ने त्यस्तो राष्ट्रघाती के गऱ्यो? (प्रलेसः ९४) । म पात्रका मनमा पनि एकनासै कुराहरू खेलिरहे । यो अपाङ्ग देशमा जनतालाई बस्न पनि सास्ती छ र प्रवासिन पनि गाह्रो छ ।" मेरो छोराको हत्या गर्ने अधिकार कसले दियो ? (पृ:९४) । नेपाल सरकार र सरकारी मातहतमा रहेका कर्मचारी कहिल्यै आफ्नो देश र जनताको लागि सोचेनन् । खान नपाउदा, जाडोमा एकसरो लगाउन नपाउँदा, आफ्ना आफन्तको सहार नपाउँदा वा जस्तासुकै समस्या झेल्नु परोस त्यो कुराको कुनै दायित्वबोध छैन । विना कारण जनताको ज्यान मात्र लिने अधिकार कसले दियो ? आमाका ती प्रत्येक शब्द, वाक्यहरू म पात्रका मनमा व्याख्या भइरहेको थियो । त्यो मान्छेको जमानत र आमाको चित्कार प्रशासनलाई मन नपरेरै होला दुईजना पुलिसहरू आमालाई हप्काइरहेका थिए । पुलिस बारम्बार चुप लाग्न भन्छ । होईन भने राम्रो हुँदैन भनी थर्काउँछन् । यस्तो गर्जनले त्यहाँका मानिसमा आज पनि के हुने हो भन्ने त्रास उत्पन्न गराईदियो । कोही यताउति लाग्न थाले भने केही त्यहाँबाट पुलिसलाई हटाउन तर्फ लागे । भिडबाट आवाजहरू आउन थाले "छोराको शोक पनि प्रतिबन्धित छ कि क्या हो ? रानी पोखरी पुगेर आइज हो ?पुलिस जा !"(पृ:९४) । राजाको छोराको शोकमा रानीपोखरी बनेको देशमा जनताको छोराको शोकमा प्रतिबन्ध लगाइन्छ । आमाको मातृत्व, शोकाकूल अवस्था, आमाको छाती उघारेर हेर । आफ्नी आमालाई गएर सोध, तिम्रो हत्यारासँग के सम्बन्ध रहन्छ । यी यस्ता प्रश्नहरूले पुलिस बाँउठियो । आमाका पाखुरा समातेर घिसार्न खोज्यो । तर त्यो जमात सबले आफ्ना सारा जीवन बिर्सेर आमाको वेदना मात्र पिइरहेको थियो । भिडको विरुद्ध प्रतिकार गर्न सकिरहेको थिएन पुलिस । आमा भन्दै थिईन आफ्नो छोरा लक्ष्मीको लागि सबैभन्दा ठूलो देश थियो । यो बाहेक ठूलो घर गृहस्थी, छोराछोरी, स्वास्नी केही थिएन । त्यसैले राज्यको लागि आफ्नो छाती थापेको थियो उसले । त्यस्तो महान् छोराको हत्या गरिस् । अब मलाई पनि मार् । मेरो छोरालाई सम्मान र स्यावासी दिन

जान्छु । यस्ता महान् विचार व्यक्त गरिन् आमाले । स्वार्थी, धनी, जागिरे आदिलाई आफ्नो धनभन्दा प्यारो देश हुन सक्दैन होला तर राष्ट्रप्रेमीले आफ्नो राष्ट्रको लागि आफूलाई सजिलै उत्सर्ग गर्न सक्दछन् ।

म पात्रका मनमा अनेकौं तरङ्गहरू तरङ्गिन थाले । अङ्ग्रेजका लागि लड्ने देश, अङ्ग्रेजका लागि पुछिने सिउँदो, खाली हुने काख अब आफ्नै देशका लागि पुछिन थाले, खाली हुन थाले । आफ्नै सरकारले आफ्नै जनताहरू मार्न थाले । स्वाभिमानको हत्या गर्न थालेछन् । पानी पर्न थाल्यो । म पात्रलाई विरक्त लाग्न थाल्यो । आमा भन्दै थिइन के गर्दै छस्, तैले मलाई के ठानेको छस ?मैले तेरो आँखामा आफ्नो छोराको छायाँ देख्न खोजेकी थिएँ । तर तैले मलाई आफ्ना आमाको छाया देख्ने प्रयास गरिनस् । यदि तेरो हत्या कसैले गरिदियो भने तेरो हत्यारालाई तेरी आमाले के आशीर्वाद दिन सक्छिन होला । तिमीहरू प्रहरीको छातीमा लगाउन पाउने तक्मा र सम्मान फुलीले संसार हेर्ने आखाँ र निष्पक्ष सोच्ने विवेकमा बिर्को लागेको छ । प्रहरीको क्रूर पाशविक बल र मातृत्वको संघर्ष गाह्रो छ । म पनि लक्ष्मी जस्तै खाली हात छु । खाली हत्या गर्न मात्र जान्ने प्रशासकका चम्चेहरू ! आऊ भिडन्त गर्न । आमा बोली रहिन । त्यहाँ उपस्थित कसैलाई वर्तमान र भविष्यतको ज्ञान छैन । आमाका भनाइले सबैको मन उथलपुथल भएको छ । कोही केही गर्न सकिरहेका छैनन् । आमा भन्छिन् अस्ति आदेश गर्ने प्रशासक कुन कुनामा लुकेको छ । निरीह जनताको विना कारण हत्या गर्ने जिम्मेवार विहिन शासक नेपाली बलभद्रको, वीरभक्ति थापाको सन्तानहरू हुन ? विना कारण एउटी आमाको काख रित्याएर कुन युद्ध जित्दै छौ । तिमीहरू कायर हौ, आफ्नो बन्दुकको बहादुरीता बराबरीमा जुधाउन नसकेर खाली नाबालक र निरीह माथि प्रहार गर्छौ । यो शक्ति आफ्नै देशको रक्षार्थ प्रयोग गर । देशका सिमाना जोगाउन प्रयोग गर । आफ्नो स्वाभिमान बेचेर कुन बहादुरी देखाउँदैछौं । विश्वमा नेपालीको इज्जत र स्वाभिमानको उचाइ कुन खाडलमा पुर्दैछौं । उपस्थित सबैले आमाको विचारमा सहमत देखाए । आमा एउटा मातृप्रेमबाट निस्केर सिङ्गो राज्यको प्रेममा फैलिएको भान म पात्रलाई भयो । हिजो पुलिस देख्दा डराउने आमा आज आफ्नो छोरो देशको साझा छोरो भयो भन्दै पुलिससँग जुध्न सक्ने भएकी छिन् । आमाको यति बोल्दा नबोल्दै पुलिसले आमाको पाखुरो समातेर घिसार्न खोज्छ । तर ती प्रहरीको प्रतिकार गर्दछिन । भिडले आमाको पक्ष लियो । यो भिड जमातले आमालाई आफ्नो संरक्षणमा लियो । असिनाले पुलिसलाई हिर्काउन थाल्यो ।

मुसलधारे वर्षा हुन थाल्यो । आमालाई भिडले पुलमुनि लैजान थाल्यो । आमाले बालुवा उठाएर भनिन् लक्ष्मी अब सबैको साझा हो । नेपाल आमाको एक टुक्रा लक्ष्मी । भीडले पुलिसलाई खेद्छन् । नदीमा बाढी आउने संकेत देखियो । सरकारी तटबन्ध भत्काउने जस्तो भयो । सबै जनता अत्याचारको विरुद्ध एकबद्ध भए । म पात्र पनि पुलमुनि बसेर शरीरमा उर्जा प्राप्त गर्न थाले ।

कथानकको आदि भागमा म पात्र माइबेनी मेला जाने निर्णय गर्दै यात्रा सुरु गर्नु, त्यहाँ पुग्दा आफूले सोचे जति रमाइलो वातावरण नहुनु, दुई युवक बालुवाको गडतिर देखाएर पूर्व घटनाको स्मरण गर्नु म पात्रलाई त्यस घटनाको बारेमा पूर्व जानकारी रहनु, म पात्रको पनि उक्त क्षेत्रमा नै ध्यानाकर्षण रहनुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा मंसिर २७ को घटना स्मरण हुनु, सिङ्गो सरकारी पक्ष नै जनताको विना काममा हत्या गर्न अघि सर्ने, माइमेला हेर्ने मानिसहरूको भिड त्यस केटाको हत्या भएको ठाउँमा लाग्नु, म पात्र पनि त्यही पुग्नु, लक्ष्मीकी आमा छोराको शोकमा रोइकराइ गर्नु, दुई प्रहरी जवान त्यसको हस्तक्षेपमा लाग्नु, आमाले प्रहरीको प्रतिकार गर्दै राज्यसँग विभिन्न प्रश्नहरू गर्दछिन । आमाका प्रश्नले म पात्र तरङ्गिन पुग्नु, आमा र भिडको व्यवहारले प्रहरी जवानले आमालाई घिसार्न खोज्नु, भिडले आमाको सुरक्षा गर्दै असिना पानीमा प्रहरीलाई लखेट्नु, आमाले लक्ष्मी अब देशको साझा छोरो भएको घोषणा गर्नु सम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । यस पछि कथाको गति ओरालो लागेको छ । कथाको अन्त्य भागमा माइ नदीमा फेरी बाढी आउनु, सरकारी तटबन्ध भत्काउन खोज्नु, म पात्र पनि पुलमुनि ओतमा बस्नुसम्म रहेको छ । यसरी यस कथामा कथानकको गति आदि, मध्य र अन्त्यको श्रृङ्खलामा मिलेकाले रैखिक ढाँचा रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

यस कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन । मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय पात्र रहेका छन् भने आबद्धताका आधारमा बद्ध र मुक्त पात्र रहेका छन ।

यस कथाको मुख्य पात्र 'म' हो । उसकै सेरोफेरोमा कथानकले फन्को मारेको छ । म पात्र एउटा बुज्रुक राष्ट्रप्रेमी नागरिक हो । माघ महिनामा पर्ने माईमेला हेर्न जाँदा

दुई महिना अगाडि घटेको घटनाको वास्तविकता उजागर भएको छ । उनी सरकारको यस्तो कुरीति प्रति अचम्म परेका छन् । तर माईको किनारामा घटेको घटना, नेपाली सरकारी प्रशासन, नेपाली जनताको यथार्थ अवस्था, आदिको यथार्थता प्रस्तुत भएको कारण म पात्र यस कथाको केन्द्रिय बद्ध पात्र हो । उसको चरित्रबाट समाजले केही सिक्न सक्ने हुनाले ऊ यस कथाको मञ्चीय सत् पात्र हो ।

लक्ष्मीकी आमा नै कथाको सहायक पात्र हुन् । आफ्ना छोराको शोकमा डुबेकी उनी भावविभोर बनेकी छिन् । हिजोसम्म प्रहरी देखेपछि डराउने आमा आज छोराको मृत्युले निडर, बलियो र प्रतिरक्षा गर्न सक्ने भएकी छिन । आफ्नो छोरो अब साझा नेपालीको एक सम्माननीय छोरो बनेको छ भन्दै आफ्नो महानता प्रस्तुत गरेकी छिन् । राज्यसँग विभिन्न खालका प्रश्न गर्ने, जनताका हक र अधिकारका कुराहरू पनि उठाएकी छिन । उनी यस कथाकी मञ्चीय बद्ध, सत् पात्र हुन् ।

लक्ष्मी यस कथाको सहायक सत् पात्र हो । उसले नेपाली छोरीचेली वा दिदीबहिनी माथि पुलिसहरूले गरेको दुर्व्यवहारको प्रतिकार गर्ने ठूलो साहस गरेको थियो । त्यसैको परिणाम स्वरूप प्रहरीले मंसिर २७ गते कन्काई नदीको किनारमा उसको हत्या गरेको थियो । सारा नेपालीको पिडामा मलमल लगाउन खोज्ने ऊ प्रहरीको आँखी भयो । ऊ अत्याचारयुक्त, अन्यायी सरकारको विरोध गर्ने एक जोसिलो केटो हो । उसको मार्फत समाजले प्रशस्तै प्रेरणा लिन सक्ने भएकोले ऊ यस कथाको मञ्चीय सत् पात्र हो । उसकै मृत्युले सिङ्गो कथानकको घटना श्रृजना भएकोले ऊ कथाको बद्ध पात्र हो ।

प्रहरी र सरकारी पक्ष यस कथाको खल पात्र हो । आफूले सारा जनताको पीरमर्का बुझ्रेर जनतालाई सुरक्षा दिन पर्नेमा उल्टै ज्यादती गर्ने, आफ्नो दिदी बहिनीहरू को इज्जत लुट्ने । आफ्नो बिरुद्ध कसैले आवाज उठाई हाल्यो भने पनि मृत्यदण्ड दिइहाल्ने । छोराको मृत्युको शोकमा डुबेकी आमालाई धम्क्याउने, गाली गलौज गर्ने, घिसार्ने जस्ता दुर्व्यवहार गर्छन् । राज्यको सुरक्षा निकाय भए पनि जनतामाथि अत्याचार गरेको, देश र नेपालीको इज्जत र स्वाभिमान सरकारी निकायका थोरै व्यक्तिको स्वार्थको लागि दाउमा लगाउने, आफ्नो पदोउन्नती र सम्मानका लागि मरीहत्ते गरेकाले यी प्रहरीहरू यस कथामा मञ्चीय खल पात्र हुन् । यिनीहरूको कार्यले समाजमा कुनै सकारात्मक प्रभाव पार्न सकेकाले यी सबै असत् पात्र हुन ।

माइमेला भर्न आउने, भीड, बसको यात्रा गर्नेहरू आदि सबै यस कथाको गौण पात्र हुन् । कथानक विकासमा यिनीहरूको कुनैपनि महत्वपूर्ण भूमिका नरहेकाले यी मुक्त पात्र हुन ।

**ग) परिवेश (देश,काल र वातावरण)**

यस कथामा परिवेशका रूपमा कन्काइ नदी किनारमा अबस्थित बालुवाको थुप्रोमा घटेको घटना आएको छ । समयका रूपमा दुई महिना, बिहान, बेलुका, दिउँसोको समय पृष्ठभूमिमा उल्लेख गरिएता पनि म पात्र माइबेनी पुगेर आमाको बिलौना गरुन्जेलको घटनामा आधारित देखिएको छ । वातावरणको रूपमा लक्ष्मीलाई सरकारले विना कसुर मान्नु, आमा छोराको शोकमा पर्नु, सरकारको सामाजिक सामन्तवादी सांस्कृतिक प्रभाव आएको छ । नेपालमा जर्बजस्ती शासन गरेर सरकारी र प्रशासनिक व्यक्तिले राज गर्नु, जनताहरू हक अधिकार बाट बञ्चित हुनु, आफ्नो विरोध गर्नेलाई सधै मृत्युदण्ड दिनु जस्ता निर्ममता पूर्ण र भयाभित परिवेशको चित्रण पाईन्छ । यस कथाको बाह्य परिवेशमा बादल, अन्धकार भनेको परिवेशमा सामन्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्यअनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

'आमाको पुकार' कथामा भाषिक जटिलता रहेको छ । जटिल भाषा प्रयोग रहेता पनि बोधगम्य भने रहेको छ । प्रश्नात्मक वाक्यहरूको प्रशस्तै प्रयोग पाईन्छ । जसलाई यसरी देखाउन सकिन्छ :

के को जमात होला त्यो ?, ढालेको ठाउँ पनि त्यही त होइन ?, मेरो छोरोको हत्या गर्ने अधिकार कसले दियो ?को बहुलाए छ ?, छोराको शोक पनि प्रति बन्धित छ की क्या हो ?, शासकका छोराका शोकमा रानीपोखरी बनेको देशमा शासितका छोराका शोक प्रतिबन्धित छ कस्तो बिडम्बना ?आदि (पृ:९२–९४)

यस कथामा प्रथम पुरुषका वाक्यहरू पनि प्रशस्त प्रयोग भएका छन् । जस्तैः

म पनि त्यस भिडमा पुग्दछु । म पनि झसङ्ग तर्सिन्छु, म सम्झन्छु, अंङ्ग्रेजका लागि पुछिने सिउँदाहरू, अंङ्ग्रेजका लागि खाली हुने काखहरू अब यही देशका लागि पुछिन थाले खाली हुन थाले । (पृः९३–९४)

भाषिक प्रयोगमा व्याग्यात्मकता र रहस्यात्मकता रहेको छ : जस्तै

सबैको बुद्धिमा भुँइचालो गएको छ । दाग छाती मा ! यो सरकार ले उसमा के लगानी गरेको छ । रानीपोखरी पुगेर आइजा ओ ?पुलिस जा !, अंङ्ग्रेजले मराउने नेपालीलाई अब आफ्नै सरकार मराउन थालेछ । (पृः९३–९५) आदि ।

'आमाको पुकार' कथाको शैली अस्तित्ववादी रहेको छ । नेपालमा सरकार जनताको हत्या गरेर भए पनि आफ्नो अस्तित्व सुरक्षित गर्न चाहन्छ भन्ने कुराको पुष्टि यस कथाले गरेको छ । नेपाली इतिहास हेर्दा सरकारी पक्षले आफ्नो गल्ति छुपाउन र आफू विरुद्ध जनताको आवाज दबाउन निर्दोस राष्ट्रप्रेमि जनताको हत्या गरेको घटना प्रसस्तै रहेकाले राजनैतिक यथार्थता पनि कथामा प्रस्तुत भएको छ । पुण्यप्रसाद खरेलले पात्र अनुरूपको संवाद, क्रियाकलाप र स्वाभाविक भाषिक विन्यास गरेर यस कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन ।

## ङ) उद्देश्य

कथाकार खरेलले 'आमाको पुकार' कथामा नेपाली सुरक्षा निकायको कालो करतुत भण्डाफोर गर्ने उद्देश्य राखेका छन् । नेपाल सरकार र प्रहरी प्रशासनले नै नेपाली जनतालाई दुःख दिने । छोरी चेलीलाई मनलाग्दो गर्ने । आफ्नो बिरुद्ध कसैले बिरोध जनाएर त्यसको विरोध गरेमा मारिदिने जस्तो कुकृत्य गर्न पछि पर्दैन् । आफैँले निर्ममता पूर्ण हत्या गर्छ अनि छोरोको हत्यामा शोक विह्वल भएकी आमालाई समेत शिष्ट व्यवहार गर्न जान्दैन । जनतालाई डराउनु, धम्क्याएर शासन गर्ने सरकारको यस्ता निच र तुच्छ व्यवहारको भण्डाफोर गर्नु नै यस कथाको प्रमुख उद्देश्य रहेको छ ।

### च)    दृष्टिविन्दु

यस 'आमाको पुकार' कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दु प्रयोग भएको छ । समाख्याताको रूपमा म पात्र आफैं कथाभित्र उपस्थित भएर आफूले देखेको, महशुस गरेको, आफ्नो जीवनको कथा भनिरहेको छ । म पात्र कै केन्द्रीयतामा कथानकले फन्को मारेको छ । त्यसैले यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ३.४.२१.३ शीर्षक सार्थकता

नेपाली इतिहास हेर्दा साह्रै क्रुर र निरकुंश सरकारले शासन गरेको देखिन्छ । उनीहरूले देश र जनताका लागि कहिल्यै सोचेनन् । आफू र सरकारी कर्मचारी, सुरक्षा निकाय वा प्रहरी प्रशासन नै जनताका शोषक बन्न पुगे । दिदीबहिनीको इज्जतको परवाह नै भएन । देशभक्त नागरिकले पिडा सही साध्य नभएर आवाज उठाउँछन, प्रतिकार गर्दछन । तर विचरा देशप्रेमले ओतप्रोत भएका ती युवा निशस्त्र हुन्छन । स्वार्थ, रजाँईं, जनता पिडक सुरक्षा निकायसँग प्रशस्त हतियार हुन्छन । समूहमा एकट्ठा भएर एउटा राष्ट्रभक्त व्यक्ति लाई सहजै मारिदिन्छन् । एउटी आमाले हजार सपना बोकेर आफ्नो छोरालाई जन्म दिएर पालनपोषण गरेकी हुन्छिन । विनाकारण राज्यले नै उसको हत्या गरिदिन्छ । आफ्ना नागरिकलाई कुनै अधिकार दिदैन भने राज्य पक्षले हत्या गर्न कुनै अधिकार छैन । छोराको शोकमा खुलेर रुनकराउँन पाइन्छ । कसुर विना नै हत्या भए पछि त्यसको लागि प्रश्न गर्न पनि पाइन्छ, तर यस कथामा बन्देज लगाउन खोजेको छ प्रहरीले । प्रहरीको यस्तो ज्यादतीको बिरुद्ध लागेर सबैले आमाको बिलौनाको साथ दिएकाले पनि कथाको शीर्षक 'आमाको पुकार' विषयवस्तु अनुसार उपयुक्त र सार्थक रहेको छ ।

### ३.४.२२ 'पण्डितको पछुतो' कथाको विश्लेषण

### ३.४.२२.१ पृष्ठभूमि

प्रलेस पत्रिकाका विभिन्न अङ्कहरूमा कथा विधाको प्रकाशन भएका छन् । सिङ्गो कथा विधालाई समृद्ध बनाउन यस साहित्यिक पत्रिकाको अमूल्य योगदान रहेको छ । वर्ष ४, पूर्णाङ्क १०, माघ–चैत्र २०५४ प्रलेसमा प्रथम प्रकाशित कथा 'पण्डितको पछुतो' एक उत्कृष्ट

राजनैतिक कथा हो । मदन मुमुक्षुद्वारा रचना गरिएको यस कथामा निम्न वर्गीय व्यक्तिहरूले सामना गर्नुपर्ने अनावश्यक दु:खको पनि यथार्थ रूपमा चित्रण गरिएको छ ।

## ३.४.२२.२ कथा tŒjsf आधारमा 'पण्डितको पछुतो'कथा

### क) कथानक

'पण्डितको पछुतो' कथाले नेपालको शहरी क्षेत्रको निम्न वर्गीय समाज र पुँजीपती राजनैतिक अस्तित्व सबल भएका सामन्ती समाजमा अन्तरनीहित आर्थिक र राजनैतिक समस्यालाई आफ्नो विषय वस्तु बनाएको छ । यस कथामा आएको प्रकाण्ड विद्वान, आर्थिक रूपमा सम्पन्न र राजनीतिमा पारङ्गत भईसकेका एक अधबैसे हुन् । यीनै पात्रको वरिपरि कथा केन्द्रित रहेको छ । पीडापुर नगरपालिका वडा नं.७ का वडा अध्यक्ष पुराणभक्त प्रधानलाई मान्छेहरूले पण्डितकै नामले चिन्दछन् । ऊ विद्वान र रानीतिज्ञ भएर पनि आफ्ना कार्यकर्तालाई फकाउन नसक्ने, रिसको आवेगमा आएर पिट्ने, जेल पठाउने जस्ता काम गर्ने क्षणिक सोचाई भएको नेता हो ।

पण्डितले नसोचेको भयो । कठिन मिहिनेतले निकै थाकेका पण्डित बाहिरबाट लखतरान भएर लुगा जुत्ता नै नखोली ओछ्यानमा पछारिए । मानशिक र शारीरिक दुवै रूपमा थकित पण्डित आँखा चिम्म गर्दापनि चुनावका दृष्यहरूनै देख्न थाले । पाँच वर्ष अगाडि चुनावमा नगर सदस्य पदमा विजयी हुँदा उनले सम्राटको सालिक ठड्याउने संकल्प गरेका थिए । सम्राटको सालिक बनाउँदा आफ्नो राजनैतिक व्यक्तित्व अग्लिने उनको सोचाइ थियो । आफ्नो पक्षका भएकाले जिल्ला सभापति र नगरका प्रमुखलाई उनले मनाएका थिए पैसाको जोगेर्ना पनि भयो तर आफ्नै पार्टीका अध्यक्षले विरोध जनाए । अरु दलका मान्छेले भन्ने बाटो दिनु हुँदैन । पण्डितको उत्साह सेलायो । बाजेकै पालादेखि हिन्दु धर्मका प्रकाण्ड विद्वानका खलकको रूपमा चिन्दछन् । पुराण भक्तले भारतको धार्मिक नगरीमा ठूलो शास्त्रार्थ हुँदा विद्वान् र धेरै ब्राह्मणहरूलाई जितेका । ठूलो पुस्कार पाएका । त्यसपछि उनलाई पुराणभक्त नभनी पण्डित प्रधान भनिएको । नेपाल आएर राजनीतिमा हातहाल्दा वडा अध्यक्षको पदमा निर्वाचित भएका । अहिले नगर प्रमुखमा चुनाव उठ्दा सानो मत अन्तरले हारेका ।

यस ठाउँमा बढीनै पानी पर्छ । केही दिन अघि पनि यस्तै झमझम वर्षा हुन थाल्यो । पण्डितजी आफ्नै पसलमा बसिरहेका थिए । एउटै टेलकी चुरा पसल्नी आएर हात जोड्दै उभिई । पण्डितले कारण सोधे । बुढीको एउटै मात्र छोरो युसुफ, लोग्ने युवा अवस्थामै बितेको हो । दुःख गरेर छोरो हुर्काई । नगरपालिकाको पियनको जागिर खान्थ्यो । बूढीमा सुखका दिन छाएका थिए । तर पण्डितले आफ्नो विपक्षी पार्टीमा लागेको भनेर जागिरबाट निकाली दियो । बूढी आशातित भएर पण्डित सँग माफी माग्दै छोराको जागिर पुर्नबहाली गराई दिन अनुरोध गर्न आएकी थिइन् । पण्डितले तेरो छोरो नेता भयो । नेताले जागिर खान मिल्दैन भन्दै झर्कीफर्की गर्दछ । बूढी चुरौटेनीलाई खुट्टैले पर हटाएर गाली गरिरहन्छ । त्यहि बेला अध्यक्ष र बूढीका छेउमा यूसुफ आइपुग्छ । यूसुफका आँखा राताराता भएका थिए । बेरोजगार बस्न बाध्य ऊ भर्खरै राजनीतिमा लागेको थियो । अध्यक्ष(पण्डित) को विरोधी पार्टीमा उभिएको थियो । "कसाइको अगाडि रोएको भैंसीले माया पाउँदैन" ( पृः९५) भन्दै आमालाई घर लिएर जान उठाउँछ । पण्डित आफूलाई कसाई भनेको भन्दै यूसुफको कठालो समातेर कराउँदै गाली गर्न थाल्छ । यूसुफले हात छोड भन्दै अब कुनै अत्याचार सहन नसकिने बतायो । सहरको ठाउँ मान्छेहरू जम्मा हुन थाले । पुलिसले यूसुफलाई समातेर लग्यो । दुई पार्टीका बीचमा झगडा भयो । पत्रपत्रिकामा समाचारहरू आए । यूसुफले उग्रवादको नाम पायो । छोराको शोकले गर्दा रोइरोइ बसेकी बूढीको चुनावको अघिल्लो दिन मृत्यु भयो । यूसुफ जेलमै छ । अदालतले के फैसल्ला गर्छ थाहा छैन । त्यस क्षेत्रमा रहेका ४० घर चुरौटेहरूले पण्डितलाई भोट दिएनन् । अहिले पण्डितलाई पछुतो लागेको छ । यूसुफले कस्तो न्याय पाउने हो थाहा छैन ।

कथानकको आदि भागमा चुनाव हारेका पण्डित थकाइले लखतरान परेर ओछ्यानमा पल्टनुबाट सुरु भई चुनावका कुराहरू स्मरण गर्नु, पहिलो पटक चुनाव जित्दा सम्राटको शालिक बनाउने संकल्प लिएतापनि पार्टी अध्यक्षको विमतीका कारण पूरा नहुनुसम्मको घटना आएको छ । कथानकको मध्य भागमा पण्डितको परिचय दिइनु, हिन्दुधर्मका अनुयायी र प्रकाण्ड विद्वान भएता पनि राजनीतिमा लाग्नु, आफ्नो टोलको चुरौटे बूढीको छोरोलाई विरोधी पार्टीमा लागेको निहुँमा जागिरबाट निकालिदिनु, बूढी आएर छोराको जागिर गराईदिन रोइकराई गर्नु, पण्डित आफ्नो विरुद्ध भोट माग्ने, आमा नक्कल पार्ने भन्दै गाली गर्नु, यूसुफले आमालाई यस्तो निर्दयीसँग बिलौना नगर्न आग्रह गर्नु, पण्डितले आफूलाई कसाइ भनिस् भन्दै यूसुफलाई कठालेर समातेर पिट्नु, मान्छेको भिड लाग्नु,

पुलिसले यूसुफलाई लगेर थुनामा राख्नु, चुनावको अघिल्लो दिन आमा मर्नु, यूसुफले उग्रवादको नाम पाउनु, ४० घरपरिवारले पण्डितलाई भोट नहाल्नु, सम्मको घटना आएको छ । यो कथानकको चरोमत्कर्ष भाग पनि हो । अन्त्य भागमा आफूले गरेका गल्तीले पण्डितलाई पछुतो लाग्न थाल्नु, यूसुफले अदालतमा न्याय पाउने होकी हैन । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको शृङ्खलामा नमिलेकाले यस कथाको ढाँचा वृत्ताकारिय रहेको छ ।

**ख) पात्र/चरित्रचित्रण**

यस कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय पात्र रहेका छन् ।

पण्डित प्रधान यस कथाको प्रमुख मञ्चीय पात्र हो । हिन्दु धर्मशास्त्रका प्रकाण्ड विद्धान पुराणभक्तलाई सबैले पण्डित नामले चिन्दछन् । पुर्खेली देखिनै पण्डित पेशा अंगालेका उनी चाँहि राजनीतिमा लागे । उनी राजनीति सुरु गर्दा वडा अध्यक्षको पद हाँसिल गरेको उसले ५ वर्ष सम्म सम्माननै पायो । यूसुफ जस्तो गरिब र दुःखीको पियनको जागिर खोसिदियो । ऊ सबै आफ्नै लागि पार्टीमा सामेल हुनुपर्छ भन्ने निच सोचाइ राख्ने मानवता हिन असत् पात्र हो । ऊ समाज सेवा गरेर भन्दा धम्क्याँएर, कुटेर मात्र चुनाव जित्न चाहन्छ । पण्डित विद्धान भएतापनि तुरुन्त भावावेगमा आइहाल्ने सानो सोचाइ भएको मान्छे हो । उसले ५ वर्ष समयावधीमा केही नयाँ काम गर्न सकेको छैन । जनतामाथि राम्रो व्यवहार गर्न नसकेको उसले यूसुफ र उसकी आमाजस्ती सङ्घर्षशिल गरिब दीनदुःखी माथि सहानूभूति देखाएर सहयोग गर्नु पर्नेमा उल्टै मर्न बाध्य अवस्था निम्त्याइ दिएको छ । ऊ नेता भएर पनि संम्यमता अपनाउन नसक्ने समाजको असत् खल पात्र साबित भएको छ । चुनाब हारेपछि गल्तीको महशुस गरेको ऊ परिवर्तनशिल पात्र हो । ऊ यस कथाको मञ्चीय बद्ध पात्र पनि हो ।

यूसुफ मियाँ र उसकी आमा यस कथाका सहायक पात्र हुन् । पण्डितले पियनको जागिरबाट हटाइदिएकाले ऊ बेरोजगार भएपछि राजनीतिमा लाग्न बाध्य भएको युवा हो । बाबुको मृत्यु भएपछि आमाले दुःख गरेर उसलाई हुर्काएकी हो । पण्डितले सानो निहुँमा

उग्रवादीको नाम दिएर जेल जान बाध्य पारेको साहारा र शक्ति बिहिन पात्र हो । ऊ यस कथाको मञ्चीय बद्ध पात्र हो ।

बूढी चुरौटेनी यूसुफकी आमा हो । धेरै पहिला श्रीमान्को मृत्यु भएपछि धेरै दुःख पिडा सहेर छोरालाई हुर्काइन् । छोरा जागिर खान थाल्यो । सन्तोषको शास फेर्ने समय आएपछि पण्डितको आँखाको तारो बन्न पुगेपछि छोराकै शोकले मर्न पुगेकी एक करुणाकी पात्र हुन् । उनले आम गरिब एकल महिलाको प्रतिनिधित्व गरेकी छिन् । यिनीपनि यस कथाकी मञ्चीय बद्ध सत् पात्र हुन् । पार्टी सचिव, अध्यक्ष, भिड, ४० घरपरिवार चुरौटेहरू, पुलिस आदि यस कथाका मुक्त गौण पात्र हुन् ।

**ग) परिवेश(देश, काल र वातावरण)**

यस कथामा परिवेशका रूपमा सहरको निम्नवर्गीय गरिब परिवार र सामन्तवादी सोच भएको राजनैतिक व्यक्ति चरित्र आएको छ । समयका रूपमा पाँच वर्षको समयावधि सँगै केही वर्षको समय पृष्ठभूमिमा उल्लेख गरिएता पनि पण्डित र यूसुफ मियाँको झगडा परेको दिनदेखि चुनावको मत गणना भएको दिनसम्मको घटनामा आधारित देखिएको छ । वातावरणको रूपाम यूसुफलाई बेरोजगार बनाइदिनु, झगडा परेकै कारणले पण्डितले चुनाव हारेपछि आफ्नो राजनैतिक कुशलताको कमिका कारण आफैँलाई धोका परेको छ । समाजसेवा गरेर जनताको मन जित्नु पर्नेमा उल्टै समाजका गरिब गुरुवाको विचल्ली पार्नु, लामो समय झरी पर्नु पण्डितले चुनाव हार्नु जस्ता घटनाले पात्रका आन्तरिक मनसँग बाह्य वातावरणको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्यअनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

यस ‘पण्डितको पछुतो’ कथाको भाषा सरल, सहज र बोधगम्य रहेको छ । कहीकतै व्याङ्यात्मक भाषाको पनि प्रयोग पाइन्छ । जसलाई यसरी देखाउन सकिन्छ :

> “किन रुन्छौं बूढी मान्छे नेता छोरो पाएकी छौं ।” नेता भएर जागिर खान मिल्दैंन................।, कसाइको अगाडि रोएको भैँसीले माया पाउँदैन आमा ! -पृ:९४–९५) आदि ।

एकाध ठाउँमा राजनैतिक शब्दहरू पनि प्रयोग भएको छ । जस्तैः वडा अध्यक्ष, चुनाव, सम्राट, चुनाव क्षेत्र, पार्टीका मेयर, (पृ:९४–९५) आदि ।

यस कथामा प्रयोग भएका प्रकाण्ड, विद्वान, अकस्मात, नादान, आदि शब्दहरूको प्रयोगले कथालाई रोचक बनाएको छ ।

यस कथाको शैली राजनैतिक यथार्थवादी रहेको छ । मुमुक्षुले पात्र अनुरूपको भाषा प्रयोग गरी कथालाई सफल बनाएका छन् । समग्र भाषिक प्रयोगका दृष्टिबाट हेर्दा पण्डितको पछुतो कथा सफल रहेको छ ।

## ङ) उद्देश्य

पण्डितको पछुतो कथामा कथाकार मुमुक्षुले नेपालमा हुने राजनैतिक यथार्थलाई प्रस्तुत गर्नु कथाको उद्देश्य राखेका छन् । पढेलेखेका विद्धान व्यक्तिहरू राजनीतिमा सामेल भएता पनि आफ्नो सोच र सकारात्मक प्रभावलाई समाजमा प्रशारित गर्न नसकेको अवस्था देखिन्छ । राजनैतिक कुशलताले जनताको मन जित्न लाग्नु पर्नेमा विपक्षी पार्टीमा लागेकै कारणले धम्क्याउँने, कुट्ने, तर्साएर अर्काको घरपरिवार र जीवन वर्वाद पार्नमा समेत पछि पर्दैनन् । राजनीतिलाई जनताको हक अधिकार र जीवन समृद्धिको लागि प्रयोग गर्नुपर्ने तर्फ नेपाली नेताको ध्यानाकर्षण गराउने हुनुपर्छ । यस्तो भएमा चुनाव हार्नु पर्ने अवस्थानै नआउने देखिन्छ र पछुताउनु पर्ने अवस्था आउँदैन् भन्ने देखाउन खोज्नु यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

## च) दृष्टिविन्दु

प्रस्तुत कथा पण्डितको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर पण्डितको सोचाइ, भोगाइ र चिन्तन आदिलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान दिइएका छैनन् । त्यसैले यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ३.४.२२.३ शीर्षक सार्थकता

'पछुतो' कथाको शीर्षक कथाको केन्द्रीय पात्र कै नामबाट शीर्षक चयन गरिएको छ । नेपालको राजनीतिमा लाग्ने व्यक्तिहरूमा राजनैतिक कुशल गुण र क्षमताका बारेमा कुनै ज्ञान छैन । नेता भएर समाज सुधार र राष्ट्रिय समुच्च विकासमा भन्दा सस्तो लोकप्रियताका भरमा चुनाव जित्न प्रयत्नरत रहन्छन् । यस कथाको पण्डितले पनि चुरौटेको छोरा र आमालाई सहयोग गर्नुको साटो उल्टै मर्न बाध्य पारेको छ भने युवाको भविष्य अन्योलमा पारेको छ । उसले आफैले गरेको कर्मको फल अनुसार नतिजा प्राप्त गरेको छ । ऊ समयमा सही गलत सोचेर निर्णय गर्न नसक्ने र पछि पछुताउने अवस्थामा पुगेकाले पनि कथाको शीर्षक सार्थक रहेको छ । समग्रमा कथाको घटना परिवेशलाई मध्यनजर गर्दा पनि यस कथाको शीर्षक सार्थक र उपयुक्त रहेको छ ।

### ३.४.२३. 'ग्रहण' कथाको भूमिका

### ३.४.२३.१ पृष्ठभूमि

वर्ष ४, पूर्णाङ्क, १०, माघ-चैत्र, २०५४ मा दोस्रो कथाको रूपमा प्रकाशित कथा ग्रहण हो । भैरब गेलालद्वारा रचना गरिएको प्रस्तुत कथा सामाजिक कथा हो । यस कथामा निम्न वर्गिय समाजमा एउटा व्यक्तिलाई रोग लागेर उपचार गर्नुपर्दा पारिवारका बाँकी सदस्यको हालत के हुन्छ भन्ने कुरालाई आफ्नो विषय वस्तु बनाएको छ । यस कथामा घरपट्टिले आफ्नै घरमा कोठा बस्नेलाई समस्या परेको बखत पनि समस्या नबुझेर घरबाट निकालिदिनुले समाजमा मानवता हिन र आत्मियता घट्दै गएको कुरा प्रष्ट हुन्छ । मन्दिरमा ढुङ्गाको मूर्तिलाई रूपैँया भेटी चढाउनेले मान्छेलाई परेको समयमा कसरी अन्जान भइदिन्छ भन्ने कुरा प्रष्ट पारिएको छ ।

### ३.४.२३.२ कथा tŒjsf आधारमा 'ग्रहण' कथा

**क) कथानक**

ग्रहण कथाले गाउँबाट खुसी परिवारको कल्पनाको खोजिमा काठमाण्डौं आएको निम्न वर्गीय मजदुरको आर्थिक समस्यालाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा जितबहादुर क्षयरोगले थला परेर भद्रकाली मन्दिर परिसरमा ५ महिनादेखि जीवनमरणको

दोसाधमा पारीवारिक गुजारा गर्दै आएको छ । ऊ रोगी, निम्नवर्गीय व्यक्ति हो । यसै पात्रको वरपर कथा केन्द्रित रहेको छ । नेपालका ग्रामिण क्षेत्रका मान्छे अनेकौ मिठा सपना बोकेर काठमाण्डौं आउने गर्दछन् । दिन उमेरमै परिवारको एउटा मूल मान्छे बिरामी भएपछि कस्तो दुर्दसा आइलाग्छ भन्ने कुरा यथार्थ रूपमा चित्रण गरिएको छ ।

पूर्णिमाको रात भएपनि ग्रहण लागेकाले पृथ्वी उज्यालो हुन सकेको छैन । हिन्दु धर्म कट्टर अनुयायी ठान्नेहरू रातको १२ बजे पनि नुहाएर हरिभजनमा व्यस्त भए । जतिनै सघर्ष गरेपनि परिस्थितीलाई जित्न नसकेको जितबहादुर क्षयरोको पीडा भोगिरहेको छ । माघ महिनाको जाडो, भद्रकालीको मन्दिरको चिसो भूईंमा गुजारा गर्नु परेकाले उसलाई साह्रै गाह्रो भयो । ज्वरो, खोकीले सताई रऱ्यो । एक छोरो र एक छोरी, श्रीमतीका साथमा ऊ मन्दिरको शरणमा आएको हो । ३२ वर्षे जितबहादुर पूर्वी नेपालको भोजपुर बाट भर्खर बिवाह भएकी श्रीमती लिएर सुन्दर र सुखी जिन्दगीको कल्पनामा ऊ काठमाडौं आएको थियो । उसले कार्पेट उद्योगमा काम गऱ्यो । त्यसपछि भृकुटीमण्डपमा कपडा पसल गर्न थालेपछि चाँहि उनीहरूको जीवन ठीकै तरिकाले बित्न थाल्यो । त्यहि बेला उनीहरूकी एक छोरी पनि भैसकेकी थिई । उनीहरूको जीवनमा प्रेमले उत्सर्ग गरिरहेको थियो । त्यसको चार वर्षपछि उनीहरूको एउटा छोरो पनि भयो । छोरा र छोरी पाएर यी दम्पतीमा खुसीको सीमा थिएन । उनीहरू परिश्रम गरेर सुख बटुल्ने प्रयासमा थिए । तर परिस्थितिले कोल्टे फेऱ्यो । जीतबहादुर बिरामी पर्न थाल्यो । ज्वरो, खोकी र छाती दुख्ने भएकाले काममा जान पनि नसक्ने अवस्था आयो । त्यसैले गर्दा उसको आर्थिक अवस्था अब जर्जर बन्न गयो । उसलाई निको हुने कुनै लक्षण देखिएन । त्यसैले अस्पताल गयो । डाक्टरले क्षयरोग लागेको घोषणा गरेर औषधी लेखिदिए । खानपान र आराममा ध्यान दिनुपर्ने बताए ।

चार जनाको परिवार, बिरामीको औषधी खर्च, बिरामी र बालबच्चाका कारण काममा जान नसक्ने भएकोले उनीहरूको आर्थिक अवस्था अत्यन्त कमजोर हुन थाल्यो । एक छाकपनि खान सक्ने स्थिति भएन । घरपेटिले डेराबाट भएका मालसमानबाट कोठा भाडा कटाएर घरबाट निकालि दियो । काठमाण्डौको ठाउँमा मानवतालाई पैसामा तौलिन्छ । जीतबहादुरको समस्या बुझ्ने कुरै भएन । जीतबहादुर बाध्यता वश बालख छोराछोरी जवान श्रीमती लिएर भद्रकाली मन्दिरमा शरण लिनपुग्यो । रातिको चन्द्रग्रहणपछि शुद्धी

गर्न भक्तजनहरूको अग्रपंक्तिमा रहेको बाबालाई सम्बोधन गरिएकी एउटी बालिकाको स्वर सुनिन्छ ,“बाबा” ! हेर्नुछन् । मेरो बुबा बिलामी पल्नुभा’छ, अलिकति चामल र पैछा दिनुछन् । हिजोदेखि केही खा’ छैन ।’ (पृ:९६) । बाबाले बालिका सीतालाई र पेटीमा सुतिरहेका जितबहादुरलाई हेरे । पुजारीले त्यही बेला बाबालाई बोलायो । हातमा भएका सबै फूल अक्षेता भेटी पूजारीलाई दिए बालिका सीताको आँखा बाट आँसु बगे । उता सीतालाई देखेर भित्रभित्रै आहात भएको जीतबहादुरको आँखा सधैंका लागि बन्द भए । लक्ष्मीको चित्कार मन्दिर भरि फैलियो ।

कथानकको आदि भागमा चन्द्रग्रहण लाग्नुबाट सुरु भइ मान्छेहरू ग्रहण शुद्धीमा लाग्नु, जितबहादुरलाई समयले साथ नदिनु, क्षयरोगको सिकार बन्नु, जीवन धान्न गाह्रो भएपछि परिवार सहित भद्रकाली मन्दिरको पेटीमा आश्रय लिन पुगेको ५ महिना भएसम्मको घटना आएको छ । कथानकको मध्य भागमा जितबहादुरको बाल्यकालको परिचयबाट सुरु हुनु, भोजपुरे बाल्यजीवन बिताएर नबदुलही सहित जीवनको सुन्दर सपना बोकेर काठमाण्डौ छिर्नु, समय अन्तरालमा एक छोरी र एक छोरा जन्मनु, भृकुटी मण्डपमा कपडा पसल थालेपछि अलि सुखमय जीवनको सुरुवात हुनु, समयले कोल्टे फेर्नु, उसलाई रोग लाग्नु, औषधी धामी झाँक्री, अस्पताल भन्दा सबै सम्पत्ति सकिनु, काममा जान नपाउनु, दिनदिनै आर्थिक अवस्था कमजोर हुन थाल्नु, घरबेटीले घरबाट निकालीदिनु, भद्रकालीमा शरण लिन पुग्नु, मन्दिरमा ग्रहण शुद्धि गर्ने भक्तजनको लामको अगाडि लाइनमा बसेका बाबासँग सानी छोरी सीताले केही खानेकुरा र पैसा माग्नु, पुजारीले बाबाको हातमा भएको फूल, अक्षेता भेटी मन्दिरमा चढाउन दिनु, सीताका आँखाबाट आँसु झर्नु सम्मको घटना आएको छ । यो कथाको चरमोत्कर्ष भाग पनि हो । यसपछि कथानकको गति ओरालो लागेको छ । कथानकको अन्त्य भागमा छोरीलाई चियाइँ भित्रभित्रै आहात भएर रोइरहेको जितबहादुरका आँखा सधैका लागि बन्द हुँदा लक्ष्मीको रुवाई मन्दिरको वरपर एकैचोटी फैलिएको छ । यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको श्रृङ्खला नमिलेकाले वृत्ताकारिय ढाँचा रहेको छ ।

## ख)	पात्र/चरित्रचित्रण

यस कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त पात्र रहेका छन् भने मञ्चीयताका आधारमा मञ्चीय र नेपथ्यीय पात्र रहेका छन् ।

यस कथाको प्रमुख पात्र जीतबहादुर हो । ऊ ३२ वर्षिया युवा हो । २७-२८ वर्षकी जवान श्रीमती एक छोरा र एक छोरीका बाबु जीतबहादुर गाउँबाट धेरै सपना बोकेर काठमाण्डौं आएको थियो । ऊ एउटा सङ्घर्षशिल पात्र हो । उसले लामो सङ्घर्ष गरेर भृकुटी मण्डपमा कपडा पसल थापेपछि सुखको जीवन बित्न थालेको थियो । समयले साथ नदिएपछि मृत्युको मुखमा धकेलिन बाध्य भएको एउटा अभागी पात्र हो ।जसरी पृथ्वीमा ग्रहण लागेर अध्याँरो भएजस्तै जितबहादुरको मृत्युले पनि उसको परिवारमा पनि ग्रहण लाग्छ । नाम जितबहादुर भएपनि समय र परिस्थितीलाई जित्न नसकेको एक अभागी बाबु र पति साबित भएको छ । ऊ काठमाण्डौ जस्तो ठाउँमा क्षयरोग लागेर मर्न बाध्य एक निरिह पात्र हो । ऊ नेपाली समाजका न्यून आर्थिक अवस्थाका कारण सामान्य रोग लागेर पनि मर्न बाध्य युवावर्गको प्रतिनिधि पात्र हो । ऊ यस कथाको मञ्चीय, बद्ध पात्र हो ।

लक्ष्मी र छोराछोरी यस कथाका सहायक पात्र हुन् । लक्ष्मी जितबहादुरकी श्रीमती हुन् । उसले आफ्नो पतिलाई सक्दो सहायता गरेकी छ । लोग्ने र छोराछोरीका सुखका लागि आफ्ना सबै खुसी त्यागेकी छे । छोरी आफ्नो बुबाको रोगी अवस्थाप्रति दुःखी छे । मन्दिरमा आउने मान्छेसँग आफ्ना बुबाका लागि सहयोग मागेकी छे । यी दुवै मञ्चीय बद्ध पात्र हुन् । छोरो सानो छ । उसले जितबहादुरलाई खुसीको अनुभूति गराएको छ । घरपटी, मन्दिरका भक्तजन, पूजारी र बाबाहरू यस कथाका गौण पात्र हुन् ।

## ग)	परिवेश (देश, काल र वातावरण)

यस कथामा परिवेशको रूपमा काठमाण्डौं मजदुरको निम्न आर्थिक अवस्थालाई चित्रण गरिएको छ । समयका रूपमा बाल्यकालदेखि युवाअवस्था र बिवाह पछिका ६-७ वर्ष पृष्ठभूमिका रूपमा चित्रण गरिएतापनि ग्रहण लागेको राती र सोही दिनको बिहानीपखको केही घण्टाको घटनाम आधारित रहेको छ । वातावरणको रूपमा चन्द्रग्रहण लाग्नु, जितबहादुरको रोगी शरीर दिनप्रतिदिन क्षीण बन्दै जानु, माघको जाडो, खानलाउनको

अभाव जस्ता कुराहरूले गर्दा कहालिलाग्दो जीवनको चित्रण आएको छ । गाउँको जीवन त्यागेर काठमाण्डौंमा मजदुर गरेर जहान परिवार पालेका युवालाई सामान्य रोग लाग्दापनि उपयुक्त र उचित खर्च गर्न नसकेकाले मर्नुपर्ने र परिवारको एकजनाको मृत्यु हुँदा अरु बाँकीको जीवनमा पनि अँध्यारो छाउनाले निराशा र कारुणिक परिवेश चित्रण पाइन्छ । माघको जाडो, ग्रहणको रात, जितबहादुरको रोगी शरीर, भद्रकालीको चिसो र यहाँका मानवताहिन मान्छेको व्यवहारले कथामा बाह्य वातावरण र पात्रका आन्तरिक मनको सामञ्जस्यता देखाइएकाले कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

**घ) भाषाशैली**

ग्रहण कथाको भाषाशैली हाम्रै नेपाली समाजमा बोलिने सरल, सहज र बोधगम्य भाषाको प्रयोग पाइन्छ ।

ज्योत्सना, उजिल्याउन, परिश्रम पछिको थकान, बाध्यता, गुटमुट्याएर, ग्रहणशुद्धि, उत्सुकता जस्ता शब्दहरूले कथालाई रोचक बनाएको छ ।

यस कथाको शैली यथार्थावादी रहेको छ । कथानकको विस्तार वर्णनात्मक तरिकाले गरिएकाले यस कथामा वर्णानात्मक शैली पनि रहेको छ । कथाकार भैरव गोलालले पात्र अनुशारको भाषा प्रयोग गरेर ग्रहण कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् ।

**ङ) उद्देश्य**

ग्रहण कथामा कथाकार गोलालले पहाडमा जीवन गुजारा गर्न गाह्रो भएपछि मिठो र सुन्दर भविष्यको कल्पनामा युवाहरू काठमाण्डौ बसाईं जाने यथार्थतासँगै नेपाली समाजमा आर्थिक वर्गीय समस्याको यथार्थलाई बडो मार्मिक तरिकाले प्रस्तुत गरेका छन् । श्रमिक वर्गले जति सङ्घर्ष र परिश्रम गरे तापनि एक छाक खान लगाउनका अतिरिक्त भविष्यका लागि जोगेर्ना गर्न गाह्रो पर्छ । जोगेर्ना गरेको सीमित रकम पनि धेरै खर्च गर्न नपुग्ने हुन्छ । त्यसमा पनि युवावस्थामै रोग लागेर परिवारको मूल सदस्य बिरामी परेपछि परिवारमा नराम्रो संकट आइपर्छ । पैसा नहुनेलाई काठमाण्डौ जस्तो ठाउँमा कसैले माया गर्दैन । न्युन आयस्तर भएका मान्छेलाई सामान्य भन्दा सामान्य रोग लागेर पनि मर्न बाध्य हुन्छन् । परिवारको मूल सदस्यको अकालमा मृत्यु भएपछि परिवारका

सम्पूर्ण सदस्यको अवस्था बेहाल रहने पारिवारिक निम्न वर्गीय यथार्थता प्रस्तुत गर्ने यस कथाको मुलभूत उद्देश्य रहेको छ ।

### च) दृष्टिविन्दु

प्रस्तुत कथा जितबहादुरको सेरोफेरोमा केन्द्रित रहेको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर जितबहादुरको सोचाइ, भोगाइ र चिन्तनलाई व्यक्त गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान नदिइएकाले ग्रहण कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ३.४.२३.३ शीर्षक सार्थकता

नेपालका अधिकाशं भूभाग पहाड छन् । यी पहाडी भेगहरूमा राम्रोसँग जीवन गुजार्न गाह्रो पर्छ । युवाहरू आफूले परिश्रम गर्नुपर्ने भएपछि सहरको खोजी गर्न थाल्दछन् । सहर पसेर सुन्दर भविष्य खोजीमा लाग्ने युवाहरू आफ्नो स्वार्थको पर्वाह नगरी काममा लाग्दछन् । रोग लागिहाले पनि औंषधी उपचारमा भन्दा धाँमीझाक्रीमा विश्वास राखेर पहिला भएको जति सम्पत्ति सकाउँछन् । अस्पतालसम्म पुग्दा पैसा पनि नहुने र रोग पनि अन्तिम अवस्थामा पुगिसक्ने अवस्था हुन्छ । यस कथाको जितबहादुरको यस्तै अवस्था भएको छ । प्रकृतिमा ग्रहण लाग्दा पृथ्वीमा अन्धकार छाए जस्तै घरको प्रमुख व्यक्ति जितबहादुरको मृत्यु भएपछि परिवारको भविष्य अन्योल र ग्रहण जस्तै अँध्यारो हुन पुगेकाले पनि कथाको शीर्षक ग्रहण विषयवस्तु अनुरूप उपयुक्त र सार्थक रहेको छ ।

## ३.५ निष्कर्ष

प्रगतिशील पत्रिकामा प्रकाशित कथाहरू सामाजिक, सांस्कृतिक, राजनैतिक, सरकारी क्षेत्रका समस्यालाई कथाहरू मार्फत् व्यक्त गरेर समाजलाई प्रगतिको मार्गमा डोऱ्याउन यी कथाहरूले योगदान गरेका छन् । समाजका निम्न वर्गीय व्यक्तिहरूका सामाजिक समस्यालाई कथाले प्राथमिकता दिएका छन् । समाजका भिन्न क्षेत्रका भिन्न जातीय र सम्प्रदायका लेख प्रकाशन गरेकाले यस पत्रिकाको गरिमा झन् बढेको पाइन्छ । प्रलेस पत्रिकाम प्रकाशित कथाहरू पञ्चायत बहुदलीय संवैधानिक राजतन्त्र व्यवस्थालाई केन्द्रमा राखेर अधिकांश कथा सिर्जना गरिएका छन् । मुलुकभित्रका आर्थिक, सामाजिक, शैक्षिक,

राजनीतिक, प्रशासनिक विसङ्गति जस्ता विषयवस्तु कथामा समावेश भएका छन् भन्ने वास्तविकतालाई यथार्थ अङ्कन गरेका छन् । केही कथाहरूले नेपालको राजातन्त्रमा, पञ्चायित व्यवस्थामा, प्रजातन्त्र पुर्नबहाली भइसक्दा र सरकारी कर्मचारीहरूले लेखक, शिक्षक, समाजसेवी, चेतनशील राष्ट्रभक्ति युवाहरूलाई गरेको दुर्व्यवहार र अपमान गरेका कुरा पनि उल्लेख गरिएका छन् ।

# चौँथो परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ साराशं परिच्छेदगत सार

प्रस्तुत “प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन” शीर्षकको शोधपत्रको सङ्गठनलाई व्यवस्थित गर्न चार परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेद शोध परिचय अन्तर्गत विषय परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन तथा शोधको रूपरेखा दिइएको छ ।

दोस्रो परिच्छेदमा साहित्यको विकासमा प्रलेस पत्रिकाको योगदानबारे चर्चा गरिएको छ । यसमा प्रलेसको जन्म, स्थापना, विकास क्रम र लोकतान्त्रिक आन्दोलनमा प्रलेसको भूमिकाको चर्चा गरिएको छ । वि. सं. २०५० देखि हालसम्मको कार्यसमितिको विवरणको चर्चा गर्नुका साथै विभिन्न आन्दोलनमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा प्रलेस पत्रिकामा प्रकाशित कथाहरूको सूचीका साथै ती कथाहरूको कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

चौथो परिच्छेदमा उपसंहार राखिएको छ । यस परिच्छेदमा शोधको परिच्छेदगत साराशं र निष्कर्ष समेत रहेको छ ।

## ४.२ निष्कर्ष

सङ्गठित लेखनको परम्परामा नयाँ विचार र मान्यताका साथ स्थापित प्रगतिशील लेखक सङ्घले २००९ देखि हालसम्म निरन्तर सिर्जनात्मक गतिविधि सञ्चालन गर्दै आएको छ । प्रारम्भमा राष्ट्रिय अन्तर्राष्ट्रिय जागरणको परिवेश र प्रेरणाबाट अघि बढेको यस संस्थाले पछि क्रमशः आफ्नै सांस्कृतिक मान्यताका रूपमा प्रगतिवादलाई अङ्गीकारगरेको छ । परन्तु आफ्नो मूल मान्यताको चिन्तन आधार प्रगतिवाद भए पनि नेपाली समाज र साँस्कृतिक आन्दोलनका परिप्रेक्ष्यमा प्रगतिशील भावधारालाई पनि सहयात्रीका रूपमा सँगैसँगै हिडाँउनु पर्ने दायित्व बोधबाट यो संस्था सचेत रहिआएको छ । यसको जन्मकाल देखिकै उद्देश्य र कार्यक्रममा सामन्तवाद तथा साम्राज्यवाद विरोधी संचेतना

विद्यमान छ । प्रलेसको स्थापना वीरगञ्जमा २००९ साल असोज ५ गते भएको हो । यसलाई काठमाडौंमा पनि त्यतिखेरै स्थापना गर्न खोजिएको भएपनि त्यो गठन हुन सकेन र प्रगति पत्रिका २०१० साल तिर मात्र प्रकाशन हुन पुग्यो । भने पछि २०१६ सालतिर मात्र प्रलेसको सङ्गठन विस्तार हुन सक्यो । २००९-२०१० सालतिरको चर्चा र प्रयत्नपछि साहित्य चिन्तनमा तीव्र वादविवाद पैदा भएको तथ्य तत्कालीन पत्र पत्रिकामा प्रकाशित तथ्यले पुष्टि गर्दछ ।

प्रलेसको स्थापनासँगै नेपाली साहित्य शास्त्रमा नयाँ सौन्दर्य चेतनाको संञ्चार भएको पाइन्छ । भाववादी सौन्दर्य शास्त्रको सट्टा भौतिकवादी सौन्दर्य शास्त्रको प्रचार प्रसारको साहित्य सिर्जनामा यथार्थवादको नयाँ परम्परा हुर्काउँदै गयो । यसै क्रममा विधागत कृतिहरू अगाडि आए । भाषा सम्बन्धी नयाँ धारणा अघि सार्नु, साहित्यिक पत्रकारिताको विकासमा योगदान दिनु, लेखकहरूको व्यावसाहिक हितका निमित आवाज उठाउनु जस्ता काम गर्दै प्रलेस अघि बढ्यो । दोस्रो पुनर्गठन अघिसम्म यसको विधान र कार्यक्रम व्यवस्थित भएको देखिदैन तर त्यससँगै प्रकाशित अपिल र प्रलेसको पहिलो अङ्कले यस पक्षमा धेरै कुरा छर्लङ्ग्याएको छ ।

प्रलेसका पहिलो चरणका प्रकाशनहरू जस्तै दोस्रो चरणका प्रकाशनहरूले पनि नेपाली प्रगतिवादी साहित्य इतिहासमा विशेष भूमिका निर्वाह गरेका छन् । समय सापेक्ष सङ्गठन बलियो बनाउँदै लगेको छ । आञ्चालिक सम्मेलनहरूले साहित्यिक मान्यता, प्रवृत्ति र धाराको मात्र विश्लेषण नगरी मुलुकको जातीय साहित्यतर्फ पनि ध्यान पुऱ्याउन थालेको देखिन्छ । राष्ट्रिय प्रतिभाहरूको सम्मानको क्षेत्रमा पनि प्रलेसले आफूसक्दो प्रयास गरिरहेको छ ।

नेपाली प्रगतिशील पत्रिकामा कथाकारहरूका कथा आफ्ना अंङ्कहरूमा प्रकाशन गरेर नेपाली प्रगतिवादी कथा क्षेत्रमा पनि यस पत्रिकाले अमूल्य योगदान गरेको छ । सामाजिक, सांस्कृतिक, राजनैतिक, सरकारी क्षेत्रका समस्यालाई कथाहरूमार्फत् व्यक्त गरेर समाजलाई प्रगतिको मार्गमा डोऱ्याउन यी कथाहरूले योगदान गरेका छन् । समाजका निम्न वर्गीय व्यक्तिहरूका सामाजिक समस्यालाई कथाले प्रथमिकता दिएका छन् । समाजका भिन्न क्षेत्रका भिन्न जातीय र सम्प्रदायका लेख प्रकाशन गरेकाले यस पत्रिकाको गरिमा झन् बढ्ेको पाइन्छ । प्रलेस पत्रिकाम प्रकाशित कथाहरू पञ्चायत

बहुदलीय संवैधानिक राजतन्त्र व्यवस्थालाई केन्द्रमा राखेर अधिकांश सिर्जना गरिएका छन् । मुलुक भित्रका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक विसङ्गति जस्ता विषयवस्तु कथामा समावेश भएका छन् । मुलुकका ग्रामीण देखि सहर सम्मका यथार्थ, नेपालीहरूको आर्थिक अवस्था र तिनबाट प्रताडित जीवनलाई यी कथाहरूमा प्रस्तुत गरिएको छ । यी कथाहरूमा राजनीतिक दृष्टिले नेपाली समाजका पर्यावरणमा नराम्रो ढङ्गले प्रदूषित आचरण र विकृतिग्रस्त व्यवहारबाट जन्मेका क्रियाकलापहरूलाई व्यङ्ग्य गरिएको छ । नेपाली समाजका शैक्षिक, राजनैतिक, सांस्कृतिक, आर्थिक क्षेत्रमा देखिएका विसङ्गतिका साथै समाजको यथार्थतालाई प्रस्तुत गर्दै समाज सुधारको चेतनालाई कथाहरूमा अभिव्यञ्जित गरिएको छ । समाजका विसङ्गतिलाई बढवा दिने पक्षलाई जरैदेखि उखेलेर नष्ट गर्नुपर्ने कार्यमा जोड दिइएका यी कथाहरूले अमूल्य योगदान दिएको देखिन्छ । समसामयिक जीवनका यथार्थ, मान्छेले भोग्नुपरेका समस्या, सामाजिक बेथिति र विसङ्गतिका बीच मान्छे बाँच्न विवश भएको वास्तविकता एवम् विडम्बना र आक्रोश पोख्नुका साथै व्यङ्ग्य प्रहार पनि गरेका छन् । कथाकारहरूमा युगबोधको चेतना टड्कारो रूपमा रहेको देखिन्छ । मानव समाजमा विद्यमान, अन्याय, शोषण, दमन, अत्याचार आदिका कारणले मानवतामा ह्रास आएको प्रति कथाहरूमा चिन्ता र आक्रोश व्यक्त गरिएको छ । अधिकांश कथाहरूमा मान्छेले आफ्नो स्वार्थ, सत्ता, धन, सम्पत्ति आदिका आडमा रहेर आफूभन्दा निम्न स्तरका मान्छेलाई कस्तो घिनलाग्दो व्यवहार गर्न पछि पर्दैनन् भन्ने वास्तविकतालाई यथार्थ अंकन गरेका छन् । केही कथाहरूले नेपालको राजातन्त्रमा, पञ्चायित व्यवस्थामा, प्रजातन्त्र पुर्नवहाली भइसक्दा र सरकारी कर्मचारीहरूले लेखक, शिक्षक, समाजसेवी, चेतनशिल राष्ट्रभक्ति युवाहरूलाई गरेको दुर्व्यवहार र अपमान गरेका कुरा पनि उल्लेख गरिएका छन् ।

यसरी प्रलेस पत्रिकाले आफ्ना विभिन्न अङ्कहरूमा विभिन्न कथाकारहरूका कथाहरू प्रकाशित गरेर कथा साहित्यको विकासमा यस पत्रिकाले पुऱ्याएको योगदान निकै महŒवपूर्ण रहेको छ ।

यस पत्रिकामा प्रकाशित कथाहरूका माध्यमबाट समाज सुधारको अपेक्षा राखिएको छ । समाजका सामान्य कुराहरूदेखि आमूल परिवर्तनका चाहनाहरू यी लेख रचनाहरूमा प्रस्तुत गरिएका छन् । समयको चेतनाद्वारा समाजलाई अघि बढाउने अभिप्रायले सिर्जना

गरिएका कथाहरूले जनपक्षीय दृष्टिकोणमा आधारित भएर समाजको आमूल परिवर्तनको चाहना व्यक्त गरेका छन् । प्रलेस पत्रिकाको मूलभूत उद्देश्य पनि समाजलाई रूपान्तरण गरी स्वास्थ्य समाजको निर्माण गर्नु रहेको छ । यसै कुरालाई हृदयङ्गम गरी यस पत्रिकाले समाज रूपान्तरणमा ठूलो योगदान दिएको पाइन्छ । अतः प्रलेस पत्रिकाले कथात्मक रचनाका माध्यम बाट समाज रूपान्तरणलाई मुख्य विचारका रूपमा प्रस्तुत गरेको छ ।

यी सम्पूर्ण पक्षहरू एक मात्र संङ्गठित संस्था प्रलेसबाट प्रत्यक्ष परोक्षरूपमा प्रभावित र प्रेरित छन् । स्रष्टा, विधा, प्रवृति र संस्थाले दिएको योगदानबाट प्रगतिवादी नेपाली साहित्य सम्पन्न बन्दै गएको छ । तर पछिल्लो चरणमा आएर प्रलेसका ११, १२ अङ्कदेखि पछाडिका अङ्कहरूमा भने साहित्यिक गतिविधिमा खासै योगदान दिन सकेको छैन । संस्थाका आफ्नै गतिविधि र कार्यक्रमका दस्ताबेज मात्र बन्दै गएको प्रलेसले पुनः प्रगतिवादी लेख रचनालाई बढोत्तर दिनतर्फ ध्यानाकर्षण गर्न सकोस् ।

## ४.३ सम्भावित शोध शीर्षकहरू

प्रस्तुत शोधपत्रमा विषयवस्तु, समय सीमा, स्रोत, साधन र शक्तिको परिमिततालाई मध्यनजर गर्दा प्रलेसमा प्रकाशित कथाहरूको सम्पूर्ण पक्षको विश्लेषण यहाँ सम्भव भएन । तसर्थ भविष्यका लागि प्रलेसको यस अध्ययनबाट नेपाली प्रगतिशील तथा प्रगतिवादी साहित्यिक भावधारामा थप अध्ययन गर्न सकिने विविध क्षेत्र र सम्भावनाहरू उद्घाटन भएका छन् । भविष्यमा यस क्षेत्रसँग शोध गर्न चाहने शोधार्थीहरूका लागि केही शोध शीर्षकहरू सुझाउ गरिएको छ :

क) प्रलेसमा प्रकाशित कथाहरूमा प्रयुक्त पात्रहरूको चारित्रिक विश्लेषण

ख) प्रलेसमा प्रकाशित कथाहरूको मनोविश्लेषणात्मक अध्ययन आदि ।

## सन्दर्भ सामग्री सूची


अर्याल, विष्णुप्रसाद (२०५३),“नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घको योगदान”, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

आचार्य, रामहरि (२०६३),“नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान”,

अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर

गौतम, देवीप्रसाद (२०५९),‘समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू’, *प्रलेस,* काठमाडौँ: (वर्ष ७, पूर्णाङ्क, १३, फागुन )पृ. ७९-१०९।

गौतम देवीप्रसाद, (२०५९) ,‘*प्रगतिवाद परम्परा र मान्यता,*’ काठमाडौँ: पृ.७५

पुष्पलाल, (२०५४) , ‘*नयाँ जनवादी संस्कृति*’ छानिएका रचना भाग ३’, पृ.१२९ ।

प्रभात विष्णु, (२०६३) ‘*प्रलेसको सङ्क्षिप्त इतिहास,*’ काठमाडौँ:विवेक सिर्जनशील प्रकाशन ।

प्रलेसको पाँचौं राष्ट्रिय सम्मेलन (२०५७), द्वारा पारित ‘प्रतिवेदन’,*प्रलेस,* काठमाडौं, (वर्ष ५, पूर्णाङ्क ११, वैशाख-जेठ) ।

प्रलेसको सातौं राष्ट्रिय सम्मेलन (२०६३) द्वारा निर्वाचित समिति नामावली, *प्रलेस,* काठमाडौं, (वर्ष ५, पूर्णाङ्क १५), पृ : १-१९ र ६९ ।

प्रलेसको नवौं राष्ट्रिय सम्मेलनको सन्देश,(२०७०), ‘सम्पादकीय’, *प्रलेस,* काठमाडौं, (वर्ष १७, पूर्णाङ्क २०,जेठ) ।

बन्धु, चूडामणि,(२०१६), ‘*देवकोटा*’, (दोस्रो संस्कः २०१६), ललितपुरः साझा प्रकाशन, पृ.२६ र २३५ ।

बराल कृष्णहरि, (२०६९), *कथा सिद्धान्त,* काठमाडौँ: एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.।

भट्टराई रमेशप्रसाद, (२०६३), लोकतान्त्रिक आन्दोलनमा प्रलेसको भूमिका, *प्रलेस,* काठमाडौं, (माघ, वर्ष ११, पूर्णाङ्क १५,) पृ :८-१९ ।

शर्मा, श्यामप्रसाद र अन्य (सम्पा.), (२०५३), *प्रलेस,* काठमाडौं,(वर्ष ४, अङ्क ४, वैशाख-असार)।

शर्मा, श्यामप्रसाद र अन्य (सम्पा), (२०५३), *प्रलेस,* काठमाडौं, (वर्ष ४, अङ्क ५, श्रावण-भाद्र-आश्विन) ।

शर्मा, श्यामप्रसाद र अन्य (सम्पा), (२०५३), *प्रलेस,* काठमाडौं, (वर्ष ४, पूर्णाङ्क ६, कार्तिक-पुष) ।

शर्मा, श्यामप्रसाद र अन्य (सम्पा), (२०५३) *प्रलेस,* (वर्ष ४, पूर्णाङ्क ७, माघ-चैत्र) ।

शर्मा, श्यामप्रसाद र अन्य (सम्पा), (२०५४) *प्रलेस,* काठमाडौं, (वर्ष ४, पूर्णाङ्क ८, वैशाख-जेठ-असारं) ।

शर्मा, श्यामप्रसाद र अन्य (सम्पा), (२०५४) *प्रलेस,* काठमाडौं, (वर्ष ४, पूर्णाङ्क ९, साउन-पुष) ।

शर्मा, श्यामप्रसाद र अन्य (सम्पाः), (२०५४)*प्रलेस,* काठमाडौंः (वर्ष ४, पूर्णाङ्क १०, माघ-चैत्र) ।

शर्मा, श्यामप्रसाद, (२०४२), *'केही साहित्य र साहित्यकार'*, प्रकाशकः विनोद वीरगञ्ज, पृ.४ ।

श्रेष्ठ, दयाराम(सम्पा.) (२०५७), ***'नेपाली कथा भाग ४'*** (पाँचौं संस्कः२०६८), ललितपुर : साझा प्रकाशन ।

सुवेदी राजेन्द्र, (२०५७), *'सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण'*, (तेस्रो संस्कः२०६८), पाठ्य सामाग्री पसल :घण्टाघर ।